
# मिलिन्द-प्रश्न

## (दोस्रो भाग)

## (मेण्डक प्रश्न खण्ड)



अनुवादक :

**मोतिकाजी शाक्य**

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाली भाषा)

१. बौद्ध दर्शन
२. पञ्चशील
३. शान्ति
४. नारी हृदय
५. पटाचार स्थविर चरित्र
६. बुद्ध शासनको इतिहास (भाग - १)
७. नेपाली ज्ञानमाला
८. बुद्ध र वहाँको विचार
९. बौद्ध ध्यान
१०. लक्ष्मी (प्र.सं.)
११. उखानको कथा संग्रह
१२. बौद्ध जगतमा स्वास्थ्य सेवा
१३. वेस्सन्तर जातक
१४. सतिपट्ठान भावना
१५. बौद्ध विश्वास (भाग-१)
१६. बौद्ध विश्वास (भाग - २)
१७. बौद्ध दर्पण
१८. महासतिपट्ठान विपस्सना अन्तर्मूखी ध्यान
१९. सप्त रत्न धन
२०. सफलताको कथा
२१. धर्म : एक चिन्तन
२२. मानव महामानव
२३. निरोगी
२४. जातक कथा
२५. प्रज्ञा चक्षु
२६. तथागत हृदय
२७. सतिपट्ठान विपस्सना
२८. बौद्ध प्रश्नोत्तर
२९. परित्राण (प्र.सं.)
३०. बुद्ध पुजा विधि र कक्षा संग्रह (प्र.स.)
३१. मैले बुझेको बुद्ध धर्म
३२. बुद्धको जीवनी र दर्शन
३३. आमा बाबु र छोराछोरी
३४. स्नेही छोरी
३५. परित्तसुत्त (पाली भाषा)
३६. मति राम्रो भए गति राम्रो हुनेछ
३७. बुद्ध र बुद्ध पछि
३८. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय" र बुद्धको जन्मभूति नेपालमा बुद्ध प्रति असहिष्णुता
३९. अ. धम्मवती
४०. बौद्ध ज्ञान
४१. संक्षिप्त बुद्ध जीवनी
४२. मिलिन्द प्रश्न (भाग - १)
४३. मिलिन्द प्रश्न (भाग- २)
४४. श्रमण नारद
४५. मानव स्वभाव
४६. महास्वप्न जातक
४७. बुद्ध पूजा विधि र कथा संग्रह (द्वि. सं.)
४८. बौद्ध ध्यान
४९. बौद्ध विश्वास (भाग - ३)
५०. बुद्धको अन्तिम यात्रा (प्रथम भाग)
५१. लक्ष्मी (द्वि.सं.)
५२. सम्यक शिक्षा
५३. परित्राण (द्वि. सं.)
५४. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
५५. बुद्ध पूजा विधि कथा संग्रह र परित्राण
५६. बुद्ध पुजा विधि र परित्राण
५७. बुद्ध पुजा विधि
५८. लक्ष्मी (तृ.सं.)
५९. बुद्धको शिक्षात्मक उपदेश
६०. शान्ति मार्ग
६१. पहिलो गुरुको हुन् ?
६२. क्षान्ति र मैत्री (प्र.सं.)
६३. दान पारमिता
६४. बुद्धको संस्कृति र महत्व
६५. बोध कथा र बौद्ध चरित्र
६६. मिलिन्द प्रश्न भाग - १ (तृ.सं.)
६७. संक्षिप्त बुद्ध वंश भाग-१ (द्वि.सं.)
६८. मिलिन्द प्रश्न भाग-२ (द्वि.सं.)

# Dharmakirti Publication

## (English)

1. Buddhist Economic and the Modern World
2. Dharmakirti Vihar Today
3. Dharmkirti Vihar
4. "Dharmakirti in Nut Shell"
5. Dhamma and Dhammawati

Downloaded from http://dhamma.digital

# मिलिन्द-प्रश्न

(दोस्रो भाग)

★

[ मेण्डक प्रश्न खण्ड ]

★

अनुवादक :

मोतिकाजी शाक्य

Downloaded from http://dhamma.digital

प्रकाशक :–

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार, श्रीघः, नघल टोल

काठमाडौं ।

फोन नं. २५९४६६

( सर्वाधिकार सुरक्षित )

बुद्ध सम्बत् : २५४६

नेपाल सम्बत् : ११२३

विक्रम सम्बत् : २०५९

ईस्वी सम्बत् : २००३

दोस्रो संस्करण–२००० प्रति

कम्प्यूटर सेटिङ्ग :

**भरत कृष्ण महर्जन**

**दिपेश संगत**

मुद्रक :

**नील सरस्वती छापाखाना**

लाजिम्पाट, काठमाडौं, नेपाल ।

फोन : ४३३०५४

Downloaded from http://dhamma.digital

# धर्मदान

दिवंगत हुनु भएकी हाम्री आमा कृष्ण लक्ष्मीले आफ्नो जीवनकालमा धेरै दुःख सहेर हामीलाई हुर्काउनु भयो । साथै उहाँले हाम्रो सफल जीवनको लागि थुप्रै योगदान पुऱ्याउनु भयो ।

तर अपशोच ! हाम्री आमाको शारीरिक अस्वस्थताको कारणले गर्दा उहाँले बुद्ध शिक्षालाई राम्ररी अध्ययन र अभ्यास गर्न नपाउँदै दिवंगत हुनुभयो ।

आज हामी सपरिवारले भन्ते, गुरुमांहरू मार्फत् बुद्ध शिक्षालाई केही जान्ने मौका पायौं । फलस्वरूप सबै दानहरू मध्ये उत्तम दान धर्म-दान हो भन्ने कुरालाई पनि बुझ्यौं । त्यसैले अनन्त गुणले सम्पन्न भएकी हाम्री स्वर्गीय आमाको पुण्य स्मृतिमा उहाँको गुण स्मरण गर्दै हाम्रा बुबा लगायत हामी सपरिवारले **मिलिन्द प्रश्न भाग-२** पुस्तक पाठकवर्गहरूलाई धर्मदान गर्दैछौं ।

आशा छ ! मिलिन्द प्रश्न पुस्तक अध्ययन गरी थुप्रै पाठक वर्गहरूले बुद्धको गहन शिक्षालाई बुझी यसलाई आ-आफ्नो जीवनमा प्रयोग गर्न सफल हुनेछन् ।

Downloaded from http://dhamma.digital

स्व. कृष्ण लक्ष्मीका परिवारका सदस्यहरू

पति – भक्तिलाल श्रेष्ठ

| *छोराहरू* | *बुहारीहरू* |
| --- | --- |
| महेश्वरलाल श्रेष्ठ | कृष्णा श्रेष्ठ |
| रमेशमान श्रेष्ठ | भुवनेश्वरी श्रेष्ठ |
| प्रकाशमान श्रेष्ठ | प्रमीला श्रेष्ठ |
| राजेश श्रेष्ठ | शोभा श्रेष्ठ |

*नाति नातिनीहरू*

मन्दिप श्रेष्ठ, महिम श्रेष्ठ, रोजन श्रेष्ठ,
रोजेश श्रेष्ठ, प्रजोन श्रेष्ठ, इरीशा श्रेष्ठ

| *छोरीहरू* | *ज्वाइँहरू* |
| --- | --- |
| शान्ती श्रेष्ठ | |
| उर्मीला श्रेष्ठ | नरेन्द्रहरी श्रेष्ठ |
| शोहनी शाक्य | प्रकाश शाक्य |

*नाति नातिनीहरू*

सुरेन्द्र श्रेष्ठ, सुजाता श्रेष्ठ, रजनी श्रेष्ठ
एलीना शाक्य र श्रृष्टि शाक्य

Downloaded from http://dhamma.digital

# मेरा दुई शब्दहरू

मिलिन्द प्रश्न दोश्रो भाग (मेण्डक प्रश्न खण्ड) हाल पुनः प्रकाशित भएकोमा म ज्यादै खुशी छु । बुद्ध शिक्षाको सारलाई सरल रूपमा प्रष्ट्याइएको यस पुस्तक पाठकहरू माझ अभाव भइरहेको कुरालाई महशूस गरी दाता भक्तिलाल श्रेष्ठ प्रमुख सपरिवारले यस पुस्तक प्रकाशनार्थ आवश्यक आर्थिक भार व्यहोर्नु भएको छ । त्यसकारण उहाँहरूलाई मेरो तर्फबाट धन्यवाद ज्ञापन गर्दैछु ।

आजभन्दा ९ वर्ष अगाडि यस पुस्तक प्रकाशनार्थ एक नकर्मी परिवारले आर्थिक व्यय भार व्यहोर्नु भएको थियो । जेहोस्, मैले अनुवाद गरेका मिलिन्द प्रश्न पुस्तकहरू (पहिलो र दोश्रो भाग) प्रकाशनार्थ विभिन्न दाताहरूले आर्थिक सहयोग गर्नु भएको हुँदा पुस्तक अनुवाद गरी खर्च गरेको मेरो आफ्नो परिश्रम एवं मेहनत सफल भएको महशूस गरें ।

अझ यस ज्ञान बर्धक पुस्तकलाई पाठकवर्गले अध्ययन

Downloaded from http://dhamma.digital

गरी बुद्ध शिक्षालाई जति अभ्यास गर्न सफल हुनेछ, त्यति नै मैले आफ्नो अहोभाग्य सम्झने छु ।

२०५९ फागुण

अनुवादक :
**मोतिकाजी शाक्य**

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

"मिलिन्द प्रश्न" द्वितीय भाग (मेण्डक प्रश्न खण्ड) (द्वितीय संस्करण) लाई धर्मकीर्ति प्रकाशनको रूपमा पाठकहरू समक्ष पुनः प्रस्तुत गर्न पाएकोमा हामीलाई खुशी लागेको छ । बुद्धले दिनुभएका अमूल्य शिक्षालाई सरल रूपमा विभिन्न उपमाहरू सहित बुझ्न सकिने तरिकाले प्रस्तुत गरिएको यस मिलिन्द प्रश्न पुस्तक प्रकाशनको लागि स्व. कृष्णा लक्ष्मी श्रेष्ठको पुण्य स्मृतिमा उहाँको पति भक्तिलाल श्रेष्ठ प्रमुख सपरिवारले आवश्यक आर्थिक सहयोग प्रदान गर्नु भएको छ ।

बुद्ध शिक्षा अध्ययनको लागि उपयोगी यस पुस्तक प्रकाशनार्थ आवश्यक आर्थिक सहयोग प्रदान गर्नुहुने दाताहरू सपरिवारलाई आयु आरोग्य कामना गर्दै धर्म प्रचार कार्यमा सधैं लागिरहन सकुन भनी कामना गर्दछु ।

यस पुस्तकलाई नेपाली भाषामा रूपान्तर गर्नुहुने अनुवादक श्री मोतीकाजी शाक्यलाई पनि साधुवाद दिंदै समयमा नै पुस्तक प्रकाशन गरी सहयोग गर्नुहुने नील सरस्वती छापाखानालाई पनि धन्यवाद ज्ञापन गर्दछु ।

**धम्मवती**

२०५९ फागुण

अध्यक्ष

**धर्मकीर्ति बिहार**

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# विषय-सूची


## खण्ड-३

मेण्डक-प्रश्न आरम्भ कथा १

## खण्ड-४

मेण्डक प्रश्न ८

### १. ऋद्धिबल वर्ग ८

१) बुद्धपूजा कसरी फलदायी हुन्छ भन्ने सम्बन्धमा ८
२) सर्वज्ञ भाव सम्बन्धि प्रश्न १९
३) देवदत्तको प्रव्रज्या सम्बन्धमा २६
४) भूकम्प हुने कारणहरू सम्बन्धमा ३४
५) शिविराजाको नेत्रदान सम्बन्धि प्रश्न ४२
६) गर्वधारण सम्बन्धि प्रश्न ४९
७) बुद्ध-धर्म कहिले कसरी लोप हुन्छ भन्ने सम्बन्धमा ६०
८) अकुशल ,छेदन सम्बन्धि प्रश्न ६८
९) बुद्धत्व प्राप्तिपछि पनि समाधिमा बस्नु सम्बन्धमा ७५
१०) बुद्धको ऋद्धिबल सम्बन्धमा ७८

### २. अभेद्य वर्ग ८२

१) विनयका सानातिना नियमहरू सम्बन्धमा ८२
२) अव्याकरणीय प्रश्न ८५


Downloaded from http://dhamma.digital

३) मृत्यु भय हुनु र नहुनु सम्बन्धि प्रश्न ८८
४) मृत्युको पञ्जाबाट बच्ने सम्बन्धि प्रश्न ९६
५) बुद्धप्रति मारको द्रोह सम्बन्धमा १०३
६) पाप सम्बन्धि प्रश्न १०८
७) भिक्षुसंघप्रति बुद्धको मनमा हुने निरपेक्षता सम्बन्धमा १०९
८) बुद्धका अनुयायीहरू नभड्किने सम्बन्धमा ११२

## ३. निष्कासन वर्ग ११४

१) धर्मको श्रेष्ठता सम्बन्धमा ११४
२) बुद्धले सबैको हित गर्छन् भन्ने सम्बन्धमा ११८
३) भगवान बुद्धले आफ्नो गुप्ताङ्ग देखाएको सम्बन्धमा १२२
४) बुद्धले कडा शब्द बोलेको बारेमा १२६
५) रूखको अचेतनता सम्बन्धमा १३१
६) उत्तम भोजनदान सम्बन्धि प्रश्न १३३
७) बुद्धपूजा सम्बन्धि प्रश्न १३७
८) बुद्धको पाउमा ढुङ्गाको चोइटा खसेर घाउ भएको सम्बन्धमा १४०
९) श्रेष्ठ श्रमणत्वको विषयमा १४४
१०) गुण वर्णन सम्बन्धि प्रश्न १४६
११) अहिंसा धर्म र दण्ड-सजाय सम्बन्धमा १४८
१२) भिक्षुहरू विहारबाट निकालिनु सम्बन्धि प्रश्न १५१

Downloaded from http://dhamma.digital

## ४. सर्वज्ञ वर्ग १५५


१) ऋद्धिबल र कर्मविपाक सम्बन्धि प्रश्न १५५
२) धर्म-विनय सम्बन्धि उपदेश गोप्य राखिएको सम्बन्धमा १५७
३) दुई आशयका झूटहरू सम्बन्धमा १६१
४) बोधिसत्वको अन्तिम जन्म विषयक प्रश्न १६४
५) आत्महत्या सम्बन्धि प्रश्न १६६
६) मैत्रिभावनाको प्रभाव सम्बन्धमा १७१
७) पाप र पुण्यको भिन्नता सम्बन्धि प्रश्न १७५
८) अमरादेवी सम्बन्धि प्रश्न १८३
९) अरहन्तमा हुने निडरता सम्बन्धमा १८५
१०) बुद्धको सर्वज्ञता सम्बन्धमा १८९


## ५. मित्रता वर्ग १९२


१) मित्रता सम्बन्धि प्रश्न १९२
२) खानुमा संयमीत हुने सम्बन्धमा १९४
३) बुद्धको निरोगिता सम्बन्धि प्रश्न १९७
४) बुद्ध-धर्मको मौलिकता सम्बन्धमा १९९
५) बुद्धको अहिंसावाद सम्बन्धमा २०३
६) छद्दन्त हात्ती र ज्योतिपालको सन्दर्भमा २०७
७) घटिकार सम्बन्धि प्रश्न २१०
८) बुद्ध कसरी ब्राह्मण पनि राजा पनि भए भन्ने सम्बन्धमा २१३


Downloaded from http://dhamma.digital

९) धर्मोपदेश र भोजनदान सम्बन्धि प्रश्न २१७
१०) धर्मदिशना गर्नमा नवोदित बुद्ध किन अनुत्सुक भए भन्ने सम्बन्धमा २२४
११) सम्यक सम्बुद्धका कुनै आचार्य थिए कि थिएनन् भन्ने सम्बन्धमा २२८

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# खण्ड-३

## मेण्डक-प्रश्न आरम्भ कथा

बोल्ने कलामा निपूर्ण, तर्कप्रिय र विलक्षण बुद्धि भएका राजा मिलिन्दले भिक्षु नागसेनसित बुद्ध-धर्म सम्बन्धि अनेक प्रश्नहरू गरेर आफ्नो अधुरो ज्ञान-भण्डार पूरा गरेपछि राजा मिलिन्द त्रिपिटकमा सङ्कलित बुद्ध-बचनहरू बुझ्दै जानमा सक्षम भए। त्रिपिटकको अध्ययन गर्दै जाँदा उनको मनमा यस्तो विचार उठ्यो – "बुद्धकालिन समयमा उठेका प्रसङ्गहरू सम्बन्धमा दिएका बुद्धोपदेशहरू त्रिपिटकमा सङ्कलन गरिएका छन्। खास परिस्थितिमा खास कुराहरूको सन्दर्भमा तथ्य सम्झाउन बोलिएका बुद्ध-बचनहरू सम्बन्धमा सही तरिकाले बुझ्न सक्ने व्यक्तिहरू भविष्यमा नहुन सक्छ। त्यसैले मानिसहरूलाई दुविधामा पार्न सक्ने मेण्डक-प्रश्नहरू (यस्तै हो भनेर यकीनसाथ जवाफ दिन अप्ठेरो पर्ने गरी विपक्षीहरूले उठाएका प्रश्नहरू) सम्बन्धमा अति बुद्धिमान एवं अति प्रतिभाशाली भिक्षु नागसेनसित सोधेर त्यस विषयमा उनको व्याख्या जन समक्ष ल्याउने व्यवस्था गर्न पाएमा मानिसहरू अनावश्यक भ्रमजालमा पर्ने छैनन्।

उपरोक्तानुसार गर्ने निधोमा पुगेका राजा मिलिन्दले एक दिन बिहान सबेरै उठेर नुहाइ-धुहाइ गरी राज-वस्त्र र आभुषणहरू त्यागेर काषाय-वस्त्र लगाए। भूत, भविष्य र वर्तमान बुद्धहरूलाइ



Downloaded from http://dhamma.digital

सादर वन्दना गरे। बुद्ध-वन्दना पछि उनले त्यस दिनदेखि सप्ताहभर अष्टशील पालना गर्ने प्रण गरे।

अष्टशील पालना गरेको सप्ताहभर राजा मिलिन्दले राजकाज सम्बन्धि कुनै पनि कार्य गरेनन्। मनमा कुनै प्रकारको राग, द्वेष र मोह उत्पन्न हुन नदिई शरीर, वचन र मनलाई पूर्णतया संयम गरे।

सप्ताहभर षडायतनलाई नियन्त्रणमा लिने अभ्यासपछि आठौं दिन बिहान सवेरै उठेर जलपान गरिसकेपछि राजा मिलिन्द शान्त, निर्मल र मैत्रियुक्त चित्त लिएर भिक्षु नागसेन कहाँ गए। भिक्षु नागसेनलाई सादर वन्दना गरी भलाकुसारीका कुराहरू गरिसकेपछि, भिक्षु नागसेन सामु राजा मिलिन्दले आफ्नो प्रस्ताव यसरी पेश गरे - "भन्ते नागसेन, म तपाईंसित उपयुक्त स्थानमा गएर बुद्ध-धर्म सम्बन्धि केही खास प्रश्नहरू गर्न चाहन्छु। आशा छ मैले उठाउने प्रश्नहरूको जवाफ दिने सन्दर्भमा तपाईंले आवश्यक कुराहरू सबै खोल्नु हुनेछ। कुनै पनि तथ्य लुकाउनु हुने छैन।"

भिक्षु नागसेनले राजा मिलिन्दको प्रस्ताव सहज रूपमै स्वीकार गरे र तिनीहरू दुबैजना तत्काल एउटा उपयुक्त स्थानमा गए। निश्चित स्थानमा पुगेपछि राजा मिलिन्दले आफ्ना मनका कुराहरू यसरी पोखे- "भन्ते नागसेन, अ-समतल स्थान, भयावह स्थान, जोडले हावा बहने स्थान, अति गुप्त स्थान, देव स्थान, मूल बाटो, पुल र घाट यी आठ प्रकारका स्थानहरू मन्त्रणा गर्नाको लागि उपयुक्त हुँदैनन्। यी स्थानहरूमा मण्त्रणा गर्दा अर्थ सिद्ध हुँदैन।



Downloaded from http://dhamma.digital

"महाराज, उल्लेखित स्थानहरुमा के कस्ता दोष हुन्छन् ?"

"भन्ते नागसेन, असमतल स्थानमा परामर्श गरिएको कुरो मनको भित्री तहसम्म पुग्दैन। भयावह स्थानमा डर उत्पन्न भइरहने कारणले परामर्श गरिएको कुरो सही अर्थमा बुझ्न सकिँदैन। जोडले हावा लाग्ने स्थानमा एकले अर्काका शब्दहरू राम्ररी सुन्न सकिँदैन। अति गुप्त स्थानमा अनावश्यक तेश्रो व्यक्तिले पनि लुकेर कुरा सुन्ने सम्भावना रहन्छ। देवस्थलमा भनिएका कुराहरू आवश्यकता भन्दा बढि बोझिला हुन्छन्। बाटोमा भनिएका कुराहरूलाई गम्भिरतासाथ लिइँदैन। पुलमा कुरा गर्नेहरूको मन चञ्चल भइरहन्छ। अनि घाटमा भनिएका कुराहरूलाई सामान्य रूपमा मात्र लिइन्छ। त्यसैले भनिएको पनि छ –

"असमतल, भयावह, हावा लाग्ने, गुप्त र देवस्थल
अनि बाटो, पुल र घाट यी आठ वर्जित स्थल।"

"भन्ते नागसेन, आठ प्रकारका मानिसहरूसित गरिएको कुराको अर्थ विगारिने सम्भावना रहन्छ। मन्त्रणा गरिएको कुराको अर्थ विगारी अनर्थ पार्न सक्नेहरू-रागी, द्वेषी, मोहयुक्त, अभिमानी, लोभी, अलसी, एकोहोरो र अज्ञानी हुन्।"

"महाराज, उपरोक्त प्रकारका मानिसहरूमा के दोष हुन्छन् ?"

"भन्ते नागसेन, रागीले रागको कारण, द्वेषीले द्वेषको कारण, मोहयुक्त व्यक्तिले मोहको कारण, अभिमानीले अभिमानको



Downloaded from http://dhamma.digital

कारण, लोभीले लोभको कारण, अलसीले आलस्यको कारण, एकोहोरो व्यक्तिले एकोहोरोपनाको कारण र अज्ञानीले अज्ञानताको कारण मन्त्रणा गरिएको कुराको अर्थ विगारी अनर्थ पार्न सक्छ। त्यसैले यसरी भनिएको पनि छ –

"भोगी, दुष्ट, बेहोसी, घमण्डी, लोभी र अलसी
एकसुरे अनि अज्ञानी, यी आठ त अर्थ विगार्ने।"

भन्ते नागसेन, नौ प्रकारका मानिसहरूसित गरिएको कुरो गोप्य रहँदैन, प्रचारित हुन्छ। गोप्य कुरो मनमा नराखी प्रचार गर्नेहरू-रागी, द्वेषी, मोहयुक्त, डरपोक, घुस्याहा, स्त्री, जँडचाहा, हिजडा र बालक हुन्।

"उपरोक्त मानिसहरूमा के कस्ता दोष हुन्छन्?"

भन्ते नागसेन, रागीले रागको कारण, द्वेषीले द्वेषको कारण, मोहयुक्त व्यक्तिले मोहको कारण, डरपोकले डरको कारण, घुस्याहाले घुसमा फँस्नाको कारण, स्त्रीले पछि हुनसक्ने कुरो सोच्न नसक्नाको कारण, जँडचाहाले जाँड-रक्सी पिउने तलतलमा फँस्नाको कारण, हिजडाले उसमा उठ्ने शङ्का-उपशङ्काको कारण र बालकले बालकमा हुने चञ्चल स्वभावको कारण गोप्य कुरो राख्न सक्दैन। त्यसैले यसरी भनिएको पनि छ –

"भोगी, दुष्ट, बेहोसी, डरपोक र घुस्याहा
स्त्री, जँडचाहा, हीजडा अनि नवौंमा बालक



Downloaded from http://dhamma.digital

मानिसहरू यी नौ प्रकारका दोहोऱ्याउँछन् कुरा सुनाइएको कुरो उनीहरूलाई रहन्न गोप्य फैलिन्छ झन ।"

भन्ते नागसेन, मानिसको बुद्धि छिप्ने कारणहरू आठ प्रकारका छन् । ती आठ प्रकारका कारणहरू- उमेर बढ्नु, यश बढ्नु, खोजीनिति गर्ने आदत हुनु, आचार्यसित सत्सङ्ग गर्नु, चिन्तन-मनन् गर्नु, साथीहरूसित विचार-विमर्श गर्नु, अरूलाई स्नेह दिने आदत हुनु र अनुकुल स्थानमा बसोबास गर्नु हुन् । त्यसैले भनिएका पनि छ - "वैस, यश, प्रश्न, गुरूकुल, चिन्तन, वार्ता, स्नेह र अनुकुल बासस्थान यी आठ बुद्धि विकास गर्ने, सम्भव भए ती, बुद्धि त बढ्दै जाने ।"

भन्ते नागसेन, यो स्थान माथि वर्णन गरिएका आठ प्रकारका अपगुणयुक्त स्थानहरूमा पर्दैन । गोप्य राख्नु पर्ने कुरो जीवनभर लुकाइराख्न सक्ने क्षमता ममा छ । बुद्धि छिप्ने आठओटा गुणहरूले पनि म सुसज्जित छु । म जस्तो शिष्य त्यति सहजै पाइन्न । त्यसैले भन्ते नागसेन, एक जना आचार्यले आफ्नो शिष्यप्रति अपनाइने निम्न पच्चीस गुणले युक्त व्यवहारलाई ध्यानमा राखेर मैले उठाउन लागेको प्रश्नहरूको सही जवाफ चित्त बुझ्ने गरी दिइदिने कृपा गर्नुहोस् ।

भन्ते नागसेन, एक जना आचार्यले शिष्यको राम्ररी हेर-विचार गर्छ, शिष्यलाई के गर्नु हुन्छ र के गर्नु हुदैन भन्ने कुरा राम्ररी सम्झाउँछ, शिष्यले विशेष ध्यान दिनु पर्ने र नपर्ने कुरो छुट्याइदिन्छ, शिष्यको लागि उपयुक्त प्रकारको रहने-बस्ने स्थानको व्यवस्था गरिदिन्छ, शिष्य विरामी परेमा आवश्यक उपचार गरिदिन्छ, शिष्यल



Downloaded from http://dhamma.digital

समयमै खान पाएको छ वा छैन भन्ने कुरोमा आवश्यक हेर बिचार पुऱ्याउँछ, शिष्यको विशेषताप्रति उचित ध्यान दिन्छ, शिष्यको उत्साह बढाइरहन्छ, शिष्यले कसको सङ्गत गर्नु हुन्छ र कसको सङ्गत गर्नु हुँदैन सम्झाइदिन्छ, शिष्य कुन गाउँमा जानु हुन्छ र कुन गाउँमा जानु हुँदैन सम्झाइदिन्छ, शिष्य कुन विहारमा जानु हुन्छ र कुन विहारमा जानु हुँदैन सम्झाइदिन्छ, शिष्यसित ख्याल-ठट्टा गर्दैन, शिष्य सामु आफ्नो दुःख-विस्मात व्यक्त गर्दैन, शिष्यको दोष क्षमा गरिदिन्छ, शिष्यलाई सधैं उत्साहपूर्वक सिकाउँछ, शिष्यलाई क्रमबद्ध रूपमा शिक्षा दिन्छ, शिष्यबाट कुनै रहस्य लुकाउने प्रयास गर्दैन, शिष्यलाई सबै कुरो सिकाउने प्रयास गर्छ, शिष्यको क्षमता बढाउँदै छुं भन्ने कुरो मनमा दिएर शिष्यलाई पुत्रवत स्नेह गर्छ, शिष्य सिक्ने कार्यबाट विचलित नहुने उपाय गर्छ, शिष्यलाई विद्यादान गरिरहेछु भन्ने कुरो मनमा ल्याएर प्रसन्न रहन्छ, शिष्यप्रति स्नेहयुक्त व्यवहार गर्छ, जस्तो सुकै आपद-विपदमा पनि शिष्यको साथ छोड्दैन, शिष्यलाई कुनै कुरो सिकाउने मौका पाउने वित्तिकै त्यो मौका नचुकाइकन आवश्यक कुरो सिकाइदिन्छ र शिष्यले पालना गर्नुपर्ने कर्तव्य पालना नगर्ने बेलामा तत्काल शिष्यलाई सम्झाइदिने कार्य गर्छ ।

भन्ते नागसेन, मैले उठाउन गइरहेका मेण्डक-प्रश्नहरू सम्बन्धमा तपाईंले एक जना आचार्यले आफ्नो शिष्यप्रति अपनाउनु पर्ने उपयुक्त पच्चीस गुणले युक्त व्यवहारलाई ध्यानमा राखेर उचित प्रकारले व्याख्या गरिदिएमा भविष्यमा ती विषयहरू सम्बन्धमा मानिसहरूमा कुनै प्रकारको मतभेद उठ्ने छैन ।



Downloaded from http://dhamma.digital

भन्ते नागसेन, भविष्यमा तपाइँ जस्तो बुद्धिमान र सक्षम भिक्षु नहुन सक्छ । त्यसैले मैले उठाउन लागेका मेण्डक-प्रश्नहरू सुल्झाएर विपक्षीहरूको मुख टालिदिनुहोस् र मानिसहरूलाई भ्रम-जालबाट उम्काइ दिनुहोस् ।

राजा मिलिन्दका कुराहरू सुनेपछि भिक्षु नागसेनले बुद्ध-धर्मको उत्थान गर्ने राजा मिलिन्दको प्रयासको सराहना गर्दै यसरी भने- "महाराज, एकजना सच्चा उपासकले भिक्षुहरूप्रति सहानुभूति राख्छ, धर्मलाई सर्वोपरि मान्छ, यथा श्रद्धादान दिन्छ, धर्ममा कतैबाट आघात हुन लागेको महसुस हुने बित्तिकै धर्म जोगाउन हरसम्भव प्रयत्न गर्छ, सम्यक दृष्टिले युक्त रहन्छ, मर्नै परेपनि धर्म विरोधी खेमामा लाग्दैन, मन, वचन र कर्ममा संयम गर्छ, शान्तिप्रिय हुन्छ, धर्मसाथीहरूसित एकता कायम गर्छ र देखाउनको लागि होइन भित्री हृदयदेखि नै बुद्ध, धर्म र संघको शरणमा आउँछ ।

महाराज, एकजना सच्चा उपासकमा हुनु पर्ने उपरोक्त दशैवटा गुणहरू तपाइँमा विद्यमान छन् । तपाइँ जस्तो उपासकले धर्मको उत्थानका लागि यस प्रकारको प्रयास गर्नु साह्रै सराहनीय छ । सोध्नुहोस् महाराज, आफ्ना प्रश्नहरू उठाउनुहोस् ।

★



Downloaded from http://dhamma.digital

# खण्ड – ४

## मेण्डक–प्रश्न

### १. ऋद्धिबल वर्ग

### (१) बुद्धपूजा कसरी फलदायी हुन्छ भन्ने सम्बन्धमा

भिक्षु नागसेनले राजा मिलिन्दलाई मेण्डक-प्रश्नहरू उठाउने अनुमति दिएपछि राजा मिलिन्दले भिक्षु नागसेनलाई पुन: एकपल्ट सादर वन्दना गरे । त्यसपछि राजा मिलिन्दले पहिलो मेण्डक-प्रश्न यसरी उठाए – "भन्ते नागसेन, विपक्षीहरू के भन्छन् भने, यदि बुद्धले उनी प्रति गरिएको पूजा स्वीकार्छन् भने उनले अझै निर्वाण पाइ-नसकेको र उनी अझै यस संसारमा कहिं न कहिं, कुनै न कुनै रूपमा रहिरहेको मानिनु पर्छ । यस्तो हो भने बुद्ध पनि अरू सरह सामान्य प्राणी मात्रै रहे । तब उनको पूजा गर्नु व्यर्थ छ । यदि बुद्धले निर्वाण पाइसकेका छन् र उनको अस्तित्व यस संसारमा बाँकी छैन भने त्यस अवस्थामा पनि बुद्धको पूजा गर्नु व्यर्थ छ । किनभने अस्तित्व नै नरहने गरी परिनिर्वाण पाइसकेकालाई गरिएको पूजा स्वीकारिंदैन र स्वीकार नै नगरिएको पूजा स्वत: व्यर्थ हुनेछ ।

भन्ते नागसेन, विपक्षीहरूको उपरोक्त तर्क दिमाग चकराउने प्रकारको छ, मानिसहरुलाई भ्रममा पार्ने प्रकारको छ । भन्ते नागसेन,



Downloaded from http://dhamma.digital

विपक्षीहरूको त्यो तर्क काटिदिनुहोस् र मानिसहरूलाई विपक्षीहरूको भ्रमजालबाट मुक्त पारिदिनुहोस् ।"

"महाराज, भगवान बुद्धले परिनिर्वाण पाइसकेका छन् । उनी कसैले गरेको पूजा स्वीकार्ने या नस्वीकार्ने अवस्थाबाट पूर्णतया मुक्त छन् । वोधिवृक्षमुनि बुद्धत्व पाएदेखि नै उनी त्यस्तो अवस्थाबाट मुक्त थिए । परिनिर्वाणपछि उनी त्यस्तो अवस्थाबाट झन् टाढा पुगेका छन् । यस सम्बन्धमा धर्म सेनापति सारिपुत्रले यसरी स्पष्ट पारेका छन् –

"पूजा देव र मनुष्यको, स्वीकौर या अस्वीकार गर्दैनन्
अद्वीतिय छन् उनी, बुद्ध स्वभाव यस्तै भनेर जानुन्"

"भन्ते नागसेन, छोराले पिताको अथवा पिताले छोराको प्रशंसा गराइबाट कुनै कुरो प्रमाणित हुँदैन । विरोधीहरूको तर्क काटिने प्रकारले तथ्य कुरो राम्ररी सम्झानुहोस् । मानिसहरू विपक्षीहरूको भ्रमजालबाट मुक्त हुने गरी कुरो राम्ररी प्रष्टयाउनु होस् ।"

"महाराज, भगवान बुद्धले परिनिर्वाण पाइसकेका छन् । उनी कसैको पूजा स्वीकार्ने अथवा नस्वीकार्ने अवस्थाबाट पूर्णतया मुक्त छन् । त्यसो भए पनि देवता र मनुष्यहरूले बुद्धको शरीर धातुको (बुद्ध शरीरको अवशेषको) पूजा गरेर र बुद्धद्वारा प्रतिपादित धर्मानुसार आचरण गरेर मार्ग, फल र निर्वाण, यी तीनै प्रकारका सम्पत्ति प्राप्त गर्न सक्छन् ।



Downloaded from http://dhamma.digital

महाराज, उपरोक्त तथ्य स्पष्ट बुझ्न सक्नाको लागि के मानौं भने एकपल्ट दनदन बलेको आगो बलिसकेर निभेछ। के त्यसरी आगो बलेर निभिसकेपछि थपिएको सुकेको घाँस या दाउरालाई त्यो निभिसकेको आगोले स्वीकार्छ ?"

"भन्ते नागसेन, बलेर निभिसकेको आगोले घाँस-दाउरा स्वीकार्दैन। वास्तवमा भन्ने हो भने दनदन बलिरहेको आगोले पनि घाँस-दाउरा स्वीकार गर्ने या नगर्ने भन्ने कुरो हुँदैन।"

"त्यसो भए के त महाराज, एकपल्ट बलेको आगो निभिसकेपछि यो संसार आगो बिहिन रहन्छ ?"

"यो संसार कहिले पनि आगो बिहिन रहँदैन, भन्ते नागसेन। एकपल्ट बलेको आगो निभिए पनि आगो चाहनेले कुनै पनि बेला अरणी मथेर फेरी आगो बाली आफ्नो काम चलाउन सक्छ।"

"त्यसैले महाराज, स्वीकार नगरिएको पूजा व्यर्थ छ भन्ने विपक्षीहरूको तर्क गलत छ। महाराज, जसरी बलेको आगो बलिसकेपछि निभ्छ, त्यसरी नै भगवान बुद्धले दशहजार लोकहरूसम्म आफ्नो धर्मको प्रभाव छोडेर परिनिर्वाण पाइसकेका छन्। बलेर निभिसकेको आगोले सुकेको घाँस-दाउरा नस्वीकार्ने झैं परिनिर्वाण पाइसकेका बुद्धले उनीप्रति गरिएको पूजा स्वीकार्दैनन्। तर बलेको आगो निभे पनि आगो चाहनेले आरणी मथेर फेरी पनि आगो निकाल्न सक्ने झैं देवताहरूले र मनुष्यहरूले बुद्धको शरीर धातुको पूजा गरेर र



Downloaded from http://dhamma.digital

बुद्धद्वारा प्रतिपादित ज्ञानमार्गको अनुशरण गरेर मार्ग, फल र निर्वाण पाउन सक्छन् । त्यसैले महाराज, बुद्धले उनीप्रति गरिएको पूजा स्वीकारिनरहने गरी परिनिर्वाण पाए पनि उनीप्रति गरिएको पूजा खेर जाँदैन ।

महाराज, बुद्धपूजा कसरी अचूक हुन्छ भन्ने कुरो बुझ्न सक्नाको लागि फेरि एउटा के कुरो मानौं भने एकपल्ट बहेको आँधिबेहरी बहेर शान्त भएछ । के त्यसरी बहेर शान्त भइसकेको आँधिबेहरीमा फेरि पनि दोहोऱ्याएर बहने चाहना हुन्छ ?"

भन्ते नागसेन, आँधिबेहरीमा फेरि दोहऱ्याएर बहने चाहना हुँदैन । किन भने आँधिबेहरी भनेको चाहना रहित हुन्छ ।"

"त्यसो भए के त महाराज, एकपल्ट बहेको आँधिबेहरी शान्त भएपछि हावा जति जम्मै समाप्त हुन्छ ?"

"त्यसो हुँदैन, भन्ते नागसेन । हावा त पंखा या चमर हम्कने बित्तिकै फेरि चल्न थाल्छ । घामको तापले अथवा जरोको तापले गर्मी सहन नसक्ने मान्छेले कुनै पनि बेला कसैलाई पंखा या चमर हम्काउन लगाएर गर्मी हटाउन हावा चलाउन सक्छ ।"

"त्यसैले महाराज, स्वीकार नगरिएको पूजा व्यर्थ छ भन्ने विपक्षीहरूको तर्क गलत छ । महाराज, आँधिबेहरी बहे झैं भगवान बुद्धले दशहजार लोकहरूसम्म अति शितल, अति स्वच्छ र अति शान्त प्रकृतिका मैत्री रूपी हावा बहाएका छन् । जसरी एकपल्ट बहेका



Downloaded from http://dhamma.digital

आँधिबेहरी थामिएपछि सम्पूर्ण वातावरण शान्त हुन्छ, त्यसरी नै अति शितल, अति स्वच्छ र अति शान्त प्रकृतिको मैत्री सर्वत्र फैलाएर भगवान बुद्धले अनुपादिसेस परिनिर्वाण पाइसकेका छन् । जसरी एकपल्ट बहेर थामिसकेको आँधिबेहरीमा फेरि दोहऱ्याएर बहने चाहना हुँदैन त्यसरी नै परिनिर्वाण पाइसकेका बुद्ध कसैको पूजा स्वीकार गर्ने या स्वीकार नगर्ने अवस्थाबाट पूर्णतया मुक्त भइसकेका छन् । त्यसो भएपनि आँधिबेहरी बहेर थामिसकेपछि गर्मी हटाउन हावा चाहनेले पंखा या चमर हम्केर हावा पाउन सक्ने झैं राग, द्वेष र मोह रूपी सन्ताप हटाउन चाहने देवताहरूले र मनुष्यहरूले बुद्धको शरीर धातुको पूजा गरेर र बुद्धले प्रतिपादन गरेर गएको धर्मानुसार आचरण गरेर कुशल धर्मको उत्पत्ति गरी राग, द्वेष र मोह हटाउन सक्छन् । त्यसकारण महाराज, बुद्धले उनीप्रति गरिएको पूजा स्वीकार या अस्वीकार गर्ने अवस्थाबाट मुक्त हुने गरी परिनिर्वाण पाइसकेको भए पनि उनीप्रति गरिएको पूजा निष्फल हुँदैन ।

"बुद्धपूजा कसरी फलदायी हुन्छ भन्ने कुरो राम्ररी सम्झनाको लागि फेरि पनि एउटा के कुरो मानौं भने कसैले ढोलक बजाएर आवाज निकालेछ । अब भन्नुहोस् महाराज, एकपल्ट ढोलक बजाएर निकालेको आवाज बारम्बार दोहऱ्याएर गुञ्जिरहन्छ ?"

"एकपल्ट कसैले ढोलक बजाएर निकालेको आवाज बारम्बार दोहऱ्याएर गुञ्जिरहँदैन, भन्ते । त्यो आवाज लय भएर सून्यमा विलिन हुन्छ । तर ढोलक एउटा आवाज निकाल्ने माध्यम हो ।



Downloaded from http://dhamma.digital

ढोलक बजाउन जान्नेले फेरि पनि ढोलक बजाएर त्यस्तै आवाज निकाल्न सक्छ ।"

"महाराज, भगवान बुद्धले शील, समाधि, प्रज्ञा, विमुक्ति र विमुक्ति ज्ञान सम्बन्धि दर्शन प्रतिपादन गरेर ती धर्महरू प्राप्त गर्ने माध्यमको रूपमा शरीर धातु, धर्म र विनय प्रतिस्थापन गरेर मात्र निर्वाण पाएका हुन् । भव-संसारको दुःखबाट मुक्त हुन चाहने जो कसले पनि बुद्धको शरीर धातुको पूजा गरेर, बुद्धले प्रतिपादन गरेर गएको धर्म र विनय अनुसार आचरण गरेर दुःखबाट मुक्त पाउन सक्छ । त्यसैले महाराज, बुद्धले उनीप्रति गरेको पूजा स्वीकार या अस्वीकार गर्ने अवस्थाबाट मुक्त हुने गरी परिनिर्वाण पाए पनि उनीप्रति गरिएको पूजा निष्फल हुँदैन । मानिसहरूमा पछि गएर यस्तो भ्रम पैदा नहोस् भनेर यस विषयमा स्वयम् भगवान बुद्धले यसरी भनेका छन् - "आनन्द ! तिमीहरू मध्ये कसैले पनि मार्ग निर्देशक बुद्ध नभएपछि भिक्षुहरूलाई कसले निर्देशन गर्ला भनेर पीर मान्नु पर्दैन । म नभएपछि मैले प्रतिपादन गरेको धर्म र विनय नै तिमीहरूका लागि निर्देशन हुनेछ ।"

त्यसकारण, हे महाराज, कुनै पूजा स्वीकार नगर्ने गरी परिनिर्वाण पाइसकेका बुद्धप्रति गरिने पूजा निरर्थक हुन्छ भन्ने मत राख्नेहरूको तर्क गलत छ। असत्य छ। अनुचित छ। त्यसरी तर्क गर्नु अनाहकमा दुःख निम्त्याउनु हो । नरकगामी हुनु हो ।

"महाराज, बुद्धपूजा कसरी फलदायी हुन्छ भन्ने कुरो बुझ्नाको



Downloaded from http://dhamma.digital

लागि हामीले महापृथ्वीलाई पनि उपमाको रूपमा लिन सक्छौं। महाराज, के पृथ्वीले जमीनमा रूख विरूवाका बीउहरू जताततै रोपियोस् भनेर चाहेकी हुन्छे ?"

"पृथ्वीले त्यसरी चाहेकी हुँदैनन् भन्ते।"

"अनि पृथ्वीको स्वीकृति नलिइकन जमीनमा रोपिएका बीउहरू कसरी अनेक हाँगाबिंगाहरू भएको रूख-बिरूवाका रूपमा सप्रन्छन् र त्यसमा फलफूलहरू फल्छन् ?"

"भन्ते, वीउ हुर्केर फल्न-फुल्न आवश्यक तत्वहरू पृथ्वीमा विद्यमान छन्। यसैले जमीनमा रोपिएका वीउहरू आफैं सप्रेर अनेक हाँगा-बिंगाहरू भएका रूख बिरूवा भई त्यसमा फल-फूलहरू फल्ने हुन्।"

"त्यसो हो भने पूजा स्वीकार नगर्ने गरी परिनिर्वाण पाएका बुद्धप्रति गरिएको पूजा निष्फल हुन्छ भन्ने विपक्षीहरूको तर्क स्वत: गलत छ, भन्ने कुरा सावित हुँदैन र ? महाराज, जसरी जमीनमा रोपेको वीउलाई पृथ्वीले स्वीकार या अस्वीकार गर्दैनन्, त्यसरी नै बुद्धप्रति गरिएको पूजा स्वीकार या अस्वीकार गरिंदैनन्। जसरी पृथ्वीमा भएका तत्वहरूको आधारमा पृथ्वीमा रोपिएको वीउ हुर्केर अनेक हाँगाबिगाहरू भएका रूख-बिरूवाहरूमा परिवर्तन हुन्छ र त्यसमा अनेक फलफूलहरू फल्छन् र फुल्छन्, त्यसरी नै देवता र मनुष्यहरू बुद्धको शरीर धातुको पूजा गरेर, बुद्धद्वारा प्रतिपादित



Downloaded from http://dhamma.digital

धर्मानुसार आचरण गरेर शील र समाधि रूपी हाँगाहरूमा विमुक्ति रूपी फल-फूलहरू फलाउन-फुलाउन सक्छन् । त्यसकारण पूजा स्वीकार नगर्ने गरी परिनिर्वाण पाएका बुद्धप्रति गरिएको पूजा निष्फल हुँदैन, फलदायी नै हुन्छ ।

महाराज, बुद्धपूजा कसरी फलदायी हुन्छ भन्ने कुरा ऊँट, बैल, गधा, बोका आदि पशुहरू र मानिसहरूको पेटमा जूका आदि परजीवी कीराहरू लाग्ने प्रक्रियाबाट पनि बुझ्न सकिन्छ । महाराज, के कुनै पशु या मानिसले आफ्नो पेटमा जूका लागोस् भनेर चाहेको हुन्छ ?"

"भन्ते नागसेन, कुनै पनि मानिस या पशुले आफ्नो पेटमा जूका लागोस् भनेर चाहेको हुँदैन ।"

"तर पनि मानिसहरूको पेटमा र पशुहरूको पेटमा अनेक प्रकारका जूकाहरू लाग्छन् । जूकाहरूले पेटमा रजाइँ गरेर आफ्ना सन्तानहरू जन्माइरहेका हुन्छन् । सो कसरी सम्भव भए ?"

"भन्ते नागसेन, मानिसहरूले र पशुहरूले अनजानमा पेटमा जूका लाग्ने फोहर खाना खाएका हुन्छन् । त्यसैले पेटमा जूकाहरू लाग्छन् ।"

"महाराज, फोहर खाना खानाले पेटमा जूकाहरू लाग्छन् । किनभने फोहर खाना खाने कर्मको फल निश्चित छ । त्यसरी नै बुद्ध पूजा गर्ने राम्रो कर्मको फल पनि निश्चित छ । बुद्धप्रति गरिएका



Downloaded from http://dhamma.digital

पूजा स्वीकार नगर्ने गरी बुद्धले परिनिर्वाण पाए पनि बुद्धप्रति गरिएको पूजा निष्फल हुँदैन, फलदायी नै हुनेछ ।

महाराज, बुद्धपूजा कसरी फलदायी हुन्छ भन्ने कुरा मानिसको जिउमा अन्ठानब्बे प्रकारका रोगहरू लाग्ने प्रक्रियाबाट पनि बुझ्न सकिन्छ । महाराज, के कुनै मानिसले उसको शरीरमा कुनै रोग लागोस् भन्ने चाहेको हुन्छ ?"

"भन्ते नागसेन, कुनै पनि मानिसले आफ्नो शरीरमा फलानो रोग लागोस् भनेर चाहेको हुँदैन ।"

"त्यसो भए मानिसहरूको शरीरमा रोग कसरी लाग्छ त ?"

"भन्ते नागसेन, जसको शरीरमा जुन रोग लागेको छ, त्यसको मूल कारण उसले अनजानमा त्यो रोग लाग्न सक्ने गरी गरेको पूर्व कर्म हुन्छ ।"

"महाराज, यदि अनजानमा गरेको पूर्व कर्मानुसार शरीरमा रोग लाग्छ भने, मन लगाएर गरेको बुद्धपूजा र धर्माचरण कसरी निष्फल हुन्छ ? त्यसैले महाराज, परिनिर्वाण पाइसकेका बुद्धले उनीप्रति गरिएको पूजा स्वीकार या अस्वीकार नगरेपनि बुद्धपूजा कदापि निष्फल हुँदैन, फलदायी नै हुने छ ।

महाराज, के तपाईंले स्थविर सारिपुत्रमाथि प्रहार गर्न खोज्ने नन्दक नामको यक्ष जिउँदै जमीनमा धँसेर गएको बारेमा केही कुरो सुन्नु भएको छ ?"



Downloaded from http://dhamma.digital

"सुनेको छुं, भन्ते नागसेन । यस सम्बन्धमा थाहा नपाउने कमै होला ।"

"के स्थविर सारिपुत्रले नन्दक यक्ष त्यसरी जमीनमा पतन भइजाओस् भनेर सरापेका थिए ?"

"थिएनन् भन्ते नागसेन । बरू देवता र मनुष्यहरूको यो संसार उल्टन सम्भव होला, चन्द्र र सूर्य झरेर जाने सम्भव होला, सुमेरू पर्वत टुक्राटुक्रा भएर छरेर जाने सम्भव होला, तर स्थविर सारिपुत्रले कसैको कुभलो चिताउने कुरो सम्भव हुँदैन । किनभने स्थविर सारिपुत्रमा कसैको कुभलो चिताउने सम्पूर्ण हेतुहरू नष्ट भइसकेका थिए । स्थविर सारिपुत्र आफ्नो हत्या गर्न आउनेदेखि पनि नरिसाउने अवस्थामा पुगिसकेका थिए ।"

"अनि सारिपुत्रको सराप विना नै नन्दक यक्ष किन जमीनमा पतन भयो त ?"

"उसको आफ्नै कूकर्मको कारणले, भन्ते नागसेन । किनभने कर्मको फल अचूक हुन्छ ।"

"जसरी नसराप्ने प्रति गरिएको कूकर्मको फल अचूक हुन्छ, त्यसरी नै नस्वीकार्नेप्रति गरिएको सुकर्मको फल पनि अचूक नै हुन्छ । त्यसैले महाराज, परिनिर्वाण पाइसकेका बुद्धले उनीप्रति गरिएको पूजा नस्वीकारे पनि बुद्धपूजा खेर जाँदैन, अवश्य पनि फलदायी हुनेछ ।"



Downloaded from http://dhamma.digital

महाराज, के तपाइँले नन्दक यक्ष झैं जिउँदै जमीनमा धँसेर जाने अरुहरूका बारेमा पनि सुनिराख्नु भएको छ ?"

"सुनेको छुं, भन्ते नागसेन । त्यसरी जिउँदै जमीनमा पतन भएर जाने चिञ्च माणविक, सुप्पबुद्ध शाक्य, स्थविर देवदत्त र नन्द माणविक - यी चार जनाको विषयमा पनि सुनेको छुं ।"

"तिनीहरूले के कस्तो अपराध गरेका थिए ?"

"तिनीहरू सबैले भगवान बुद्ध या उनका श्रावक भिक्षुहरूप्रति अपराध गरेका थिए ।"

"के बुद्ध या उनका श्रावकहरू कसैले तिनीहरू त्यसरी जमीनमा धँसेर जावोस् भनेर सरापेका थिए ?"

"थिएनन् भन्ते नागसेन । तिनीहरू कसैलाई पनि त्यसरी सरापिएको थिएन । तिनीहरू सबै आ-आफ्नो पाप कर्मको कारण त्यसरी जमीनमा पतन भएका थिए ।"

"अनि के ती घटनाहरूबाट, परिनिर्वाण पाएका बुद्धले बुद्धपूजा स्वीकार या अस्वीकार नगरेतापनि बुद्धपूजा निष्फल हुँदैन, अवश्य पनि फलदायी हुनेछ भन्ने कुरो छर्लङ्गिदैन त ?"



Downloaded from http://dhamma.digital

"कुरो छर्लङ्ग भयो, भन्ते नागसेन। तपाँइले असाध्य राम्रोसित तथ्य कुरो दर्शाईदिनु भयो। तपाँईले मेरो मनको गाँठो अति राम्रोसित खोलिदिनु भयो। अन्धकार हटाएर प्रकाश छरिदिनु भयो। विपक्षी-हरूको शीर निहुराइदिनु भयो। तपाइँ साँच्चै प्रशंसनीय हुनुहुन्छ।"

## (२) सर्वज्ञ भाव सम्बन्धि प्रश्न

"भन्ते नागसेन, के बुद्ध सर्वज्ञ थिए ?"

"थिए महाराज। बुद्ध सर्वज्ञ नै थिए। किनभने भगवान बुद्धमा आफूले जान्न चाहेको कुरो ध्यान दृष्टिले हेरेर तुरून्त थाहा पाउन सक्ने क्षमता थियो।"

"तर भन्ते नागसेन, कुनै विषय ध्यान दृष्टिले हेरेर मात्र थाहा पाउने बुद्ध कसरी सर्वज्ञ भए ?"

"महाराज, भगवान बुद्धमा आधा मुठ्ठि, सय गाडा, सात अम्मण या दुई कुरूवा जतिकै परिमाणको धानमा हुने धानको गेडाको संख्या पनि क्षण भरमा भन्न सक्ने क्षमता भएको अति स्वच्छ र अति निर्मल चित्त थियो।"

महाराज, संसारमा जम्मा सात प्रकारका चित्तहरू छन्। राग, द्वेष र मोह जस्ता क्लेशले युक्त अभावित शरीर, अभावित शील र अभावित प्रज्ञा भएको व्यक्तिमा सबैभन्दा गह्रौं र मलीन चित्त



Downloaded from http://dhamma.digital

हुन्छ। जसरी बाँसको घारीबाट धेरै हाँगाहरू भएको बाँस काटेर निकाल्न अति कठीन हुन्छ, त्यसरी नै राग, द्वेष र मोह जस्ता क्लेशले युक्त अभावित शरीर, अभावित शील र अभावित प्रज्ञा भएको व्यक्तिमा हुने अभावित, गह्रौं र मलीन चित्तले कुनै पनि विषय तथ्य कुरो जान्न कठीन हुन्छ। त्यस्तो क्लेश युक्त सबैभन्दा तल्लो श्रेणीको चित्त हो। पहिलो प्रकृतिको चित्त हो।

दोश्रो प्रकृतिको चित्त श्रोतापन्न व्यक्तिको चित्त हो। श्रोतापन्न चित्त दृष्टिभ्रम (म, मेरो भनेर बलियोसित समाति राख्ने सत्काय दृष्टि) र यसो गरे धर्म हुने हो कि त्यसो गरे धर्म हुने हो भन्ने दुविधा (विचिकिच्छा) रहित भई सत्य धर्म यही हो भनेर निधो गर्नं समर्थ हुन्छ। तर अन्य विषय तथ्य कुरो जान्न श्रोतापन्न चित्तलाई पनि कठीन नै हुन्छ। जसरी तीन तहसम्मका हागाँहरू काटिएको बाँसको त्यो भाग बाँसघारीबाट निकाल्न सजिलो भए पनि माथिको भाग निकाल्न अझै कठीन हुन्छ त्यसरी नै श्रोतापन्न चित्तलाई सत्काय दृष्टि र विचिकिच्छाबाट मुक्त भई सत्य धर्म चिन्नमा सजिलो भएपनि अन्य विषय तथ्य कुरो जान्न कठीन हुन्छ।

माथिका दुई प्रकारका चित्तहरूबाट भिन्न तेश्रो प्रकृतिको चित्त सकदागामी चित्त हो। सकदागामी चित्तमा राग, द्वेष र मोह पनि अति सूक्ष्म भइसकेको हुन्छ। त्यसैले सकदागामी चित्तलाई सत्कायदृष्टि, विचिकिच्छा, राग, द्वेष र मोह सम्बन्धि तथ्य कुरो बुझ्न सरल हुन्छ। तर अन्य विषय थाहा पाउन सकदागामी चित्तलाई पनि कठीन नै हुन्छ। जसरी पाँच तहसम्मका हाँगाहरू काटिएका



Downloaded from http://dhamma.digital

बाँसको त्यो भाग बाँसघारीबाट निकाल्न सरल भएपनि माथिको भाग निकाल्न कठीन हुन्छ त्यसरी नै सकदागामी चित्तलाई सत्काय दृष्टि, विचिकिच्छा, राग, द्वेष र मोह सम्बन्धि सत्य कुरो थाहा पाउन सरल भएपनि अन्य विषय तथ्य कुरो जान्न कठीन नै हुन्छ।

चौथो प्रकृतिको चित्त अनागामी चित्त हो। अनागामी चित्तमा सत्काय दृष्टि, विचिकिच्छा, राग, द्वेष र मोह समूल नष्ट भइसकेको हुन्छ। सकदागामी चित्तलाई उपरोक्त पाँच विषयसित सम्बन्धित जम्मा दश विषय सत्य कुरो थाहा पाउन सरल हुन्छ। तर अन्य विषय थाहा पाउन अनागामी चित्तलाई पनि कठीन नै हुन्छ। जसरी दश तहसम्मका हाँगाहरू काटिएको बाँसको त्यो भाग बाँसघारीबाट निकाल्न सरल भएपनि त्यसभन्दा माथिको भाग निकाल्न अझै कठीन हुन्छ, त्यसरी नै अनागामी चित्तलाई उल्लेखित दश विषय तथ्य कुरो थाहा पाउन सरल भएपनि अन्य विषय तथ्य कुरो थाहा पाउन अझै कठीन हुन्छ।

पाँचौ प्रकृतिको चित्त आस्रवहरू सबै क्षय गरेका, मैल रहित चित्त भएका, सबै क्लेशहरूको जड काटिसकेका, नगरी नहुने जति सबै गरिसकेका, बोझहरू जति सबै बिसाइसकेका, सत्य धर्म थाहा पाइसकेका, भव-संसारको बन्धनबाट छुटिसकेका, थाहा नपाई नहुने जति थाहा पाइसकेका, सिकेर सिकिने जति सबै सिकिसकेका, अरहन्तको चित्त हो। अरहन्त चित्तले श्रावकहरूले सिक्न सक्ने जति सबै विषय जानिसकेको हुन्छ। जसरी हाँगाहरू सबै काटिएको बाँसलाई बाँसघारीबाट निकाल्न सरल हुन्छ त्यसरी नै अरहन्त चित्तलाइ



Downloaded from http://dhamma.digital

सिकेर जान्न सक्ने विषय जति सबै कुराहरूमा तथ्य कुरो जान्न सरल हुन्छ। तर आफै जान्नु पर्ने प्रत्येक बुद्धको विषयहरूमा तथ्य कुरो जान्न अरहन्त चित्तलाई पनि कठीन नै हुन्छ।

छैठौं प्रकृतिको चित्त, आफूसित सम्बन्धित सबै कुराहरू आफै जानेका, कसैबाट कुनै कुरो सिक्न नपरेका, गैंडाको सिंङ झैं आफै माथि उठी आफ्नो क्लेश क्षय गरी नि:क्लेश भएका, प्रत्येक बुद्धको चित्त हो। प्रत्येक बुद्धको चित्तले आफू सम्बन्धि कुनै पनि विषय सम्पूर्ण कुरो सहजै जान्न सकेको हुन्छ। तर अरूहरूको विषय तथ्य कुरो थाहा पाउन प्रत्येक बुद्धलाई पनि कठीन नै हुन्छ। जसरी कुनै एउटा नदीमा पौडि खेल्न सिकेकोले आफूले पौडि खेल्न सिकेको नदीमा रातमा या दिनमा जुनसुकै बेलामा छलाङ्ग मार्न सके पनि अगाध महासागरमा डुबुल्की मार्न सक्दैन, त्यसरी नै प्रत्येक बुद्धले आफ्नो विषय सम्पूर्ण कुरो सहजै जान्न सकेपनि सम्यक सम्बुद्धले झैं सम्पूर्ण विषय जान्न सक्दैनन्।

सातौं र अन्तिम प्रकृतिको चित्त, सर्वज्ञ, दशबल, चार बैशारद्य र अष्ठार बुद्ध-धर्मले युक्त, सबै विषय सबै कुरो तुरून्त थाहा पाउन सक्ने सम्यक सम्बुद्धको चित्त हो। सम्यक सम्बुद्धको चित्तले सबै विषय सबै कुरो सजिलोसित जान्न सक्छ। त्यस्तो चित्तले जान्न कठीन विषय केही पनि छैन। किनभने सम्यक सम्बुद्धको चित्त सबै दृष्टिकोणले स्वच्छ, निर्मल र परिशुद्ध हुन्छ।

महाराज, के अति शक्तिशाली व्यक्तिले एउटा अति नै बलियो धनुषमा चढाएर हानेको अति धारिलो, खिया नपरेको, नबाँगिएको



Downloaded from http://dhamma.digital

बाणलाई कुनै एउटा पातलो रेशम या सुति या ऊनको पर्दाले रोकेर रोक्न सक्छ ?"

"असम्भव छ भन्ते नागसेन। बाहुबलले युक्त व्यक्तिले बलियो धनुमा चढाएर ह्रानेको धारिलो बाणलाई रेशम, सुति या ऊनको पातलो पर्दाले रोक्न सम्भव हुँदैन।"

"त्यसरी नै महाराज, दशबल, चार बैशारद्य र अठ्ठार बुद्ध-धर्मले युक्त सर्वज्ञ सम्यक सम्बुद्धको चित्त कुनै पनि विषय तुरून्त थाहा पाउन समर्थ हुन्छ। त्यस्तो सम्यक सम्बुद्धको चित्त सातौं र अन्तिम प्रकृतिको चित्त हो।

महाराज, सम्यक सम्बुद्धको चित्त असंख्य गुणहरूले युक्त अद्वितीय प्रकारको चित्त हुन्छ। सम्यक सम्बुद्धमा त्यस प्रकारको चित्त हुने हुनाले नै उनले यमक प्रतिहार्य (दुई विपरित स्वभाव धर्मलाई एकसाथ उत्पन्न गराएर देखाउने ऋद्धि) देखाउन सकेका हुन्। भगवान बुद्धमा विद्यमान यमक प्रतिहार्य देखाउन सक्ने क्षमताबाट पनि स्पष्ट बुझ्न सकिन्छ उनको चित्त कति परिशुद्ध, कति जान्न बुझ्न सक्ने क्षमताले युक्त थियो होला। त्यसरी कुनै पनि विषय तत्काल जान्न बुझ्न सक्ने परिशुद्ध चित्त भएको सम्यक सम्बुद्धलाई सर्वज्ञ भन्नु पर्छ।

महाराज, आफूले जान्न चाहेको कुनै पनि विषय आफ्नो एउटा हातमा रहेको बस्तु अर्को हातमा सारे झैं वा मुखमा रहेको बस्तु निले झैं वा तन्किएको हात खुम्चाए झैं वा खुम्चिएको हात तन्काए झैं वा कसिएको मुठ्ठि खोले झैं वा खोलिएको मुठ्ठि कसे झैं अति



Downloaded from http://dhamma.digital

सजिलोसित तत्कालै जान्न बुझ्न सक्ने परिशुद्ध चित्त भएको सम्यक सम्बुद्धलाई सर्वज्ञ भन्नु पर्छ ।"

"तर, भन्ते नागसेन, जुन कुरो पहिलेदेखि थाहा थिएन त्यही विषय न ध्यानदृष्टिले हेरेर थाहा पाउनु पर्छ ? अनि कुनै विषय थाहा पाउन ध्यातदृष्टिले हेरेपछि मात्रै थाहा पाउन सक्ने सम्यक सम्बुद्ध कसरी सर्वज्ञ भए ? यस सम्बन्धमा अझै कुरो स्पष्टसित बुझ्न सकेको छैन । कुनै उपमा दिएर सम्झाउनु हुन्छ कि ?"

"महाराज, मानौं कुनै एकजना अति सम्पतिशाली, अति धनी मान्छे छ, जसको घरमा धन, द्रव्य, रत्न, सुन, चाँदी, धान, चामल, गहुँ, पीठो, तील, मुंगी, मास, घीउ, तेल, दूध, मही, मक्खन, सक्खर, गुँद, आदि सबै प्रकारका आवश्यक वस्तुहरू प्रशस्त छन् । तर संयोगले उसको कुनै पाहुना आएको बेलामा उसको घरमा भान्छा उठिसकेको बेला परेकाले उसले तत्काल अतिथिलाई केही खुवाउन सकेन र जोरजाम गर्नमा केही समय लागेछ । के अब त्यति कारणले त्यो धनी मानिसलाई धनी नभनीकन कङ्गाल भन्न मिल्छ ?"

"भन्ते नागसेन, एकजना गृहपतिको त के कुरो, चक्रवर्ती राजाको दरवारमा पनि भान्छा उठेको बेलामा पाहुना आउने संजोग जुर्न सक्छ । त्यसैले कुनै गृहपतिको घरमा पाहुना आएको बेलामा भान्छा उठेको मौका पर्ने बित्तिकै त्यो गृहपति कङ्गाल रहेछ भन्न मिल्दैन ।"



Downloaded from http://dhamma.digital

"त्यसैले महाराज, भगवान बुद्धमा पनि कुनै पनि विषय तुरून्त थाहा पाउन सक्ने क्षमता भएकाले उनलाई सर्वज्ञ भन्नु पर्छ।

महाराज, भगवान बुद्धको सर्वज्ञता सम्बन्धमा राम्ररी बुझ्न एउटा अर्को उपमा पनि दिन सकिन्छ। मानौं, फलहरूले लटरम्म भरेको एउटा रूख छ। तर त्यस रूखमुनिको जमीनमा एउटा फल पनि झरिराखेको छैन। के त्यसो भयो भन्दैमा त्यो रूखलाई फलरहित या बाँझो रूख भन्न मिल्छ?"

"मिल्दैन भन्ते नागसेन। त्यसरी फलहरूले लटरम्म भरिएको रूखलाई कसरी बाँझो भन्ने? फल चाहनेले कुनै पनि बेला त्यस रूखबाट झारेर खान सकिहाल्छ नि।"

"त्यसैले महाराज, कुनै विषय थाहा पाउन चाहने बित्तिकै तुरून्त सबै कुरो थाहा पाउन सक्ने बुद्धलाई सर्वज्ञ नै भन्नु पर्छ।"

"भन्ते नागसेन, के सम्यक सम्बुद्धले सधैं सबै विषय जान्न चाहने बित्तिकै जान्न सक्दथे?"

"हो महाराज, भगवान बुद्धले कुनै पनि बेला कुनै पनि विषय जान्न चाहने वित्तिकै जान्न सक्दथे। जसरी चक्रवर्ती राजाले चाहने बित्तिकै चक्ररत्न उत्पन्न हुन्छ, त्यसरी नै बुद्धले चाहने वित्तिकै कुनै पनि विषय जान्न सक्दथे।"



Downloaded from http://dhamma.digital

"भन्ते नागसेन, तपाईले तथ्य कुरो अति राम्रोसित सम्झाइदिनु भयो । मैले बुद्धको सर्वज्ञता सम्बन्धि सही कुरो थाहा पाएँ ।

## (३) देवदत्तको प्रव्रज्या सम्बन्धमा

"भन्ते नागसेन, देवदत्तलाई कसले प्रव्रज्या दिएका थिए ?"

"महाराज, शाक्यमुनिले बुद्धत्व पाई ख्याति पाएपछि त्यसबाट प्रभावित भएका भद्दिय, अनिरूद्ध, आनन्द, भृगु, किम्बिल र देवदत्त यी छः जना शाक्य राजकुमारहरू उपाली नामको एक जना नाऊलाई साथमा लिएर एकसाथ प्रव्रजित हुन बुद्धकहाँ आएका थिए । त्यसैले बुद्धले उनीहरू सबैलाई प्रव्रज्या दिएका थिए ।"

"प्रव्रज्या पाइसकेपछि देवदत्तले भिक्षुसंघमा फाटो ल्याएको थियो, हो भन्ते ?"

"हो महाराज, भिक्षु देवदत्तले भिक्षुसंघमा फाटो ल्याउने कूकर्म गरेको थियो । महाराज, समान प्रतिस्ठा पाई, समान स्तरमा बस्ने कुनै भिक्षु बाहेक भिक्षुणी, श्रामणेर या गृहस्थले भिक्षुसंघमा फाटो ल्याउन सक्ने सम्भावना नै थिएन ।"

"अनि संघभेद जस्तो कूकर्म गर्नेको दशा कस्तो हुन्छ त ?"

"महाराज, संघभेद जस्तो कूकर्म गर्नेको दशा भयानक हुन्छ । संघभेद गर्नेले कल्पभरसम्म नरक भोग गर्नु पर्ने हुन्छ ।"



Downloaded from http://dhamma.digital

"देवदत्तले प्रव्रज्या पाएपछि संघभेद जस्तो कूकर्म गर्ने कुरो सर्वज्ञ बुद्धलाई कसरी थाहा भएन ?"

"महाराज, देवदत्तले प्रव्रज्या पाएपछि संघभेद गर्नेछ भन्ने कुरो सर्वज्ञ बुद्धलाई राम्ररी थाहा थियो ।"

"भन्ते नागसेन, यदि देवदत्तले प्रव्रजित भएपछि संघभेद गरी नरक जाने कुरो थाहा पाउँदा पाउँदै पनि बुद्धले उसलाई प्रव्रज्या दिएको भए, बुद्ध सबैको हितैषी, महाकारूणिक र सबैलाई कूमार्गबाट हटाएर सुमार्गमा ल्याउने भन्ने कुरो असत्य हुनुपर्छ । यदि देवदत्तले प्रव्रजित भएपछि संघभेद गरी कल्पभर नरक जाने कुरो थाहा नपाएर बुद्धले देवदत्तलाई प्रव्रज्या दिएको भए भगवान बुद्ध सर्वज्ञ हुन् भन्ने कुरो असत्य हुनु पर्छ । मैले यो अति जटील दुविधा तपाईं सामु राखेको छु । तपाईं अति बुद्धिमान हुनुहुन्छ । कृपया यस विषयमा कसैमा कुनै प्रकारको भ्रम बाँकी नरहने गरी तथ्य कुरो राम्ररी सम्झाई दिनुहोस् ।"

"महाराज, भगवान बुद्ध सर्वज्ञ थिए र साथै महाकारूणिक पनि थिए । सर्वज्ञ बुद्धले के कुरो राम्ररी थाहा पाएका थिए भने देवदत्तले पूर्वजन्महरूमा गरेका असंख्य पाप कर्महरूका कारण ऊ हजारौं कल्पहरूसम्म एक नरकबाट अर्को नरक र अर्को नरकबाट फेरि अर्को नरकमा पतन हुँदै अनेक दु:ख कष्ट भोग्न जाने छ । बुद्धले फेरि अर्को कुरो के पनि थाहा पाएका थिए भने देवदत्तले त्यस



Downloaded from http://dhamma.digital

जन्ममा पनि अनेकानेक पापकर्महरू गरेर पाप माथि पाप थप्ने छ। तर देवदत्तलाई प्रव्रज्या दिएमा उसले केही पुण्य कार्यहरू पनि गर्न पाउने छ, जुन पुण्य कार्यहरूको कारण उसले भोग्न पर्ने नरक भोगको अवधि छोटिने छ। यही सब कुरो थाहा पाएर नै भगवान बुद्धले देवदत्तलाई प्रव्रज्या दिएका थिए।"

"त्यसको मतलब भगवान बुद्ध पहिले थप्पड दिएर पछि सुमसुम्याउने, पहिले खाल्डोमा खसालेर पछि हात दिएर माथि तान्ने, पहिले मारेर अनिपछि जिम्त्याउने अर्थात् पहिले दुःख दिएर पछिबाट दुःखबाट मुक्ति दिलाउने गर्दथे हो भन्ते ?"

"कुरो त्यसो होइन, महाराज। आमा-बाबुले कहिले काहिं आफ्ना छोरा-छोरीहरूको भलोको लागि पनि उनीहरूलाई पिट्ने धकेल्ने या त्यस्तै केही गर्नु पर्छ। त्यसरी नै भगवान बुद्धले पनि कसैको हितको लागि आवश्यक परे त्यसलाई पिटाउने, धकेलाउने, मराउँने पनि गर्न सक्छन्। भगवान बुद्धले जसलाई जसो गराए पनि त्यो सबै उसैको भलोको लागि नै मात्र गराएको हुनेछ, किनभने भगवान बुद्धमा सबैको भलो गर्ने बाहेक कसैको कूभलो गर्ने चित्तवृत्ति उत्पन्न हुनै सक्दैन थियो।

महाराज, पापमाथि पाप थप्दै गएर हजारौं कल्पहरूसम्म एक नरकबाट अर्को नरकमा पतनहुँदै अनेक दुःख-कष्ट झेल्नमा बिवश देवदत्तलाई प्रव्रज्या दिएमा उसले केही पुण्य कार्य गरी आफ्नो दुःख-



Downloaded from http://dhamma.digital

कष्ट कम गर्न सक्ने कुरो थाहा पाएर नै भगवान बुद्धले देवदत्तलाई प्रव्रज्या दिएका थिए ।

महाराज, जसरी कुनै धनी या ठूलो पदमा रहेको व्यक्तिले आफ्नो प्रभावको प्रयोग गरी आफ्नो कुनै आफन्तले पाउने सजायको अवधि घटाउँछ, जसरी कुनै बैद्यले असाध्य रोगको कारण अति ठूलो दुःख झेलिरहेको रोगीको दुःख आफ्नो औषधिको प्रभावले घटाउँछ, त्यसरी नै हजारौं कल्पहरूसम्म नारकीय दुःख सहनुपर्ने देवदत्तलाई प्रव्रज्या दिई शील, समाधि, प्रज्ञा र विमुक्तिको मार्गमा लगाउने प्रयास गरेर भगवान बुद्धले देवदत्तले सहनु पर्ने दुःखको अवधि सकभर कम गराउने प्रयत्न मात्र गरेका थिए । के महाराज, भगवान बुद्धले त्यसो गरेर कुनै नराम्रो काम गरे ?"

"गरेनन् भन्ते नागसेन । भगवान बुद्धले देवदत्तलाई प्रव्रज्या दिएर राम्रै काम गरे ।"

"महाराज, भगवान बुद्धले देवदत्तलाई कुनै नराम्रो नियतले प्रव्रज्या दिएका थिएनन् भन्ने कुरो तपाईंले बुझ्नु भयो । भगवान बुद्धले देवदत्तलाई प्रव्रज्या दिएकाले त्यस प्रव्रज्याबाट देवदत्तको कत्रो हित भयो भन्ने कुरो बुझ्नाको लागि केही उपमाहरूको प्रसङ्ग उठाउनु प्रासङ्गिक हुन्छ ।

महाराज मानौं कि कुनै एकजना चोर या डाँकुलाई दसी सहित पक्रेर ल्याएछ । त्यस वापत उसलाई मृत्युदण्डको सजाय दिने फैसला भएछ । यस्तैमा कुनै एकजना अति प्रभावशाली व्यक्तिले त्यस



Downloaded from http://dhamma.digital

चोर या डाँकुप्रति दया गरेर उसको मृत्युदण्डको सजाय हात या खुट्टा मात्र काटेर छोडिदिने सजायमा परिणत गरिदिएछ । अब तपाईं भन्नुहोस् महाराज, त्यस प्रभावशाली व्यक्तिले त्यसो गरेर त्यस चोर या डाँकुप्रति उपकार गऱ्यो कि अन्याय गऱ्यो ?"

"भन्ते नागसेन, त्यस प्रभावशाली व्यक्तिले त्यस चोर या डाँकुप्रति अवश्य पनि ठूलो उपकार गऱ्यो । कसैको ज्यान बचाइदिनु सानो उपकार होइन ।"

"तर त्यो प्रभावशाली व्यक्तिले त्यस चोर या डाँकुको हात या खुट्टा त कटाउन लगाएछ नि ?"

"त्यस चोर या डाँकुको हात या खुट्टा काटिनुमा त्यस प्रभावशाली व्यक्तिको के दोष ? त्यस प्रभावशाली व्यक्तिले त्यस चोर या डाँकुको ज्यान बचाइदियो, त्यही ठूलो उपकार भयो ।"

"कुरो त्यसरी नै हो महाराज । भगवान बुद्धले पनि देवदत्तलाई प्रव्रज्या दिएर उसले भोग्न पर्ने दुःख-कष्टको अवधि धेरै कम गराएर उसप्रति ठूलो उपकार गरेका थिए । भगवान बुद्धले देवदत्तलाई प्रव्रज्या दिएकाले नै मरणावस्थामा देवदत्तले यसो भनेर पुण्य संस्कारको बीउ सुरक्षित गर्न सक्यो –

'हाम्रा कर्णधार, देव र मनुष्य सबैको मार्ग निर्देशक
सर्व दृष्टा, बुद्धको शरणागत भई म अर्पन्छु प्राण'



Downloaded from http://dhamma.digital

महाराज, यस कल्पको छ भागमा एक भाग वितिसक्दा देवदत्त संघभेद गरी नरक गएको थियो। यस कल्पको बाँकी पाँच भागको अवधिभर नरक भोग गरिसकेपछि ऊ फेरि पृथ्वीमा जन्मने छ। भगवान बुद्धले दिएको प्रव्रज्याको कारण उसले त्यस बेला अट्ठिसार नामको प्रत्येक बुद्ध भई आफ्ना पहिलेका अन्य पाप कर्महरूको फल भोग्न नपर्ने गरी जन्म-मरणको संसार चक्रबाट मुक्ति पाउने छ। अब तपाइँ नै भन्नुहोस् महाराज, भगवान बुद्धले देवदत्तलाई प्रव्रज्या दिएर कत्रो उपकार गरेका थिए।"

"भन्ते नागसेन, पापी देवदत्तलाई भगवान बुद्धले पुण्यात्मा अट्ठिसार प्रत्येक बुद्ध बन्न सक्ने तुल्याइदिए। यो भन्दा ठूलो उपकार अरू के हुन सक्ला ?"

"अनि महाराज, देवदत्तले प्रव्रजित भएर संघभेद गरी नरक भोग गरेको विषयमा भगवान बुद्धलाई कसरी जोड्नु हुन्छ त ?"

"भन्ते नागसेन, यसमा भगवान बुद्धको कुनै दोष देखिंदैन। भगवान बुद्धले त देवदत्तले प्रव्रजित भएर केही पुण्य कमाओस् भनेर नै उसलाई प्रव्रज्या दिएको हुनुपर्छ।"

"तपाइँले कुरो ठीक तरिकाले बुझ्नु भएको छ, महाराज। देवदत्तले प्रव्रजित भएर अनेक पुण्य कार्य गरोस् भन्ने उद्देश्यले नै भगवान बुद्धले देवदत्तलाई प्रव्रज्या दिएका थिए।



Downloaded from http://dhamma.digital

महाराज, देवदत्तले प्रव्रजित भएपछि संघभेद गर्नेछ भन्ने कुरो थाहा पाउँदा पाउँदै पनि देवदत्तलाई किन प्रव्रज्या दिएका थिए भन्ने कुरो अझ बढि स्पष्ट बुझ्नको लागि हामीले के मानौं भने कुनै एकजना मानिसको शरीरमा निस्केको एउटा खटिरा नराम्रोसित पाकेर सूल परेछ । त्यो देखेर कुनै एउटा योग्य बैद्यले उसको खटिरामा एउटा असाध्य पोल्ने औषधिको लेप लगाई त्यो खटिरा चिर्न हुने गरी पाक्न लगाएछ । त्यो खटिरा त्यसरी चिर्न हुने गरी पाकेपछि चिरेछ र त्यसमा आगो डागेर, नुन छर्केर मलहम पट्टि लगाइदिएछ । त्यसरी उसको बिग्रेको खटिरा बिस्तार-बिस्तार निको भएछ । अब तपाईं भन्नुहोस् महाराज, त्यस बैद्यले त्यस रोगीप्रति उपकार गरे कि अनुपकार गरे ?"

"त्यो बैद्यले त्यस रोगीप्रति अवश्य पनि ठूलो उपकार गरे ।"

"तर त्यो बैद्यको त्यस उपचार विधिको कारण त्यो रोगीले पाएको पीडा सम्बन्धमा के भन्नुहुन्छ त ?"

"भन्ते नागसेन, त्यसमा त्यो बैद्यको के दोष ? बैद्यले त्यस रोगीलाई सताउने बिचारले त्यस्तो कडा उपचार विधि अपनाएको थिएन । त्यो रोगीको रोग नै त्यस्तो थियो ।"

"तपाईंले कुरो ठीक तरिकाले बुझ्नु भयो महाराज । देवदत्तको प्रव्रज्या विषयमा पनि कुरो त्यस्तै हो । देवदत्तले प्रव्रज्या लिएर



Downloaded from http://dhamma.digital

अनेक पुण्य कमाओस् भनेर नै भगवान बुद्धले देवदत्तलाई प्रव्रज्या दिएका थिए । प्रव्रजित भइसकेपछि देवदत्तले संघभेद जस्तो जघन्य अपराध गर्नुमा भगवान बुद्धको कुनै दोष थिएन । देवदत्तमा पूर्व जन्महरू देखि संचित हुँदै आएको भगवान बुद्धप्रतिको द्वेष भावको कारण देवदत्त स्वयम् संघभेद गर्नमा अग्रसर भएका थिए ।

महाराज, प्रव्रजित भएपछि देवदत्तले संघभेद गर्नेछ भन्ने कुरो थाहा पाउँदा पाउँदै पनि भगवान बुद्धले देवदत्तलाई किन प्रव्रज्या दिए भन्ने सम्बन्धमा अझ बढि स्पष्टसित बुझ्नाको लागि हामीले के मानौं भने एकजना मानिसको खुट्टाभित्रसम्म एउटा काँडा घुसेछ । त्यसरी खुट्टाभित्रसम्म घुसेको त्यो काँडा कसैले उसको खुट्टामा काँडाको वरिपरि छुराले घाउ पारिकन निकालेछ । अब तपाईं भन्नुहोस् महाराज, त्यसरी खुट्टामा घाउ पारी काँडा निकाल्नेले त्यस मानिसको हित गरेछ कि अहित गरेछ ?"

"त्यो मानिसले त्यसरी काँडा निकालेर हित नै गरेछ । किन भने बिझेको काँडा निकाल्दा केहीबेर सास्ती पाए पनि काँडाले दिइरहने दुःखको अन्त्य भएको छ ।"

"महाराजले कुरो ठीकसित बुझ्नु भएको छ । महाराज, देवदत्तको प्रव्रज्या सम्बन्धमा पनि कुरो त्यस्तै हो । भगवान बुद्धले देवदत्तलाई प्रव्रज्या दिएर उसको अहित होइन ठूलो हित नै गरेका थिए । यदि देवदत्तले प्रव्रज्या पाएर केही पुण्य कार्य गर्न नपाएको भए ऊ पापमाथि



Downloaded from http://dhamma.digital

अरू पाप थप्दै गई हजारौं कल्पहरूसम्म नरकमा घुमिरहनु पर्ने थियो ।"

"हो, भन्ते नागसेन, भगवान बुद्धले देवदत्तलाई प्रव्रज्या दिएर पापको धारमा बग्दै जानुबाट बचाइदिए । कूमार्गमा भड्किरहनुबाट जोगाएर सुमार्गमा लगाईदिए । भीरबाट खस्नुदेखि बचाइदिए ।

भन्ते नागसेन, तपाइँले देवदत्तको प्रव्रज्या विषयमा अति राम्रोसित तथ्य कुरो सम्झाइदिनु भएको छ । तपाइँ जस्तो बुद्धिमान भिक्षुले बाहेक अरूले यस विषयमा यति राम्रोसित सम्झाइदिन सक्ने थिएन ।"

## (४) भूकम्प हुने कारणहरू सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'भिक्षुहरू भूकम्प हुने आठओटा कारणहरू छन् ।' भगवान बुद्धको यो वचनले भूकम्प हुने कारणहरूलाई स्पष्ट रूपमा किटान गरेको छ । यसको अर्थमा यताउति गरी बङ्गाचाउने कुनै गुञ्जाइस छैन । भगवान बुद्धको उल्लेखित वचनबाट हामीले के कुरो स्पष्ट बुझ्नु पर्छ भने भूकम्प हुने नवौं कारण हुनै सक्दैन । तर भन्ते नागसेन, वेस्सन्तरले महादान गरेको बेलामा सातपल्टसम्म भूकम्प भएको जातक कथालाई स्वीकार्ने हो भने भूकम्प हुने नवौं कारण पनि स्थापित हुने हुन्छ ।

भन्ते नागसेन, यदि भगवान बुद्धले भूकम्प हुने आठओटा कारणहरू छन् भनेको कुरोलाई सत्य मान्ने हो भने वेस्सन्तरले महादान



Downloaded from http://dhamma.digital

गरेको बेलामा सातपल्ट भूकम्प भएको कुरोलाई असत्य मान्नु पर्ने हुन्छ। यदि वेस्सन्तरले महादान गरेको बेलामा सातपल्ट भूकम्प भएको कुरोलाई सत्य मान्ने हो भने भगवान बुद्धले भूकम्प हुने कारणहरु आठओटा छन् भनेका छन् भन्ने कुरोलाई असत्य मान्नु पर्ने हुन्छ। भन्ते नागसेन, यो एउटा अति गम्भिर पहेली हो। सुल्झाउन अप्ठेरो प्रकृतिको यस पहेलीलाई तपाइँ जस्तो अति बुद्धिमान भिक्षुले मात्र सुल्झाउन सक्ने देखेर यस पहेलीलाई तपाइँ सामु पेश गरेको छुं। कृपया यस पहेलीलाई राम्ररी सुल्झाइदिनुहोस्।"

"महाराज, भगवान बुद्धले भुइँचालो जाने कारणहरू आठ ओटा छन् भनेका छन् भन्ने कुरो सत्य हो। अनि वेस्सन्तरले महादान गरेको बेलामा यो पृथ्वी सात पल्टसम्म काँपेको कुरो पनि सत्य नै हो। तर महाराज, वेस्सन्तरले महादान गरेको बेलामा यो पृथ्वी सातपल्ट काँपेको घटना कुनै चानचुने घटना होइन। अघि पछि बरोबर भइरहने घटना होइन। साह्रै नै असाधारण घटना हो। त्यसैले भगवान बुद्धले त्यस घटनालाई भुइँचालो जाने अन्य आठ सामान्य कारणहरूमा समावेश नगरेका हुन्।

महाराज, मानिसहरूले वरसातको पानी, हिउँदे पानी र बैशाखे पानी गरी पानी पर्ने तीन मौसमको गणना गर्ने गरेका छन्। त्यस बाहेक अन्य बेलामा पनि आकल-झुकल पानी नपर्ने होइन। तर त्यसरी आकल-झुकल पर्ने पानीलाई बेमौसमी पानीको रूपमा मात्र लिइन्छ। ठीक त्यसरी नै वेस्सन्तरले महादान गर्दा सातपल्टसम्म



Downloaded from http://dhamma.digital

भुइँचालो गएको घटना कुनै साधारण होइन । त्यो बरोबर नदोहोरिने अति असाधारण र विशेष घटना हो । त्यसैले भगवान बुद्धले त्यस घटनालाई भुइँचालो जाने अन्य आठ सामान्य कारणहरूमा समावेश नगरेका हुन् ।

महाराज, हिमालय पहाडबाट पाँचसय भन्दा बढि संख्याका नदीहरू निस्केका छन् । तर तिनीहरूमध्ये गङ्गा, यमुना, अचिरवती, सरयू, मही, सिन्धु, सरस्वती, वेत्रवती, वितमसा र चन्दभागा, यी दशओटा नदीहरूको मात्र विशेष उल्लेख गर्ने गरेका छन् । किन भने यी दशओटा नदीहरूको तुलनामा अन्य नदीहरू धेरै साना छन् । त्यसरी नै वेस्सन्तरले महादान गर्दा सातपल्ट भूकम्प गएको कुरो भूकम्प हुने अन्य आठओटा कारणहरुरू झैं बरोबर नदोहोरिने अति असाधारण घटना भएको हुनाले भगवान् बुद्धले त्यसलाई भूकम्प हुने अन्य आठओटा सामान्य कारणहरूमा समावेश नगरेका हुन् ।

महाराज, राजाको दरवारमा सयौं राजकर्मचारीहरू हुन्छन् । तर तिनीहरूमध्ये सेनापति, राजपुरोहित, प्रधानमन्त्री, राजभण्डारी, राजछत्रबाहक र राजअङ्गरक्षक, यी छः जना राजकर्मचारीहरू मात्रको चर्चा गर्ने गरिन्छ । अन्य राजकर्मचारीहरूको त्यति चर्चा गरिँदैन । किन भने उल्लेखित छः जना राजकर्मचारीहरू मात्र विशेष महत्वका छन् । त्यसरी नै वेस्सन्तरले महादान गर्दा सातपल्ट भुइँचालो गएको घटना बरोबर नदाहोरिने अति असाधारण घटना भएकाले भगवान बुद्धले त्यस घटनालाई भुइँचालो जाने अन्य आठओटा कारणहरूमा समावेश नगरेका हुन् ।



Downloaded from http://dhamma.digital

महाराज, के तपाईंले बुद्धधर्मानुसार आचरण गरी त्यही जन्ममा महान फल पाई देवलोकसम्म ख्याति पाएकाहरूको बारेमा केही जानकारी राख्नु भएको छ ?"

"मलाई ती व्यक्तिहरूको सम्बन्धमा केही जानकारी छ, भन्ते नागसेन। बुद्धधर्मानुसार आचरण गरी त्यही जन्ममा महान फल पाई देवलोकसम्म ख्याति पाउनेहरू सुमन नामको माली, एकसाटक नामको ब्राम्हण, पूर्ण नामको मजदूर, मल्लिका नामकी रानी, गोपाल-माता भनिने रानी, सुप्रिया नामकी उपासिका र पूर्णा नामकी दासी यी सातजना हुन्।"

"अनि महाराजले जिउँदै स्वर्गलोकमा पुग्नेहरूका बारेमा पनि केही जानकारी राख्नु भएको छ त ?"

"तिनीहरूका बारेमा पनि मलाई थाहा छ, भन्ते नागसेन।"

तिनीहरू को को थिए महाराज ?"

"भन्ते नागसेन, जिउँदै स्वर्गलोक जाने कठीन कार्य गर्नमा सफलता पाउने महापुरूषहरू, गुत्तिल नामको गन्धर्व, साधिन नामको राजा, निमि नामको राजा र मान्धाता नामको राजा थिए।"

"अनि के महाराजले, परापूर्वकालदेखि हालसम्ममा वेस्सन्तरले झैं यो पृथ्वी एकपल्ट या अनेकपल्ट कम्पन हुने गरी महादान गर्ने



Downloaded from http://dhamma.digital

कुनै दोश्रो व्यक्तिको बारेमा केही कुरो सुन्न पाउनु भएको छ त ?"

"त्यस्तो कुरो त मैले कहिल्यै कसैबाट पनि सुन्न पाएको छैन, भन्ते नागसेन।"

"महाराज, त्यस्तो घटना सम्बन्धमा कसैले पनि सुन्न पाएको हुँदैन। किनभने त्यस्तो घटना वेस्सन्तरले महादान गरेको बेलामा बाहेक अरू बेला घटेकै छैन।

महाराज, मैले नयाँ र पुराना थुप्रै ग्रन्थहरू पढेको छुं। धेरै जना आचार्यहरूबाट अनेक कुराहरू सुनेको छुं। अनेक विषय जिज्ञासा राखेर थुप्रै प्रश्नहरू उठाई धेरै कुराहरू जानिराखेको छुं। तर वेस्सन्तर बाहेक अन्य कसैले गरेको महादानको कारण यो पृथ्वी कम्पन भयो भन्ने कुरो कसैबाट सुनेको छैन। काश्यप बुद्धको पालादेखि वर्तमान शाक्यमुनि बुद्धको पालासम्ममा कसैले पनि वेस्सन्तरले झैं पृथ्वी कम्पन हुने गरी महादान गरेको कुरा सुनेको छैन।

महाराज, कसैले गरेको महादानको कारण या कसैले गरेको अन्य महापुण्यका कारण भुइँचालो जानु भनेको कुनै साधारण कुरो होइन। कसैले गरेको महादान या अन्य प्रकारको महापुण्यको प्रभाव अति विशाल भई त्यसलाई पृथ्वीले थामेर थाम्नै नसक्ने भएपछि मात्र पृथ्वी कम्पन हुने हो। महाराज, जसरी कुनै गाडामा त्यस गाडाले थामेर थाम्न नसक्ने बोझिलो भारी लादिंदा त्यसबेला त्यो गाडाको धुरा टुट्छ र चक्काहरू खस्कन्छन्। त्यसरी नै कसैले गरेको महादान



Downloaded from http://dhamma.digital

या अन्य प्रकारको महापुण्यको प्रभाव थामेर थाम्न् नसक्ने भएपछि मात्र पृथ्वी कम्पन हुन्छ ।

महाराज, जसरी आकाशमा वाफयुक्त हावा धेरै भएपछि बालिंक्दै जाने बादलहरू ठूलो हावाको कारण आपसमा अथवा अग्ला अग्ला पहाडहरूमा टकराएपछि मेघ गर्जी पानी पर्छ । त्यसरी नै वेस्सन्तरले गरेको स्वार्थ रहित महादानको प्रभाव पृथ्वीले थामेर थाम्न नसक्ने भएपछि पृथ्वी कम्पन भएको थियो ।

महाराज, वेस्सन्तरको महादान अद्वित्तीय प्रकारको थियो । उनले महादान गरेको बेलामा उनको चित्तमा राग थिएन, द्वेष थिएन, मोह थिएन, अभिमान थिएन, अहं (म र मैले भन्ने भाव) थिएन । अनि उनको मनमा कुनै प्रकारको कामना थिएन, कुनै प्रकारको घृणा थिएन । उनको मनमा एउटै भाव केही चाहने याचकहरू उनकहाँ दान लिन आउन् र उनले दिएको दान पाएर पूर्णरूपले सन्तोष भएर जाउन् भन्ने मात्र थियो । उनी इन्द्रिय दमन, समता भाव, क्षान्ति, संवर, यम, नियम, क्रोधको नियन्त्रण, अहिंसा, शुद्धता र सत्यता यी दश प्रकारका धर्महरू नियमित रूपमा पालना गर्नमा सतर्क थिए । उनले काम-तृष्णाको परित्याग गरेका थिए । भव-तृष्णालाई जितेका थिए । बत्मचर्या धर्मको पालना गरेका थिए । उनी सबै दृष्टिकोणले सर्वश्रेष्ठ त्यागी भएका थिए । उनको एकमात्र कामना कसरी सबै मानिसहरूलाई स्वस्थ, सम्पन्न र दीर्घजीवी बनाउने भन्ने मात्र थियो । उनले त्यसरी महादान गर्नुको लक्ष उत्तम पुनर्जन्म पाउनु थिएन, धेरै धन-सम्पत्ति पाउनु थिएन, मान-पदवी पाउनु थिएन, कसैलाई रिझाउनु थिएन,



Downloaded from http://dhamma.digital

आयु बढाउनु थिएन, राम्रो वर्ण पाउनु थिएन, सुख पाउनु थिएन, बलवान हुनु थिएन, यश पाउनु थिएन, पुत्रलाभ गर्नु थिएन, पुत्रीलाभ गर्नु थिएन । उनले त्यो महादान गर्नुको एकमात्र लक्ष सत्य ज्ञान अववोध गर्नु थियो । त्यस प्रकारको अतुलनीय महादान गर्नुको एक मात्र उद्देश्य सर्वज्ञता पाउनु मात्र हो भन्ने कुरो वेस्सन्तरले भनेका निम्न गाथाबाट पनि स्पष्ट हुन्छ –

'छोरा जालि र छोरी कृष्णाजिनी, अनि पतिब्रता स्त्री मद्दिदेवी
त्यागें ती सबै नसोची अन्य केही, मात्र बोधिज्ञान पाउनालाई ।'

महाराज, वेस्सन्तरले क्रोधीलाई अक्रोधले जिते, असाधुलाई साधु भएर जिते, कन्जुसीलाई दानले जिते, असत्यलाई सत्यले जिते र अकुशललाई कुशलले जिते । वेस्सन्तरले त्यसरी अत्यन्त धर्मपूर्वक महादान गर्दै गएपछि विस्तार विस्तार वायुमण्डलमा चञ्चलता पैदा हुँदै गयो । सम्पूर्ण वायुमण्डलको हावा तल, माथि, दायाँ, बायाँ जताततै बहने क्रम बढ्दै गयो । जताततै आँधिबेहरी बहन थाल्यो । हावाहुरि चल्न थाल्यो । त्यसरी सम्पूर्ण वायुमण्डलमा उथलपुथल हुन थालेपछि त्यसको प्रभावले सागर, महासागरको पानी चलमलाउन थाल्यो । समुद्रको पानीमा भयङ्कर ठूल्ठूला छालहरू उठ्न थाले । त्यसरी उठेका छालहरू आपसमा टकराएपछि सम्पूर्ण सागर फिंजले सेतो भयो । सम्पूर्ण वायुमण्डलमा र सागरहरूमा अपूर्व ढङ्गले प्रलय-कारी हलचल मच्चिन थालेपछि सिंगै पृथ्वी डगमगाई । सुमेरू आदि अग्ला-अग्ला पहाडहरूका टुप्पाहरू मोडिने गरी महाभूकम्प भयो ।



Downloaded from http://dhamma.digital

महाराज, एउटा ठूलो कराहीमा भात पकाउन चामल र पानी राखेर आगोमा बसाल्दा सर्वप्रथम आगोको सम्पर्कमा भएको कराहीको पिंध तात्छ र त्यसपछि कराहीको पिंधमा रहेको पानी तातेर माथितिर जान्छ। त्यसरी पानी उम्लन थालेपछि पानी संगसंगै चामलका गेडाहरू पनि तलमाथि चल्न थाल्छन्। त्यसरी नै वेस्सन्तरले गरेको अतुलनीय महादानको प्रभावले सर्वप्रथम वायुमण्डलमा ठूलो हलचल आयो। त्यसपछि महासागरको पानीमा उथलपुथल भयो। त्यसपछि महाभूकम्प भयो। त्यसरी वेस्सन्तरको अतुलनीय महादानको प्रभावले वायुमण्डल, महासागर र पृथ्वीमा एकसाथ कम्पन भएकाले लगातार सातपल्टसम्म भुइँचालो गएको थियो। महाराज, वेस्सन्तरले जस्तो भूकम्प हुने गरी महादान गर्न सक्ने व्यक्ति अझै अरू कोही पनि निस्केको छैन।

महाराज, पृथ्वीमा इन्द्रनील, महानील, ज्योतिरस, वैदूर्य, ऊर्मापुष्प, सिरिसपुष्प, मनोहर, सूर्यकान्त, चन्द्रकान्त, बज्र, कजोपक्रमक, स्पर्शराग, लोहिताङ्ग, महारगल्ल आदि विभिन्न प्रकारका मणिहरू छन्। तर तिनीहरू सबैभन्दा चक्रवर्ती मणि श्रेष्ठ छ। चक्रवर्ती मणिको चारैतिर योजनभरसम्म फैलन्छ। त्यसरी नै आजसम्म विभिन्न महापुरुषहरूले गरेका दानहरूमा सबैभन्दा महान दान वेस्सन्तरको महादान हो। त्यसैले वेस्सन्तरले महादान गरेको बेलामा सातपल्टसम्म भूईँचालो गएको थियो।"

"भन्ते नागसेन, बुद्ध सम्बन्धि कुरो अति नै आश्चर्यजनक छ। अद्वितीय छ। मनको शान्त स्वभाव, चित्तको शुद्धता, अधिमुक्ति र



Downloaded from http://dhamma.digital

अभिप्रायमा सम्यक सम्बुद्ध खालि बोधिसत्वमात्र रहँदा नै पनि अतुलनीय रहेछन् । भन्ते नागसेन, बोधिसत्वको पराक्रम र पारमी सम्बन्धमा तपाईँले तथ्य कुरो अति राम्रोसित सम्झाइदिनु भयो । तपाईँले भगवान बुद्धको श्रेष्ठता सम्बन्धमा राम्ररी सम्झाइदिनु भयो । बुद्ध-धर्मको महिमा राम्ररी सम्झाइदिनु भयो । तपाईँले विपक्षीहरूको कूतर्कको भाँडो फुटालिदिनु भयो । बुद्धका अनुयायीहरूको ठूलो समस्या सुल्झाइदिनु भयो । सबैलाई सही कुरो सम्झाइदिनु भयो । तपाईँ साँच्चै धन्य हुनुहुन्छ ।

## (५) शिविराजाको नेत्रदान सम्बन्धी प्रश्न

"भन्ते नागसेन, भिक्षुहरू के भन्छन् भने, 'शिविराजाले आफ्नो आखा निकालेर दान दिएका थिए । तर त्यसरी आँखा दान गरेपछि उनले दिव्य चक्षु पाए ।' तर यस कथनमा कुनै सत्यता देखिँदैन । किनभने कुनै एउटा सुत्रमा यसरी भनिएको छ, 'आँखाको हेतु अर्थात् भौतिक आँआ नभइकन दिव्य चक्षु पाउन सकिँदैन ।'

भन्ते नागसेन, यदि शिविराजाले नेत्रदान गरेको कुरो सत्य हो भने, त्यसपछि उनले दिव्य चक्षु प्राप्त गरेको कुरो असत्य हुनुपर्छ । यदि शिविराजाले दिव्य चक्षु पाएको कुरो सत्य हो भने, उनले नेत्रदान गरेको कुरो असत्य हुनुपर्छ ।

भन्ते नागसेन, एक अर्कासित बाँझिएका उल्लेखित कुराहरू बाण झैं मनमा घोच्ने प्रकारका छन् । अति भ्रामक छन् । कृपया यस



Downloaded from http://dhamma.digital

विषय विपक्षीहरूको मुख बन्द हुने गरी तथ्य कुरो प्रष्ट पारिदिनु होस् ।"

"महाराज शिविराजाले आफ्नो आँखा दान गरेको सम्बन्धमा कुनै शङ्का गर्नु उचित छैन। शिविराजाले आफ्नो आँखा निकालेर दान गरेपछि उनले दिव्य चक्षु पाएको विषयमा पनि कुनै सन्देह गर्नु पर्दैन ।"

"त्यसो भए के त भन्ते नागसेन, भौतिक आँखा नभएतापनि दिव्य चक्षु पाउन सक्ने रहेछ ?"

" त्यसो पनि होइन महाराज ।"

"त्यसो भए शिविराजाले आँखा दान दिइसकेपछि फेरि कसरी दिव्य चक्षु पाए, यस सम्बन्धमा राम्ररी सम्झाइदिनुहोस् ।"

"महाराज, संसारमा सत्य धर्म छ र सत्य धर्मको पालना गर्नेहरूले सत्यक्रिया गरेर अनेक आश्चर्यजनक कार्यहरू गर्न सक्छन् भन्ने सम्बन्धमा के तपाईँले केही पनि सुन्नु भएको छैन ?"

"सुनेको छुं, भन्ते नागसेन । संसारमा सत्य धर्म छ र सत्य धर्मको पालना गर्नेहरूले सत्यक्रिया गरेर पानी बर्साउने, आगो निभाउने, विष शान्त पार्ने आदि विभिन्न प्रकारका आश्चर्य लाग्दा कार्यहरू गर्न सक्छन् भन्ने सम्बन्धमा मैले धेरै कुराहरू सुनेको छुं ।"



Downloaded from http://dhamma.digital

"महाराज, शिविराजाले नेत्रदान गरिसकेपछि दिव्य चक्षु पाउन सक्नाको पछाडि पनि सत्यधर्मले नै काम गरेको थियो। महाराज, शिविराजाले सत्यधर्मकै आधारमा आँखा दान गरिसकेपछि दिव्य चक्षुयुक्त नयाँ आँखा पाएका थिए।

महाराज, जुनबेला कुनै धर्मात्मा महापुरूषले 'पानी परोस्' भनेर सत्यक्रियाको आधारमा पानी पार्छ, के त्यसबेला आकाशमा पानी पार्नसक्ने काला बादलहरू मौजूदरहेका हुन्छन् ?"

"हुँदैनन् महाराज। कुनै धर्मात्मा महापुरूषले 'पानी परोस्' भनेर सत्यक्रिया गर्नुभन्दा पहिले आकाशमा पानी पार्नसक्ने घना बादलहरू कतै पनि देखिएका हुँदैनन्। तर त्यसरी 'पानी परोस्' भनेर सत्यक्रिया गर्ने बित्तिकै अकस्मात चारैतिरबाट घना बादलहरू घेरिएर आई पानी बर्सने हो।"

"महाराज जसरी सत्यक्रियाको प्रभावले पहिले नभएका घना बादलहरू चारैतिरबाट घेरिएर आएर पानी बर्सने हो त्यसरी नै शिविराजाले पनि उनले गरेको सत्यधर्मको प्रभावले आफ्नो आँखा दान गरिसकेपछि दिव्य चक्षुयुक्त आँखा पाएका थिए।

महाराज, जुनबेला सत्यबलको आधारमा दनदन बलिरहेको आगो निभाइन्छ, त्यसबेला के आगो निभ्ने आधारहरू पहिलेबाटै मौजूद भएका हुन्छन् ?"

"हुँदैनन् महाराज। आगो निभ्ने कुनै पनि आधार पहिलेबाट



Downloaded from http://dhamma.digital

देखिएका हुँदैनन् । तर पनि कुनै पुण्यात्माले 'आगो निभोस्' भनेर सत्यक्रिया गर्ने बित्तिकै आगो आफैं निभ्छ ।"

"त्यसरी नै महाराज, शिविराजाले पनि सत्यबलकै आधारमा आफ्नो आँखा दान गरिसकेपछि दिव्य चक्षुयुक्त नेत्र पाएका थिए । महाराज, जुनबेला सत्यक्रियाको आधारमा विषको प्रभाव शान्त पारिन्छ, के त्यसबेला विष शान्त हुने हेतुहरू पहिलेबाटै मौजूद भएका हुन्छन् ?"

"हुँदैनन्, भन्ते नागसेन । तर पनि कुनै पुण्यात्माले 'विष शान्त होस्' भनेर सत्यक्रिया गर्ने बित्तिकै विष आफैं शान्त भएर जान्छ ।"

"महाराज, शिविराजाले पनि आफ्नो आँखा दानगरिसकेपछि सत्यबलकै आधारमा दिव्यचक्षुयुक्त आँखा पाएका थिए । महाराज, सत्यबलको आधारमा दिव्यचक्षुयुक्त नेत्रहरू मात्र होइन चतु आर्य सत्य पनि अवबोध गर्न सक्ने हुन्छ । वास्तवमा चतु आर्य सत्य अवबोध गर्न सक्ने एक मात्र आधार नै सत्यबल हो ।

महाराज, पहिलेका जमानामा, चीनका एकजना राजाले समुद्रलाई आफ्नो वशमा पार्ने कामना गरेर एउटा ब्रतको पालना गरेको थियो । त्यही ब्रत बसेको सत्यबलको आधारमा त्यस राजाले प्रत्येक चार महिनामा एकपल्ट आफ्नो रथ समुद्रभित्र एक योजन टाढासम्म हाँकेर लैजाने गर्दथियो । उसले त्यसरी समुद्रभित्र आफ्नो



Downloaded from http://dhamma.digital

रथ हाँकेर लैजाने बेलामा समुद्रको पानी आफैं दुई भागमा फाँटेर गई उसको लागि बाटो बन्ने गर्दथियो र उसको रथ पुन: फर्केपछि मात्र समुद्रको पानी पहिले झैं समतल हुने गर्दथियो। अब तपाइँ नै भन्नुहोस् महाराज, कुनै देवता या मनुष्यको सामान्य बलले त्यसरी समुद्रको पानी फटाएर समुद्रको सतहमा बाटो खोल्नु सम्भव छ ?"

"भन्ते नागसेन, देवता या मनुष्यको सामान्य शक्तिले समुद्रको पानी त के एउटा तलाउको पानी पनि फटाउन सक्दैन।"

"महाराज, उपरोक्त घटनाबाट सत्यबलको राम्ररी अन्दाजा गर्न सकिन्छ। सत्यबलको आधारमा हुन नसक्ने कुरो यस संसारमा केही पनि छैन। महाराज, एकपल्ट धर्मराज अशोकको पालामा पनि सत्यबलको अनौठो प्रदर्शन भएको थियो। घटना कसरी घटेको थियो भने एकपल्ट धर्मराज अशोक आफ्नो प्रधान मन्त्री र अन्य केही अधिकारीहरू साथमा लिएर पाटली पुत्र शहर नजिकबाट बगिरहेको गङ्गा नदीमा बाढी आएको हेर्न गएका थिए। एक योजन चौडा भई पाँच योजनसम्म फैलिएको गङ्गा नदीको पाटलीपुत्र स्थित घाटमा बाढीको पानी अटाइनअटाइकन बगिरहेको थियो। त्यो दृष्य देखेर धर्मराज अशोकले आफ्ना अधिकारीहरूसित यस्तो उत्सुकता व्यक्त गरे- 'के यस गङ्गा नदीको धारलाई उल्टो दिशामा फर्काइदिनसक्ने क्षमता कसैमा होला ?' धर्मराज अशोकको त्यस प्रश्नको उत्तरमा उनका अधिकारीहरूले यसरी भने - 'असम्भव छ, महाराज। कसैले पनि त्यसो गर्न सक्ने छैन।'



Downloaded from http://dhamma.digital

त्यसबेला धर्मराज अशोक झैं गङ्गा नदीमा आएको बाढी हेर्न आउनेहरूमा सर्वसाधारण जनताहरू पनि धेरै थिए । त्यस जन - साधारणको हुलमा विन्दुमती नामकी एउटी गणिका पनि थिई । धर्मराज अशोकको कुरो सुनेर विन्दुमती गणिकाको मनमा यस्तो विचार उठ्यो - 'म एउटी गणिका हुँ । आफ्नो रूपको व्यापार गरर जीविका चलाउँछुं । म अति नीच काममा लागेकी छुं । तर पनि ममा एउटा सत्यबल छ । आज धर्मराज अशोकलाई म आफ्नो सत्यबल देखाइदिने छुं ।' त्यसरी सोच्न पुगेकी विन्दुमती गणिकाले आसपासका सबैलाई थाहा दिएर यसरी सत्यक्रिया गरी - 'यो गङ्गा नदी तत्कालै उल्टो दिशा बगोस् ।' विन्दुमती गणिकाले त्यसरी सत्यक्रिया गर्ने बित्तिकै गङ्गा नदी गडगडाएर उल्टो दिशामा बग्न थाली । त्यसरी गङ्गा नदी एक्कासी उल्टिएपछि छालहरूको टक्करको कारण भयङ्कर शब्द निस्कन थाल्यो ।

त्यो अनौठो घटना देखेर धर्मराज अशोक आश्चर्य चकित भए । त्यसरी चकित भएका धर्मराज अशोकले आफ्ना अधिकारीहरूसित सोधे - 'अरे, गङ्गा नदी कसरी एक्कासी उल्टो धार बग्न थाली ?' तब उनका अधिकारीहरूले उनलाई तथ्य कुरो जानकारी दिंदै भने - 'महाराज, विन्दुमती गणिकाले 'गङ्गा नदी उल्टो दिशा बगोस्' भनेर सत्यक्रिया गरेकीले गङ्गा नदी यसरी उल्टो दिशा बगेकी हुन् ।' त्यो जानकारी पाएर तीन छक खाएका धर्मराज अशोक तुरून्त आफैं विन्दुमती गणिका सामु गएर उनीसित यसरी प्रश्न गरे - 'साँचो भन । के तिमीले गरेको सत्यक्रिया कै कारण गङ्गा नदी यसरी उल्टो बगेकी



Downloaded from http://dhamma.digital

हुन् ?' विन्दुमती गणिकाले हो भनेर जवाफ दिएपछि धर्मराज अशोकले उनीसित फेरि यसरी सोधे - 'तिमीमा त्यस्तो क्षमता कहाँबाट आयो ? न तिम्रो पुकार सुनेर कसैले तिमीलाई गङ्गा नदी उल्टो बगाउनमा सघाएको हो कि ? भन, तिमीले तिम्रो कुन क्षमताको आधारमा गङ्गा नदीलाई उल्टो बगाउन सकेकी छयौ ?' तब विन्दुमती गणिकाले यसरी जवाफ दिई - 'महाराज, मैले सत्यबलको आधारमा गङ्गा नदीलाई उल्टो बगाएकी हुँ ।' विन्दुमती गणिकाको जवाफ सुनेपछि धर्मराज अशोकले पुनः यसरी सोधे - 'तिमीमा कसरी त्यत्रो सत्यबल आयो ?' तिमी त चोरनी, धूर्त, अधर्मी, छिनाल, पापी, दुशीला, लाज नभएकी, लोभले अन्धी भएकी, त्यस्तै त्यस्तै प्रकारका आईमाईहरूले अपनाउने व्यवसायमा लागेकी छयौ । धर्मराज अशोकको जिज्ञासा सुनिसकेपछि विन्दुमती गणिकाले तथ्य कुरो यसरी सम्झाई - 'महाराज, म तपाईंले भन्नुभए झैं नराम्रो व्यवसायमा लागेकी छुं । त्यसो भएतापनि मैले एउटा सत्य धर्मको पालना गर्दै आएकी छुं । त्यही सत्यधर्मको आधारमा मैले चाहेमा देवताहरू र मनुष्यहरूको लोकलाई पनि उल्टाईदिन सक्दछुं ।' विन्दुमती गणिकाको त्यस्तो कुरा सुनेपछि धर्मराज अशोकले फेरि यसरी सोधे - 'गणिका, तिमीले कुन सत्य-धर्मको पालना गर्दै आएकी छयौ ? मलाई स्पष्ट रूपमा सम्झाइदेउ ।' तब गणिका विन्दुमतीले आफूले पालना गर्दै आएको सत्यधर्म सम्बन्धमा यसरी भनिन् - 'महाराज, म कहाँ क्षत्री, बाहुन, वैश्य र शुद्र तथा धनी र गरीब आदि विभिन्न प्रकारका मानिसहरू आउँछन् । तर धन खर्च गरेर म कहाँ आउने विभिन्न प्रकारका मानिसहरू सबैसित म



Downloaded from http://dhamma.digital

बिना कुनै भेदभाव समान रूपले व्यवहार गर्दछु । म क्षत्रीलाई भनेर विशेष सेवा पुऱ्याउँदिन । न त शुद्र भनेर घृणा नै गर्दछु । गरीब र धनी सबैको म समान रूपले सेवा गर्दछु । मेरो सत्यधर्म त्यही हो । त्यही सत्यधर्मको आधारमा मैले यस गङ्गा नदीलाई उल्टो दिशामा बगाउन सकेकी हुँ ।'

महाराज, त्यसरी सत्यधर्ममा लागेकाहरूले गर्न नसक्ने कुरो केही पनि छैन । शिविराजाले आँखा दान गरिसकेपछि फेरि दिव्य चक्षुयुक्त आँखा पाउनुमा पनि त्यस्तै सत्यधर्मको प्रभाव थियो । जहाँसम्म सुत्रमा भनिएको, 'आँखाको हेतु अर्थात् भौतिक आँखा नभइकन दिव्यचक्षु पाउन सकिँदैन' भन्ने कुरो छ, त्यो कुरो ध्यान भावना गरेर पाइने दिव्यचक्षुको सन्दर्भमा मात्र भनिएको हो ।"

"धन्य भन्ते नागसेन । तपाईंले अति राम्रोसित तथ्य कुरो सम्झाइदिनु भयो । तपाईंले विपक्षीहरूको मुखमा राम्ररी बुझो लगाइदिनु भयो ।"

## (६) गर्भधारण सम्बन्धी प्रश्न

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन् - 'भिक्षुहरू, आमा-बुबाको शारीरिक सम्पर्क, आमा हुनेको ऋतुमती अवस्था र गन्धर्वको (गर्भमा जन्म लिने प्राणीको) उपस्थिति, यी तीनवटा संजोगहरू जुटेपछि गर्भधारण हुने हुन्छ ।'

भन्ते नागसेन, भगवान बुद्धले उपरोक्त वचन देव र मनुष्य



Downloaded from http://dhamma.digital

सबैले स्पष्ट बुझ्ने गरी भनेका थिए । त्यसमा टिका टिप्पणी गर्ने कुनै गुन्जाइस छैन । यस वचनको व्यवहारिक सत्यता जो कसैले पनि अनुभव गरिरहेको पनि छ । तर पनि सामकुमारको जन्म दुकुल तापसले पारिका तापसी ऋतुमती भएकी बेलामा उनको नाभीमा हातको औंलाले छोइदिएको भरमा भएको थियो र त्यसरी नै माण्डव्य माणवकको जन्म पनि मातङ्ग ऋषिले ऋतुमती भएकी एउटी ब्राह्मणनीको नाइटोमा हातको औंलाले छोइदिएको भरमा भएको थियो भनिन्छ ।

भन्ते नागसेन, यदि भगवान बुद्धले भने झैं तीनओटा संजोगहरू जुटेपछि गर्भधारण हुने कुरो सत्य भए, सामकुमार र माण्डव्य माणवकको जन्म नाइटोमा छोइदिएको भरमा भएको थियो भन्ने भनाइ असत्य हुनुपर्छ । यदि सामकुमार र माण्डव्य माणवकको जन्म नाइटोमा छोइदिएको भरमा भएको कुरो सत्य भए भगवान बुद्धले भने झैं तीनओटा संजोगहरू जुटेर गर्भधारण हुने कुरो असत्य हुनुपर्छ ।

भन्ते नागसेन, उपरोक्त कुराहरू एउटा अति गम्भीर पहेलीको रूपमा विपक्षीहरूले उठाइरहेका छन् । यो पहेली कम बुद्धि भएकोले सुल्झाउन सक्दैन । कृपया यस सम्बन्धमा तथ्य कुरो सम्झाइदिएर विपक्षीहरूको मुखमा बुझो लगाइदिनुहोस् ।"

"महाराज, भगवान बुद्धले आमा-बाबुको शारीरिक सम्बन्ध, आमा हुनेको ऋतुमती अवस्था र जन्म ग्रहण गर्नेको उपस्थिति, यी तीन कुराहरूको संजोग जुटेर गर्भधारण हुने हो भनेका छन् र साथै



Downloaded from http://dhamma.digital

सामकुमार एवम् माण्डव्य माणवकको जन्म नाइटोमा छोइदिएको भरमा भएको कुरो पनि सत्य नै हो।"

"भन्ते नागसेन, आपसमा बाँझिने उपरोक्त कुराहरू कसरी सत्य भए, कुरो राम्ररी सम्झाइदिनुहोस्।"

"महाराज, के तपाइँले संकिच्च कुमार, तापसी इसिसिङ्ग र स्थविर कुमार काश्यपको जन्म सम्बन्धमा केही सुन्नु भएको छ ?"

"सुनेको छुं भन्ते नागसेन, उनीहरू तीनै जनाको जन्म अनौठो प्रकारले भएको थियो। एकपल्ट कुनै दुईवटी ऋतुनी अवस्थामा रहेका मृगनीहरूले ऋषिहरूको पिसाबखानामा गई ऋषिहरूको शुक्रयुक्त पिसाब पिएका थिए। त्यसरी पिसाब पिएकै कारण ती दुईवटै मृगनीहरू गर्भवती भई उनीहरूको गर्भबाट संकिच्च कुमार र तापस इसिसिङ्गको जन्म भएको थियो। त्यसरी नै एकपल्ट स्थविर उदायी कुनै कामले भिक्षुणीहरूको विहारमा गएको बेलामा उनको मनको दुर्बलताको कारण उनले स्त्रीहरूको गुप्ताङ्गको कल्पना गरे। त्यतिकै भरमा उनमा कामोत्तेजना भई उनको वीर्य पतन भयो। त्यसरी फोहर भएको अन्तरवासक धन उनले कुनै एउटी भिक्षुनीसित पानी मागे। तर त्यस भिक्षुनीले पानी ल्याइदिनुको साटो अन्तरवासक नै धोइदिन्छु भनेर अन्तरवासक मागेर लगी त्यस फोहर अन्तरवासकमा भएको स्थविर उदायीको वीर्यमध्ये केही मुखमा र केही आफ्नो गुप्ताङ्गमा



Downloaded from http://dhamma.digital

हाली । त्यतिबेला त्यो भिक्षुनी ऋतुमती थिई । त्यसैले उनी त्यतिकै भरमा गर्भवती भई र उनको त्यस गर्भबाट स्थविर कुमार काश्यपको जन्म भयो ।"

"के महाराजले स्थविर कुमार काश्यपको जन्म कथामा विश्वास गर्नु भएको छ त ?"

"विश्वास गरेको छुं, भन्ते नागसेन । किनभने त्यस्तो हुनसक्ने बलियो आधार छ ।"

"कुन प्रकारको बलियो आधार छ, महाराज ?"

"भन्ते नागसेन, जसरी राम्ररी जोतेर मलजल गरि मलिलो पारिएको माटोमा रोपेको बीउ राम्ररी सप्रन्छ, त्यसरी नै ऋतुनी भएकी भिक्षुनीले रगतको प्रवाह रोकिएर धातु स्थीर भएको बेलामा शुक्रलाई गुप्ताङ्गमा हालेपछि गर्भ रहन गएको कुरो अस्वाभाविक छैन ।"

"त्यसको मतलब स्थविर कुमार काश्यपको जन्म झैं स्त्री र पुरुषको प्रत्यक्ष शारीरिक सम्पर्क नभइकन पनि गर्भ रहन सक्ने कुरोलाई तपाईंले स्वीकार्नु भएको छ । होइन त महाराज ?"

"हो भन्ते नागसेन, मैले त्यस्तो सम्भावनालाई स्वीकारेको छुं ।"



Downloaded from http://dhamma.digital

"महाराज, असाधारण तरिकाले गर्भ रहन सक्ने एउटा प्रक्रियालाई तपाईँले स्वीकार्नु भयो । अब तपाईं ती मृगनीहरूले ऋषिहरूको शुक्रसहितको पिसाब पिएर गर्भधारण गरेको सम्बन्धमा आफ्नो विचार व्यक्त गर्नुहोस् ।"

"त्यस घटनामा पनि म विश्वास गर्दछु, भन्ते नागसेन । किनभने खाएको, पिएको र चाटेको कुरोले पेटमा पुगेर गर्भ रसाउने काम गर्छ । त्यसैले मुखको माध्यमले पनि शुक्र गर्भमा पुगी रहन जान सक्छ । भन्ते नागसेन, जसरी विभिन्न नदीहरू सबै समुद्रमा नै गएर टुङ्गिन्छन् त्यसरी नै खाएको, पिएको र चाटेको कुराहरूले पनि गर्भ रसाउने हुनाले मुखको माध्यमले गर्भमा पुग्ने शुक्रबाट पनि गर्भ रहन सक्छ ।"

"महाराज, तपाईं मूल विषयको धेरै नजीक पुग्नु भएको छ । मुखको माध्यमले गर्भ रहन सक्ने तथ्य बुझेर स्थविर कुमार काश्यपका साथै संकिच्च कुमार र तपस्वी इसिसिङ्गको जन्म कथा स्वीकार्न सक्ने तपाईँले सामकुमारको जन्म कथा सम्बन्धमा पनि तथ्य कुरो राम्ररी बुझ्न सक्नु हुनेछ ।

महाराज, सामकुमारको जन्ममा पनि गर्भधारण हुन आवश्यक तीनैओटा कुराहरूको संजोग जुटेका थिएन । तर साधारण रूपले होइन अति विशिष्ट रूपले जुटेका थिए ।

महाराज, सामकुमारका माता-पिता हुने तपस्वी दुकुल र



Downloaded from http://dhamma.digital

तपस्वीनी पारिका दुवैजना एकसाथ कुनै एउटा घना जङ्गलमा बसेर बह्मचर्या आदि अनेक प्रकारका शीलहरू पालना गरी तपस्या गरिरहेका थिए। उनीहरूले गरेको तपस्याका प्रभाव बह्मलोकसम्म पुगेको थियो। त्यसैले स्वयम् देवराज इन्द्र प्रत्येक दिन बिहान बेलुका उनीहरूको सेवामा उपस्थित हुने गरेका थिए। त्यसरी उनीहरूको सेवामा लागेका देवराज इन्द्रको दिव्यचक्षुले एकदिन के देखे भने भविष्यमा ती तापस र तापसी दुवै जना अन्धा अन्धी हुनेछन्। त्यो कुरो थाहा पाएका देवराज इन्द्रले उनीहरूको भलो चिताई उनीहरूलाई एउटा सन्तान जन्माउन अनुरोध गरे। तर बह्मचर्या पालना गरिरहेका ती तापस-तापसीहरूले त्यस्तो अनुरोध स्वीकार गर्ने त कुरै भएन। देवराज इन्द्रले त्यो अनुरोध अनेकबार दोहोऱ्याएपछि तपस्वी दुकुलले देवराज इन्द्रलाई यसरी भने- 'जिद्दी नगर्नुहोस्, देवेन्द्र। एकदिन नष्ट हुनुपर्ने यस शरीरले भविष्यमा पाउन सक्ने दुःखको भय देखाएर हामीलाई अनर्थतिर घचेट्ने प्रयास नगर्नुहोस्। बरू चन्द्र र सूर्य टुक्रा-टुक्रा भएर नष्ट भइजाने कुरो सम्भव होला तर बूढेशकालमा पाउन सक्ने दुःखको भयले हामीलाई बह्मचर्या भङ्ग गरी संसारिक कामभोग गर्नेतिर फर्काउने कुरो सम्भव छैन। त्यसैले हाम्रो सामुबाट हटेर जानु - होस्। हामीप्रति विश्वासघात गरेर हामीलाई पथभ्रष्ट गर्ने ताकमा नरहनुहोस्।'

तापस र तापसीले त्यसरी अन्यथा सम्झेको थाहा पाएपछि देवेन्द्रले यसरी सम्झाए - 'मेरो प्रार्थनालाई अन्यथा नसम्झनुहोस्। तपाईंहरूको एकजना पुत्र हुनु नितान्त आवश्यक छ। त्यसैले तापसी



Downloaded from http://dhamma.digital

ऋतुनी भई पुष्पवती हुने बेलामा पुत्रको कामना गरी उनीको नाइटोमा दाहिने हातको औंठाले एकपल्ट छोइदिने मात्र गर्नुहोस् । तपाईंले त्यतिमात्र गर्नु भएमा पनि तापसीको गर्भ रहन गई एकजना पुत्रको जन्म हुनेछ ।'

देवेन्द्रले त्यसरी सम्झाएपछि तापस दुकुलले उपरोक्तानुसार गर्न स्वीकारे । किनभने त्यति गर्दैमा उनीहरूको शील भङ्ग हुँदैन थियो ।

तापस दुकुल र तापसी पारिकालाई त्यसरी मनाइसकेपछि देवेन्द्र देवलोक स्थित एकजना त्यस्तो देवपुत्र सामु गए, जुन पुण्यात्मा देवपुत्रले चाहेमा चक्रबर्ती राजा हुने गरी पनि जन्म ग्रहण गर्न सक्दथे । आफ्नो इच्छानुसार जहाँ जसरी पनि जन्मलिन सक्ने पुण्यात्मा देवपुत्रलाई देवेन्द्रले यसरी प्रार्थना गरे - 'मारिस, तपाईंको असल दिनको उदय भएको छ । तपाईंको हातमा असीम पुण्य कमाउन सक्ने एउटा सुअवसर आएको छ । तपाईंले मेरो अनुरोधानुसार एउटा अति रमणीय स्थानमा जन्म ग्रहण गर्नुहोस् । एउटा अति उत्तम कुलमा जन्म ग्रहण गर्नुहोस् । अति योग्य माता-पिताबाट पालन-पोषण पाउनुहोस् ।' देवेन्द्रको त्यो अनुरोध सुनेपछि पुण्यात्मा देवपुत्रले यसरी प्रश्न गरे - 'मारिस, त्यो कुन कुल हो, जसको तपाईं यति धेरै प्रशंसा गर्दै हुनुहुन्छ ?' तब देवेन्द्रले तापस दुकुल र तापसी पारिकाको सम्बन्धमा सबै कुरो खोलेर त्यस देवपुत्रलाई सम्झाए । देवेन्द्रबाट सबै कुरो सुनेपछि पुण्यात्मा देवपुत्रले देवेन्द्रको अनुरोध स्वीकार्दै यसरी भने ठीक छ मारिस, म तपाईंको अनुरोधमा त्यस कुलमा जन्म ग्रहण गर्न



Downloaded from http://dhamma.digital

तयार छुँ । अब तपाइँ भन्नुहोस् मैले कहिले र कसरी त्यस कुलमा जन्म ग्रहण गर्नु पर्नेछ ? अण्डज, जरायुज, संस्वेदज र ओपपातिक यी चार कुल मध्ये मैले कुन कुल अनुसार जन्मनु पर्ने छ ?' देवेन्द्रले त्यस देवपुत्रलाई जरायुज कुल अनुसार जन्म ग्रहण गर्ने अनुरोध गरे ।

सामकुमारको जन्म सम्बन्धि आवश्यक व्यवस्था सबै मिलाइ-सकेपछि देवेन्द्रले तापसी पारिका ऋतुनी भई पुष्पवती हुने दिनको हिसाब निकाले । त्यसपछि देवेन्द्रले दुकुल तापस कहाँ गएर उनले कुन दिन कसरी आफ्नो दाहिने हातको औंठाले तापसी पारिकाको नाइटोमा छोइदिनुपर्छ भन्ने कुरो राम्ररी सम्झाए । देवेन्द्रले हिसाब गरी निकालेको दिन पारिका तापसी ऋतुनी भई पुष्पवती भई, देवपुत्र तापसी पारिकाको गर्भमा जन्मलिन तयार भए र ठीक त्यही बेला दुकुल तापसले पुत्रलाभको कामना गरी तापसी पारिकाको नाभीमा दाहिने हातको औंठाले छोइदिए । सामकुमारको गर्भधारण त्यसरी सम्भव भयो ।

महाराज, गर्भ रहन जाने प्रक्रियामा मुख्य कुरो मनमा चाहना उत्पन्न भई सक्रिय हुनु हो । दुकुल तापसले पुत्रलाभको कामना गरी पारिका तापसीको नाइटोमा दाहिने हातको औंठाले छोइदिएको बेलामा तापस दुकुल र तापसी पारिका यी दुवैको मनमा चाहना उत्पन्न भई तापसी पारिकाको गर्भ सक्रिय भएको थियो । त्यसैले तापसी पारिकाको गर्भ रहन सम्भव भएको थियो । मनमा चाहना उत्पन्न भई गर्भ सक्रिय हुन शारीरिक सम्पर्क नै राख्नु पर्छ भन्ने छैन । आपसमा



Downloaded from http://dhamma.digital

ख्याल ठट्टा गर्नाले, आँखा जुढाउनाले र स्पर्श मात्र गर्नाले पनि मनमा चाहना उत्पन्न भई गर्भ सक्रिय हुनसक्छ। महाराज, जसरी आगोको ज्वालाले नभेटिने गरी टाढा राखिएको वस्तुलाई पनि आगोको रापले बिस्तारै तताउन सक्छ, त्यसरी नै बिना कुनै शारीरिक सम्पर्क खालि आँखा जुढाएको या स्पर्श मात्र गरेको भरमा पनि गर्भ रहन सक्छ।

महाराज, प्राणीहरूको जन्म कर्म, योनी, कुल र प्रार्थना यी चार कुराहरूको आधारमा हुने हुन्छ। कसले कुन कुरोको बशमा कहिले कहाँ जन्म लिने भन्ने कुरो प्राणीहरूले सम्पन्न गरेका पूर्व कर्मानुसार निर्धारण हुन्छ।

महाराज, जसरी सुन, चाँदी, हीरा, मोती जस्ता धन-सम्पत्ति र नाता-कुटुम्ब आदि सबै प्रकारका ऐश्वर्यहरूले सम्पन्न मानिसले आफूले चाहेको कुनै पनि घर या खेत, गाउँ या बस्ती अथवा त्यस्तै अन्य सामाग्रीहरू दोब्बर, चौबर मोल तिरेर भए पनि हासिल गर्न सक्छ, त्यसरी नै अति पुण्यवान व्यक्तिले पनि क्षत्री, बाहुन, गृहपति, देवता आदि आफूले चाहेको घरानामा अथवा अण्डज, जरायुज, संस्वेदज र ओपपातिक आदि आफूले चाहेको घरानामा आफूले छानेको कुल अनुसार जन्म ग्रहण गर्न सक्छ। त्यसरी आफूले चाहेको घरानामा आफूले छानेको कुलानुसार जन्म ग्रहण गर्नुलाई कर्मको बशमा जन्मनु भनिन्छ।

महाराज, जसरी मानिसहरू आ-आफ्नो संस्कृति अनुसार कोही शरीरको अघिल्लो भाग छोपिने गरी लुगा लगाउँछन्, कोही शरीरको पछिल्लो भाग छोपिने गरी लुगा लगाउँछन्, कोही नांगो आँग हुने गरी



Downloaded from http://dhamma.digital

लुगा लगाउँछन्, कोही कपाल खौरन्छन्, कोही टोपी लगाउँछन्, कोही पगडी बाँध्छन्, कोही जटा बाँध्छन्, कोही सेतो लुगा लगाउँछन्, कोही काषाय वस्त्र लगाउँछन्, कोही रङ्गी-चङ्गी लुगा लगाउँछन्, त्यसरी नै कोही प्राणीहरू आफ्नो कर्मानुसार आफूले जन्मनु पर्ने योनीको बशमा जन्मन जान्छन् । जस्तो कि कुखुरीको गर्भ हावा लाग्नाले रहन्छ । बकुल्लाको गर्भ मेघ गर्जनाले रहन्छ । देवताहरू गर्भमा नै नबसिकन जन्मन्छन् । त्यसरी आफू जन्मने योनी अनुसार जन्मन जानुलाई योनीको बशमा जन्मनु भनिन्छ ।

महाराज, जसरी हिमालको सुमेरू पर्वतमा रहने पशु-पंक्षीहरू सबै सुवर्ण रङ्गका हुन्छन्, त्यसरी नै अण्डज, जरायुज, संस्वेदज र औपपातिक आदि कूलमा जन्मने प्राणीहरू त्यही कुल अनुसार नै जन्मन्छन् । त्यसरी कुल अनुसारको तरिकाले जन्मन जानुलाई कुलको बशमा जन्मनु भनिन्छ ।

महाराज, जसरी पुण्य कमाई आफ्नो भलो गर्न चाहनेले कुनै शीलवान भिक्षुलाई आफ्नो घरमा निमन्त्रणा गरी भोजन दान गर्छ, त्यसरी नै देवेन्द्रले कुनै उत्तम कुलको कल्याण गरी पुण्य कमाउन चाहने बेलामा देवलोकमा आयु क्षीण भइसकेको कुनै पुण्यवान देवपुत्रलाई आफूले कल्याण गर्न चाहेको उत्तम कुलमा जन्मन जाने अनुरोध गर्ने गर्दछन् । त्यसरी देवेन्द्रको अनुरोधमा जन्म ग्रहण गर्नुलाई प्रार्थनाको बशमा जन्मनु भनिन्छ ।

महाराज, सामकुमारको जन्म प्रार्थनाको बशमा भएको थियो । आफूले चाहेको घरानामा आफूले छानेको कुल अनुसार जन्मन



Downloaded from http://dhamma.digital

सक्ने पुण्यात्मा देवपुत्रको पुनर्जन्म लिने चाहना, उत्तम धर्माचरणमा लागेका दुकुल तापस र पारिका तापसीको पुत्रलाभ गर्ने चाहना र देवराज इन्द्रको प्रार्थना, यी तीन कुराहरूको संजोग जुटेकाले साम कुमारको असाधारण जन्म सम्भव भएको थियो ।

महाराज, यदि कुनै सीपालु कृषकले राम्रोसित जोतेर मलजल गरेको खेतमा कुनै उत्तम बीउ रोपेमा त्यो बीउ सप्रन्छ कि सप्रँदैन ?"

"त्यसरी रोपेको बीउ अवश्य पनि सप्रनेछ, भन्ते नागसेन ।"

"महाराज, आफ्नो इच्छानुसार जन्मन सक्ने पूण्यात्मा देवपुत्र, ऋतुमती पारिका तापसी र पुत्रको चाहना गर्ने तापस दुकुल, कुनै पुण्यात्मा प्राणीको जन्म हुन जुटाउन पर्ने यी तीन संयोगहरू स्वयम् देवराज इन्द्रले जुटाएपछि सामकुमारको जन्म जुनसुकै असाधारण तरिकाले पनि सम्पन्न हुने कुरो सम्भव नहुने कुरै थिएन ।

महाराज, पुण्यवान ऋषिहरूको सरापले ठूला ठूला शहरहरू पतन भएर गई जङ्गल बनेको सम्बन्धमा तपाईंले केही कुरो सुन्नु भएको छ ?"

"सुनेको छुँ, भन्ते नागसेन । दण्डकारण्य, मेध्यारण्य, कालिङ्गारण्य र मातङ्गारण्य यी सबै पहिलेका गुलजार शहरहरू ऋषिहरूको सरापले पतन भई घना जङ्गल बनेका थिए ।"

"महाराज, यदि ऋषिहरूको सरापले कुनै एउटा बसिबसाउ



Downloaded from http://dhamma.digital

नगर पतन भई धना जङ्गलमा परिणत हुन सक्छ भने उनीहरूको आशिर्वादले कुनै असल कार्य हुन नसक्ला त ?"

"अवश्य हुन सक्छ, भन्ते नागसेन ।"

"महाराज, सामकुमारको असाधारण जन्म, देवेन्द्र, दुकुल ऋषि, पारिका ऋषिनी र पुण्यात्मा देवपुत्र, यी तीन थरिका महापुरूषहरूको आशिर्वादले सम्भव भएको थियो। महाराज, बोधिसत्व सामकुमारको असाधारण जन्म मात्र होइन बोधिसत्व महापनाद र बोधिसत्व कुशराजको असाधारण जन्म पनि देवेन्द्रकै इच्छानुसार सम्भव भएको थियो ।"

"भन्ते नागसेन, विभिन्न तरिकाले हुनसक्ने गर्भधारण सम्बन्धमा तपाईंले धेरै राम्रोसित सम्झाइदिनु भयो । तपाईंले मनको अन्धकार हटाई प्रकाश छरिदिनुभयो । बुद्धमार्गीहरूको समस्या सुल्झाइदिनुभयो । विपक्षीहरूको कूतर्क काटिदिनुभयो । तपाइँ धन्य हुनुहुन्छ ।"

## (७) बुद्ध-धर्म कहिले कसरी लोप हुन्छ भन्ने सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन् - 'आनन्द सद्धर्म (बुद्ध-धर्म) अब पाँचसय बर्षसम्म मात्र टिक्ने छ ।' तर



Downloaded from http://dhamma.digital

परिनिर्वाणको समयमा सुभद्र परिव्राजकलाई उत्तर दिने सन्दर्भमा भगवान बुद्धले फेरि यसरी पनि भनेका छन् - 'सुभद्र, यदि भिक्षुहरूले सम्यक रूपले आचरण गर्दै जाने गरेमा यो संसारमा अरहन्तहरू कहिले पनि खालि हुने छैन ।'

भन्ते नागसेन, भगवान बुद्धका उपरोक्त वचनहरू अति स्पष्ट छन् । यसमा कुनै प्रकारको टिका टिप्पणी गर्ने गुन्जाइस छैन ।

भन्ते नागसेन, यदि बुद्ध-धर्म पाँचसय बर्षसम्म मात्र टिक्ने कुरो सत्य हो भने, भिक्षुहरूले सम्यक रूपले आचरण गर्दै जाने गरेमा यो संसारमा अरहन्तहरू कहिल्यै पनि खालि नहुने कुरो असत्य हुनु पर्छ । यदि भिक्षुहरूले सम्यक रूपले आचरण गर्दै जाने गरेमा यो संसारमा अरहन्तहरू कहिल्यै पनि खालि नहुने कुरो सत्य भएमा, बुद्ध-धर्म पाँचसय बर्षसम्म मात्र टिक्ने कुरो असत्य हुनुपर्छ ।

भन्ते नागसेन, उपरोक्त बुद्ध-वचनहरू आपसमा बाँझिने प्रकारका छन् । यस दुविधाले सबैको दिमाग चकराउने गरेको छ । यो दुविधा कुनै लर्तरो व्यक्तिले सुल्झाएर नसुल्झिने प्रकृतिको छ । भन्ते नागसेन, मगरमच्छले समुद्र तरे झैं आफ्नो ज्ञान र बुद्धि लगाएर यो दुविधा सधैंको लागि हटाइदिने कार्य गर्नुहोस् ।"

"महाराज, भगवान बुद्धले 'बुद्ध-धर्म पाँचसय बर्षसम्म मात्र टिक्ने छ' भनेका छन् भन्ने कुरो सत्य हो र साथै भगवान बुद्धले परिनिर्वाणको बेलामा सुभद्र परिव्राजकको प्रश्नको जवाफमा 'यदि भिक्षुहरूले सम्यक रूपले आचरण गर्दै जाने गरेमा यो संसारमा



Downloaded from http://dhamma.digital

अरहन्तहरू कहिले पनि खालि हुनेछैन' भनेका छन् भन्ने कुरो पनि सत्य नै हो । महाराज, उल्लेखित दुई बुद्ध-वचनहरू आपसमा कति पनि बाँझिएका छैनन् । अर्थ र अभिप्रायमा यी दुई बुद्ध-वचनहरू बिलकुल पृथक छन् ।

महाराज, पहिलो बुद्ध-वचनले बुद्ध-धर्म कहिलेसम्म निर्विघ्न रूपमा टिक्ने छ भन्ने कुरो सम्झाउँछ भने दोश्रो बुद्ध-वचनले धर्मको फल कसरी सधैं पाइरहने हुन्छ भन्ने कुरो सम्झाउँछ । यी दुई बुद्ध-वचनहरू आकाश र पाताल झैं पृथक छन् । स्वर्ग र नरक झैं पृथक छन् । कुशल र अकुशल झैं पृथक छन् । सुख र दुःख झैं पृथक छन् । यी दुई बुद्ध-वचनको पृथकता सम्बन्धमा म थप व्याख्या गरेर सम्झाउन गइरहेको छुं । कृपया तपाईंले ध्यान पूर्वक सुन्नुहोस् ।

'आनन्द, सद्धर्म (बुद्ध-धर्म) अब पाँचसय बर्षसम्म मात्र टिक्ने छ' भन्ने बुद्ध-वचनबाट बुद्ध-धर्म कहिलेसम्म निर्विघ्न रूपमा टिक्ने छ भन्ने कुरो जनाउँछ । बुद्ध-धर्म कसरी लोप हुनेछ भन्ने सम्बन्धमा उल्लेखित बुद्ध-वचन मौन छ । किनभने उल्लेखित बुद्ध-वचनको पूर्ण अंश यस्तो छ - 'आनन्द, यदि स्त्री जातिका मानिसहरू प्रव्रजित भई भिक्षुणी नभइदिएका भए सद्धर्म (बुद्ध-धर्म) एक हजार बर्षसम्म टिक्ने थियो । तर स्त्री जातिंका मानिसहरू पनि प्रव्रजित भई भिक्षुणी भइदिएकाले सद्धर्म (बुद्ध-धर्म) अब पाँचसय बर्षसम्म मात्र टिक्ने छ ।' अब तपाईं आफैं भन्नुहोस् महाराज, उल्लेखित बुद्ध-वचनले बुद्ध-धर्म कसरी लोप हुनेछ अथवा बुद्ध-धर्मको अस्तित्व कसरी समाप्त हुनेछ भन्ने सम्बन्धमा केही कुरो जनाउँछ ?"



Downloaded from http://dhamma.digital

"भन्ते नागसेन, बुद्ध-धर्म कसरी लोप हुनेछ भन्ने सम्बन्धमा उल्लेखित बुद्ध-वचनले केही पनि जनाएको छैन ।"

"महाराज, उल्लेखित बुद्ध-वचनले बुद्ध-धर्म कसरी लोप हुनेछ भन्ने सम्बन्धमा केही पनि जनाएको छैन । उल्लेखित बुद्ध-वचनले त खालि कुन कारणले बुद्ध-धर्ममा कति क्षति भयो र कति क्षति हुनुबाट जोगियो भन्ने कुरो मात्र जनाएको छ । महाराज, जसरी कुनै कुरो गुमाएको व्यक्तिले अरूहरूलाई उनले गुमाएको कुरो र नगुमाई जोगाएको कुरो सम्बन्धमा जानकारी दिन्छ, त्यसरी नै भगवान बुद्धले 'आनन्द, सद्धर्म (बुद्ध-धर्म) अब पाँचसय बर्षसम्म मात्र टिक्ने छ' भनेर देवता र मनुष्यहरू सबैलाई बुद्ध-धर्ममा कति क्षति भयो र कति क्षति हुनुबाट बच्यो भन्ने कुरो जनाउने कार्य गरेका हुन् ।

महाराज, अब हामी दोश्रो बुद्ध-वचनले के कुरो जनाउँछ भनेर केलाउन तिर लागौं । परिनिर्वाणको बेलामा सुभद्र परिव्राजकको प्रश्नको जवाफमा भनिएको - 'सुभद्र, यदि भिक्षुहरूले सम्यक रूपले आचरण गर्दै जाने गरेमा यो संसारमा अरहन्तहरू कहिल्यै पनि खालि हुने छैन' भन्ने बुद्ध-वचनको अर्थ र अभिप्राय पहिलो बुद्ध-वचनको अर्थ र अभिप्राय देखि बिलकुलै पृथक छ । उल्लेखित दोश्रो बुद्ध-वचनले त बुद्ध-धर्मको स्वरूप र बुद्ध-धर्मानुसार आचरण गरेमा पाउन सक्ने फल सम्बन्धमा मात्र सम्झाउने कार्य गरेको छ । त्यसैले महाराज, बुद्ध-धर्म कहिलेसम्म निर्विघ्न रूपमा टिक्ने छ भन्ने कुरो र बुद्ध-धर्म कसरी परन्तुसम्म समान रूपले फलदायी भइरहनेछ भन्ने पृथक पृथक



Downloaded from http://dhamma.digital

कुराहरूलाई एक आपसमा छ्यासमिस पारेर अलमलिनु भएन । उल्लेखित बुद्ध-वचनहरूमा अन्तरनिहित तथ्यहरूलाई अलग छुटचाएर स्पष्ट रूपमा सम्झने प्रयास गर्न सक्नुपर्छ ।

महाराज, दोश्रो बुद्ध-वचनको अर्थ र अभिप्राय स्पष्ट रूपमा बुझ्न सक्नाको लागि हामीले के मानौं भने चारैतिर सुन्दर प्रकारको घाटले घेरी अति स्वच्छ र निर्मल पानीले लबालब भरिएको एउटा रमणीय तलाउ छ । यदि त्यस तलाउको पानी घट्न नपाउने गरी आकाशबाट लगातार पानी परिरहेमा के त्यो तलाउ सुक्ने छ ?"

"त्यो तलाउ कहिले पनि सुक्ने छैन, भन्ते नागसेन ।"

"किन सुक्ने छैन, महाराज ?"

"आकाशबाट लगातार पानी परिरहेकाले ।"

"ठीक त्यसरी नै महाराज, बुद्धद्वारा प्रतिपादित सद्धर्म रूपी तलाउमा बुद्धले शील, विनय र धर्म रूपी स्वच्छ र निर्मल पानीले भरिदिएको छ । यदि श्रावक भिक्षुहरूले शीलको पालना, विनयको पालना र धर्माभ्यास रूपी पानी निरन्तर रूपमा बर्साउँदै गएमा सद्धर्म रूपी त्यो तलाउ कहिले पनि सुक्ने छैन । अर्थात यदि भिक्षुहरूले सम्यक रूपले आचरण गर्दै जाने गरेमा यो संसारमा अरहन्तहरू कहिल्यै पनि खालि हुने छैन । त्यही कुरो सम्झाउनलाई भगवान बुद्धले



Downloaded from http://dhamma.digital

परिनिर्वाणको बेलामा सुभद्र परिव्राजकको प्रश्नको जवाफ दिने सन्दर्भमा 'सुभद्र, यदि भिक्षुहरूले सम्यक रूपले आचरण गर्दै जाने गरेमा यो संसारमा अरहन्तहरू कहिल्यै पनि खालि हुने छैन' भनेका हुन् ।

यस कुरोलाई अझै राम्ररी सम्झन फेरि के मानौं भने एउटा ठूलो अग्निशाला छ । यदि मानिसहरूले त्यस अग्निशालामा सुकेको घाँस, दाउरा र गुइँठा निरन्तर रूपमा थप्दै गएमा के त्यो अग्निशाला निभ्ने छ ?"

"निभ्ने छैन, भन्ते नागसेन । त्यो अग्निशाला झन बढि दन्कने छ । झन बढि तेजिलोसित बल्ने छ ।"

"ठीक त्यस्तै महाराज, भगवान बुद्धले शील, विनय र धर्म रुपी अग्निको ज्वाला दशहजार लोकहरूसम्म फैलाएका छन् । यदि बुद्धका अनुयायी भिक्षुहरू प्रथम, द्वितीय, तृतीय, चतुर्थ र पञ्चम यी पाँच तहका ध्यानहरूँको अभ्यास गरेर, शील, समाधि र प्रज्ञा जस्ता तीन प्रकारका शिक्षाहरू पाएर निरन्तर रूपमा सदाचार (परोपकारी कार्य) गर्नमा समर्थ भइरहेमा, बुद्ध-धर्म झन झन प्रचारित हुँदै जानेछ । यो संसार अरहन्तहरूबाट कहिल्यै पनि खालि हुने छैन । त्यही कुरो सम्झाउनलाई भगवान बुद्धले परिनिर्वाणको बेलामा सुभद्र परिव्राजकको प्रश्नको उत्तर दिने सन्दर्भमा- 'सुभद्र, यदि भिक्षुहरूले सम्यक रूपले आचरण गर्दै जाने गरेमा यो संसार अरहन्तहरूबाट कहिल्यै पनि खालि हुने छैन' भनेका हुन् ।



Downloaded from http://dhamma.digital

महाराज, यस कुरोलाई अझ राम्रोसित सम्झन सक्नाको लागि फेरि एकपल्ट के मानौं भने, अति राम्रोसित घोटेर सफा, स्वच्छ र चहकिलो पारिएको एउटा (चहकिलो धातुबाट बनेको) ऐना छ । यदि त्यो ऐना दिनहुँ मलेर, रगडेर चहकिलो पार्ने कार्य गर्दै गएमा के त्यो ऐनामा खिया लाग्ने छ ? के त्यो ऐना धमिलो हुनेछ ?"

"त्यो ऐना धमिलो हुने छैन, भन्ते नागसेन । त्यो ऐना झन चहकिलो हुँदै जानेछ ।"

"ठीक त्यसरी नै महाराज, बुद्धद्वारा प्रतिपादित धर्म कुनै पनि प्रकारले दोष रहित हुनुका साथै मानिसको मनमा हुने क्लेश नीर्मूल गर्ने प्रकृतिको छ । यदि बुद्धका अनुयायी भिक्षुहरूले शील पालना गर्नमा, विनय पालना गर्नमा र धर्माभ्यास गर्नमा निरन्तरता दिँदै गएमा बुद्ध-धर्म पछिसम्म परिशुद्ध भइरहने छ र यस संसारमा अरहन्तहरू कहिल्यै पनि खालि हुने छैन । त्यसैले भगवान बुद्धले परि निर्वाणको बेलामा सुभद्र परिव्राजकको प्रश्नको उत्तर दिने सन्दर्भमा - 'सुभद्र, यदि भिक्षुहरूले सम्यक रूपले आचरण गर्दै जाने गरेमा यो संसार अरहन्तहरूबाट कहिल्यै पनि खालि हुने छैन' भनेका हुन् ।

महाराज, भगवान बुद्धद्वारा प्रतिपादित धर्मको मूल सदाचार हो । यसको अभिप्राय पनि सदाचार गर्ने अभ्यास गराउनु हो । यसको निरन्तरता र शुद्धता पनि सदाचार गर्ने अभ्यासमै निर्भर रहनेछ ।"



Downloaded from http://dhamma.digital

"भन्ते नागसेन, तपाइँले बुद्ध-धर्म लोप हुने अर्थात बुद्ध-धर्मको अस्तित्व समाप्त हुने कुराको पनि जिकिर गर्नु भएको छ। कृपया बुद्ध-धर्म कहिले कसरी लोप हुनेछ भन्ने सम्बन्धमा पनि केही कुरो सम्झाइदिनु होस् ।"

"महाराज, कुनै पनि धर्म या सिद्धान्त क्रमशः निम्न तीन चरणमा लोप हुने हुन्छ । सबभन्दा पहिले धर्मको सही अभिप्राय थाहा पाउनेहरू दूर्लभ हुन्छन् । त्यसपछि धर्मानुसार आचरण गर्ने अर्थात धर्मलाई व्यवहारमा उतार्नेहरू दूर्लभ हुन्छन् । अन्तमा धर्मको प्रतिक सम्मको कदर गर्नेहरू पनि दूर्लभ हुन्छन् ।

महाराज, कालान्तरमा बुद्ध-धर्मको अभिप्राय राम्ररी बुझेर त्यस अनुसारको आचरण गर्नेहरू अर्थात सही रूपमा धर्माचरण गर्नेहरू दूर्लभ हुनेछन् । धर्मको अभिप्राय राम्ररी बुझेर धर्माचरण गर्नेहरू नभएपछि, धर्मका नियमहरू सम्बन्धमा थाहा पाउनेहरू पनि दूर्लभ हुँदै जानेछन् । धर्मानुसार आचरण गर्नेहरू र धर्मका नियमहरू सम्बन्धमा थाहा पाउनेहरू पनि दूलर्भ भएपछि, धर्मको प्रतीकसम्मको कदर गर्नेहरू पनि दूर्लभ हुनेछन् । त्यसरी बुद्ध-धर्म उपरोक्त तीन चरणमा लोप हुनेछ ।"

"भन्ते नागसेन, तपाइँले तथ्य कुरो खुब राम्रोसित सम्झाइ-दिनु भयो । अती कठीन समस्या सुल्झाइदिनु भयो । विपक्षीहरूको तर्क खुविसाथ काटिदिनु भयो। तपाइँ श्रेष्ठ व्याख्याता हुनुहुन्छ। तपाइँ धन्य हुनुहुन्छ ।"



Downloaded from http://dhamma.digital

## (८) अकुशल छेदन सम्बन्धि प्रश्न

"भन्ते नागसेन, शाक्यमुनिले सम्पूर्ण अकुशल निर्मूल गरेपछि बुद्धत्व पाएका थिए कि केही अकुशल बाँकी छँदै बुद्धत्व पाएका थिए ?"

"महाराज, शाक्यमुनिले सम्पूर्ण अकुशल निर्मूल गरिसकेपछि मात्र बुद्धत्व पाएका थिए। बुद्धमा कुनै पनि प्रकारको अकुशल बाँकी थिएन।"

"अनि भन्ते नागसेन, शाक्यमुनिले बुद्धत्व पाइसकेपछि पनि कुनै प्रकारको शारीरिक कष्ट भोगेका थिए कि थिएनन् ?"

थिए, महाराज। शाक्यमुनिले बुद्धत्व पाइसकेपछि पनि अनेक पल्ट अनेक प्रकारका शारीरिक कष्टहरू भोगेका थिए। एकपल्ट बुद्धको पेट खराब भएकाले जीवक बैद्यले उनलाई जुलाव दिएको थियो। अर्कोपल्ट बुद्धमा वायु विकार भएको बेलामा आनन्दले बुद्धलाई तातो पानी उमालेर ख्वाएका थिए। एकपल्ट भगवानबुद्ध राजगृहमा छँदा उनको पाउमा एउटा ढुङ्गाको टुक्रा खसरे चोट लागेको थियो। अर्कोपल्ट बुद्धलाई कडा आउँले पनि सताएको थियो।"

"भन्ते नागसेन, मानिसहरू के भन्छन् भने कुनै पनि प्रकारको बेदनाको मूल कर्मफल नै हुन्छ। कर्मफलको कारणले प्राणीहरूको



Downloaded from http://dhamma.digital

शरीरमा अनेक प्रकारका रोगहरू पैदा हुन्छन् । कर्मफलकै कारणले प्राणीहरू सुख या दुःख भोग गर्ने गर्छन् । त्यसैले भन्ते नागसेन, यदि सम्पूर्ण अकुशल निर्मूल गरेपछि मात्र बुद्धत्व पाउने कुरो सत्य हो भने, बुद्धको पाउमा चोट लागेको, बुद्धलाई कडा आउँले सताएको आदि कुराहरू असत्य हुनुपर्छ । यदि बुद्धको पाउमा चोट लागेको, बुद्धलाई कडा आउँले सताएको आदि कुराहरू सत्य हुन् भने सम्पूर्ण अकुशल निर्मूल गरेपछि मात्र बुद्धत्व पाइने कुरो असत्य हुनुपर्छ । यो पनि एउटा दुविधा हो । कृपया यो दुविधा पनि सुल्झाइदिनुहोस् ।"

"महाराज, विभिन्न प्रकारका शारीरिक वेदनाहरू सबैको एउटै मूल कर्म विपाक मात्रै हुन्छ भन्ने कुरो सत्य होइन । कर्म विपाक बाहेक अन्य विभिन्न कारणहरूले पनि अनेक प्रकारका शारीरिक कष्टहरू हुने गर्छन् । वायु विकार, पित्तको प्रकोप, कफको वृद्धि, सन्निपात, ऋतु परिवर्तन, खानपिनमा हुने गडबडी, अन्य व्यक्तिको प्रयास र कर्म विपाक, जम्मा यी आठ कारणले गर्दा प्राणीहरूले शारीरिक कष्ट भोग्नु पर्ने हुन्छ । त्यसैले कुनै पनि शारीरिक कष्ट भोग्न पर्नाको एउटै कारण कर्म विपाक मात्रै हो भन्ने धारणा राख्नु ठीक छैन ।"

"भन्ते नागसेन, वायु विकार हुनु, पित्त प्रकोप हुनु, कफ बढ्नु, सन्निपात हुनु, ऋतु परिवर्तनको कारण दुःख पाउनु, खानपिनमा गडबडी हुनु र अन्य कसैको उद्योगको शीकार हुनु यी सबैको मूल आखीर कर्म विपाक नै त हुन् । होइन र ?"



Downloaded from http://dhamma.digital

"त्यसो होइन, महाराज। वायु विकार हुने मूल कारण कर्म विपाक एउटा मात्र होइन। वायु विकार हुने कारण सर्दी, गर्मी, भूख, प्यास, अधिक खाना, धेरैबेर उभिरहनु, धेरै परिश्रम गर्नु, धेरै दगुर्नु, अन्य कसैको उद्योग र कर्म विपाक गरी जम्मा दशओटा छन्। त्यसरी नै पित्त प्रकोप हुने कारण सर्दी, गर्मी र कु-समयमा खानु हो। कफ बढ्ने कारण सर्दी, गर्मी र खानपिनमा हुने गडबडी हो। यसरी भिन्दा भिन्दै रोगहरू हुनाको कारण भिन्दा भिन्दै हुन्छन्। अनि ऋतु परिवर्तनको कारण हुने रोग अन्य कुनै कारणले होइन ऋतु परिवर्तन हुनाको कारणले मात्र हुने हुन्छ। त्यसरी नै खानपिनमा गडबडीको कारण हुने रोग खानपिनमा गडबडी भएपछि मात्रै हुने, अन्य कसैको उद्योगले हुने रोग अन्य कसैको उद्योगले मात्रै हुने र कर्म विपाकको कारणले हुने रोग कर्म विपाक कै कारणले मात्र हुने हुन्छ। त्यसरी अन्य कारणले हुने रोगको तुलनामा कर्म विपाकको कारणले हुने रोगको संख्या साह्रै कम मात्र हुन्छ। त्यसैले कुनैपनि शारीरिक कष्ट भोग्न पर्नाको एउटै कारण कर्म विपाक मात्रै हुन्छ भन्ने धारणा राख्नु ठीक छैन। त्यस्तो धारणा राख्नु साह्रै ठूलो अज्ञानता हो। किनभने कुन रोग कुन कारणले उत्पन्न हुने हो भन्ने कुरो बुद्ध जस्तो सर्वज्ञले मात्र होइन, अन्य साधारण स्तरका ज्ञानीहरूले पनि यकिन साथ थाहा पाउन सक्ने कुरो हो।

महाराज, भगवान बुद्धको पाउमा ढुङ्गाको एउटा चोइटा खसेर घाउ हुनुको कारण वायु विकार थिएन, पित्तको प्रकोप थिएन, कफबृद्धि थिएन, सन्निपात थिएन, ऋतु परिवर्तन थिएन र खानपिनको



Downloaded from http://dhamma.digital

गडबडी पनि थिएन भन्ने कुरो सर्वविदितै छ । त्यसको सम्भावित कारण कसैको उद्योग या कर्म विपाक यी दुइटै मात्र हुन् ।

महाराज, बोधिसत्वसित देवदत्तको वैरभाव सयौं - हजारौं पूर्वजन्महरू देखि चल्दै आएको थियो । त्यही वैरभावको कारण देवदत्तले बुद्धलाई ताकेर बुद्ध बसिरहेको ठाउँमा माथि पहाडबाट एउटा ठूलो ढुङ्गा गुल्टाएर पठाएको थियो । तर देवदत्तले त्यसरी खसालेको त्यो ढुङ्गा भगवान बुद्ध बसेको ठाउँसम्म नपुग्दै बिचैमा अन्य दुइओटा चट्टानहरूमा ठक्कर खाई अडेको थियो । तर चट्टानहरू त्यसरी टकराएकाले उफ्केर आएको ढुङ्गाको एउटा सानो चोइटा बुद्धको पाउमा घाउ हुने गरी खसेको थियो । त्यसैले भगवान बुद्धको पाउमा ढुङ्गाको एउटा चोइटा खसेर चोट लाग्नाको कारण कर्म विपाक होइन, बरू देवदत्तको उद्योग नै हो भन्ने कुरो अत्यन्त स्पष्ट छ ।

महाराज, जसरी कुनै एउटा खेतमा रोपेको वीउ नसप्रनुको पछाडि त्यो खेतको खराबी या वीउकै खराबी बाहेक अन्य कुनै कारण हुन-सक्दैन, त्यसरी नै भगवान बुद्धको पाउमा चोट लाग्नुको पछाडि कर्म विपाक या कसैको उद्योग बाहेक अन्य कुनै कारण हुनै सक्दैन । जसरी खाना नपच्नुको पछाडि खाना खराबी हुनु या पेटको पाचन शक्ति नै कमजोड हुनु बाहेक अन्य कारण हुन सक्दैन, त्यसरी नै बुद्धको पाउमा ढुङ्गाको चोइटा खसेर घाउ हुनुको पछाडि कर्म विपाक या कसैको उद्योग बाहेक अन्य कारण हुनै सक्दैन । तर भगवान बुद्धको पाउमा ढुङ्गाको चोइटा खसाल्ने उद्योग देवदत्तले नै गरेको स्वतः स्पष्ट छ । त्यसैले भगवान बुद्धले कर्म विपाकको कारण पाउमा कष्ट भोग्नु परेको भन्न मिल्दैन ।



Downloaded from http://dhamma.digital

महाराज, भगवान बुद्धले, पाउमा चोट लागेको कष्ट मात्र होइन अन्य कुनै पनि कष्ट कर्म विपाकको कारण भोगेका थिएनन्। न त खानपिनमा भएको गोलमालको कारण नै कुनै कष्ट भोगेका थिए। भगवान बुद्धले जति पनि शारीरिक कष्टहरू भोगेका थिए ती सबै कर्म विपाक र खानपिनमा हुने खराबी बाहेकका, वायु विकार, पित्तको प्रकोप, कफको बृद्धि, सन्निपात, ऋतु परिवर्तन र अरूको उद्योग जस्ता कारणहरूले गरेर मात्र भोगेका थिए। अर्को कुरा बुद्धले भोगेका शारीरिक कष्टहरू सबै अति सामान्य प्रकृतिका मात्र थिए, प्राण घातक प्रकृतिका थिएनन्। चार महाभूतले बनेको शरीरमा त्यस्ता साना-तिना रोगहरू भइरहनु कुनै ठूलो कुरो होइन।

महाराज, आकाशमा फालिएको कुरो अन्तमा पृथ्वीमाथि नै खस्छ। तर के त्यसरी आकाशमा फ्याँकिएको बस्तु पृथ्वीमा खस्नुलाई पनि पृथ्वीको कर्म विपाक भन्नु ठीक छ ?"

"ठीक छैन, भन्ते नागसेन। किनभने पृथ्वीको सुख या दुःख भोग्नुपर्ने कर्म विपाक भनेकै हुँदैन। कुनै वस्तु पृथ्वीमा खस्नुको एकमात्र कारण त्यो वस्तु कसैद्वारा फ्याँकिनु मात्र हुन्छ। पृथ्वीको कर्मविपाक हुँदैन।"

"महाराज, जसरी पृथ्वीको कर्मविपाक नभए पनि कसैले आकाशमा फ्याँकेको वस्तु पृथ्वीमाथि खस्छ, त्यसरी नै भगवान बुद्धको कर्मविपाक नभएपनि देवदत्तले गरेको उद्योगको कारण बुद्धको पाउमा ढुङ्गाको टुक्रो खसेर घाउ भएको थियो।



Downloaded from http://dhamma.digital

महाराज, मानिसहरू पृथ्वीमा हलो जोत्छन् । पृथ्वीमा खाल्टो खन्छन् । के त्यसरी पृथ्वीमा हलो जोतिनु, पृथ्वीमा खाल्टो खनिनु आदि पृथ्वीको पूर्व कर्मको फल हुन् ?"

"होइनन्, भन्ते नागसेन । त्यो सबै मानिसहरूको उद्योगको कारण हुने हुन् ।"

"त्यसरी नै महाराज, भगवान बुद्धको पाउमा घाउ हुनाको कारण भगवान बुद्धको कर्म विपाक थिएन, देवदत्तले गरेको उद्योग मात्र थियो । अनि भगवान बुद्धलाई कडा आउँ लाग्नाको कारण पनि कर्म विपाक थिएन, सन्निपात थियो । भगवान बुद्धले भोगेका अन्य प्रकारका साना-तिना शारीरिक कष्टहरूको कारण पनि कर्मविपाक थिएन, कर्मविपाक र खानपिनमा हुने खराबी बाहेकका अन्य कारणहरू थिए ।

महाराज, कुन रोग कसरी लाग्छ भनेर थाहा पाउने सम्बन्धमा भगवान बुद्धले मोलिय सीवक सूत्रमा यसरी स्पष्ट पारेका छन् - 'सीवक, संसारमा मानिसहरूलाई पित्तको प्रकोपले अनेक रोग हुन सक्छ । त्यसरी पित्तको प्रकोपले हुने रोग भोग्ने रोगीले अलिकति विचार पुऱ्याएमा उसको त्यो रोग पित्तको प्रकोपले नै भएको हो भन्ने कुरो स्पष्ट थाहा पाउन सक्नेछ । त्यसरी अनुभव गर्न सक्नेहरू कम छैनन् । त्यसैले सुख, दुःख, असुख, अदुःख आदि मानिसहरूल



Downloaded from http://dhamma.digital

भोग्ने वेदनाहरू सबै कर्मको फल नै हुन् भन्ने धारणा राख्ने र अरू-हरूलाई पनि त्यसरी सम्झाउने मानिसहरू सत्यताबाट टाढा छन् । उनीहरूको भनाई लोकसम्मति विपरित छ । झूठो छ । त्यस बाहेक कफ बृद्धि, वायु विकार, सन्निपात, ॠतु परिवर्तन, खानपिनमा हुने गडबडी, अरूको उद्योग र कर्मविपाक जस्ता कारणहरूले हुने विभिन्न रोगहरूको सम्बन्धमा पनि, सम्बन्धित रोगीले राम्ररी विचार पुऱ्याएमा उसलाई भएको कुन रोग वास्तवमा कुन कारणले भएको हो भन्ने कुरो स्पष्ट थाहा पाउन सक्ने हुन्छ । त्यसरी अनुभव गर्न सक्नेहरू संसारमा कम छैनन् । त्यसैले सुख, दु:ख, असुख, अदु:ख आदि मानिसहरूले भोग्ने वेदना जति सबै कर्मको फल नै हुन् भन्ने धारणा राख्ने र अरूहरूलाई पनि त्यसरी सम्झाउने मानिस-हरूको भनाई सत्यताबाट टाढा छ । लोकसम्मति विपरित छ । झूठो छ ।'

त्यसैले महाराज, हामीले के कुरो राम्ररी बुझ्नु पर्छ भने शारीरिक रोगहरू सबै खालि कर्मविपाक कै कारणले मात्र हुने होइनन् । अकुशलहरू सबै निर्मूल गरेपछि मात्र बुद्धत्व पाएका भगवान बुद्धले भोगेका शारीरिक कष्टहरू कर्मविपाकको कारण होइन, कर्मविपाक र खानपिनमा हुने गडबडी बाहेकका अन्य कारणले भोगेका हुन् ।"

"ठीक छ भन्ते नागसेन । कुरो राम्ररी बुझें ।"



Downloaded from http://dhamma.digital

## (९) बुद्धत्व प्राप्तिपछि पनि समाधिमा बस्नु सम्बन्धमा

"भन्ते नागसेन, भिक्षुहरू के भन्छन् भने 'तथागतले बोधि-वृक्षमुनि बोधिज्ञान पाएको बेलामा नै गर्नुपर्ने जति सम्पूर्ण कार्य सम्पन्न गरेका थिए। उनले फेरि गर्न बाँकी कार्य केही पनि छैन। उनले पाएको ज्ञानमा थप्नु पर्ने कुरो केही पनि छैन।' तर फेरि के कुरो पनि सुन्नमा आउँछ भने, बुद्धत्व प्राप्ति पछि पनि बुद्धले लगातार तीन महिनासम्म समाधिमा बसेका थिए।

भन्ते नागसेन, यदि तथागतले बोधिवृक्षमुनि बोधिज्ञान पाएको बेलामा नै सम्पूर्ण ज्ञान पाएको र उनले थप थाहा पाउनु पर्ने केही कुरो बाँकी नरहेको कुरो सत्य भए उनले बुद्धत्व पाइसेकपछि पनि लगातार तीन महिनासम्म समाधिमा बसेको कुरो असत्य हुनुपर्छ। यदि बुद्धत्व प्राप्तिपछि पनि लगातार तीन महिनासम्म समाधिमा बसेको कुरो सत्य हो भने, तथागतले बोधिवृक्षमुनि बोधिज्ञान पाएको बेलामा नै सम्पूर्ण ज्ञान पाएको र उनले थप थाहा पाउनु पर्ने कुनै पनि कुरो बाँकी नरहेको कुरो असत्य हुनुपर्छ। किनभने जसलाई थप ज्ञान पाउनु छ उसले मात्र समाधिको अभ्यास गर्ने हो। जसलाई कुनै थप ज्ञान पाउनु छैन उसले समाधिमा बस्नु पर्ने कुनै आवश्यकता नै छैन।

भन्ते नागसेन, रोगीले मात्र औषधिको सेवन गर्छ, निरोगीले गर्दैन। भोकाएकोले मात्र खाना खान्छ, अघाएकोले खाँदैन। त्यसरी



Downloaded from http://dhamma.digital

नै थप ज्ञान पाउनु पर्ने मात्र समाधिमा बस्छ, थप ज्ञान पाउन नपर्ने समाधिमा बस्दैन ।

भन्ते नागसेन, विपक्षीहरूले उठाउने गरेको उपरोक्त तर्क पनि मानिसहरूलाई असमञ्जसमा पारिदिने प्रकारको छ । कृपया त्यस तर्कलाई पनि काटिदिनुहोस् ।"

"महाराज, समाधिको गुण अनन्त छ । कुनै पनि सम्यक सम्बुद्धले समाधिमा स्थिर भएको बेलामा नै बोधिज्ञान पाउने भएको हुनाले समाधिको त्यो गुणलाई सम्झेर सम्यक सम्बुद्धहरू सबै बरोबर समाधिमा बस्ने गर्दछन् । महाराज, मानिसहरू राजालाई सेवा पुऱ्याएर राजाबाट कुनै योग्य मान र पद पाउँछन् । राजाबाट त्यसरी मान र पद पाएर सुखी र सम्मानपुर्ण जीवन विताउन पाएपछि आफ्नो त्यस प्रकारको जीवनमा राजाले पुऱ्याएको देनलाई सम्झेर मानिसहरू राजालाई झन बढी सेवा पुऱ्याउन तत्पर हुन्छन् । ठीक त्यसरी नै तथागतहरूले समाधिमा बसेको बेलामा बोधिज्ञान पाउँछन् र त्यसरी बुद्धत्व पाइसकेपछि उनीहरू सबै समाधिको गुण सम्झेर बरोबर समाधिमा बस्ने गर्दछन् ।

महाराज, कुनै रोगले च्यापेकाले कष्ट पाइरहेका विरामीहरू वैद्यकहाँ गएर उसबाट पाउने उपचारले आ-आफ्नो रोग निको पार्छन् र त्यसरी सञ्चो हुन पाएकाहरू त्यस वैद्यको गुण सम्झेर बेला मौकामा त्यस वैद्यकहाँ जाने गर्छन् । ठीक त्यसरी नै सबै तथागतहरू



Downloaded from http://dhamma.digital

समाधिमा बसेर बोधिज्ञान पाउँछन् र त्यसरी बुद्धत्व पाइसकेपछि उनीहरू सबै समाधिको गुण सम्झेर बरोबर समाधिमा बस्दछन् ।

महाराज, समाधि अठ्ठाइस गुणले युक्त छ । समाधिमा स्थिर रहने व्यक्ति त्यसरी समाधिमा स्थिर रहुन्जेललाई सबै प्रकारका खतराहरूबाट पूर्णतया सुरक्षित रहन्छ । महाराज, समाधिमा रहनाले आयु बढ्छ, बल बढ्छ, अवगुणहरू नष्ट हुन्छन्, अपजस नपाइने हुन्छ यश बढ्छ, असन्तोषको भाव हट्छ, सन्तोष बढ्छ, भय घट्छ, निर्भिकता वृद्धि हुन्छ, अलसीपन हट्छ, वीर्य (साहस) बढ्छ, राग घट्छ, द्वेष घट्छ, मोह घट्छ, घमण्ड घट्छ, वितर्क (यस्तो हो कि त्यस्तो हो भनेर अलमलिने आदत) घट्छ, चित्त एकाग्रित हुन्छ, मानसिक अवस्था स्वस्थ रहन्छ, मन सधैं प्रफुल्ल रहन्छ, गम्भीरता बढ्छ, ज्ञान लाभ हुँदै जान्छ, नम्रता बढ्छ, प्रिति बढ्छ, प्रमोद बढ्छ, संस्कार धर्मको क्षणिकता अववोध हुँदै जान्छ, पुनर्जन्म लिनु पर्ने बाध्यताबाट मुक्ति पाइन्छ र श्रमणत्व पूर्ण हुन्छ । त्यसैले सबै तथागतहरू सधैं समाधिको प्रशंसा गर्दछन् र मानिसहरूलाई समाधिको अभ्यास गर्ने प्रेरणा दिंन्छन् ।

महाराज, समाधिको आधारमा बुद्धत्व पाइसकेका तथागत समाधिमा स्थीर रहँदा, निर्वाण सुखको अनुभव गर्दै निरोध समापत्ति ध्यानमा रहेको हुन्छ । तथागतले निरोध समापत्ति ध्यानमा रहँदा निर्वाण सुखको अनुभव गरी निरापद विहार पाएको हुन्छ ।

महाराज, समाधिमा रहँदा निर्वाण सुखको अनुभव गरी निरापद विहार पाउने भएकाले, समाधिको गुण अनन्त भएकाले,



Downloaded from http://dhamma.digital

बोधिज्ञान पाउनमा ठूलो सहयोग पुऱ्याएको समाधिप्रति कृतज्ञता व्यक्त गर्नु उचित भएकाले र पहिलेका तथागतहरू सबैले बरोबर समाधिमा बस्ने गरेकाले नै तथागतले बरोबर समाधिमा बस्ने गरेका थिए।

त्यसैले महाराज, तथागतले बरोबर समाधिमा बस्ने गरेको थप ज्ञान थाहा पाउनाको लागि होइन, समाधिमा हुने अनन्त गुणलाई सम्झेर त्यसप्रति कृतज्ञता ज्ञापन गर्नाको लागि हो भन्ने कुरो राम्ररी बुझ्नु पर्छ।"

"ठिक छ भन्ते नागसेन। मैले सत्य कुरो राम्ररी बुझें।"

## (१०) बुद्धको ऋद्धिबल सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले एकपल्ट यसरी भनेका छन् - 'आनन्द, तथागत चार ऋद्धिपादको भावना गर्नमा निपूर्ण छन्, चार ऋद्धिपादको अभ्यासी हुन्, चार ऋद्धिपादमा परिमार्जित छन्, चार ऋद्धिपाद राम्ररी हासिल गरेका हुन्, चार ऋद्धिपादमा लगनशील छन् र चार ऋद्धिपादमा पारङ्गत छन्। त्यसैले आनन्द आवश्यक भएमा तथागत एक कल्पभर अथवा कल्पको बाँकी अवधिभर जीवित रहनमा समर्थ छन्।' तर उनले अर्कोपल्ट यसरी पनि भनेका छन्- 'आनन्द, आजको मितिले तीन महिना पछि तथागत परिनिर्वाण हुनेछ।'



Downloaded from http://dhamma.digital

भन्ते नागसेन, यदि भगवान बुद्ध चार ऋद्धिपादमा पारङ्गत भएको कुरो र उनले चाहेमा उनी कल्पभर जिउन सक्ने कुरो सत्य भएमा, बुद्धले तीन महिना पछि परिनिर्वाण पाउनेछन् भनेर भविष्यवाणी गरेको कुरो असत्य हुनुपर्छ। यदि भगवान बुद्धले चार महिना पछि परिनिर्वाण पाउनेछन् भनेर भविष्यवाणी गरेको कुरो सत्य भएमा भगवान बुद्ध चार ऋद्धिपादमा पारङ्गत भएको र उनले चाहेमा उनी कल्पभर जीवित रहन सक्ने कुरो असत्य हुनुपर्छ।

भन्ते नागसेन, तथागतले नहुने र नचाहिने कुरो कहिल्यै पनि बोल्दैनन्। सधैं सत्य मात्रै बोल्ने वचन असत्य हुनुपर्ने कारण पनि केही देखिंदैन। त्यसो भएतापनि आपसमा विरोधाभासपूर्ण उपरोक्त बुद्ध-वचनहरूको कारण धेरै मानिसहरू असमञ्जसमा परिरहेका छन्। यो अति गम्भीर र सुल्झाउन कठीन समस्या हो कृपया यस समस्यालाई सुल्झाइदिनुहोस्। विपक्षीहरूको मुखमा बुझो लाग्ने गरी तथ्य कुरो सम्झाइदिनुहोस्।"

"महाराज, भगवान बुद्ध चार ऋद्धिपादमा पारङ्गगत छन् र उनले चाहेमा उनी कल्पभर जिउनमा पनि समर्थ छन्। साथै भगवान बुद्धले चार महिनापछि परिनिर्वाण पाउनेछन् भनेर भविष्यवाणी गरेको कुरो पनि सत्य नै हो।

महाराज, बुद्ध चार ऋद्धिपादमा पारङ्गगत छन् र उनले चाहेमा उनी कल्पभर जिउनमा पनि समर्थ छन् भनेर बुद्धले कुनै नचाहिने र नहुने कुरो गरेका होइनन्। भगवान बुद्धमा निहित ऋद्धिबलको



Downloaded from http://dhamma.digital

परिचय मात्र दिएका हुन् । महाराज, यस कुरोलाई राम्ररी बुझ्न हामीले के मानौं भने कुनै एकजना राजासित एउटा अति बेगवान हवाई घोडा छ । त्यस घोडाको अद्वितीय गतिको परिचय दिंदै राजाले आफ्ना कर्मचारीहरू, गृहपतिहरू, ब्राह्मणहरू, सिपाहीहरू र नौकर-चाकरहरू, लगायत सबै प्रकारका मानिसहरू भएको जनपरिषदमा यसरी भनेछन्- 'यो हवाई घोडा क्षणभर मै सम्पूर्ण सागरको चक्कर लगाउनमा समर्थ छ ।' तर राजाको त्यो भनाई सावित गर्न त्यस घोडालाई साँच्चै नै सागरको चक्कर लगाउन लगाएर देखाउनु पर्ने कुनै आवश्यकता पर्दैन । किनभने घोडामा साँच्चै त्यस्तो क्षमता नभइकन राजाले त्यस घोडाको त्यस्तो बखान गर्दैन भन्ने कुरो सबैले स्वत: बुझेको हुन्छ । ठीक त्यसरी नै भगवान बुद्धले आफूमा निहित ऋद्धिबलको परिचय दिने सन्दर्भमा देवता र मनुष्यहरू एवम् तीन विद्या र छ: अभिज्ञाले युक्त भई क्लेश रहित भइसकेका अरहन्त आर्य पुरुषहरूको माझमा भनेको कुरोमा हामीले कुनै प्रकारको सन्देह गर्नु उचित छैन । कुनै पनि प्रकारको चाहना उत्पन्न हुने सम्पूर्ण हेतु निर्मूल भइसकेका भगवान बुद्धमा जस्तोसुकै ऋद्धिबल भएपनि उनी आफूमा निहित ऋद्धिबलको आधारमा आफ्नो आयु लम्याउनमा लाग्ने छैन भन्ने कुरो हामीले आ-आफ्नै स्वविवेकले बुझ्न सक्नु पर्छ ।

महाराज, भगवान बुद्धले भव-तृष्णाको सन्दर्भमा यसरी भनेका छन्- 'भिक्षुहरू, जसरी अलिकति विष्टा पनि अति दूर्गन्धको कारण हुन्छ, त्यसरी नै क्षणभर बढी जिउने चाहना पनि अनुचित छ ।'



Downloaded from http://dhamma.digital

महाराज, चुट्की भरको समय बढी बाँच्ने चाहना गर्नुलाई पनि गुहु समान दुर्गन्धदायक सम्झने भगवान बुद्धमा जस्तोसुकै ऋद्धिबल भएपनि उनले ऋद्धिबलको आधारमा कल्पभर या कल्पको बाँकी अवधिभर जीवित रहने चाहना किन गरेनन् भनेर प्रश्नं उठाउनु ठीक छैन ।

महाराज, हामीले के कुरो राम्ररी बुझ्न सक्नुपर्छ भने भगवान बुद्धले बुद्धमा निहित ऋद्धिबलको परिचय दिनका लागि मात्र बुद्धले चाहेमा ऋद्धिबलको आधारमा कल्पभर या कल्पको बाँकी अवधिभर जीवित रहन सक्छ भनेका थिए ।"

"ठीक छ भन्ते नागसेन । मैले तथ्य कुरो राम्ररी बुझें ।"

(ऋद्धिबल वर्ग समाप्त भयो ।)

★



Downloaded from http://dhamma.digital

# २. अभेद्य वर्ग

## (१) विनयका सानातिना नियमहरू सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'भिक्षुहरू, म आफैंले अनुभव गरी थाहा पाएका विषयमा मात्र उपदेश दिने गर्छु, आफूले अनुभव नगरेका विषयमा उपदेश दिन्नँ।' तर विनय प्रज्ञप्तिको समयमा उनले यसरी पनि भनेका छन्- 'आनन्द, मेरो शेषपछि, भिक्षु संघले आवश्यक देखेमा विनयका सानातिना नियमहरू परित्याग गरेपनि हुनेछ।' भन्ते नागसेन, विनयका सानातिना नियमहरू के ठीक थिएनन् ? के ती नियमहरू बुद्ध आफैंले अनुभव नगरिकन त्यसै बनाइदिएका थिए ? भगवान बुद्धले किन विनयका सानातिना नियमहरू पछि आवश्यक परे परित्याग गरे हुने अनुमति दिएका हुन् ?

भन्ते नागसेन, यदि भगवान बुद्धले आफैंले अनुभव गरेका विषयमा मात्र उपदेश दिने गरेको कुरो सत्य भए, विनयका सानातिना नियमहरू उलङ्घन गरे हुने अनुमति दिएको कुरो असत्य हुनुपर्छ। यदि विनयका सानातिना नियमहरू परित्याग गरे हुने अनुमति दिएको कुरो सत्य भए, भगवान बुद्धले आफैंले अनुभव गरेका विषयमा मात्र उपदेश दिने गरेको कुरो असत्य हुनुपर्छ। अति सूक्ष्म, गम्भीर र यस्तै हुनुपर्छ भनेर सम्झनमा कठीन यस विषयमा पनि तपाइँले आफ्नो ज्ञान र बुद्धि लगाएर सही कुरो राम्ररी सम्झाइदिनुहोस्।"



Downloaded from http://dhamma.digital

"महाराज, भगवान बुद्धले आफैंले अनुभव गरेको विषयमा मात्र उपदेश दिने र आफूले अनुभव नगरेको कुरोमा उपदेश नदिने कुरो सत्य हो र विनयका प्रज्ञप्तिको समयमा बुद्धले भविष्यमा आवश्यक परे भिक्षु संघले विनयका सानातिना नियमहरू परित्याग गरे हुने अनुमति दिएको कुरो पनि सत्य नै हो। महाराज, विनयका सानातिना नियमहरू मध्ये आफ्ना श्रावक भिक्षुहरूले अपठ्यारो महशुस गरेका कुनै नियमहरू भए त्यस सम्बन्धमा उनीहरूको राय बुझ्न भगवान बुद्धले भिक्षु संघले आवश्यक देखेमा विनयमा सानातिना नियमहरू परित्याग गरे हुने अनुमति दिएका थिए। महाराज, यो कुरो कुनै चक्रवर्ती राजाले आफ्नो बाहुबलले चारैतिर महासागरको तटसम्म फैलाएको राज्य मध्ये अति दुर्गम प्रत्यन्ततिरका गाउँहरू सम्हाल्न कठीन भएमा आफ्नो शेषपछि आफ्नो युवराजले चाहेमा परित्याग गरे हुने अनुमति दिए झैं हो । तर के महाराज, कुनै युवराजले सम्हाल्न कठीन हुने कुनै प्रत्यन्तको राज्यलाई त्यसै परित्याग गर्छ र ?"

"गर्दैन, भन्ते नागसेन। राजाहरू सधैं आफ्नो राज्यको सीमा फैलाउनमा मात्र लालायित हुन्छन् । कुनै पनि युवराज सके आफ्नो राज्य दुई गुणा तीन गुणा बढाउनतिर लाग्छ तर राज्य सम्हाल्नमा कठीन हुने कारण आफ्नो अधिनमा भएको कुनै पनि राज्य त्यसै छोड्न कदापि राजी हुने छैन ।"

"ठीक हो, महाराज । भगवान बुद्धका श्रावकहरू पनि त्यस्तै



Downloaded from http://dhamma.digital

हुन्छन् । सकभर चाँडो संसारिक दु:खबाट मुक्ति पाइने धर्म लाभ गर्नेमा अति उत्सुक बुद्धका श्रावक भिक्षुहरू बरू परेमा विनयका थप अढाइसय नियमहरू पनि पालना गर्नमा तत्पर हुन्छन् तर बुद्धले अनुमति दिए भन्दैमा विनयका कुनै पनि सानातिना नियम परित्याग गर्न उत्सुक हुँदैनन् ।"

"भन्ते नागसेन, भगवान बुद्धले उल्लेख गरेका, भिक्षु संघले आवश्यक परेमा परित्याग गरे हुने विनयका सानातिना नियमहरू सम्बन्धमा त्यस बेला कुनै पनि भिक्षुले कुनै प्रकारको प्रतिक्रिया नजनाएको हुनाले ती नियमहरू सम्बन्धमा अहिले धेरै मानिसहरू असमञ्जसमा परेका छन् । विनयका कुन नियमहरू भिक्षु संघले आवश्यक देखेमा परित्याग गरे हुने प्रकारका हुन् र विनयका कुन नियमहरू परित्याग गर्नै नहुने प्रकारका छन् ?"

"महाराज, 'यसरी गर्नुपर्छ' भनेर परिभाषित गरिएका विनयका नियमहरू भिक्षु संघले आवश्यक देखेमा परित्याग गरे हुने सानातिना नियमहरू हुन 'यसरी गर्नु हुँदैन' भनेर परिभाषित गरिएका विनयका नियमहरू भिक्षुहरूले परित्याग गर्न नहुने महत्त्वपूर्ण प्रकृतिका नियमहरू हुन् । यस सम्बन्धमा एकपल्ट पहिले पहिलेका केही स्थवीरहरू असमञ्जसमा परेकाले धर्मसभामा केही विवाद उठेको थियो । वास्तवमा बुद्धको शेषपछि त्यस प्रकारको कुनै विवाद नउठोस् भनेर नै भगवान बुद्धले त्यसबेला त्यसरी कुरा उठाएका थिए ।"



Downloaded from http://dhamma.digital

"धन्य भन्ते नागसेन। तपाइँले विनयका सानातिना नियमहरू सम्बन्धमा बुद्धको मनसायलाई सबैले राम्ररी बुझ्ने गरी सम्झाइदिनु भएको छ।"

## (२) अव्याकरणीय प्रश्न

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'आनन्द, तथागतसित धर्म सम्बन्धि कुरो गुरु मुष्ठिको रूपमा (गुरुले मात्र जानेको गोप्य कुरो या रहस्यको रूपमा) हुँदैन। तर भगवान बुद्धले मालुङ्क्या-पुत्रका प्रश्नहरूको जवाफ दिएका थिएनन् पनि भनिन्छ। बुद्धले मालुङ्क्या-पुत्रका प्रश्नहरूको उत्तर नदिनुको पछाडि निम्न दुई मध्ये एउटा कारण हुनुपर्छ। या त मालुङ्क्या-पुत्रले सोधेका विषयमा बुद्धलाई ज्ञान नभएको हुनुपर्छ या बुद्धले त्यस विषयमा कुरो लुकाउन चाहेको हुनुपर्छ। भन्ते नागसेन, यदि तथागतले धर्म सम्बन्धि कुरो गुरु मुष्ठिको रूपमा नराख्ने भए, मालुङ्क्या-पुत्रले सोधेका विषयमा बुद्धलाई केही ज्ञान नभएकाले बुद्धले केही उत्तर नदिएको हुनुपर्छ। यदि बुद्धले मालुङ्क्या-पुत्रले सोधेका विषयमा थाहा पाएता पनि उत्तर नदिएको भए, बुद्धले त्यस सम्बन्धि कुरो गुरु मुष्ठिको रूपमा लुकाएको हुनुपर्छ। यस विषयमा मानिसहरू दुविधामा परेका छन्। कृपया सत्य कुरो प्रष्टचाइदिनुहोस्।"

"महाराज, भगवान बुद्धले आनन्दलाई तथागतसित धर्म



Downloaded from http://dhamma.digital

सम्बन्धि कुरो गुरुमुष्ठिको रूपमा हुँदैन भनेर सम्झाएको कुरो सत्य हो। अनि भगवान बुद्धले मालुङ्का-पुत्रले उठाएका प्रश्नहरूको उत्तर नदिएको कुरो पनि सत्य नै हो। तर तथागतले किन मालुङ्का-पुत्रले उठाएका प्रश्नहरूको केही उत्तर नदिएका थिए भने ती प्रश्नहरू बेकम्मा प्रकारका थिए, उत्तर दिइरहनु नपर्ने प्रकृतिका थिए। बुद्धले मालुङ्का-पुत्रका प्रश्नहरूको उत्तर नदिनुको पछाडि त्यस विषय बुद्धलाई सत्य कुरो थाहा नहुनु अथवा त्यस विषयमा बुद्धले केही कुरो गुरुमुष्ठिको रूपमा लुकाउन चाहनु थिएन।

महाराज, जवाफ दिने तरिका चार प्रकारका छन्, सोझो जवाफ दिनु, त्यसरी होइन यसरी हुनुपर्छ भनेर जवाफ दिनु, प्रतिप्रश्न गरेर जवाफमा भन्नु पर्ने कुरो सम्झाउनु र प्रश्नको वेवास्ता गरेर अथवा उपेक्षा गरेर जवाफदिनु।

कस्ता प्रश्नहरूको जवाफ सोझो दिइनु पर्छ भने, 'के रूप अनित्य हो ?', 'के वेदना अनित्य हो ?', के संज्ञा अनित्य हो', 'के संस्कार अनित्य हो ?', यस्ता प्रश्नहरूको जवाफ सोझो तरिकाले दिइनु पर्छ।

कस्ता प्रश्नहरूको जवाफ त्यसरी होइन यसरी हो भनेर दिइनु पर्छ भने, 'के रूप यस प्रकारले अनित्य हो ?', 'के वेदना यस प्रकारले अनित्य हो ?', के संज्ञा यस प्रकारले अनित्य हो ?', 'के संस्कार यस प्रकारले अनित्य हो ?' यस्ता प्रश्नहरूको जवाफ त्यसरी होइन यसरी हो भनेर छुटचाएर दिइनुपर्छ।



Downloaded from http://dhamma.digital

कस्ता प्रश्नहरूको जवाफ प्रतिप्रश्न दिइनुपर्छ भने, के आँखाले हेरेर सबै कुरो जान्न सकिन्छ ?' यस्तो प्रश्नको उत्तर प्रतिप्रश्न गरेर दिइनु पर्छ ।

कस्ता प्रश्नहरूलाई वेवास्ता गरेर अथवा उपेक्षा गरेर जवाफ दिइनु पर्छ भने, 'के यो संसार शास्वत छ ?; के यो संसार शास्वत छैन ?; के संसारको अन्त छ ?; के संसार अनन्त छ ?; के यो संसारको अन्त छ पनि र छैन पनि हो ?; के यो संसार अनन्त हो पनि र अनन्त होइन पनि हो ?; के जीव र शरीर एउटै हो ?; के जीव र शरीर भिन्दा भिन्दै हुन् ?; के परिनिर्वाण पछि पनि बुद्धको अस्तित्व रहन्छ ?; के परिनिर्वाण पछि बुद्धको कुनै अस्तित्व रहँदैन ?; के परिनिर्वाण पछि बुद्धको अस्तित्व रहन्छ पनि र रहँदैन पनि हो ?; के परिनिर्वाण पछि बुद्ध अस्तित्व विहिन हुन्छ पनि र हुँदैनपनि हो ?; यस्ता प्रश्नहरूलाई वेवास्ता गरेर अथवा उपेक्षा गरेर जवाफ दिइनु पर्छ ।

महाराज, तथागतले मालुङ्क्या-पुत्रका प्रश्नहरू वेवास्ता गरेका थिए, उपेक्षा गरेका थिए । किनभने मालुङ्क्या-पुत्रका प्रश्नहरू अनावश्यक प्रकृतिका थिए, बेकम्मा खालका थिए । भगवान बुद्ध कहिल्यै पनि अनावश्यक विषयमा, निस्सार विषयमा बोल्दैन थिए ।"

"ठीक छ भन्ते नागसेन । मैले तथ्य कुरो बुझें ।"



Downloaded from http://dhamma.digital

## (३) मृत्यु भय हुनु र नहुनु सम्बन्धि प्रश्न

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'सबैजना दण्ड सजाय पाउने डरले तर्सिन्छन्, सबै जना मृत्युदेखि भयभित हुन्छन् ।' उनले फेरी यसरी पनि भनेका छन्- 'अरहन्तहरू सबै प्रकारका भयबाट मुक्त हुन्छन् ।' तर के अरहन्तहरू सजाय पाउने भयले तर्सिदैनन् ? के नरकको आगोले पोलिरहेका, नरकको तेल-कराहीमा उम्लिरहेका, नरकको शुलीमा चढिरहेका नरकबासीहरू पनि मृत्युदेखि भयभित हुन्छन् ? भन्ते नागसेन, यदि भगवान बुद्धले सबैजना सजाय पाउने डरले तर्सिन्छन्, सबैजना मृत्युदेखि भयभित हुन्छन्' भनेका छन् भन्ने कुरो सत्य भए, भगवान बुद्धले 'अरहन्तहरू सबै प्रकारका भयबाट मुक्त हुन्छन्' भनेका छन् भन्ने कुरो असत्य हुनु पर्छ । यदि भगवान बुद्धले, 'अरहन्तहरू सबै प्रकारका भयबाट मुक्त हुन्छन्' भनेका छन् भन्ने कुरो सत्य हो भने, भगवान बुद्धले 'सबै जना दण्ड सजाय पाउने डरले तर्सिन्छन्, मृत्युदेखि भयभित हुन्छन्' भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ । यो पनि एउटा दुविधा हो । कृपया यो दुविधा पनि हटाइदिनुहोस् ।"

"महाराज, भगवान बुद्धले, म-मेरो भन्ने आत्म भावले ग्रसितभई सुखमा रमाउने र दुःखमा बिचलित हुने क्लेशयुक्त प्राणी-हरूको सन्दर्भमा मात्र, 'सबैजना दण्ड सजाय पाउने डरले तर्सिन्छन्, सबैजना मृत्युदेखि भयभित हुन्छन्' भनेका हुन् । सब



Downloaded from http://dhamma.digital

प्रकारका डर-भयबाट मुक्ति पाइसकेका अरहन्तहरू त्यस 'सबैजना' भित्र पर्दैनन्, उनीहरू त्यस बुद्ध वचनको लागि अपबाद हुन् ।

'महाराज, अरहन्तहरू विभिन्न योनिमा बारम्बार पुनर्जन्म लिइरहने प्रतिसन्धि रोकिसकेका, तृष्णा निर्मूल गरिसकेका, सबै प्रकारको संस्कार क्षय गरिसकेका, अविद्या हटाइसकेका, बिज्ञानलाई वीज रहित पारिसकेका, निक्लेश भइसकेका, कुशल र अकुशल कर्मबाट मुक्ति पाइसकेका र सबै प्रकारको लोक धर्मबाट माथि उठिसकेका हुन्छन् । त्यसैले अरहन्तहरू कुनै पनि प्रकारको भयबाट प्रभावित नहुने भैसकेका हुन्छन् ।

मानौं, कुनै राजाका अति विश्वासिला, कुशलता पूर्वक जिम्मेवारी निभाउनमा प्रसिद्धि पाएका, भरपर्दा र विशेष जिम्मेवारी सुम्पिएका चार जना महामात्यहरू छन् र कुनै दिन कुनै खास कार्य सम्पन्न गर्न राजाले यसरी राजआज्ञा दिएछन्- 'सबैले सक्दो कर तिरून र त्यस सम्बन्धि सम्पूर्ण व्यवस्था राज्यका चार महामात्यहरूले गरून् ।' के महाराज, त्यस राजआज्ञाबाट ती चार जना महामात्यहरू पनि प्रभावित हुन्छन् ?"

"हुँदैनन्, भन्ते नागसेन ।"

"तिनीहरू किन प्रभावित हुँदैनन्, महाराज ?"

"किनभने ती महामात्यहरू राज्यका सर्वोच्च पदमा छन् । उनीहरु राज्यलाई कति कर तिर्ने र कसरी तिर्ने भन्ने बोझबाट मुक्त



Downloaded from http://dhamma.digital

छन् । 'सबैले सक्दो कर तिरुन्' भन्ने राज आज्ञा उनीहरूका लागि होइन, राज्यका अन्य नागरिकहरूका लागि मात्र भनिएका हुन् ।"

"त्यसरी नै महाराज, भगवान बुद्धले, म-मेरो भन्ने आत्म भावले ग्रसित भई सुखमा रमाउने र दुःखमा बिचलित हुने क्लेशयुक्त प्राणीहरूको सन्दर्भमा मात्र 'सबैजना दण्ड सजाय पाउने डरले तर्सिन्छन्, सबैजना मृत्युदेखि भयभित हुन्छन्' भनेका हुन् । त्यस 'सबैजना' भित्र सबै प्रकारका डर-भयबाट मुक्ति पाइसकेका अरहन्त-हरू पर्दैनन् । अरहन्तहरू पनि त्यसरी भयभित हुन्छन् भनेका होइनन् ।"

"तर भन्ते नागसेन, 'सबैजना' भनेपछि त्यसभित्र यी मात्र पर्छन् र यी पर्दैनन् भन्ने कुरो कसरी हुन्छ ? यस सम्बन्धमा थप उपमा दिएर सम्झाउनुहोस् ।"

"मानौं कुनै जमीन्दारले आफ्ना पहरेदारहरूलाई यसरी आज्ञा दिएछ- 'जाउ, सबै गाउँलेहरूलाई तुरून्त मकहाँ भेला हुन बोलाएर ल्याउ ।' जमीन्दारले यसरी अह्राएपछि जमीनदारका पहरेदारहरू गाउँको माझमा गई सबै गाउँलेहरूलाई जमीनदार कहाँ भेलाहुन बोलाउँछन् र सबै गाउँलेहरू भेला भएपछि जमीनदारलाई खबर गर्छन् । त्यसरी गाउँलेहरू भेला हुने बेलामा त्यहाँ घरका मूलीहरू र उमेर पुगेका पुरुषहरू मात्र हुन्छन् । गाउँका आइमाईहरू, केटाकेटीहरू,



Downloaded from http://dhamma.digital

बिरामीहरू र नोकर-चाकरहरू त्यसरी जम्मा हुन आउँदैनन् । त्यसरी नै 'सबैजना दण्ड सजाय पाउने डरले तर्सिन्छन्, सबैजना मृत्युदेखि भयभित हुन्छन्' भन्ने बुद्ध-वचन, म-मेरो भन्ने आत्म भावले ग्रसित क्लेशयुक्त प्राणीहरूको सन्दर्भमा मात्र भनिएको हो । त्यो बुद्ध-वचन सबै प्रकारका डर-भयबाट मुक्ति पाइसकेका अरहन्तहरूको सन्दर्भमा भनिएको होइन ।

महाराज, भनाइ जम्मा चार प्रकारका हुन्छन्- व्यापक रूपमा नभनिएको र व्यापक रूपमा अर्थ लाग्दा पनि नलाग्ने भनाइ, व्यापक रूपमा नभनिएको तर व्यापक रूपमा अर्थ लाग्ने भनाइ, व्यापक रूपमा भनिएको तर व्यापक रूपमा अर्थ नलाग्ने भनाइ तथा व्यापक रूपमा भनिएको र व्यापक रूपमै अर्थ लाग्ने भनाइ । त्यसैले कुनै भनाइलाई ठीक रूपमा बुझ्न त्यसको सही अर्थ लगाउन सक्नुपर्छ ।

महाराज, कुनै भनाइको सही अर्थ लगाउन (१) भनाइको सिलसिला हेर्नुपर्छ अर्थात् त्यो भनाइ कसले कहाँ कुन सन्दर्भमा भनेका हुन् भन्ने कुरो राम्ररी हेर्नुपर्छ (२) भनाइको महत्व बुझ्नु पर्छ अर्थात् त्यही कुरो वा त्यस्तै कुरो अरू बेला कसले कहाँ भनेका छन् भन्ने कुरो थाहा पाउनु पर्छ (३) भन्ने व्यक्तिको गुरु परम्परा हेर्नु पर्छ अर्थात् भन्ने व्यक्ति कुन सिद्धान्तवादी हो भन्ने कुरो थाहा पाउनु पर्छ (४) भनाइको उद्देश्य थाहा पाउनु पर्छ अर्थात् भन्ने व्यक्तिको मूल उद्देश्य, आदर्श के हो भन्ने कुरो थाहा पाउनु पर्छ र (५) त्यो कुरो के कति कारणले भनेका हुन् भन्ने कुरो राम्ररी बुझ्नु पर्छ अर्थात् कुनै पनि भनाइ सम्बन्धि माथि उल्लेखित सबै कुराहरू थाहा पाएर



Downloaded from http://dhamma.digital

मात्र त्यसको अन्तिम निश्कर्ष निकाल्ने गर्नुपर्छ । अनिमात्र कुनै भनाइको सही अर्थ बुझ्न सक्ने होइन्छ ।"

"भन्ते नागसेन, भगवान बुद्धले, सबै प्रकारका डर-भयबाट मुक्ति पाइसकेका अरहन्तहरू बाहेकका अन्य सत्व प्राणीहरूमात्र मृत्युदेखि भयभित हुन्छन् भनेका हुन् भन्ने कुरो मैले राम्ररी बुझें । तर ती नरकबासीहरू, जो नरकमा परी अनेक प्रकारका कष्ट भोगिरहेका छन्, जसका अङ्ग-प्रत्यङ्गहरू नरकको आगोले भक-भक जलिरहेका छन्, जसको अनुहार कष्टले कालो नीलो भएका छन्, जो असहच दुःखले छटपटिरहेका छन्, जसको कुनै भरोसा छैन, जसको उद्धार गर्ने कोही छैन, जो अति शोकाकुल छन्, जो अति दूर्गतीमा छन्, जो शोकै शोकले घेरिएका छन्, जसको चारैतिर आगोका लप्काहरू मात्र छन्, जसको चारैतिर भयङ्कर पीडाका शब्दहरू मात्र गुञ्जिरहेका छन्, जो कोशौंसम्म फैलिएको आगोमा तपिरहेका छन्, के ती नरकबासीहरू पनि मृत्युदेखि भयभित हुन्छन् ?"

"हुन्छन्, महाराज ।"

"भन्ते नागसेन, नरकमा त दुःखै दुःख मात्र हुने होइन र ? दुःखै दुःख मात्र भएको नरकबाट मुक्त हुन चाहने नरकबासीहरू मृत्यु देखि किन भयभित हुन्छन् ? के नरकबासीहरू नरकमै पनि रमाएका हुन्छन् ?"



Downloaded from http://dhamma.digital

"महाराज, नरकबासीहरू नरकमै रमाउने होइनन् । नरकबासीहरू नरकबाट मुक्ति पाउन अति आतुर भइरहेका हुन्छन् । तर पनि उनीहरू मृत्युदेखि भयभित नै हुन्छन् ।"

"भन्ते नागसेन, नरकबाट छुटकारा पाउन आतुर भइरहने नरकबासीहरू मृत्युदेखि किन भयभित हुन्छन् भन्ने कुरो मैले कति पनि बुझ्न सकेको छैन । नरकबाट छुटकारा पाउन चाहने नरकबासीहरू त मृत्युदेखि आनन्दित हुनुपर्ने होइन र ? यस सम्बन्धमा कुरो राम्ररी सम्झाइदिनुहोस् ।"

"महाराज, सत्यबोध नगरेकाहरू मृत्यु सम्बन्धमा अनभिज्ञ छन्, त्यसैले उनीहरू मृत्युदेखि भयभित हुन्छन् । मृत्यु सम्बन्धमा सत्य बोध नगरेकाहरू जो कसैलाई पनि भयभित पार्ने क्षमता मृत्युमा बिद्यमान हुन्छ । महाराज, मानिसहरू कालो साँप देखि डराउँछन् । वास्तवमा मृत्युदेखि भयभित भएर नै मानिसहरू कालो साँपदेखि डराउने गरेका हुन् । त्यसरी नै हात्ती, सिंह, बाघ, चितुवा, भालु जस्ता जङ्गली जनावरहरू देखि डराउनेहरू र आगो, पानी, काँडा, तीर, तलवार आदि ज्यान लिन सक्ने वस्तुहरू देखि डराउनेहरू पनि वास्तवमा मृत्युदेखि नै डराएका हुन् । मृत्यु यसरी एक अति भयावह प्रकृतिको छ । सत्य बोध गर्न नसकेका क्लेशयुक्त प्राणीहरू वास्तवमा एउटै कुरो मृत्युदेखि मात्र भयभित हुन्छन् । त्यसैले नरकबाट मुक्ति पाउन चाहने भएर पनि नरकबासीहरू मृत्युदेखि भयभित नै हुन्छन् ।



Downloaded from http://dhamma.digital

मानौं, कसैको जिउमा एउटा खटिरा पाकेर पीप जमेछ र त्यो पाकेको खटिराले दु:ख दिएकाले उसले त्यो खटिरा बैद्यलाई देखाएछ। बैद्यले त्यो पाकिसकेको खटिरा हेरेपछि चिरफाड गरी औषधि लगाउन छुरी धार लगाउँछ, घाउमा डाम्ने बत्ति बाल्छ र घाउमा लगाउने कडा पोल्ने औषधि पिस्छ। त्यसबेला त्यो बिरामी त्यसरी हुन लागेको चिरफाड कार्यदेखि भयभित हुन्छ कि हुँदैन ?"

"अवश्य भयभित हुन्छ, भन्ते।"

"महाराज, जसरी रोगबाट मुक्त हुन आतुर त्यो रोगी रोगमुक्त पार्ने चिरफाड कार्यदेखि भयभित हुने हो त्यसरी नै नरकबाट मुक्ति पाउनमा आतुर नरकबासीहरू पनि मृत्युदेखि भयभित हुन्छन्।

मानौं, कसैले राजद्रोह गरेकाले उसलाई खोरमा थुनिएछ। उसको अपराध केलाउन उसलाई खोरबाट बाहिर निकालिने बेलामा के ऊ आफूले कस्तो सजाय पाउने हो भन्ने कुरो सोचेर भयभित हुँदैन ?"

"भयभित हुन्छ, भन्ते।"

"महाराज, जसरी त्यो मान्छे खोरबाट निस्कनमा आतुर भएर पनि त्यसरी अपराध केलाउन खोरबाट निकालिने बेलामा आफूले कस्तो प्रकारको सजाय पाउने हो भन्ने कुरो सोचेर भयभित



Downloaded from http://dhamma.digital

हुन्छ, त्यसरी नै नरकबाट मुक्ति पाउनमा आतुर नरकबासीहरू पनि मृत्युपछि के हुने हो भन्ने सोचेर भयभित हुन्छन् ।"

"भन्ते नागसेन, कुरो राम्ररी बुझ्न सक्ने गरी एउटा अर्को उपमा पनि दिनुहोस् ।"

"मानौं, साँपले डसेको एकजना मानिस साँपको डसाइको पीडाले छटपटिरहेछ । त्यसको ज्यान बचाउन आफ्नो विष आफैं चुस्न साँपलाई मन्त्र गरेर बोलाउन सक्ने कसैले साँपलाई मन्त्र गरेर बोलाउने बेलामा त्यसरी आफ्नो विष फेरि आफैंले चुस्न आउने साँपलाई देखेर साँपको डसाइले छटपटिरहेको त्यो मान्छे भयभित हुन्छ कि हुँदैन ?"

"अवश्य भयभित हुन्छ भन्ते ?"

"महाराज, जसरी साँपको विषबाट मुक्ति पाउन चाहने भएर पनि साँपको डसाइले छटपटिरहेको त्यो मान्छे आफ्नो विष फेरि आफैंले चुस्न आउने साँपदेखि भयभित हुन्छ, त्यसरी नै नरकबाट मुक्ति पाउनमा आतुर नरकबासीहरू पनि मृत्युदेखि भयभित हुन्छन् ।

महाराज, सत्यबोध गर्न नसकेकाले मृत्यु सम्बन्धि अनभिज्ञ क्लेशयुक्त प्राणीहरू सबै मृत्युदेखि भयभित हुन्छन् । नरकबाट मुक्ति पाउनमा आतुर नरकबासीहरू पनि मृत्युदेखि भयभित नै हुन्छन् ।"

"ठीक छ भन्ते नागसेन, मैले तथ्य कुरो राम्ररी बुझें ।"



Downloaded from http://dhamma.digital

## (४) मृत्युको पञ्जाबाट बच्ने सम्बन्धि प्रश्न

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्-

'के आकाश, के समुद्र, अनि के पहाडी खोंच र गुफा
छैन संसारमा कुनै स्थान, जहाँ पुग्दैन मृत्युको पञ्जा'

फेरि उनै बुद्धले रतनसुत्तं, मेत्तसुत्तं, खन्धपरित्तं, मोरपरित्तं, धजग्गपरित्तं, आटानाटियपरित्तं, अंगुलिमालपरित्तं जस्ता परित्राण (भयभित हुने श्लोक) बारेमा पनि उपदेश दिएका छन् । भन्ते नागसेन, यदि आकाशमाथि, समुद्रभित्र, अग्ला अग्ला प्रासाद, पहाडी खोंच र गुफा आदि संसारको जुनसुकै स्थानमा लुकेता पनि मृत्युको पञ्जाबाट बच्न नसक्ने भए, परित्राण पाठ बेकारको कुरो हुनुपर्छ । यदि परित्राणको पाठ गरेर मृत्युको पञ्जाबाट बच्न सक्ने कुरो सत्य भए, बुद्धले 'आकाशमाथि, समुद्रभित्र, पहाडी खोंच र गुफा आदि संसारको जुनसुकै स्थानमा लुकेर पनि मृत्युको पञ्जाबाट बच्न सकिँदैन' भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ । यो पनि एउटा सबैले सहजै सुल्झाउन नसकिने प्रकारको दुविधा हो । कृपया यो दुविधा पनि सुल्झाइदिनुहोस् ।"

"महाराज, भगवान बुद्धले 'आकाशमाथि, समुद्रभित्र, पहाडी खोंच र गुफा आदि संसारको जुनसुकै स्थानमा लुकेर पनि मृत्युको



Downloaded from http://dhamma.digital

पञ्जाबाट बच्न सकिंदैन भनेका हुन् र उनले परित्राणको विषयमा पनि उपदेश दिएका छन् । तर परित्राणले त्यस्तालाई मात्र रक्षा गर्न सक्छ जसको आयु अझै बाँकी छ र जो कूकर्ममा लाग्नुबाट बञ्चित छ । आयु नै समाप्त भइसकेकालाई मृत्युबाट जोगाउने कुनै पनि उपाय संसारमा छैन ।

महाराज, जसरी सम्पूर्ण पात झरिसकेको, हाँगाहरु सबै सुकिसकेको, आयु समाप्त भएर मरिसकेको रूखको फेदमा हजार गाग्रो पानी दिएपनि त्यो रूख फेरि सप्रेर हराभरा हुनेछैन, त्यसरी नै आयु समाप्त भएर मर्नलागेकोलाई औषधि उपचार गरेर वा परित्राण गरेर बचाउन सकिंदैन । संसारमा जति पनि औषधि छन्, उपचार विधि छन्, आयु नै समाप्त भइसकेकाको लागि ती सब व्यर्थ छन् । तर अझै आयु बाँकी रहेका र कूकर्म गर्नमा नलागेकालाई रक्षा गर्न सक्ने शक्ति परित्राणमा छ । त्यसैले भगवान बुद्धले परित्राण सम्बन्धमा उपदेश दिएका हन् ।

महाराज, किसानहरू पाकेर सुकिसकेको धानको बालिलाई पानीबाट जोगाउँछन् तर त्यही धानको बोट सानो छँदा त्यसलाई हुर्काउन किसानहरू खेतमा पानी लाउँछन् । त्यसरी नै जसको आयु समाप्त भइसकेको छ त्यसको लागि सबै प्रकारका औषधि उपचारले र परित्राणले केही लाभ नगर्ने भएतापनि अझै आयु बाँकी रहेका र कूकर्ममा नलागेकालाई परित्राणले ठूलो लाभ पुऱ्याउन सक्छ ।"

"भन्ते नागसेन, यदि आयु समाप्त भएकाहरू त्यसै मर्ने र



Downloaded from http://dhamma.digital

आयु बाँकी भएकाहरू मात्र बाँचिने भए, औषधि उपचार गर्नु र परित्राण पाठ गर्नु सबै बेकारका कुराहरू भएनन् र ?"

"महाराज के तपाईंले कुनै मर्न लागेको रोगी औषधि उपचार-बाट निको भएको देख्नु भएको छैन ?"

"देखेको छुं भन्ते, सयौं मर्न लागेका रोगीहरू औषधि उपचार पाएर बाँचेका देखेको छुं ।"

"त्यसो भए के त महाराज, औषधि उपचार गर्नु र परित्राण पाठ गर्नु निरर्थक छ भन्ने कुरो ती घटनाहरूबाट स्वत: असत्य सावित हुँदैन र ?"

"भन्ते नागसेन, औषधि उपचारको हकमा त वैद्यले रोगीहरू-लाई औषधि खुवाएर अथवा औषधिको लेप लगाएर बिस्तारै निको पारेको खुलस्त देखिन्छ । तर परित्राण पाठको हकमा ...,..."

"देखिन्छ महाराज, परित्राण पाठको हकमा पनि हेर्न जान्नेले केही कुरो खुलस्त देख्न सक्छ । महाराज, परित्राण पाठ गर्दा शब्द सुनिन्छ, जिब्रो सुक्छ, हृदयको धडकन सुस्त हुन्छ र घाँटी बस्छ । त्यसरी बिस्तार-बिस्तार रोगीको कष्ट कम हुँदै जान्छ र सबै प्रकारका उपद्रवहरू शान्त हुँदै जान्छन् ।"



Downloaded from http://dhamma.digital

महाराज, के तपाईंले साँपले टोकेको कुनै व्यक्तिको जिउमा फैलिएको विष मन्त्रोचारणले या जडिबुटिको लेप लगाएर शान्त पारेको देख्नु भएको छ ?"

"देखेको छुं, भन्ते । मानिसहरू अहिले पनि त्यस्तो विधि अपनाउँछन् ।"

"त्यसैले महाराज, परित्राण पाठ गर्नु र औषधि उपचार गर्नु निरर्थक छ भन्नु ठीक छैन । महाराज, परित्राण पाठ गर्नाले डस्न लागेको साँपको मुखनै न उघ्रिने भई साँपले नडँस्ने हुनेछ, प्रहार गर्न आउने चोर पनि हतियार फ्याँकेर साथी बन्नेछ, कुपित हात्ती पनि शान्त हुनेछ, दनदन बलिरहेको आगो पनि निभेर शितल हुनेछ, हलाहल विष पनि पोषक तत्व बन्नेछ, बध गर्न आउने हत्यारा पनि दास जस्तो आज्ञाकारी हुनेछ र पासोमा परिसक्दा पनि फेरि उम्कन सक्ने होइन्छ ।

महाराज, के तपाईंले एकजना व्याधाले सातसय बर्षसम्म लगातार प्रयत्न गर्दा पनि सधैं परित्राण पाठ गर्ने एउटा मयूरलाई पासोमा पार्न नसकेको र जुन दिन मयूरले परित्राण पाठ गर्न छोडिदिएका थिए । त्यही दिन त्यो मयूर पासोमा परेको कथा सुन्नु भएको छैन ?"

"सुनेको छुं भन्ते । त्यस कथाले देवलोकसम्ममा ख्याति पाएको थियो भनिन्छ ।"



Downloaded from http://dhamma.digital

"त्यसैले महाराज, परित्राण पाठ गर्नु र औषधि उपचार गर्नु व्यर्थ छ भन्नु ठीक छैन । अर्को कुरो महाराज, के तपाइले एउटा दानवको त्यो कथा सुन्नु भएको छ ? जसमा त्यो दानवले आफ्नी स्त्रीलाई एउटा बाकसमा हाली निलेर पेटमा पुऱ्याई सुरक्षा गर्न खोजेको हुन्छ र एकजना विद्याधर त्यसरी पेटमा हालेको स्त्रीसम्म पनि पुगेको थाहा पाएर त्यो दानवले बाकस ओकलेर त्यसलाई समात्न खोज्दा त्यो विद्याधर भाग्नमा सफल हुन्छ ।"

"सुनेको छुं भन्ते । त्यस दानवको कथा पनि देवलोकसम्म पुगेको थियो भनिन्छ ।"

"महाराज, त्यो विद्याधरले परित्राण पाठकै आधारमा त्यसरी बच्न सकेको थिएन र ?"

"हो भन्ते । त्यसरी नै भनिन्छ ।"

"त्यसैले महाराज, परित्राणमा रक्षा गर्ने शक्ति छ । अनि फेरि एउटा अर्को कथा, जसमा वाराणासी राजाको अन्तपुरमा घुसेर राजाकी महेसीसम्म पुग्ने अर्को विद्याधरलाई समात्न खोज्दा अदृश्य भएर उम्केको हुन्छ, त्यस सम्बन्धमा पनि महाराजले केही सुन्नु भएको छ ?"

"त्यो कथा पनि मैले सुनेको छुं, भन्ते ।"



Downloaded from http://dhamma.digital

"के त्यो विद्याधर पनि परित्राणकै आधारमा त्यसरी बच्न सकेको होइन र ?"

"हो भन्ते। त्यसरी नै भनिन्छ।"

"त्यसैले महाराज, परित्राणमा रक्षा गर्ने शक्ति छ।"

"भन्ते नागसेन, के परित्राण पाठ गर्नाले सबैको रक्षा हुन्छ ?"

"महाराज, परित्राणले कसैको रक्षा गर्छ त कसैको रक्षा नगर्न पनि सक्छ।"

"भन्ते नागसेन, परित्राणले किन सबैको रक्षा गर्दैन ?"

"महाराज, के सबै खाना खानाले नै जीवित हुन्छन् ?"

"भन्ते नागसेन, कोही खाना खानाले जीवित हुन्छन् त कोही खाना खानाले नै मर्छन् पनि।"

"त्यसो किन हुन्छ, महाराज ?"

"किनभने, भन्ते नागसेन, चाहिने भन्दा धेरै बढि खाएमा र खाएको कुरो पचाउन नसक्ने अवस्थामा, खाना पनि विष तुल्य हुन सक्छ।"



Downloaded from http://dhamma.digital

"त्यसरी नै महाराज, परित्राण पाठ गर्नाले कसैको रक्षा हुन्छ भने कसैको रक्षा नहुन पनि सक्छ। कूकर्ममा लागेमा, पापको प्रकोप बढेमा र परित्राणप्रति श्रद्धा नराखेमा परित्राणले रक्षा नगर्ने पनि हुनसक्छ। त्यसैले परित्राणमा रक्षा गर्ने शक्ति भएतापनि परित्राण वास्तविक रूपमा सार्थक हुने वा नहुने भन्ने कुरो परित्राण पाठ गर्ने व्यक्तिमै निर्भर रहन्छ।

महाराज, आमाले बच्चालाई पेटमा हुर्काउँछिन् र जन्मेपछि ज़वान नभएसम्म उसको राम्ररी स्याहार-सुसार पनि गर्छिन्। आफ्नो बच्चालाई कसैले अनाहकमा गालि गरेमा वा पिटेमा आमाचाहिंले त्यसलाई समातेर लगेर गाउँको मुखियासम्म उभ्याउँछिन् पनि। तर त्यो बच्चा कुलतमा लागेमा वा अट्टेरी भएमा आमाचाहिं आफैंले पनि त्यस बच्चालाई गालि गर्छिन् र पिट्छिन् पनि। कुनै आमाले कुनै खराब बच्चालाई त्यसरी गालि वा पिट्दा के त्यस आमाचाहिंलाई पनि कसैले समातेर गाउँको मुखिया सामू उभ्याउन लैजान्छ ?"

"लैजाँदैन, भन्ते।"

"किन महाराज"

"किन भने त्यो बच्चा आफैं खराब भएकाले।"

"त्यसरी नै महाराज परित्राणमा रक्षा गर्ने शक्ति भएतापनि परित्राण पाठ गर्नेको आफ्नै खराबीको कारण कसैको लागि परित्राण निरर्थक पनि हुन सक्छ।"



Downloaded from http://dhamma.digital

"धन्य भन्ते नागसेन । तपाईंले दुविधा हटाइदिनु भयो । अन्धकार मिटाइदिनु भयो। दृष्टिभ्रम सुल्झाइदिनु भयो। सत्य प्रतिस्थापन गरिदिनु भयो ।"

## (५) बुद्धप्रति मारको द्रोह सम्बन्धमा

"भन्ते नागसेन, भिक्षुहरू के भन्छन् भने- 'बुद्धलाई चीवर, पिण्डपात्र, शयनासन र ग्लान प्रत्यय, यी चार परिष्कार सधैं उपलब्ध हुन्छ ।' साथै के पनि भनिएको छ भने- 'बुद्धले पञ्चशाल नामको ब्राम्हणहरूको गाउँमा भिक्षाटन गर्न गएको बेलामा केही पनि नपाई खालि पात्र फर्कनु परेको थियो ।' भन्ते नागसेन, यदि 'बुद्धलाई चीवर, पिण्डपात्र, शयनासन र ग्लान प्रत्यय, यी चार परिस्कार सधैं उपलब्ध हुन्छ' भन्ने कुरो सत्य भएमा, 'बुद्धले पञ्चशाल नामको ब्राह्मणहरूको बस्तीमा भिक्षाटन गर्न गएको बेलामा केही पनि नपाई खालि पात्र फर्कनु परेको थियो' भन्ने कुरो असत्य हुनुपर्छ। यदि 'बुद्धले पञ्चशाल नामको ब्राह्मणहरूको बस्तीमा भिक्षाटन गर्न गएको बेलामा केही पनि नपाई खालि पात्र फर्कनु परेको थियो' भन्ने कुरो सत्य भएमा, 'बुद्धलाई चीवर, पिण्डपात्र, शयनासन र ग्लान प्रत्यय, यी चार परिस्कार सधैं उपलब्ध हुन्छ,' भन्ने कुरो असत्य हुनुपर्छ। यो पनि एउटा सुल्झाउन कठीन दुविधा हो। यो दुविधा पनि निवारण गरिदिनु-होस् ।"



Downloaded from http://dhamma.digital

"महाराज, 'बुद्धलाई चीवर, पिण्डपात्र, शयनासन र ग्लान प्रत्यय, यी चार परिस्कार सधैं उपलब्ध हुन्छ' भन्ने कुरो सत्य हो। 'बुद्धले पञ्चशाल नामको ब्राह्मणहरूको बस्तीमा भिक्षाटन गर्न गएको बेलामा केही पनि नपाई खालि पात्र फर्कनु पर्नुमा पापी मारको षडयन्त्र थियो।"

"भन्ते नागसेन, भगवान बुद्धले असंख्य कल्पहरूसम्म गरेको पुण्यको प्रभाव के त्यसबेला समाप्त भएको थियो ? भगवान बुद्धले गरेको पुण्यको प्रभावलाई पापी मारले कसरी निस्तेज पार्न सकेको थियो ? भन्ते नागसेन, यदि कुरो त्यस्तै हो भने या त पुण्य भन्दा पापको प्रभाव शक्तिशाली छ भनेर मान्नु पर्‍यो, होइन भने बुद्धभन्दा पापी मार बढी शक्तिशाली रहेछ भनेर मान्नु पर्‍यो। तर रूखको फेदभन्दा हाँगा कसरी गह्रौं हुन्छ ? पुण्यभन्दा पापको पहल कसरी भारी हुन्छ ?"

"महाराज, पुण्यभन्दा पापको पहल भारी हुने होइन; न त बुद्धभन्दा पापी मार बलियो भएको न हो। यहाँ तथ्य कुरो अर्कै छ।

मानौं, एकजना मान्छे राजालाई मह या त्यस्तै कुनै बस्तु भेट चढाउँछु भनेर राजदरवारतिर गएछ र त्यसरी जाने मानिसलाई राजाको कुनै एकजना द्वारपालले यसरी भनेछ- 'राजालाई भेट चढाउने बेला यो होइन। जाउ चाँडै यहाँबाट भागिहाल। अन्यथा राजदण्डको भागी हुनेछौ।' त्यो सुनेर राजालाई भेट चढाउन जाने



Downloaded from http://dhamma.digital

मान्छे डराएर भागेछ । के त्यसो भयो भन्दैमा राजा त्यो द्वारपाल-भन्दा कमजोर ठहरिन्छ ? के राजाले फेरि कुनै भेट नै पाउँदैन र ?"

"त्यसो हुँदैन भन्ते । त्यो द्वारपालले आफ्नो रुखो स्वभावको कारण राजालाई भेट चढाउन जाने त्यस मानिसलाई त्यसरी तर्साएर फर्काए पनि राजाले अन्य द्वारबाट त्यो भन्दा धेरै गुणा बढी भेटहरु पाइरहेकै हुन्छ ।"

"त्यसरी नै महाराज, पापी मारले बुद्धप्रति द्रोह गरी पञ्चशाल गाउँका ब्राह्मणहरूलाई बुद्धलाई पिण्डदान दिनुबाट बञ्चित गरेतापनि अन्य सयौं हजारौं देवताहरू भगवान बुद्धलाई अति भक्तिभाव पूर्वक दिव्य ओजयुक्त भोजनदान गर्न उपस्थित भएका थिए ।"

"भन्ते नागसेन, संसारको सर्वोत्तम पुरुष भगवान बुद्धलाई देवता र मनुष्यहरूले सधैं नियमित रूपमा चैतु परिस्कार उपलब्ध गराए नै होलान् । तर पनि पापी मारले पञ्चशाल गाउँका ब्राह्मणहरू-लाई बुद्धलाई पिण्डदान दिनुबाट बञ्चित गरेर केही बाधा पुऱ्याउनमा त सफलता पाएरै छोडयो । त्यो कसरी हुन सक्यो भन्ने सन्देह अझै निवारण भएको छैन । सम्पूर्ण देवता र मनुष्यहरूमा सर्वश्रेष्ठ, सम्पूर्ण पुण्यको खानि, अद्वितीय, अनुत्तर, सम्यक सम्बुद्ध तथागतले पाउने भोजनदानमा मार जस्तो तुच्छ, नीच, पापी व्यक्तिले कसरी बाधा पुऱ्याउन सक्यो ?"



Downloaded from http://dhamma.digital

"महाराज, दान कार्यमा चार प्रकारले बाधा पुऱ्याइन्छ कुनै खास व्यक्तिलाई दान दिन्छु भनेर नछुटयाउँदै दानमा बाधा पुऱ्याउनु, कुनै खास व्यक्तिलाई दान दिन्छु भनेर छुटयाएको दानमा बाधा पुऱ्याउनु, कुनै खास व्यक्तिलाई दिनै लागेको दानमा बाधा पुऱ्याउनु र कुनै खास व्यक्तिले पाएको दान उपभोग गर्न लागेको बेलामा बाधा पुऱ्याउनु ।

महाराज, पापी मारले पञ्चशाल गाउँका ब्राह्मणहरूद्वारा हुन दानमा पुऱ्याएको बाधा पहिलो प्रकृतिको बाधा हो । त्यसदिन पापी मारले पञ्चशाल गाउँका ब्राह्मणहरूलाई बुद्धलाई दान दिनुबाट मात्र होइन कुनै पनि याचकलाई दान दिनुबाट बञ्चित गराएको थियो । महाराज, बुद्धलाई दान दिन्छु भनेर छुटयाएको दानमा अथवा बुद्धलाई दान दिनै लागेको अथवा बुद्धले पाएको दान उपभोग गर्न लागेकोमा कुनै किसिमले बाधा पुऱ्याउन सक्ने देव, मनुष्य, मार, बह्मा, श्रमण र ब्राह्मण कोही पनि छैन । यदि कसैले बुद्धप्रति द्वेषभाव राखी त्यसो गर्ने दुस्साहस गरेमा उसको टाउको सयौं, हजारौं टुक्रा हुने गरी फुट्ने छ ।

महाराज, बुद्धका चार कुराहरूमा कसैले कुनै पनि प्रकारले कति पनि बाधा पुऱ्याउन सक्ने छैन । ती चार कुराहरू हुन्- बुद्धलाई दान दिन्छु भनेर छुटयाएको दानमा बाधा पुऱ्याउनु, बुद्धको शरीरबाट व्यामभर फैलने पञ्चरश्मी फिका पार्नु, बुद्धले थाहा पाउन चाहेको कुरो बुद्धले थाहा नपाउने गरी लुकाउनु र बुद्धलाई पूरा आयु जिउनुबाट रोक्नु । यी चार कुराहरू समान महत्वका हुन् । यसमा कसैले कुनै



Downloaded from http://dhamma.digital

प्रकारले पनि थप घट वा तल माथि पार्न सक्ने छैन । त्यसैले नै पापी मार छलकपट गरी लुकीछिपी पञ्चशाल गाउँका ब्राह्मणलाई बुद्धलाई दान दिनुबाट बञ्चित गर्नमा लागेको थियो ।

महाराज, चोर लुटेराहरू सीमा प्रान्तमा लुकीछिपी बाटोमा हिंड्नेहरूलाई लुट्नमा लाग्दछन् । यदि तिनीहरूलाई राजाले भेटाए भने के उनीहरूको खैरियत हुन्छ ?"

"हुँदैन भन्ते । राजाले भेटाए भने उनीहरूलाई टुक्रा टुक्रा पार्नेछन् ।"

"त्यसैले महाराज, पापी मार छलकपट गरी लुकीछिपी पञ्चशाल गाउँका ब्राह्मणहरूलाई बुद्धलाई दान दिनुबाट बञ्चित गर्नमा लागेको थियो ।

महाराज, जसरी कुनै विवाहित आइमाई लुकीछिपी परपुरुष-सित लाग्छिन्, त्यसरी नै पापी मार लुकीछिपी पञ्चशाल गाउँका ब्राह्मणहरूलाई बुद्धलाई दान दिनुबाट बञ्चित गर्नमा लागेको थियो । यदि कुनै विवाहिता आइमाई आफ्नो पतिले देख्ने गरी परपुरुषसित लागेमा त्यसको के हाल हुन्छ ?"

"तिनको पतिले अवश्य पनि तिनलाई मार्नेछ, पिट्ने छ अथवा दासी या रखौटी बनाउने छ ।"

"त्यसैले महाराज, पापी मार लुकी छिपी पञ्चशाल गाउँका ब्राह्मणहरूलाई बुद्धलाई दान दिनुबाट बञ्चित गर्नमा लागेको थियो ।



Downloaded from http://dhamma.digital

यदि पापी मारले बुद्धलाई दान दिन्छु भनेर छुटचाएको दानमा वा बुद्धलाई दिनै लागेको दानमा वा बुद्धले पाएको दान उपभोग गर्न लागेकोमा बाधा पुऱ्याउने दुस्साहस गरेको भए उसको टाउको सयौं हजारौं टुक्रा हुने गरी फुट्ने थियो।"

"ठीक हो भन्ते नागसेन। पापी मारले चोरले झैं लुकीछिपी पञ्चशाल गाउँका ब्राह्मणहरूलाई बुद्धलाई दान दिनुबाट बञ्चित गरेको थियो। यदि पापी मारले बुद्धलाई दान दिन्छु भनेर छुटचाएको दानमा वा बुद्धलाई दिनै लागेको दानमा वा बुद्धले पाएको दान उपभोग गर्न लागेकोमा बाधा पुऱ्याउने दुस्साहस गरेको भए उसको टाउको सयौं हजारौं टुक्रा हुने गरी फुट्ने थियो या उसको शरीर भूस झैं हावामा छरिने थियो। ठीक छ भन्ते नागसेन। मैले कुरा बुझें।"

## (६) पाप सम्बन्धि प्रश्न

"भन्ते नागसेन, भिक्षुहरू के भन्छन् भने- 'हिंसा गर्नु पाप हो भन्ने कुरो थाहा नपाई हिंसा गर्नेलाई बढी पाप लाग्छ।' तर विनय प्रज्ञप्तिको बेलामा भगवान बुद्धले यसरी भनेका छन्- 'बेहोशमा हुने कार्य आपत्तिजनक छैन।' भन्ते नागसेन, यदि हिंसा गर्नु पाप हो भन्ने कुरो थाहा नपाई हिंसा गर्नेलाई झन् बढी पाप लाग्छ भन्ने कुरो सत्य हो भने विनय प्रज्ञप्तिको समयमा बुद्धले 'बेहोशमा हुने कार्य आपत्तिजनक छैन' भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ। यदि विनय प्रज्ञप्तिको समयमा बुद्धले 'बेहोशमा हुने कार्य आपत्तिजनक छैन'



Downloaded from http://dhamma.digital

भनेका छन् भन्ने कुरो सत्य हो भने, हिंसा गर्नु पाप हो भन्ने कुरो थाहा नपाई हिंसा गर्नेलाई झन बढी पाप लाग्ने कुरो असत्य हुनुपर्छ । यो एउटा सुल्झाउन गाह्रो दुविधा हो । कृपया यो दुविधा सुल्झाइदिनु-होस् ।"

"महाराज, हिंसा गर्नु पाप हो भन्ने कुरो थाहा नपाई हिंसा गर्नेलाई झन बढी पाप लाग्ने कुरो सत्य हो र विनय प्रज्ञप्तिको समयमा भगवान बुद्धले 'बेहोशमा हुने कार्य आपत्तिजनक छैन' भनेका छन् भन्ने कुरो पनि सत्य नै हो । तर ती दुई भनाइको अर्थमा भिन्नता छ । मुख्य कुरो के हो भने, महाराज, मन संलग्न भई गरिने पाप कर्म आपत्तिजनक छ र मन संलग्न नहुने गरी बेहोशमा गरिने कार्य आपत्तिजनक छैन । यही कुरो बुझाउनाको लागि 'बेहोशमा (मन संलग्न नहुने गरी) हुने कार्य आपत्तिजनक छैन' भनेका हुन् ।"

"ठीक छ भन्ते । मैले कुरो बुझें ।"

## (७) भिक्षु संघप्रति बुद्धको मनमा हुने निरपेक्षता सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'आनन्द, भिक्षुसंघको सञ्चालक मै हुँ अथवा भिक्षुसंघ मेरो इशारानुसार चलोस् भन्ने भाव तथागतको मनमा हुँदैन ।' साथै भावी बुद्ध मैत्रियको गुण प्रकाश गर्ने सन्दर्भमा बुद्धले पनि भनेका छन्- 'मैत्रिय बुद्धल



Downloaded from http://dhamma.digital

हजारौं भिक्षुसंघ सञ्चालन गर्नेछन्, जब कि म अहिले सयौं भिक्षुसंघ मात्र सञ्चालन गर्दै छुं।' भन्ते नागसेन, यदि भगवान बुद्धले 'भिक्षु संघको सञ्चालक मै हुं अथवा भिक्षु संघ मेरो इशारानुसार चलोस् भन्ने भाव तथागतको मनमा हुँदैन' भनेका छन् भन्ने कुरो सत्य भए, उनले 'मैत्रिय बुद्धले हजारौं भिक्षु संघ सञ्चालन गर्नेछन्, जब कि म अहिले सयौं भिक्षु संघ मात्र सञ्चालन गर्दै छुं' भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ। यदि भगवान बुद्धले- 'मैत्रिय बुद्धले हजारौं भिक्षुसंघ सञ्चालन गर्नेछन्, जब कि म अहिले सयौं भिक्षुसंघ मात्र सञ्चालन गर्दै छुं' भनेका छन् भन्ने कुरो सत्य भए, भगवान बुद्धले 'भिक्षुसंघको सञ्चालक मै हुं अथवा भिक्षुसंघ मेरो इशारानुसार चलोस् भन्ने भावना तथागतको मनमा हुँदैन' भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ। कृपया यो दुविधा पनि सुल्झाइदिनुहोस्।"

"महाराज, भगवान बुद्धले 'भिक्षुसंघको सञ्चालक मै हुं अथवा भिक्षुसंघ मेरो इशारानुसार चलोस् भन्ने भावना तथागतको मनमा हुँदैन' भनेका छन् भन्ने कुरो सत्य हो र भगवान बुद्धले 'मैत्रिय बुद्धले हजारौं भिक्षुसंघ सञ्चालन गर्नेछन्, जब कि म अहिले सयौं भिक्षुसंघ मात्र सञ्चालन गर्देछुं' भनेका छन् भन्ने कुरो पनि सत्य नै हो। महाराज, उल्लेखित बुद्ध-वचनहरू मध्ये पहिलो बुद्ध-वचनले यथार्थलाई बुझाउँछ र दोश्रो बुद्ध-वचनले व्यवहारिक अर्थ मात्र बुझाउँछ। कुरो के हो भने, बुद्धले भिक्षुसंघको नेतृत्व गर्ने होइन बरू भिक्षुसंघले बुद्धलाई आफ्नो नेता मान्ने हो। व्यवहारिक भाषामा म-मेरो भनिनु



Downloaded from http://dhamma.digital

परेतापनि यथार्थमा म-मेरो भन्ने कुरो केही पनि छैन । भगवान बुद्ध कुनै कुराप्रति पनि आशक्त हुँदैनन् । भगवान बुद्धमा म-मेरो भन्ने भाव रत्ति पनि हुँदैन । उनी खालि अरूका लागि मात्र बाँचेका हुन्छन् ।

महाराज, जसरी पृथ्वीमा रहेका प्राणीहरू सबैको आधार पृथ्वी भएतापनि 'पृथ्वीमा रहेका प्राणीहरू सबै मेरा हुन्' भन्ने भावना पृथ्वीमा हुँदैन त्यसरी नै सम्पूर्ण सत्व प्राणीको उद्धार गर्ने भगवान बुद्ध भएतापनि भगवान बुद्धको मनमा 'सत्व प्राणीहरू सबै मेरा हुन्' भन्ने भावना हुँदैन ।

महाराज, महामेघले पानीको रूपमा बर्सेर घाँसपात, रूख विरूवा, पशुपंक्षी र मानिसहरूको बृद्धि हुनमा सहयोग पुऱ्याउँछ, उनीहरूको जीवन सिलसिला कायम गर्छ । तर पनि महामेघमा घाँस-पात, रूखविरूवा, पशुपंक्षी र मानिसहरू मेरा हुन् भन्ने भावना हुँदैन । त्यसरी नै भगवान बुद्ध सम्पूर्ण सत्व प्राणीहरूलाई पुण्य कार्यमा लगाउँछन् र अनुशासित पार्दछन्, तर पनि बुद्धको मनमा सत्व प्राणीहरू मेरा हुन् भन्ने भावना हुँदैन । किनभने भगवान बुद्धमा म-मेरो भन्ने आत्म भाव समूल नष्ट भइसकेको हुन्छ ।"

"धन्य भन्ते नागसेन । तपाईंले मानिसहरूको दुविधा हटाउन अनेक प्रकारले तथ्य सम्झाउनु भएको छ । अन्धकार हटाइदिनु भएको छ । विपक्षीहरूको तर्क काटिदिनु भएको छ । बुद्धका अनुयायीहरूलाई ज्ञान चक्षु दिनुभएको छ ।"



Downloaded from http://dhamma.digital

## (८) बुद्धका अनुयायीहरू नभड्किने सम्बन्धमा

"भन्ते नागसेन, भिक्षुहरू के भन्छन् भने 'बुद्धका अनुयायीहरू भड्किने छैनन् ।' फेरि उनीहरू के पनि भन्छन् भने, 'देवदत्तले एकसाथ पाँचसय भिक्षुहरूलाई बहकाएर लगेको थियो। भन्ते नागसेन, यदि बुद्धका अनुयायीहरू नभड्किने भए देवदत्तले एकसाथ पाँचसय भिक्षुहरूलाई बहकाएर लगेको कुरो असत्य हुनुपर्छ। यदि देवदत्तले एकसाथ पाँचसय भिक्षुहरूलाई बहकाएर लगेको कुरो सत्य भए, बुद्धका अनुयायीहरू नभड्किने कुरो असत्य हुनुपर्छ । यो दुविधा तपाइँको सामू राखेको छुं। यो दुविधा अति नै गम्भीर प्रकृतिको छ। मानिसहरूलाई अलमल्याउने प्रकृतिको छ। फँसाउने प्रकृतिको छ। कृपया आफ्नो प्रज्ञाबलले विपक्षीहरूको यो तर्क काटिदिनुहोस् ।"

"महाराज, बुद्धका अनुयायीहरू नभड्किने कुरो सत्य हो र देवदत्तले एकपल्ट एकसाथ पाँचसय भिक्षुहरूलाई बहकाएर लगेको पनि सत्य नै हो। तर यहाँनेर राम्ररी बुझ्नु पर्ने मुख्य कुरो के छ भने देवदत्तले बुद्धदेखि भड्किएका पाँचसय अज्ञानी भिक्षुहरूलाई साथ लिएर गएको थिएन बरू देवदत्तले पाँचसय अज्ञानी भिक्षुहरूलाई बहकाएर लगेको थियो। बहकाउनेले मेहनत गरेपछि अज्ञानीहरू बहकिनु स्वाभाविक कुरो हो। बहकाउनेले धेरै कोशिस गरेपछि आमालाई छोराबाट बहकाउन सक्छ, छोरालाई आमाबाट बहकाउन सक्छ, बाबुलाई छोराबाट बहकाउन सक्छ, छोरालाई बाबुबाट



Downloaded from http://dhamma.digital

बहकाउन सक्छ, दाजुलाई बहिनीबाट बहकाउन सक्छ, बहिनीलाई दाजुबाट बहकाउन सक्छ, र साथीलाई साथीबाट बहकाउन सक्छ जस्तो कि पानीको छालले डुङ्गाका पटरीहरू छुटयाउन सक्छ, हावाको झोंकाले रूखबाट फलहरू झार्न सक्छ, फलामे घनले पिटेर सुन टुक्रा टुक्रा पार्न सक्छ। तर कुनै पनि विज्ञजनले या बुद्धिमानले या पण्डितले बुद्धका अनुयायीहरूलाई बहकाउने निरर्थक कार्य गर्ने छैन। किनभने बुद्धले कसैको चित्त दु:ख्ने वचन बोल्दैनन्, अभद्र व्यवहार गर्दैनन्, नराम्रो आचरण अपनाउँदैनन् र पक्षपातपूर्ण कार्य गर्दैनन्। बुद्धका नवाङ्गका अनुयायीहरू मध्ये कोही भड्किनु पर्ने कुनै कारण तपाईंलाई थाहा छ, महाराज़ ?"

"थाहा छैन भन्ते। कुनै त्यस्तो कारण देखेको पनि छैन र सुनेको पनि छैन। धन्य भन्ते नागसेन। मैले कुरो बुझें।"

(अभेद्य वर्ग समाप्त भयो।)

★



Downloaded from http://dhamma.digital

# ३. निष्कासन वर्ग

## (१) धर्मको श्रेष्ठता सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'वाशिष्ट वर्तमानको लागि र भविष्यको लागि पनि धर्म नै सर्वश्रेष्ठ छ।' तर अझैं धर्मलाभ गरि नसकेका भिक्षु र श्रामणेरलाई पनि सम्यक मार्गमा बाटो नबिराउने गरी सम्यक दृष्टि पाइसकेका धर्मलाभी गृहस्थ श्रोतापन्नले अभिवादन गर्ने गरेका छन्। भन्ते नागसेन, यदि भगवान बुद्धले वर्तमानको लागि र भविष्यको लागि पनि धर्म नै सर्वश्रेष्ठ छ भनेका छन् भन्ने कुरो सत्य हो भने, अझैं धर्मलाभ गरिनसकेको भिक्षु र श्रामणेरलाई सम्यक मार्गमा बाटो नबिराउने गरी सम्यक दृष्टि पाइसकेका धर्मलाभी गृहस्थ श्रोतापन्नले अभिवादन गर्नु अनुचित हुनुपर्छ। यदि अझैं धर्मलाभ गरि नसकेका भिक्षु र श्रामणेरलाई सम्यक मार्गमा बाटो नबिराउने गरी सम्यक दृष्टि पाइसकेका धर्मलाभी गृहस्थ श्रोतापन्नले अभिवादन गर्नु उचित भए, भगवान बुद्धले वर्तमानको लागि र भविष्यको लागि पनि धर्म नै सर्वश्रेष्ठ छ भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ। मैले यो दुविधा तपाईंको सामु राखेको छुं। कृपया यो दुविधा सुल्झाइदिनुहोस्।"

"महाराज, भगवान बुद्धले वर्तमानको लागि र भविष्यका



Downloaded from http://dhamma.digital

लागि पनि धर्म नै सर्वश्रेष्ठ छ भनेका छन् भन्ने कुरो सत्य हो। अनि अझैं धर्मलाभ गरिनसकेका भिक्षु र श्रामणेरलाई सम्यक मार्गमा बाटो नबिराउने गरी सम्यक दृष्टि पाइसकेका धर्मलाभी गृहस्थ श्रोतापन्नले अभिवादन गर्नु पनि उचित नै छ। किनभने एकजना भिक्षु वा श्रामणेरमा श्रमणत्वका बीसओटा गुणहरू र दुइओटा चिन्हहरू हुन्छन्, जसको सम्मान गर्नु कुनै पनि स्तरको गृहस्थको धर्म हो।

स्वशासित हुनु, अनुशासित हुनु, सुकर्म गर्नु, शान्त हुनु, संयमित हुनु, इन्द्रियवशमा लिनु, क्षमादायी हुनु, सुशील हुनु, एकान्तबासी हुनु, एकान्त वातावरण नबिगार्ने हुनु, एकान्तमा ध्यानमग्न हुनु, लाजलाग्ने र भययुक्त कार्य नगर्नु, वीर्यवान हुनु, अप्रमादी हुनु, शील र विनय पालन गर्नु, धर्माध्यायन गर्नु, धर्म सम्बन्धि नबुझेको कुरो गुरुसित सोध्नु, धर्माचरण गर्नु, गृहत्यागी हुनु र धर्मलाभ गर्नमा निरन्तर लाग्नु यी बीसओटा श्रमण गुणहरू हुन् तथा काषाय बस्त्र धारणा गर्नु र शीर मुड्नु श्रमणत्वका दुई चिन्हहरू हुन्। एकजना भिक्षु वा श्रामणेर उपरोक्त लक्षणहरू र चिन्हहरूले युक्त भई अरहन्तत्व प्राप्त गर्नाको लागि निरन्तर रूपमा अग्रसर भइरहेको हुन्छ। त्यसैले एकजना भिक्षु वा श्रामणेरलाई सबै स्तरका गृहस्थ लगायत श्रोतापन्न गृहस्थले पनि अभिवादन गर्नु उचित छ।

भिक्षुहरू आस्रव क्षय गरिसकेका अरहन्तहरूको समूहमा बस्छन्, तर आफू त्यसरी बस्नमा अझैं समर्थ भएको छैन भन्ने कुरो सम्झेर पनि श्रोतापन्न गृहस्थले भिक्षुहरूलाई अभिवादन गर्नु उचित छ।

भिक्षुहरू विशेष उपाधि प्राप्त अग्र भिक्षुहरूको समूहमा



Downloaded from http://dhamma.digital

बस्दछन्, तर आफू अझैं त्यस स्थानमा पुगेको छैन भन्ने कुरो सम्झेर पनि श्रोतापन्न गृहस्थले भिक्षुहरूलाई अभिवादन गर्नु उचित छ ।

भिक्षुहरू प्रतिमोक्ष सम्बन्धि उपदेश सुन्ने अधिकार पाएका हुन्छन्, तर आफू अझैं त्यस स्तरमा पुग्न सकेको छैन भन्ने कुरो सम्झेर पनि श्रोतापन्न गृहस्थले भिक्षुहरूलाई अभिवादन गर्नु उचित छ ।

भिक्षुहरूले अरूलाई प्रव्रज्या र उपसम्पदा दिएर बुद्धशासनमा टेवा पुऱ्याउने अधिकार पाएका हुन्छन्, तर आफू अझैं त्यस स्तरमा पुग्न सकेको छैन भन्ने कुरो सम्झेर पनि श्रोतापन्न गृहस्थले भिक्षुहरू-लाई अभिवादन गर्नु उचित छ ।

भिक्षुहरू विभिन्न प्रकारका धेरै शिक्षापदहरू पालना गरेका हुन्छन्, तर आफू अझैं त्यस स्तरमा पुग्न सकेको छैन भन्ने कुरो सम्झेर पनि श्रोतापन्न गृहस्थले भिक्षुहरूलाई अभिवादन गर्नु उचित छ ।

भिक्षुहरू श्रमणत्वका गुणहरू र चिन्हहरू बोकेर बुद्धको उद्देश्य पूर्ति गर्नमा लागेका हुन्छनै, तर आफू अझैं त्यस स्तरमा पुग्न सकेको छैन भन्ने कुरो सम्झेर पनि श्रोतापन्न गृहस्थले भिक्षुहरूलाई अभिवादन गर्नु उचित छ ।

भिक्षुहरू दाह्री-जुङ्गा काटी कुनै प्रकारको सिङ्गारपटार नगरी खालि शील पालनाले मात्रै सुशोभित भएका हुन्छन्, तर आफू अझैं त्यसो हुन नसकी अनेक प्रकारका आभूषणहरू लगाई ठाँट गर्नमा लागिरहेको छु भन्ने कुरो सम्झेर पनि श्रोतापन्न गृहस्थले भिक्षुहरूलाई अभिवादन गर्नु उचित छ ।



Downloaded from http://dhamma.digital

भिक्षुहरू एकजना श्रमणमा हुनुपर्ने बीसओटा गुणहरू र दुई ओटा चिन्हहरूले सुसज्जित हुनुका साथै अरूहरूलाई पनि त्यसो हुन सिकाउने हुन्छन्, तर आफू अझै त्यसो गर्नमा समर्थ भइसकेको छैन भन्ने कुरो सम्झेर पनि श्रोतापन्न गृहस्थले भिक्षुहरूलाई अभिवादन गर्नु उचित छ।

महाराज, राजकुमारहरू पुरोहित कहाँ गएर विद्या हासिल गर्दछन्, क्षत्रिय धर्म सिक्दछन् र उमेर पुगेपछि राजकाज चलाउनमा लाग्दछन्, तर पनि राजकुमारहरू जीवन पर्यन्त पुरोहितहरूलाई आफ्नो गुरु सम्झेर अभिवादन गर्दछन्। त्यसरी नै भिक्षुहरू शिक्षादिने पीढीका हुन् भन्ने कुरो सम्झेर श्रोतापन्न गृहस्थले भिक्षुहरूलाई अभिवादन गर्नु उपयुक्त छ।

महाराज, भिक्षुत्वको महत्व कति ठूलो छ भन्ने कुरो के तथ्यले पनि राम्ररी बुझ्न सकिन्छ भने यदि श्रोतापन्न गृहस्थले अरहन्तत्व पाएछ भने उनको लागि दुइओटा बाटो मात्र खुला हुनेछ- या त उनले त्यही दिन परिनिर्वाण पाउने छ या भिक्षुत्व ग्रहण गर्नु पर्नेछ। उनको लागि कुनै तेश्रो बाटो सम्भव नै हुँदैन। यसरी भिक्षुत्व अचल, उत्तम र श्रेष्ठ छ।"

"मैले कुरो राम्ररी बुझें, भन्ते नागसेन। तपाईंले आफ्नो ज्ञान र बुद्धि लगाएर मेरो प्रश्नको अति राम्रोसित जवाफ दिनु भएको छ। तपाइँ जस्तो बुद्धिमानले बाहेक अरूले यसरी मेरो चित्त बुझ्ने गरी जवाफ दिन सक्ने थिएन।"



Downloaded from http://dhamma.digital

## (२) बुद्धले सबैको हित गर्छन् भन्ने सम्बन्धमा

"भन्ते नागसेन, भिक्षुहरू के भन्छन् भने- 'तथागतले सत्व प्राणीहरूको अहित हुने सम्भावना हटाई सबैको हित हुने कार्यमात्र गर्दछन् ।' भिक्षुहरू फेरि के पनि भन्छन् भने- 'भगवान बुद्धले अग्निस्कन्धोपम सम्बन्धमा उपदेश दिएको बेलामा साठी जना भिक्षुहरूले रगत वमन गरेका थिए । त्यसरी त्यस अग्निस्कन्धोपम सम्बन्धि उपदेशले ती साठीजना भिक्षुहरूलाई हित होइन अहित पुऱ्याएको थियो । भन्ते नागसेन, यदि तथागतले सत्व प्राणीहरूको अहित हुने सम्भावना हटाई सबैको हित हुने कार्यमात्र गर्दछन् भन्ने कुरो सत्य भए, भगवान बुद्धले अग्निस्कन्धोपम सम्बन्धमा उपदेश दिएको बेलामा साठीजना भिक्षुहरूले रगत वमन गरेका थिए भन्ने कुरो असत्य हुनु पर्छ । यदि भगवान बुद्धले अग्निस्कन्धोपम सम्बन्धमा उपदेश दिएको बेलामा साठीजना भिक्षुहरूले रगत वमन गरेका थिए भन्ने कुरो सत्य भए, तथागतले सत्व प्राणीहरूको अहित हुने सम्भावना हटाई सबैको हित हुने कार्य मात्र गर्दछन् भन्ने कुरो असत्य हुनुपर्छ । यो दुविधा पनि मैले तपाईं सामू प्रस्तुत गरेको छुं । कृपया यो दुविधा सुल्झाइ-दिनुहोस् ।"

"महाराज, तथागतले सत्व प्राणीहरूको अहित हुने सम्भावना हटाई सबैको हित हुने कार्य मात्र गर्दछन् भन्ने कुरो सत्य हो र उनले अग्निस्कन्धोपम सम्बन्धि उपदेश दिएको बेलामा साठीजना भिक्षुहरूले



Downloaded from http://dhamma.digital

रगत वमन गरेको कुरो पनि सत्य नै हो। तर ती साठीजना भिक्षुहरूले रगत वमन गर्नुमा बुद्धको कुनै दोष थिएन त्यसमा ती साठीजना भिक्षुहरूकै मात्र दोष थियो।"

"भन्ते नागसेन, यदि तथागतले अग्निस्कन्धोपम सम्बन्धमा उपदेश नदिएका भए के ती साठीजना भिक्षुहरूले त्यसरी रगत वमन गर्ने थिए ?"

"थिएनन्, महाराज। भगवान बुद्धले धर्मस्कन्धोपम सम्बन्धमा उपदेश दिएको सुनेपछि पाप कार्यमा लागेका ती साठीजना भिक्षुहरूको मनमा एक प्रकारको जलन उत्पन्न भएको थियो। त्यही जलनको कारण तिनीहरूले रगत वमन गरेका थिए।"

"त्यसो भए तथागत कै कारण उनीहरूले रगत वमन गरेका थिए। तथागत नै उनीहरूको विनाशको कारण भयो। जसरी खेतको आलिमा काम गर्दा आलिमा कमिलाको प्वालभित्र लुकेर बस्ने साँप प्वाल थुनी मरेमा सो को दोष खेतको आलिमा काम गर्ने किसान माथि पर्छ, त्यसरी नै भगवान बुद्ध पनि ती साठीजना भिक्षुहरूको विनाशको कारण भयो।"

"महाराज, तथागतले कसैलाई रिझाउने या कसैलाई आघात पुऱ्याउने उद्देश्यले धर्मोपदेश गर्दैनन्। उनी कसैलाई रिझाउने अथवा



Downloaded from http://dhamma.digital

कसैलाई चोट पुऱ्याउने मनशायबाट पूर्णतया मुक्त भई सत्यधर्मको प्रकाश गर्नमा लाग्दछन्। उनको धर्म देशनालाई सही रूपमा लिनेहरूको ज्ञान बढ्छ र गलत रूपमा लिनेहरू पतन हुन्छन्। जसरी आँप या जामुनाको रूख झट्कार्दा सद्दे फलहरू रुखमै अडिरहन्छन् र कुहेका, सडे-गलेका फलहरू मात्र भुइँमा झर्छन् त्यसरी नै कसैलाई रिझाउने वा कसैलाई चोट पुऱ्याउने भावबाट मुक्त भएर धर्मोपदेश गर्ने तथागतको धर्मोपदेशलाई सही रूपमा लिनेहरूको ज्ञान बढ्ने र गलत रूपमा लिनेहरू पतन हुने हुन्छन्।

महाराज, जसरी धानको खेति गर्न खेत खन्ने बेलामा घाँसहरू मर्छन्, त्यसरी नै भगवान बुद्धले परिपक्व व्यक्तिहरूलाई सत्य बोध गराउन धर्मदेशना गर्ने बेलामा त्यस धर्म देशनालाई सही रुपमा लिनेहरूको ज्ञान बढ्छ र गलत रूपमा लिनेहरू पतन हुन्छन्।"

महाराज, जसरी उखुबाट रस निकाल्न उखु पेल्ने बेलामा स-साना कीराहरू पनि उखुसँगै पिसिएर मर्छन्, त्यसरीनै परिपक्व व्यक्तिहरूलाई सत्य बोध गराउन तथागतले धर्मदेशना गर्ने बेलामा त्यस धर्म देशनालाई सही रूपमा लिन नसक्नेहरू पतन हुन्छन्।"

"भन्ते नागसेन, ती साठीजना भिक्षुहरू भगवान बुद्धले उनीहरूकै कारण दिएको धर्म देशना सुनेर पतन भएका होइनन् र ?"

"महाराज, के बाङ्गोटिङ्गो मुढा नछाँटिकन सोझो र चिल्लो काठ पाउन सकिन्छ ?"



Downloaded from http://dhamma.digital

"सकिँदैन भन्ते। मुढालाई काटछाँट नगरिकन सिधा र चिल्लो काठ पाउन सकिँदैन।"

"महाराज, त्यसरी नै खराब आचरणमा लाग्ने भिक्षुहरूलाई नडाँटिकन, भिक्षुहरूलाई सत्यबोध गराउन सकिँदैन। भिक्षुहरूलाई भड्कनुबाट बचाउन खराब आचरणमा लागेका कुनै भिक्षुहरूलाई नडाँटी नहुने अवस्था परेमा डाँट्नु पर्ने हुन्छ। खराब आचरणमा लाग्ने भिक्षुहरूलाई डाँट्ने बेलामा सुध्रनै नसक्ने गरी भड्कीसकेकाहरू कोही पतन पनि हुन्छन्।

महाराज, जसरी केराको बोट र बाँस आफ्नै उत्पादनको कारण नष्ट हुन्छन् त्यसरी नै नराम्रो कार्यमा लाग्नेहरू आफ्नै बुराइको कारण नष्ट हुन्छन्, पतन हुन्छन्।

महाराज, जसरी आफ्नै बुराइको कारण चोरहरूको आँखा निकालिन्छ, टाउँको काटिन्छ, त्यसरी नै नराम्रो कार्यमा लाग्नेहरू आफ्नै कुकर्मको कारण पतन हुन्छन्। महाराज, रगत वमन गर्ने ती साठीजना भिक्षुहरूको त्यस्तो दूर्दशा हुनुमा पनि भगवान बुद्धको कुनै दोष थिएन, न त अरू कसैको दोष नै थियो। त्यसमा सम्पूर्ण दोष ती भिक्षुहरूको आफ्नै थियो।

महाराज, मानौं कसैले अमृत बाँडेछन् र त्यो अमृत खाएर सबै निरोगी, स्वस्थ र दीर्घायु भएछन्, तर कोही त्यही अमृत पचाउन नसकेर मरेछन्। के त्यसो हुँदा त्यो अमृत बाँड्ने मान्छेलाई कुनै दोष लाग्नेछ ?"



Downloaded from http://dhamma.digital

"कुनै दोष लाग्ने छैन, भन्ते ।"

"त्यसरी नै तथागतले दशहजार लोकका सम्पूर्ण देवता र मनुष्यहरूका लागि अमृतमय धर्मदान गर्दछन् । ती धर्मोपदेश सुनेर असल मानिसहरूको ज्ञान बढ्छ भने कोही खराब मानिसहरू पतन पनि हुन्छन् ।

महाराज, प्राणीहरू खाना खाएर जीवित हुन्छन् । तर कोही त्यही खाना पचाउन नसकी मर्छन् भने के खानालाई दोष दिन मिल्छ ?"

"मिल्दैन, भन्ते ।"

"त्यसरी नै तथागतले दशहजार लोकका सम्पूर्ण देवता र मुनष्यहरूका लागि अमृतमय धर्मदान गर्दछन् । असल मानिसहरूले तथागतको अमृतमय धर्मोपदेश सुनेर आफ्नो ज्ञान बढाउँछन् भने खराब कर्ममा लागेका कोही त्यही धर्मोपदेश सुनेर पतन पनि हुन्छन् ।"

"धन्य भन्ते नागसेन । मैले कुरो राम्ररी बुझें ।"

## (३) भगवान बुद्धले आफ्नो गुप्ताङ्ग देखाएको सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्-



Downloaded from http://dhamma.digital

'शरीरको संयम गर्नु राम्रो, राम्रो हो वचनमा संयम हुनु
मनको संयम गर्नु राम्रो, राम्रो हो सबै कुरामा संयमी हुनु'

तर उनै भगवान बुद्धले देवता र मनुष्यहरूका चार प्रकारका जनपरिषदको माझमा शैल नामका ब्राह्मणलाई आफ्नो उत्तेजित पुरुषेन्द्रिय देखाएका थिए पनि भनिन्छ। भन्ते नागसेन, यदि भगवान बुद्धले शरीरको संयम गर्नु राम्रो छ भनेका छन् भन्ने कुरो सत्य भएमा, भगवान बुद्धले शैल ब्राह्मणलाई आफ्नो गुप्ताङ्ग देखाएको कुरो असत्य हुनुपर्छ। यदि भगवान बुद्धले शैल ब्राह्मणलाई आफ्नो गुप्ताङ्ग देखाएको कुरो सत्य भएमा, भगवान बुद्धले शरीरको संयम गर्नु राम्रो छ भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ। यो दुविधा पनि तपाईंको सामु राखेको छुं। कृपया यो दुविधा सुल्झाइदिनुहोस्।"

"महाराज, भगवान बुद्धले शरीरको संयम गर्नुपर्छ भनेका हुन् र साथै उनले शैल ब्राह्मणलाई आफ्नो उत्तेजित पुरुषेन्द्रिय देखाएको कुरो पनि सत्य नै हो। तर भगवान बुद्धले शैल ब्राह्मणमा भगवान बुद्धप्रति भएको शंका निवारण गरी उसलाई धर्मबोध गराउनलाई ऋद्धिबलको सहायताले खालि त्यस शैल ब्राह्मणले मात्र अनुभव गर्न सक्ने गरी त्यसो गरेका थिए। भगवान बुद्धले सार्वजनिक रूपमा अंग प्रदर्शन गरेका थिएनन्।"

"भन्ते नागसेन, त्यत्रो जनपरिषदमा खालि एक जना शैल



Downloaded from http://dhamma.digital

ब्राह्मणले मात्र भगवान बुद्धको गुप्ताङ्ग देख्न सक्ने गराउनु, त्यो कसरी सम्भव भयो ? मलाई राम्ररी सम्झाइदिनुहोस् ।"

"महाराज, तपाइँले कुनै असाध्य रोगले पीडित कुनै रोगीलाई उसका ज्ञाति-बन्धुहरूले घेरिराखेको देख्नु भएको छ ?"

"देखेको छुं भन्ते ।"

"के त्यसरी रोगीलाई घेरिरहनेहरूले पनि त्यस रोगीको पीडा अनुभव गरेका हुन्छन् ?"

"हुँदैनन्, भन्ते नागसेन । रोगी एकलैले मात्र आफ्नो रोगको पीडा अनुभव गरिरहेको हुन्छ ।"

"त्यसरी नै महाराज, भगवान बुद्धले जसको शङ्का निवारण गर्नु थियो उसैले मात्र अनुभव गर्न सक्ने र अरू कसैले त्यस सम्बन्धमा केही पनि चाल नपाउने गरी ऋद्धिबलको सहायताले आफ्नो अङ्ग प्रदर्शन गरेका थिए ।

महाराज, कसैमाथि भूत लाग्ने बेलामा त्यसरी लाग्ने भूतलाई के सबैले देखेको हुन्छ ?"

"देखेको हुँदैन, भन्ते । जसमाथि भूत लागेको हुन्छ त्यसैले मात्र त्यस भूतलाई देख्न सकेको हुन्छ ।"



Downloaded from http://dhamma.digital

"त्यस्तै हो महाराज, भगवान बुद्धले ऋद्धिबलको सहायताले जसको शङ्का निवारण गर्नु थियो उसैले मात्र अनुभव गर्न सक्ने गरी आफ्नो गुप्ताङ्ग देखाएका थिए ।"

"आश्चर्य, भन्ते नागसेन, भगवान बुद्धले त्यत्रो जनपरिषदमा खालि शैल ब्राह्मण एकै जनाले मात्र हेर्न सक्ने गरी आफ्नो गुप्ताङ्ग देखाएछन् ।"

"महाराज, भगवान बुद्धले साँच्चै नै गुप्ताङ्ग देखाएको पनि थिएनन्, खालि गुप्ताङ्ग देखिएको अनुभव मात्र गराएको थियो ।"

"गुप्ताङ्ग देखिएको अनुभव मात्र गराउनु झन बढि आश्चर्यजनक भएन त ?"

"महाराज, कुरो आश्चर्यजनक नै हो । कसैलाई सत्य बोध गराउन आवश्यक परेमा भगवान बुद्ध जस्तो सुकै आश्चर्यजनक कार्य पनि गर्दछन् । यदि कसैलाई सोझो तरिकाले सत्यबोध गराउन नसक्ने भएमा जस्तोसुकै आश्चर्यजनक कार्य पनि सम्पन्न गर्न सक्ने भगवान बुद्धले जसलाई जुन आश्चर्यजनक कार्य देखाएर बोध गराउन सरल पर्ने हुन्छ त्यसलाई त्यस्तै प्रकारको आश्चर्यजनक कार्य देखाएर बोध गराउने तरिका अपनाउँछन् ।

महाराज, जसरी वैद्यले कुनै रोगीलाई निको पार्न आवश्यक



Downloaded from http://dhamma.digital

परेमा वमन गराउने, विरेचन गराउने, लेप लगाउने, सेकाउने गर्छ, त्यसरी नै भगवान बुद्धले कसैलाई बोध गर्न आवश्यक परेमा जस्तो सुकै आश्चर्यजनक तरिका पनि अपनाउँछन् ।

महाराज, जसरी रोगको पीडा सहन नसक्ने भएपछि स्त्रीहरू आफ्नो देखाउन नहुने गुप्ताङ्ग पनि बैद्यलाई देखाउन बाध्य हुन्छन्, त्यसरी नै कसैलाई बोध गराउन आवश्यक परेमा भगवान बुद्धले ऋद्धिबलको सहायताले आफ्नो गुप्ताङ्ग देखाएको अनुभव पनि गराउँछन् । महाराज, कसैलाई बोध गराउन आवश्यक परेमा भगवान बुद्धले ऋद्धिबलको सहायताले आफ्नो हृदय पनि देखाउने छन् । ऋद्धिबलको सहायताले अरूलाई बोध गराउनमा पनि भगवान बुद्ध कुशल छन् ।

महाराज, स्थविर नन्दलाई अनेक प्रकारका संसारिक सौन्दर्य देखाई त्यसको अनित्यता सम्बन्धमा उपदेश दिएमा उनले सजिलैसित धर्मबोध गर्न सक्ने कुरो थाहा पाएका भगवान बुद्धले स्थविर नन्दलाई ऋद्धिबलको सहायताले देवलोकका त्यस्ती अपसराहरू, जसका पाइताला कुखुरीको पाइताला झैं सुकोमल र लाल थिए, देखाएर बोध गराएका थिए ।

महाराज, आफ्नो दाजुले गरेको हेलाको कारण अति दुःखित भई मन खिन्न पारिरहेका स्थविर चुल्ल पन्थकले आफ्नो शरीरमा भएको गन्दगी सम्बन्धमा थाहा पाउन सकेमा सजिलैसित धर्मबोध गर्न सक्ने कुरो थाहा पाएका भगवान बुद्धले स्थविर चुल्ल पन्थकलाइ



Downloaded from http://dhamma.digital

एउटा सफा सेतो रूमाल आफ्नै हातको मयलले मैलो हुने गरी हातमा दल्न लगाई बोध गराएका थिए ।

महाराज, मेघराज ब्राह्मणको घमण्ड टुट्न गएमा उनले सजिलैसित धर्म लाभ गर्न सक्ने थाहा पाएका भगवान बुद्धले उसले तीनपल्टसम्म दोहोऱ्याई तेहऱ्याई सोधेको प्रश्नप्रति बेवास्ता गरी उसको घमण्ड टुटाई उसलाई धर्मलाभ गराउनमा सघाएका थिए ।"

"धन्य भन्ते नागसेन , तपाईंले मेरो दुविधालाई अनेक तरिकाले हटाइदिनु भयो । मेरो उल्झन सुल्झाइदिनु भयो । अन्धकार हटाइदिनु भयो । विपक्षीहरूको तर्क काटिदिनु भयो । बुद्धका अनुयायीहरूलाई ज्ञान चक्षु दिनु भयो । तपाइँ गणाचार्यहरूमा सर्वश्रेष्ठ हुनुहुन्छ ।"

## (४) बुद्धले कडा शब्द बोलेको बारेमा

"भन्ते नागसेन, धर्म सेनापति स्थविर सारिपुत्रले यसरी भनेका छन्- 'भिक्षुहरू, तथागत सधैं सभ्य भाषा मात्र बोल्दछन् । भगवान बुद्धको मुखबाट बोल्न नहुने कडा शब्द निस्कने कुनै सम्भावना छैन ।' तर कलन्दपुत्र स्थविर सुदिन्नले गरेको अपराधको कारण पाराजिका सम्बन्धि उपदेश दिएको बेलामा भगवान बुद्धले उसलाई मोघ पुरुष भनी गालि गरेका थिए । बुद्धले त्यसरी गालि गरेको



Downloaded from http://dhamma.digital

सुनेर डराएका स्थविर सुदिन्न आर्यमार्गमा लाग्न असमर्थ भएको थियो। भन्ते नागसेन, यदि तथागतले सधैं सभ्य भाषा मात्र बोल्ने र उनको मुखबाट कुनै असभ्य कडा शब्द निस्कने सम्भावना नै नभएको कुरो सत्य हो भने, स्थविर सुदिन्नले अपराध गरेको बेलामा बुद्धले उसलाई मोघ पुरुष भनेर गालि गरेको कुरो असत्य हुनुपर्छ। यदि स्थविर सुदिन्नले अपराध गरेको बेलामा बुद्धले उसलाई मोघ पुरुष भनेर गालि गरेको कुरो सत्य भए, तथागतले सधैं सत्य भाषा मात्र बोल्ने र उनको मुखबाट कुनै असभ्य कडा शब्द निस्कने सम्भावना नै नभएको कुरो असत्य हुनुपर्छ। यो दुविधा पनि तपाईंको सामु राखेको छुं। कृपया यो दुविधा सुल्झाइदिनुहोस्।"

"महाराज, धर्म सेनापति स्थविर सारिपुत्रले तथागत सधैं सभ्य भाषा मात्र बोल्दछन् र उनको मुखबाट बोल्न नहुने कडा शब्द निस्कने कुनै पनि सम्भावना छैन भनेका हुन् र साथै स्थविर सुदिन्नले अपराध गरेको बेलामा बुद्धले उसलाई मोघ पुरुष भनेर गालि गरेको कुरो पनि सत्य नै हो। तर भगवान बुद्धले स्थविर सुदिन्नलाई रिसको झोंकमा मोघ पुरुष भनेर गालि गरेका थिएनन् ऊ जस्तो थियो त्यस्तै मात्र भनेका थिए।"

"ऊ जस्तो थियो त्यस्तै भनेका थिए, भन्नुको मतलब ?"

"महाराज, म-मेरो भन्ने आत्मभाव च्यापेर चतु आर्य सत्य अवबोध गर्न नसक्ने गरी जिइने जीवन व्यर्थ छ। चतु आर्य सत्य



Downloaded from http://dhamma.digital

अवबोध गर्ने उद्देश्यले भिक्षुत्व ग्रहण गरेर पनि एक जना भिक्षुले गर्नु पर्ने कार्य नगरी सधैं म-मेरो भन्ने आत्मभाव च्यापिरहने व्यक्तिलाई व्यर्थको मान्छे अर्थात मोघ पुरुष नै भनिन्छ । त्यसैले बुद्धले स्थविर सुदिन्नलाई ऊ जस्तो थियो त्यस्तै मात्र भनेका थिए ।"

"भन्ते नागसेन, यदि सत्य कुरो पनि गालिको रुपमा भनिन्छ भने त्यसलाई पनि अपराध नै मानिन्छ । त्यस प्रकारको अपराध गर्नेलाई एक कहापण (त्यस बेलाको एक पैसा) जरिवाना गराउने गरिएको छ । किनभने सत्य कुरो पनि गालिको रूपमा भनिने बेलामा झै-झगडा बढ्दै जाने सम्भावना हुन्छ ।"

"महाराज, त्यसोभए के मानिसहरूले अपराधीलाई पनि अभिवादन गरोस्, मान सत्कार गरोस् या भेटि चढाओस् भन्ने चाहनु हुन्छ ?"

"त्यसो होइन, भन्ते नागसेन । यदि कसैले साँच्चै नै अपराध गरेको छ भने, त्यसले गरेको अपराध हेरी उसलाई हप्काउनु पर्छ, गालि गर्नु पर्छ र आवश्यक परे उसलाई बाँध्ने, थुन्ने, पिट्ने र मार्ने पनि गर्नु पर्छ ।"

"महाराज, भगवान बुद्धले पनि स्थविर सुदिन्नलाई मोघ पुरुष भनी गालि गरेर जति गर्नु पर्ने थियो त्यति नै मात्र गरेका थिए, कुनै अचाक्लि गरेका थिएनन् ।



Downloaded from http://dhamma.digital

महाराज, भगवान बुद्धले अपराध गर्ने स्थविर सुदिन्नलाई त्यसरी गालि गरेकाले देवता र मनुष्य सबैले पाप कर्म गर्नु देखि डराउन सिकेका छन्। पाप कर्म गर्ने कसैलाई पनि रोक्नु पर्ने, गालि गर्नुपर्ने र छी छी दुर-दुर गर्नु पर्ने कुरो राम्ररी बुझेका छन्।

महाराज, कोही विरामी भई खाटमा परेमा के बैद्यले उसलाई खालि मीठो र गुलियो औषधि मात्र दिन्छ ?"

"दिदैन भन्ते। उसको रोग हेरी आवश्यक परे तीतो र टर्रो औषधि पनि खुवाउने गर्छ।"

"त्यसरी नै महाराज, भगवान बुद्धले मानिसहरूको क्लेश हटाउन आवश्यक्तानुसारको उपदेश दिन्छन्। मानिसहरूको हितको लागि आवश्यक परेमा भगवान बुद्धले कहिले काहिं कडा शब्द पनि बोल्दछन्। तर जसरी गरम पानीले काँचो र कडा वस्तुलाई गलाएर नरम पारी खान योग्य तुल्याउँछ त्यसरी नै बुद्धको कडा शब्द पनि शिक्षापद भई करूणाले भरेको हुन्छ।

महाराज, जसरी बाबुको कडा वचन पनि छोराको लागि अति शिक्षा दिने प्रकारको भई मायाले भरेको हुन्छ त्यसरी नै भगवान बुद्धको कडा वचन पनि शिक्षापद भई करूणाले भरेको हुन्छ। मानिसहरूको क्लेश हटाउने प्रकारको हुन्छ।

महाराज, जसरी दुर्गन्धले भरेको गउँत नाक थूनेर भएपनि पिउन सकेमा मानिसको अनेक रोगहरू शान्त हुन्छन्, त्यसरी नै



Downloaded from http://dhamma.digital

भगवान बुद्धको कडा वचन पनि मानिसहरूका लागि शिक्षा दिने प्रकारको भई करूणाले भरेको हुन्छ । मानिसहरूको क्लेश हटाउने प्रकारको हुन्छ ।

महाराज, जसरी कपासको ढिको जिउमा खसे पनि कुनै चोट पर्दैन त्यसरी नै भगवान बुद्धको कडा वचन पनि मनमा कुनै चोट नपुऱ्याउने प्रकारको हुन्छ ।"

"धन्य, भन्ते नागसेन । तपाईंले सत्य कुरो अनेक तरिकाले सम्झाइदिनु भयो । मैले कुरो राम्ररी बुझें ।"

## (५) रुखको अचेतनता सम्बन्धमा

"भन्ते नागसेन, तथागतले यसरी भनेका छन्-

'ब्राह्मण अचेतन छ यो पलासको रूख, सुन्न सक्दैन कुरो
जान्ने बुझ्ने तिमी सोध्दछौ किन थाहा पाइकन यो कुरो'

फेरि उनले यसरी पनि भनेका छन्-

'फन्दनको रूखले पनि भनेर ल्याए तव
अरे भारद्वाज ! बोल्न सक्छु म पनि सुन अब'

भन्ते नागसेन, यदि रूख अचेतन हुने कुरो सत्य भए फन्दनको रूखले भारद्वाजलाई जवाफ दिएको कुरो असत्य हुनुपर्छ । यदि



Downloaded from http://dhamma.digital

फन्दनको रूखले भारद्वाजलाई जवाफ दिएको कुरो सत्य हो भने रूख अचेतन हुने कुरो असत्य हुनुपर्छ । यो दुविधा पनि तपाइँ सामु राखेको छुं । कृपया यसलाई सुल्झाइदिनुहोस् ।"

"महाराज, भगवान बुद्धले रूख अचेतन हुन्छ भनेका छन् भन्ने कुरो सत्य हो र साथै फन्दनको रूखले भारद्वाजलाई जवाफ दियो भन्ने कुरो पनि सत्य हो । तर व्यवहारिक भाषामा फन्दनको रूखले जवाफ दियो भनिएता पनि वास्तवमा भारद्वाजलाई जवाफ दिने फन्दनको रूख थिएन बरू त्यस रूखमा बास गरिरहने बृक्ष देवता थियो ।

महाराज, जसरी धान लादिएको गाडा काठले बनेको भएता पनि व्यवहारिक भाषामा त्यसलाई धानको गाडा भनिन्छ त्यसरी नै रूख बोल्न नसक्ने अचेतन वस्तु भएता पनि रूखमा बस्ने बृक्ष देवताले बोलेकोलाई व्यवहारिक भाषामा रूखले बोलेको भनिन्छ ।

महाराज, जसरी दहीबाट नौनी निकाल्न दही मथ्ने बेलामा वास्तवमा मथिने वस्तु दही भएपनि व्यवहारिक भाषामा मही मथ्ने वा मही पार्ने भनिन्छ त्यसरी नै रूख बोल्न नसक्ने अचेतन वस्तु भएतापनि रूखमा बस्ने वृक्ष देवताले बोल्ने बेलामा व्यवहारिक भाषामा रूखले बोल्यो भनिन्छ ।

महाराज, जसरी कुनै वस्तु बनाउने कार्यमा लाग्ने बेलामा वास्तवमा बनाइने वस्तु अझै बन्दै नबनेको भएतापनि फलानो वस्तु बनाउँदैछुं भनिन्छ त्यसरी नै रूख बोल्न नसक्ने अचेतन वस्त



Downloaded from http://dhamma.digital

भएतापनि रूखमा बस्ने बृक्ष देवताले बोल्ने बेलामा रूखले बोल्यो भनिन्छ ।

महाराज, मानिसहरू जुन प्रकारको भाषा व्यवहारमा ल्याउँछन्, भगवान बुद्ध त्यही भाषामा धर्मोपदेश गर्ने गर्छन् ।"

"धन्य भन्ते नागसेन । तपाईंले अनेक प्रकारले कुरो सम्झाउनु भयो । मैले कुरो राम्ररी बुझें ।"

## (६) उत्तम भोजनदान सम्बन्धि प्रश्न

"भन्ते नागसेन, धर्म संगीति गर्ने स्थविरहरूले यसरी भनेका छन्-

'खाएपछि चुन्द सुनारले दिएको खाना, मैले यसरी सुनेको छुं,
बुद्धलाई त्यो असाध्य रोगले च्याप्यो जसले अन्तमा ज्यानै लियो'

तर भगवान बुद्धले यसरी भनेका छन्- 'आनन्द, (बुद्धत्व पाउने बेलामा सुजाताबाट पाएको भोजनदान र महापरिनिर्वाण पाउने बेलामा चुन्द सुनारबाट पाएको भोजनदान) ती दुइटै भोजन दान समान स्तरका र समान रूपले पुण्य लाभ गराउने भई अन्य कुनै पनि भोजन दान भन्दा बढी उत्तम र बढी पुण्य लाभ गराउने हुन् । भन्ते नागसेन, यदि चुन्द सुनारले दान दिएको भोजन खाएपछि बुद्धलाई असाध्य रोगले च्यापेको र अन्तमा त्यही रोगले बुद्धको ज्यान लिएको



Downloaded from http://dhamma.digital

कुरो सत्य हो भने बुद्धले ती दुइटै भोजनदान समान स्तरका र समान रूपले पुण्य लाभ गराउने भई अन्य कुनै पनि भोजनदान भन्दा बढी उत्तम र बढी पुण्य लाभ गराउने हुन् भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ । यदि ती दुइटै भोजनदान समान स्तरका र समान रूपले पुण्य लाभ गराउने भई अन्य कुनै पनि भोजनदान भन्दा बढी उत्तम र बढी पुण्य लाभ गराउने हुन् भने, धर्म संगीति गर्ने स्थविरहरूले चुन्द सुनारले दान दिएको भोजन खाएपछि बुद्धलाई असाध्य रोगले च्यापेको र अन्तमा त्यही रोगले बुद्धको ज्यान लिएको भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ । पीडा दिने, रोग लगाउने, आयु घटाउने, ज्यान लिने त्यस्तो खाना कसरी सबैभन्दा बढी उत्तम र सबैभन्दा बढी पुण्य लाभ गराउने हुन सक्छ ? यस सम्बन्धमा सत्य कुरो थाहा नपाएकाहरू सजिलैसित, भगवान बुद्धले स्वादको लोभमा परी चुन्द सुनारले दान दिएको सुंगुरको मासुको सुरूवा पचाउन नसक्ने गरी टन्न खाएकाले उनलाई लाल आउँ लागेको थियो भन्ने विपक्षीहरूको तर्क जालमा फँस्न जाने सम्भावना छ । त्यसैले यस सम्बन्धमा तथ्य कुरो राम्ररी सम्झाइदिनुहोस् ।"

"महाराज, धर्म संगीतिमा भाग लिने स्थविरहरूले, चुन्द सुनारले दान दिएको खाना खाएपछि बुद्धलाई असाध्य रोगले च्याप्यो र अन्तमा त्यही रोगले बुद्धको ज्यान गयो भनेका छन् भन्ने कुरो सत्य हो र साथै भगवान बुद्धले भोजन जुन खाएपछि बुद्धत्व लाभ भएको थियो त्यो भोजन दान र जुन भोजन खाएपछि महापरिनिर्वाण प्राप्त



Downloaded from http://dhamma.digital

भएको थियो त्यो भोजन दान, ती दुइटै भोजनदान समान स्तरका र समान रूपले पुण्य लाभ गराउने भई अन्य कुनै पनि भोजनदान भन्दा बढी उत्तम र बढी पुण्य लाभ गराउने हुन् भनेका छन् भन्ने कुरो सत्य नै हो।

महाराज, चुन्दले दान दिएको भोजन न भगवान बुद्धको अन्तिम भोजन हुनेछ भन्ने कुरो थाहा पाएका देवताहरूले चुन्दले दान दिएको सुंगुरको मासुको सुरूवामा दिव्य ओज भरेका थिए। त्यो सुरूवा स्वादिष्ट हुनुका साथै सजिलैसित पचाउन सकिने गरी हलुका पनि थियो। भगवान बुद्धलाई रोग लाग्नुमा त्यो सुरूवासित कुनै प्रकारको सम्बन्ध थिएन। भगवान बुद्धको शरीर अति कमजोर भइसकेको थियो। भगवान बुद्धको आयु संस्कार क्षीण भइसकेको थियो। त्यही कारणले मात्र भगवान बुद्धको शरीरमा रोग लागी त्यो रोगले च्याप्दै लगेको थियो। चुन्दले दान दिएको सुंगुरको मासुको सुरूवा खाएकाले रोग लागेको थिएन।

महाराज, जसरी बलिरहेको आगोमा इन्धन थपेपछि आगो झन बढी दनदनाएर बल्छ त्यसरी नै आयु संस्कार क्षीण भइसकेको बुद्धको जीर्ण शरीरमा रोग लागेपछि त्यो रोग झनझन बढ्दै गएको थियो।

महाराज, जसरी धेरै पानी परेपछि नदीको बहाव बढ्दै जान्छ त्यसरी नै आयु संस्कार क्षीण भइसकेको बुद्धको जीर्ण शरीरमा रोग लागेपछि त्यो रोग झन झन बढ्दै गएको थियो।

महाराज, जसरी पेट कमजोर भएको बेलामा खाना खाएमा



Downloaded from http://dhamma.digital

पेट झन बढि खराब हुने हो त्यसरी नै आयु संस्कार क्षीण भइसकेको भगवान बुद्धको जीर्ण शरीरमा रोग लागेपछि त्यो रोग झन झन बढ्दै गएको थियो। बुद्धलाई त्यसरी रोगले च्याप्दै लैजानुमा बुद्धले खाएको खाना सित कुनै प्रकारको सम्बन्ध थिएन। न त त्यसको लागि कुनै व्यक्तिलाई दोषारोपण गर्नु नै ठीक छ।"

"भन्ते नागसेन, कति कारणले उल्लेखित दुइटै भोजनदान समान रूपले महान पुण्य लाभ गराउने भई अन्य कुनै पनि भोजन दान भन्दा उत्तम भएका हुन्।"

"महाराज, ती दुइटै भोजन ग्रहणपछि भगवान बुद्धले सर्वश्रेष्ठ धर्म साक्षात्कार गरेका हुनाले दुइटै भोजन समान रूपले महान पुण्य लाभ गराउने भई अन्य कुनै पनि भोजन दान भन्दा उत्तम भएका हुन्।"

"भन्ते नागसेन, ती दुइटा भोजन ग्रहणपछि भगवान बुद्धले कुन प्रकारको सर्वश्रेष्ठ धर्म साक्षात्कार गरेका हुनाले, ती दुइटै भोजन समान रूपले महान पुण्य लाभ गराउने भई अन्य कुनै पनि भोजन दान भन्दा उत्तम भएका हुन्।"

"महाराज, ती दुइटै भोजन ग्रहणपछि भगवान बुद्धले ध्यानावस्थाको नवौं स्तरमा साक्षात्कार गरिने आनुपुर्विक विहार (संज्ञावेदयित निरोध) समापत्ति ध्यान अनुलोम र प्रतिलोम तरिकाले



Downloaded from http://dhamma.digital

साक्षात्कार गरेका थिए । त्यसैले ती दुइटै भोजन समान रूपले महान पुण्य लाभ गराउने भई अन्य कुनै पनि भोजन दान भन्दा उत्तम भएका हुन् ।"

"भन्ते नागसेन, के भगवान बुद्धले दुइ पटक मात्रै ध्यानावस्थाको नवौं स्तरमा साक्षात्कार गरिने आनुपूर्विक विहार (संज्ञा वेदयित निरोध) समापत्ति ध्यान अनुलोम र प्रतिलोम तरिकाबाट साक्षात्कार गरेका थिए ?"

"हो महाराज ।"

"आश्चर्य भन्ते नागसेन । अद्भुत हुन् ती दुइ भोजन दान जुन भोजन दान बुद्धलाई दिएका अन्य सबै भोजन दान भन्दा उत्तम भए । आश्चर्य, भन्ते नागसेन । अद्भुत हो ध्यानावस्थाको नवौं स्तरमा साक्षात्कार गरिने त्यो आनुपूर्विक विहार (संज्ञावेदयित निरोध) समापत्ति ध्यान जसको कारण ती दुइ भोजन दान अन्य सबै भोजन दान भन्दा उत्तम भए । धन्य भन्ते नागसेन । मैले कुरो राम्ररी बुझें ।"

## (७) बुद्ध पूजा सम्बन्धि प्रश्न

"भन्ते नागसेन, तथागतले यसरी भनेका छन्- 'आनन्द भिक्षुहरू बुद्ध शरीरको पूजामा नअलमलि रहुन् ।' उनैले फेरि यसरी पनि भनेका छन्-



Downloaded from http://dhamma.digital

'पूजा गर, उनको शरीर धातुलाई, जो अति पूजनीय छन्
गरी पूजा त्यसरी, जाऊ तिमीहरू स्वर्गमा बास गर्न ।'

भन्ते नागसेन, यदि तथागतले भिक्षुहरू बुद्ध-शरीरको पूजामा नअलमलि रहुन् भनेका छन् भन्ने कुरो सत्य भए, बुद्धले पूजनीयको शरीर धातुलाई पूजागरी स्वर्गमा जाऊ भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ । यदि बुद्धले पूजनीयको शरीर धातुलाई पूजा गरी स्वर्गमा जाऊ भनेका छन् भन्ने कुरो सत्य भए, बुद्धले भिक्षुहरू बुद्ध-शरीरको पूजामा नअलमलि रहुन् भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ । कृपया यो दुविधा पनि सुल्झाइदिनुहोस् ।"

"महाराज, भगवान बुद्धले भिक्षुहरू बुद्ध-शरीरको पूजामा नअलमलि रहुन् भनेका छन् भन्ने कुरो सत्य हो र साथै बुद्धले पूजनीयको शरीर धातुलाई पूजागरी स्वर्गमा जाऊ भनेका छन् भन्ने कुरो पनि सत्य नै हो । महाराज, भिक्षुहरूको कर्तव्य बुद्धको पूजामा मात्र सीमित भइरहनु होइन । संस्कारको अनित्यलाई सम्झनु, मनमा अनेक प्रकारका कुराहरू खेलिरहने प्रक्रियालाई नियन्त्रणमा लिनु, स्मृतिप्रस्थान विदर्शना ध्यान भावना गर्नु, प्रत्येक आरम्मणमाथि होश पुऱ्याउनु, क्लेश हटाउनमा संघर्षशील हुनु र सत्य धर्म अवबोध गर्दै जानु, भिक्षुहरूले गर्नु पर्ने मुख्य कार्यहरू यिनै हुन् । त्यसैले भगवान बुद्धले भिक्षुहरू बुद्ध-शरीरको पूजामा नअलमलि रहुन् भनेका हुन् । बुद्धको शरीर धातुको पूजा गर्नु गृहस्थ देवता र मनुष्यहरूको कार्य हो ।



Downloaded from http://dhamma.digital

महाराज, जसरी हात्ती, घोडा, धनुष, वाण, भाला र तलवार चलाउन सिक्नु, पढ्न, लेख्न र हिसाब किताब राख्न सिक्नु, क्षत्रिय धर्म पालना गरी युद्ध गर्नु र सेनाको परिचालन गर्नु राजपुतहरूको मुख्य कार्य हुन् र व्यापार गर्नु, खेती गर्नु आदि बैश्य र शुद्रको कार्य हुन्, त्यसरी नै भिक्षुहरूको कार्य बुद्धको शरीर धातुको पूजा गर्नमा मात्र अलमलिरहनु होइन । संस्कारको अनित्यतालाई सम्झनु, मनमा अनेक प्रकारको कुराहरू खेलिरहने प्रक्रियालाई नियन्त्रणमा लिनु, स्मृतिप्रस्थान विदर्शना ध्यान भावना गर्नु, प्रत्येक आरम्मणमाथि होश पुऱ्याउनु, क्लेश हटाउनमा संघर्षशील हुनु र सत्य धर्म अवबोध गर्दै जानु नै भिक्षुहरूले गर्नु पर्ने मुख्य कार्यहरू हुन् । बुद्ध-शरीरको पूजा गर्नु गृहस्थ देवता र मनुष्यहरूको कार्य हो ।

महाराज, जसरी ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, शरीर लक्षण, इतिहास, पुरान, निघण्टु, कैटुभ, अक्षरप्रभेद, पद, व्याकरण, ज्योतिषशास्त्र, शकुन विद्या, स्वप्न विद्या, निमित्त विद्या, छः वेदाङ्ग, चन्द्र-ग्रहण, सूर्य-ग्रहण, राहुफल विद्या, आकाशमा हुने गडबडी हेर्ने विद्या, नक्षत्र संयोग विद्या, उल्कापात, भूकम्प, दिशादाह, पृथ्वी र आकाशको लक्षण हेरी फल भन्ने विद्या, गणित, वितरण सम्बन्धि विद्या, कुकूर विद्या, मृग विद्या, मुसा विद्या, मिश्रको उत्पाद र पंक्षी भाषा सिक्ने विद्या, आदि अध्ययन गर्नु ब्राह्मणहरूको मुख्य काम हुन् र व्यापार गर्नु, खेती गर्नु आदि बैश्य र शुद्रहरूको कार्य हुन्, त्यसरी नै भिक्षुहरूको काम बुद्धको शरीर धातुको पूजामा मात्र अलमलिरहनु होइन । संस्कारको अनित्यतालाई सम्झनु, मनमा अनेक प्रकारका



Downloaded from http://dhamma.digital

कुराहरू खेलिरहने प्रक्रियालाई नियन्त्रणमा लिनु, स्मृतिप्रस्थान विदर्शना ध्यान भावना गर्नु, प्रत्येक आरम्मणमाथि होश पुऱ्याउनु, क्लेश हटाउनमा संघर्षशील हुनु र सत्य धर्म अवबोध गर्दै जानु नै भिक्षुहरूले गर्नु पर्ने मुख्य कार्यहरू हुन् । बुद्धको शरीर धातुको पूजा गर्नु गृहस्थ देवता र मनुष्यहरूको कार्य हो । महाराज, भिक्षुहरू आफूले गर्नु पर्ने कार्यमा लगनशील होउन् र अन्य कार्यमा नअलमलि रहुन् भन्ने उद्देश्यले भगवान बुद्धले भिक्षुहरू बुद्ध-शरीरको पूजामा नअलमलिरहुन् भनेका हुन् । महाराज, यदि भगवान बुद्धले त्यसो नभनेका भए भिक्षुहरू आफ्नो चीवर र पात्रको मर्यादा गर्न छाडी खाली बुद्ध-पूजामा मात्र सीमित भइरहने थिए ।"

"धन्य, भन्ते नागसेन । मैले कुरो राम्ररी बुझें ।"

## (८) बुद्धको पाउमा ढुङ्गाको चोइटा खसेर घाउ भएको सम्बन्धमा

"भन्ते नागसेन, भिक्षुहरू के भन्छन् भने- 'भगवान बुद्धले भुईंमा टेक्ने बेलामा अचेतन भूमि आफै समतल भइदिन्छ ।' भिक्षुहरू फेरि के पनि भन्छन् भने- 'भगवान बुद्धको पाउमा ढुङ्गाको चोइटा खसेर घाउ भएको थियो ।' भगवान बुद्धको पाउमा खस्न लागेको ढुङ्गाको त्यो चोइटा किन भगवान बुद्धको पाउ छलेर खसेन ? भन्ते नागसेन, यदि भगवान बुद्धले भुईमा टेक्ने बेलामा अचेतन भूमि



Downloaded from http://dhamma.digital

आफै समतल भइदिने कुरो सत्य भए, भगवान बुद्धको पाउमा ढुङ्गाको चोइटा खसेर घाउ भएको कुरो असत्य हुनुपर्छ। यदि भगवान बुद्धको पाउमा ढुङ्गाको चोइटा खसेर घाउ भएको कुरो सत्य भए, भगवान बुद्धले भुईमा टेक्ने बेलामा अचेतन भूमि आफै समतल भइदिने कुरो असत्य हुनुपर्छ । कृपया तपाईंको सामु राखिएको यो दुविधा पनि सुल्झाइदिनुहोस् ।"

"महाराज, भगवान बुद्धले भुईंमा टेक्ने बेलामा अचेतन भूमि आफै समतल भइदिने कुरो सत्य हो र साथै बुद्धको पाउमा ढुङ्गाको चोइटा खसेर घाउ भएको कुरो पनि सत्य नै हो। तर महाराज, त्यो ढुङ्गाको चोइटा त्यसै भगवान बुद्धको पाउमा खसेको थिएन । त्यो ढुङ्गाको चोइटा देवदत्तले गरेको कर्मको कारण मात्र भगवान बुद्धको पाउमा घाउ हुने गरी खसेको थियो । महाराज, देवदत्तले भगवान बुद्धप्रति सयौं, हजारौं जन्महरू देखि वैरभाव राख्दै आइरहेको थियो। त्यही वैरभावबाट प्रेरित भएर देवदत्तले एउटा ठूलो चट्टान भगवान बुद्धमाथि खस्ने गरी लुड्काएको थियो । देवदत्तले बुद्धलाई लक्ष गरी खसालेको त्यो ठूलो चट्टान भगवान बुद्ध भएको ठाउँसम्म खस्नुभन्दा पहिले नै अन्य दुइओटा ढुङ्गाहरू बीच अड्कियो। तर त्यसरी ढुङ्गाहरू एक आपसमा टकराएकाले उप्किएको ढुङ्गाको एउटा सानो चोइटा भगवान बुद्धको पाउमा खस्न पुग्यो ।"

"भन्ते नागसेन, देवदत्तले खसालेको त्यो ठूलो चट्टान जसरी



Downloaded from http://dhamma.digital

अन्य दुइओटा ढुङ्गाहरू बीचमा अड्किियो त्यसरी नै त्यो ढुङ्गाको चोइटा पनि बुद्धको पाउसम्म नपुगी कहिं न कहिं अड्किनु पर्ने थिएन र ?"

"महाराज, केही न केही उछिट्टिनु वा चुहिनु अस्वाभाविक छैन । जसरी अञ्जुलीमा पानी लिंदा औंलाहरूको बीचबाट केही थोपा पानी चुहिन्छन्, जसरी दूध, मह, घीउ, तेल, सुरूवा आदि हातमा थाप्दा औंलाहरूको बीचबाट केही थोपा चुहेर जान्छन् त्यसरी नै खसालिएको ठूलो चट्टान अन्य दुइटा ढुङ्गाहरू बीच अड्किएतापनि ती ढुङ्गाहरूको टकराइको कारण उप्किएको ढुङ्गाको एउटा सानो चोइटा भगवान् बुद्धको पाउमा खस्न पुग्यो ।

महाराज, जसरी मसीनो बालुवा मुठ्ठिमा लिंदा केही कणहरू औंलाहरूको बीचबाट चुहेर जान्छन् त्यसरी नै खसालिएको ठूलो चट्टान अन्य दुइटा ढुङ्गाहरू बीच अड्किएतापनि ती ढुङ्गाहरूको टकराइको कारण उप्किएको ढुङ्गाको एउटा सानो चोइटा भगवान बुद्धको पाउमा खस्न पुग्यो ।

महाराज, जसरी कहिले काहिं मुखमा राखेको गाँसबाट पनि एक दुइ गेडा अन्न तल झर्छ त्यसरी नै खसालिएको ठूलो चट्टान अन्य दुइटा ढुङ्गाहरू बीच अड्किएतापनि ती ढुङ्गाहरू त्यसरी टकराएकल उप्किएको ढुङ्गाको एउटा सानो चोइटा भगवान बुद्धको पाउमा खस्न पुग्यो ।"



Downloaded from http://dhamma.digital

"भन्ते नागसेन, जसरी खसालिएको त्यो ठूलो चट्टान महापृथ्वीले झैं भगवान बुद्धको गौरब स्वीकारी अन्य दुइटा ढुङ्गाहरू बीच अडेका थिए त्यसरी नै ढुङ्गाको त्यो सानो चोइटाले के कति कारणले भगवान बुद्धको प्रतिष्ठालाई स्वीकारेन ?"

"महाराज, गौरब राख्नु पर्नेको गौरब नस्वीकार्नेहरू निम्न बाह्र प्रकारका हुन्छन् । रागीले रागको कारण, द्वेषीले द्वेषको कारण, मोहीले मोहको कारण, घमण्डीले मानको कारण, नीर्गुणीले आफ्नो अविशेषताको कारण, जिद्दीले आफ्नो जिदको कारण, हीनले आफ्नो हीनताको कारण, गफाडीले आफ्नो डिंगको कारण, पापीले आफ्नो क्रुरताको कारण, दु:खीले आफ्नो दु:ख-पीडाको कारण, लोभीले लोभको कारण र पैसामात्र कमाउनमा व्यस्त मानिसले पैसै मात्र कमाउनमा व्यस्तताको कारण गौरब राख्नु पर्नेको गौरब स्वीकार्न नसक्ने हुन्छ । तर ठूला ढुङ्गाहरू एक आपसमा टकराएकाले उप्किएको ढुङ्गाको त्यो सानो चोइटा कुनै कारणले होइन त्यसै भगवान बुद्धको पाउमा खस्न पुगेको थियो ।

महाराज, जसरी हावा-हुरी चल्दा स-साना कणहरू हावामा उडेर बिना कुनै कारण त्यसै यताउति छरिन्छन् त्यसरी नै ठूला ढुङ्गाहरू एक आपसमा टकराएकाले उप्किएको ढुङ्गाको त्यो सानो चोइटा बिना कुनै कारण त्यसै भगवान बुद्धको पाउमा खस्न पुगेको थियो । यदि ढुङ्गाको त्यो चोइटा त्यसरी नउप्किएको भए त्यो पनि ठूलो चट्टानसितै माथि नै अड्किने थियो । उप्किएको ढुङ्गाको त्यो



Downloaded from http://dhamma.digital

सानो चोइटा न माथि नै कहिं अड्यो न भुइँमै कतै खस्यो बिना कुनै कारण त्यसै भगवान बुद्धको पाउमा खस्न पुग्यो ।

महाराज, जसरी हावाले उडाएका सुकेका पातहरू बिना कुनै कारण जताततै छरिन्छन्, त्यसरी नै ठूला ढुङ्गाहरू एक आपसमा टकराएकाले उप्किएको ढुङ्गाको त्यो सानो चोइटा बिना कुनै कारण त्यसै भगवान बुद्धको पाउमा खस्न पुगेको थियो । त्यसो भएतापनि ढुङ्गाको त्यो सानो चोइटा अकृतज्ञ एवम् दुष्ट देवदत्तको लागि ठूलो दु:खको कारण हुने गरी भगवान बुद्धको पाउमा खस्न पुग्यो ।"

"ठीक छ भन्ते नागसेन । मैले कुरो राम्ररी बुझें ।"

## (९) श्रेष्ठ श्रमणत्वको विषयमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'आश्रव क्षय गर्नाले श्रमण होइन्छ ।' फेरि उनले यसरी पनि भनेका छन्- 'चार प्रकारका धर्महरू पालना गर्नेलाई मानिसहरू श्रमण भन्ने गर्दछन् ।' यहाँ उल्लेखित चार प्रकारका धर्महरू- सहनशीलता, अल्पाहारता, वैराग्यता र अनाशक्तता हुन् । यी चार धर्महरू अझैं आश्रव क्षय गरिनसकेकाहरूले पनि पालना गर्न सक्ने प्रकारका हुन् । त्यसैले भन्ते नागसेन, यदि आश्रव क्षय गर्नाले श्रमण होइने हो भने उल्लेखित चार प्रकारका धर्महरू पालना गर्नेलाई श्रमण भनिने कुरो असत्य हुनुपर्छ । यदि उल्लेखित चार प्रकारका धर्महरू पालना गर्नेलाइ



Downloaded from http://dhamma.digital

श्रमण भनिने हो भने आश्रव क्षय गर्नाले श्रमण होइने कुरो असत्य हुनुपर्छ। यो दुविधा तपाईं सामु राखेको छुं। कृपया यसलाई सुल्झाइ-दिनुहोस्।"

"महाराज, भगवान बुद्धले आश्रव क्षय गर्नाले श्रमण होइन्छ भनेका हुन् र साथै उल्लेखित चार प्रकारका धर्महरू पालना गर्ने-हरूलाई मानिसहरूले श्रमण भन्दछन् भनेको कुरो पनि सत्य नै हो। महाराज, श्रमणहरूमा हुने गुण दर्शाउन 'चार प्रकारका धर्महरू पालना गर्नेलाई मानिसहरू श्रमण भन्दछन्' भनेका हुन् भने 'आश्रव क्षय गर्नाले श्रमण होइन्छ' भन्ने वचन श्रमणत्वको परिभाषा हो।

महाराज, क्लेश क्षय गर्ने कार्यमा लगनशील जो जति छन् तिनीहरू सबै श्रमण हुन् र आश्रव क्षय गरिसकेकाहरू चाहिं श्रेष्ठ श्रमण हुन्। महाराज, जसरी जल र स्थलमा हुने विभिन्न प्रकारका फूलहरू सबै फूल नै भएता पनि फूलहरूमा श्रेष्ठ बार्षिका फूल हुन्, त्यसरी नै क्लेश क्षय गर्नमा लगनशील भएका जति सबै श्रमण भएता पनि आश्रव क्षय गरिसकेका चाहिं श्रेष्ठ श्रमण हुन्।

महाराज, जसरी विभिन्न प्रकारका धानहरू चुटेर बनाइने चामल जति सबै भात पकाएर खान हुने, शरीर पोस्ने प्रकारका अन्न भएता पनि सालि (कालो चामल) सबै प्रकारका चामल भन्दा श्रेष्ठ छ, त्यसरी नै क्लेश क्षय गर्नमा लगनशील जति सबै श्रमण भएता पनि आश्रव क्षय गरिसकेका चाहिं श्रेष्ठ श्रमण हुन्।"

"ठीक छ भन्ते नागसेन। मैले कुरो बुझें।"



Downloaded from http://dhamma.digital

## (१०) गुण वर्णन सम्बन्धि प्रश्न

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'भिक्षुहरू कसैले मेरो अथवा मैले प्रतिपादन गरेको धर्मको अथवा मेरो श्रावक भिक्षुसंघको गुणगान गरेको सुनेर तिमीहरू कोही पनि आनन्दित नहुनु, प्रफुल्लित नहुनु, प्रसन्न नहुनु ।' तर सैल नामको ब्राह्मणले बुद्धको प्रशंसा गरेको बेलामा बुद्ध अति आनन्दित भएका थिए, प्रफुल्लित भएका थिए । त्यसरी अति आनन्दित भएका बुद्ध आफैले आफ्ना अन्य गुणहरू यसरी वर्णन गरेका थिए-

'हो सैल म राजा हुँ, अद्वितीय धर्म-राजा
धर्मचक्र म यसरी घुमाउँछु, जो उल्टिदैन कहिले'

भन्ते नागसेन, यदि भगवान बुद्धले कसैले बुद्धको अथवा धर्मको अथवा संघको गुणगान गर्ने बेलामा आनन्दित नहुनु, प्रफुल्लित नहुनु भनेर भिक्षुहरूलाई सम्झाएको कुरो सत्य हो भने, सैल ब्राह्मणले बुद्धको गुणगान गरेको बेलामा बुद्ध स्वयं आनन्दित भई आफै आफ्ना अन्य गुणहरू प्रकाश गर्नमा लागेको कुरो असत्य हुनुपर्छ । यदि सैल ब्राह्मणले बुद्धको गुणगान गरेको बेलामा बुद्ध स्वयं आनन्दित भई आफै आफ्ना अन्य गुणहरू प्रकाश गर्नमा लागेको कुरो सत्य भए, भगवान बुद्धले आफ्ना भिक्षुहरूलाई कसैले बुद्धको अथवा धर्मको अथवा संघको गुणगान गर्ने बेलामा आनन्दित नहुनु भनेर सम्झाएका छन् भन्ने कुरा



Downloaded from http://dhamma.digital

असत्य हुनुपर्छ । यो दुविधा पनि समाधानार्थ तपाइँ सामु राखेको छुं । कृपया यसलाई सुल्झाइदिनुहोस् ।"

"महाराज, भगवान बुद्धले आफ्ना भिक्षुहरूलाई कसैले बुद्धको अथवा धर्मको अथवा संघको गुणगान गर्ने बेलामा अति आनन्दित नहुनु भनेर सम्झाएको कुरो सत्य हो र साथै सैल ब्राह्मणले बुद्धको गुणगान गरेको बेलामा भगवान बुद्ध स्वयंले आनन्दित भई आफ्ना अन्य गुणहरू प्रकाश गरेको कुरो पनि सत्य नै हो । महाराज, भगवान बुद्धद्वारा प्रतिपादित धर्म जो कसैले पनि सहजै अति उत्तम धर्म हो भनेर बुझ्न सक्ने गरी व्याख्या गरिएको छ । कठिनाइ बुद्ध धर्मलाई बुझ्नमा होइन बुद्ध धर्मानुसार आचरण गर्नुमा छ । अर्को कुरो कसैले बुद्ध, धर्म या संघको गुणगान गर्दैमा उसलाई केही लाभ हुने होइन; बुद्ध धर्मानुसार आचरण गर्नेलाई मात्र लाभ हुने हो । त्यसैले भगवान बुद्धले आफ्ना भिक्षुहरूलाई कसैले बुद्धको अथवा धर्मको अथवा संघको गुणगान गर्ने बेलामा आनन्दित नहुनु, प्रफुल्लित नहुनु र प्रसन्न नहुन भनेर सम्झाएका थिए । तर सैल ब्राह्मणले बुद्धको गुणगान गरेको बेलामा भगवान बुद्ध आफैले आफ्ना अन्य गुणहरू प्रकाश गर्नुको पछाडि एउटा निश्चित कारण थियो । त्यो के कारण थियो भने त्यस बेला सैल ब्राह्मणका तीनसय शिष्यहरूले बुद्धका गुणहरू थाहा पाएमा उनीहरू सबैले सैल ब्राह्मणले झैं त्यही क्षण धर्मलाभ गर्न सक्ने थियो । उनी-हरूलाई त्यसरी तत्काल धर्मलाभ गराउनलाई नै भगवान बुद्धले आफै आफ्ना गुणहरू प्रकाश गरेका थिए । बुद्धले त्यसरी आफै आफ्नो



Downloaded from http://dhamma.digital

गुणहरू प्रकाश गर्नुको पछाडि कुनै कुरो लाभ गर्ने या त्यस्तै कुन व्यक्तिगत स्वार्थयुक्त उद्देश्य थिएन ।

"ठीक छ भन्ते नागसेन, मैले कुरो बुझें ।"

## (११) अहिंसा धर्म र दण्ड-सजाय सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्-

'अहिंसा धर्म पालना गरी
सबैसित प्रेमपूर्वक बाँच्न सिक'

फेरि उनले यसरी पनि भनेका छन्-

'दण्ड दिनु पर्नेलाई दण्ड देऊ अनि
अंगाल्न योग्यलाई अङ्कमाल गर'

भन्ते नागसेन, दण्ड दिनु भनेको हात काट्नु, खुट्टा काट्नु, बन्धनमा पार्नु र मार्नु हो । यी कार्यहरू भगवान बुद्धले गर भन्न सुहाउने प्रकारका कार्यहरू होइनन् । जहाँसम्म मेरो विश्वास छ भगवान बुद्धले भनेको दण्डको तात्पर्य त्यस्ता कार्यहरू गर्नु भनेको नहुनु पर्छ ।

भन्ते नागसेन, यदि भगवान बुद्धले अहिंसा धर्म पालना गरी सबैसित प्रेमपूर्वक बाँच्न सिक भनेका छन् भने, बुद्धले दण्ड दिनुपर्नेलाई दण्ड देऊ र अंगाल्न योग्यलाई अङ्कमाल गर भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ । यदि भगवान बुद्धले दण्ड दिनु पर्नेलाई दण्ड देऊ र



Downloaded from http://dhamma.digital

अंगाल्न योग्यलाई अङ्कमाल गर भनेका छन् भन्ने कुरो सत्य भए, भगवान बुद्धले अहिंसा धर्म पालना गरी सबैसित प्रेमपूर्वक बाँच्न सिक भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ । यो दुविधा पनि समाधानार्थ तपाईं सामु राखेको छुं । कृपया यो दुविधा सुल्झाइ-दिनुहोस् ।"

"महाराज, भगवान बुद्धले अहिंसा धर्म पालना गरी सबैसित प्रेमपूर्वक बाँच्न सिक भनेका छन् र साथै उनले दण्ड दिनु पर्नेलाई दण्ड देऊ र अंगाल्न योग्यलाई अङ्कमाल गर पनि भनेका छन् । महाराज, अहिंसा धर्म पालना गरी सबैसित प्रेमपूर्वक बाँच्न सिक भन्ने उपदेश बुद्धको मूल धर्मोपदेश हो । बुद्ध धर्मको लक्ष हो । सार हो । महाराज, भगवान बुद्धले दण्ड दिनु पर्नेलाई दण्ड देऊ र अंगाल्न योग्यलाई अङ्कमाल गर भनेर बुद्ध धर्मको लक्ष प्राप्त गर्न अपनाउनु पर्ने नीति, आचरण सम्बन्धि निर्देशन दिएका हुन् । त्यस बुद्ध-वचनबाट उद्दण्ड चित्तलाई दबाउनु पर्ने र शान्त चित्तलाई बनाइरहनु पर्ने; अकुशल चित्तलाई दबाउनु पर्ने र कुशल चित्तलाई अँगाल्नु पर्ने; खराब विचारलाई हटाउनु पर्ने र असल विचारलाई बढाउनु पर्ने; खराब धारणा मिटाउनु पर्ने र असल धारणा बनाइराख्नु पर्ने; खराब प्रवृति हटाउनु पर्ने र असल प्रवृति बढाउनु पर्ने; चोरलाई दबाउनु पर्ने र सज्जनलाई उठाउनु पर्ने नीति उपनाउने निर्देशन पाइन्छ ।"

"भन्ते नागसेन, मैले जुन विषय स्पष्ट रूपमा जान्न



Downloaded from http://dhamma.digital

चाहेको थिएँ, तपाइँले कुरो ठीक त्यही विषयतिर बढाइदिनु भयो। अब तपाइँ भन्नुहोस्, भन्ते नागसेन, चोरलाई कसरी दबाउनु पर्छ ?"

"महाराज, चोरलाई त्यसरी दबाउनु पर्छ, जसरी दबाउनाले चोर्ने कार्यमा कोही पनि लाग्ने छैन। महाराज मुख्य कुरो मानिसहरूलाई सुधार्नु हो। मानिसहरूको समाजलाई सुधार्नु हो। चोरलाई गालि गर्नाले सुध्रिने भए गालि गर्नु पर्छ; चोरलाई दण्ड-सजाय दिनाले सुध्रिने भए दण्ड-सजाय दिनुपर्छ; चोरलाई बन्धनमा राख्नाले सुध्रिने भए बन्धनमा राख्नु पर्छ; चोरलाई देश निकाला गर्नाले सुध्रिने भए देश निकाला गर्नु पर्छ; चोरलाई मृत्यु-दण्ड दिनाले सुध्रिने भए मृत्यु-दण्ड पनि दिनुपर्छ।"

"भन्ते नागसेन, के बुद्ध-धर्मले चोरलाई मृत्यु-दण्ड दिने अनुमति दिन्छ ?"

"महाराज, बुद्ध-धर्मले त कसैलाई पनि मार्ने अनुमति दिँदैन।"

"त्यसो भए बुद्ध-धर्मानुसार चोरलाई कस्तो सजाय दिनु उचित हुन्छ ?"

"महाराज, कसैलाई मृत्यु-दण्ड आदि कुनै प्रकारको दण्ड-सजाय दिने बेलामा बुद्ध-धर्मानुसार नै मात्र गरेर साध्य हुँदैन। बुद्ध-धर्म लौकिक धर्म होइन। सामाजिक धर्म होइन। बुद्ध-धर्म त लोक र



Downloaded from http://dhamma.digital

समाज देखि धेरै माथिको अलौकिक धर्म हो। महाराज, के बुद्ध-धर्मको अभ्युदय हुनुभन्दा अगाडि, त्यसै बाटोमा हिंडिरहेको मान्छेलाई पनि बिना कारण समातेर ल्याएर मृत्यु-दण्ड दिइन्थ्यो ?"

"दिंइदैन थियो, भन्ते नागसेन।"

"किन दिंइदैन थियो, महाराज ?"

"किनभने त्यसै बाटोमा हिंडिरहेको मान्छेलाई समातेर मृत्यु-दण्ड दिनु पर्ने कुनै कारण नै पर्दैन।"

"त्यसैले महाराज, मानिसहरूले के कुरो राम्ररी बुझ्नु पऱ्यो भने चोर आदि सामाजिक अपराध गर्ने कसैलाई कुन प्रकारको कानूनी दण्ड-सजाय दिने कार्यमा पनि बुद्ध-धर्मको अनुकरण गर्नुपर्छ भन्ने छैन। सामाजिक अपराध गर्नेलाई कानूनी दण्ड-सजाय दिने कार्यमा पनि अलौकिक बुद्ध-धर्मलाई मुछ्नै पर्ने कुनै बाध्यता छैन। छ त महाराज ?"

"छैन भन्ते नागसेन। मैले कुरो बुझें।"

## (१२) भिक्षुहरू विहारबाट निकालिनु सम्बन्धि प्रश्न

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'ममा न क्रोध छ न डाह।' तर भगवान बुद्धले सारिपुत्र र स्थविर मोग्गलान



Downloaded from http://dhamma.digital

लगायत उनीहरूका शिष्यहरू सबैलाई विहारबाट निकालेर पठाएको बेलांमा बुद्ध उनीहरूदेखि रिसाएका थिए कि थिएनन् ? म यस विषयमा राम्ररी बुझ्न चाहन्छुं ।

भन्ते नागसेन, यदि भगवान बुद्धले उल्लेखित भिक्षुहरू देखि रिसाएर उनीहरूलाई त्यसरी विहारबाट निकालेको भए भगवान बुद्धमा क्रोध र डाह उठ्दैन भन्ने कुरो असत्य हुनुपर्छ । यदि भगवान बुद्ध उल्लेखित भिक्षुहरू देखि रिसाएका थिएनन् र बुद्धले आफू उनीहरुबाट सन्तुष्ट हुँदाहुँदै पनि उनीहरूलाई विहारबाट निकालेका भए त्यसो गरिनु अनावश्यक थियो र त्यसबाट बुद्धको नासमझपन झल्किन्छ । यो पनि एउटा दुविधा हो । कृपया यसलाई सुल्झाइदिनुहोस् ।"

"महाराज, भगवान बुद्धमा क्रोध या डाह उत्पन्न हुने कुनै कारण छैन । भगवान बुद्धले स्थविर सारिपुत्र र स्थविर मोग्गलान लगायत उनीहरूका शिष्यहरूलाई रिसाएर विहारबाट निकालेका थिएनन् । उनीहरूले नै गरेको एउटा गल्तीको कारण उनीहरू त्यसरी निकालिएका थिए ।

महाराज, कुनै व्यक्ति रूखको जरामा, जराको ठूटोमा, ढुङ्गामा अथवा पृथ्वीमाथि उठेको अन्य कुनै वस्तुमा ठक्कर खाएर भुईमा लड्छ भने के त्यसमा पृथ्वीको केही दोष हुन्छ ? के कुनै मान्छे त्यसरी लड्ने बेलामा उसलाई पृथ्वीले रिसाएर लडाएको भन्न मिल्छ ?"

"मिल्दैन, भन्ते नागसेन । महापृथ्वी न कोहीदेखि रिसाउँछिन्, न त कोहीदेखि प्रसन्न नै हुन्छिन् । महापृथ्वीको कोहीसित वैरभाव



Downloaded from http://dhamma.digital

पनि हुँदैन र कोहीसित प्रेमभाव पनि हुँदैन । पृथ्वीमाथि उठेको कुनै वस्तुमा ठक्कर खाएर लड्ने व्यक्ति उसको आफ्नै बेहोशीको कारणले नै लडेको हुन्छ ।"

"त्यसरी नै महाराज, तथागत न कोहीदेखि रिसाउँछन्, न त कोहीदेखि प्रसन्न नै हुन्छन् । तथागत अरहन्त सम्यक सम्बुद्धको कोहीसित वैरभाव पनि हुँदैन र कोहीसित प्रेमभाव पनि हुँदैन । जुन भिक्षुहरू विहारबाट निकालिएका थिए उनीहरू, उनीहरूले नै गरेको गल्तिकै कारण मात्र निकालिएका थिए ।

महाराज, महासागरमा कसैको लाश आदि, पानीमा तैरिने कुनै पनि वस्तु परन्तुसम्म तैरिएर रहँदैन । महासागरमा तैरिएको लाश आदि कुनै पनि वस्तु यथाशिघ्र समुद्री छालमा बग्दै बग्दै किनारा लाग्छ । के महासागर रिसाएर त्यसो हुने हो ?"

"होइन, भन्ते नागसेन । महासागर न कोहीदेखि रिसाउँछ, न त कोहीदेखि प्रसन्न नै हुन्छ । महासागरको कोहीसित वैरभाव पनि हुँदैन र कोहीसित प्रेमभाव पनि रहँदैन ।"

"त्यसरी नै महाराज, तथागत न कोहीदेखि रिसाउँछन्, न त कोहीदेखि प्रसन्न नै हुन्छन् । तथागत अरहन्त सम्यक सम्बुद्धको कोहीसित वैरभाव पनि हुँदैन र कोहीसित प्रेमभाव पनि हुँदैन । जुन भिक्षुहरू विहारबाट निकालिएका थिए उनीहरू, उनीहरूकै गल्तिको कारण निकालिएका थिए ।



Downloaded from http://dhamma.digital

महाराज, जसरी भुईंमा ठक्कर खानेहरू लड्छन् त्यसरी नै बुद्धशासनमा रहेर गर्न नहुने गल्ति गर्नेहरू बुद्धशासनबाट निकालिन्छन् । जसरी समुद्रमा तैरिएको लाश आदि कुनै पनि वस्तु किनारामा ल्याएर मिल्काइन्छ त्यसरी नै बुद्धशासनमा रहेर गर्न नहुने गल्ति गर्नेहरू बुद्धशासनबाट निकालिन्छन् ।

महाराज, विहारबाट निकालिएका उल्लेखित भिक्षुहरूले विहारभित्र पस्ने वित्तिकै अनावश्यक रुपमा ठूल्ठूला स्वरले कुरा गरी विहारको शान्ति भंग गर्ने गल्ति गरेका थिए । त्यसैले भगवान बुद्धले उनीहरूकै भलोका लागि, उनीहरूकै हितको लागि, उनीहरूकै सुखको लागि, उनीहरूलाई नै परिशुद्ध तुल्याउनका लागि उनीहरूलाई विहार बाहिर जाने निर्देशन दिएका थिए । विहारमा अनावश्यक रुपले ठूल्ठूला स्वरले कुरा गरी विहारको शान्ति भंग गर्ने जो कसैलाई पनि विहारबाट निकाल्ने परम्परा बसेमा भिक्षुहरू विहारमै बसेर पनि जन्म, जरा, व्याधि र मरणबाट मुक्त हुने ध्यान भावनाको अभ्यास गर्नमा समर्थ हुने कुरोलाई ध्यानमा राखेर मात्र भगवान बुद्धले स्थविर सारिपुत्र र स्थविर मोग्गलान लगायत उनीहरूका शिष्यहरू सबैलाई त्यसरी विहार बाहिर जाने निर्देशन दिएका थिए ।"

"ठीक छ, भन्ते नागसेन । मैले कुरो बुझें ।"

(निष्कासन वर्ग समाप्त भयो ।)

★



Downloaded from http://dhamma.digital

# ४. सर्वज्ञ वर्ग

## (१) ऋद्धिबल र कर्मविपाक सम्बन्धि प्रश्न

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'भिक्षुहरू, मेरा ऋद्धिवान श्रावकहरूमा मोग्गलान सबैभन्दा अग्र छन्।' तर फेरि के पनि भनिएको छ भने उनको परिनिर्वाण डाँकाहरूद्वारा फलामको डण्डीले टाउको फुट्ने गरी, हाडहरू चूर्ण हुने गरी, मासु र नसाहरू धुजा धुजा हुने गरी पिटिएकाले भएको थियो। भन्ते नागसेन यदि स्थविर मोग्गलान श्रावक भिक्षुहरूमा सबैभन्दा बढी ऋद्धिवान हुन् भने उनको परिनिर्वाण त्यसरी डाँकाहरूद्वारा फलामको डण्डीले पिटिनाले भएको थियो भन्ने कुरो असत्य हुनुपर्छ। यदि स्थविर मोग्गलानको परिनिर्वाण त्यसरी डाँकाहरूद्वारा फलामको डण्डीले पिटिएकाले भएको कुरो सत्य हो भने उनी श्रावक भिक्षुहरूमा सबैभन्दा बढी ऋद्धिवान थिए भन्ने कुरो असत्य हुनुपर्छ। किनभने ऋद्धिबलयुक्त व्यक्तिले संसारमा सबै देवता र मनुष्यहरूको प्रतिरक्षा गर्न सक्नु पर्नेमा आफ्नै ज्यानको रक्षा गर्न नसक्ने कुरो सम्भव थिएन। त्यसैले यो दुविधा पनि समाधानार्थ तपाइँ सामु राखेको छुं। कृपया यो दुविधा सुल्झाइदिनुहोस्।"

"महाराज, भगवान बुद्धले ऋद्धिवान श्रावक भिक्षुहरूमा स्थविर



Downloaded from http://dhamma.digital

मोग्गलान सबैभन्दा अग्र छन् भनेका हुन् र साथै स्थविर मोग्गलानको परिनिर्वाण डाँकाहरूद्वारा फलामको डण्डीले पिटिएकाले भएको पनि हो । महाराज, ऋद्धिवान स्थविर मोग्गलानले त्यसरी परिनिर्वाण पाउनुमा उनको कर्मफलको प्रबलता थियो ।"

"भन्ते नागसेन, ऋद्धिबल र कर्मफल दुईटै अचिन्तनीय शक्तिहरू हुन् । अचिन्तनीय ऋद्धिबलले अचिन्तनीय कर्मफललाई रोक्न सकिँदैन र ? भन्ते नागसेन, जसरी कपित्थ फलले हिर्काएर कपित्थ फलको रूखबाट अर्को कपित्थ फल झार्न सकिन्छ, जसरी आँपले हिर्काएर आँपको बोटबाट अर्को आँप झारिन्छ, त्यसरी नै अचिन्तनीय ऋद्धिबलले अचिन्तनीय कर्मफललाई रोक्न सकिँदैन र ?"

"महाराज, अचिन्तनीय शक्तिहरूमा पनि कुनभन्दा कुन बढी शक्तिशाली भन्ने हुन्छ । जसरी सबै राजाहरू शक्तिवान भएतापनि, कुनै एकजना राजा अन्य सबै राजाहरू भन्दा बढी शक्तिवान हुन्छ, त्यसरी नै सबै प्रकारका अचिन्तनीय शक्तिहरूमा कर्मफल सबैभन्दा शक्तिशाली हुन्छ । कर्मफलमा अन्य सबै प्रकारका अचिन्तनीय शक्ति-हरूलाई दबाउने क्षमता हुन्छ । कर्मफल भोग्न पर्ने बेलामा अन्य अचिन्तनीय शक्तिहरू सबै निरर्थक हुन्छन् ।

महाराज, कुनै व्यक्तिले केही अपराध गरेको छ भने उसलाई उसका आमा, बाबु, दिदी, बहिनी, दाजु, भाइ, बन्धुबान्धब कसैले पनि बचाउन सक्ने छैन । उनले अवश्य पनि राजाले न्यायपूर्वक



Downloaded from http://dhamma.digital

दिने दण्ड स्वीकार्नु नै पर्ने हुन्छ। किनभने उसले अपराध गरिसकेको छ। त्यसरी नै महाराज, सबै प्रकारका अचिन्तनीय शक्तिहरूमा कर्मफल सबैभन्दा शक्तिशाली हुन्छ। कर्मफलमा अन्य सबै प्रकारका अचिन्तनीय शक्तिहरूलाई दबाउने क्षमता हुन्छ। कर्मफल पाउने बेलामा अन्य अचिन्तनीय शक्तिहरू सबै निरर्थक हुन्छन्।

महाराज, घनाजङ्गलमा आगलागी हुने बेलामा हजार गाग्री पानीले पनि आगो निभाउन सक्ने छैन। आगो निरन्तर बढ्दै जान्छ। किनभने घनाजङ्गलमा आगोको प्रबलता हुन्छ। त्यसरी नै महाराज, सबै प्रकारका अचिन्तनीय शक्तिहरूमा कर्मफल सबैभन्दा शक्तिशाली हुन्छ। कर्मफलमा अन्य सबै प्रकारका अचिन्तनीय शक्तिहरूलाई दबाउने क्षमता हुन्छ। कर्मफल पाउने बेलामा अन्य अचिन्तनीय शक्तिहरू सबै निरर्थक हुन्छन्। त्यसैले अति ऋद्धिवान आयुष्मान मोग्गलानले पनि आफ्ना कर्मफलको कारण डाँकाहरू मार्फत डण्डीको पिटाइ खाएर परिनिर्वाण हुन स्वीकार्नु परेको थियो।"

"ठीक छ भन्ते नागसेन। मैले कुरो बुझें।"

## (२) धर्म-नियम सम्बन्धि उपदेश गोप्य राखिएको सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'भिक्षुहरू, तथागतले उपदेश दिएको धर्म र विनय खुला गरिनाले त्यसको महत्व



Downloaded from http://dhamma.digital

बढ्ने छ, त्यसलाई गोप्य राख्नु आवश्यक छैन ।' तर प्रतिमोक्ष र विनय सम्बन्धि उपदेश गोप्य नै राख्ने गरिएको छ । भन्ते नागसेन, वास्तवमा प्रतिमोक्ष र विनय सम्बन्धि उपदेश पनि खुला राख्नु नै उपयुक्त छ । किनभने प्रतिमोक्ष र विनय सम्बन्धि उपदेशमा संयम, नियम, शील आदि अनेक गुणले युक्त शुद्धाचरण सम्बन्धि त्यस्ता शिक्षाहरू छन्, जुन शिक्षाहरू अति व्यावहारिक छन्, धर्मयुक्त छन् र प्राणीहरूलाई दुःख-कष्टबाट चाँडै मुक्ति दिलाउने प्रकारका छन् ।

भन्ते नागसेन, यदि भगवान बुद्धले धर्म र विनय खुला गर्नाले त्यसको महत्व बढ्ने छ र त्यसलाई गोप्य राख्नु आवश्यक छैन भनेका छन् भन्ने कुरो सत्य भए, प्रतिमोक्ष र विनय सम्बन्धि उपदेश गोप्य राख्नु अनुचित हुनुपर्छ । यदि प्रतिमोक्ष र विनय सम्बन्धि उपदेश गोप्य राख्नु उचित भए, तथागतले धर्म र विनय खुला गर्नाले त्यसको महत्व बढ्ने छ र त्यसलाई गोप्य राख्नु आवश्यक छैन भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ । यो दुविधा पनि समाधानार्थ तपाइँ सामु राखेको छुं । कृपया यो दुविधा सुल्झाइदिनुहोस् ।"

"महाराज, भगवान बुद्धले धर्म र विनय खुला राखिएमा त्यसको महत्व बढ्ने छ र त्यसलाई गोप्य राख्नु आवश्यक छैन भनेका छन् र साथै प्रतिमोक्ष र विनय सम्बन्धि उपदेश केही हदसम्म गोप्य राख्नु उचित देखिएकाले त्यसो गर्ने अनुमति पनि दिएका छन् । महाराज, प्रतिमोक्ष र विनय सम्बन्धि उपदेश अन्य कसैलाई पनि थाहा दिनु हुँदैन भन्ने छैन, बुद्धधर्म सम्बन्धि अगाडि पछाडिका केही पनि



Downloaded from http://dhamma.digital

कुरा थाहा नपाएका मानिसहरूलाई मात्र एक्कासी नभन्नु भन्ने छ। भगवान बुद्धले यस्तो परिपाटी बसाल्नुको पछाडि निम्न तीन ओटा कारणहरू छन्- (१) पहिलेका बुद्धहरूले प्रतिमोक्ष र विनय सम्बन्धि उपदेश केही हदसम्म गोप्य राख्ने परिपाटी बसालेर जानु, (२) धर्मको गम्भीरता अवबोध गराउनु र (३) भिक्षुत्वको गौरब बढाउनु।

महाराज, पहिलेका बुद्धहरूले प्रतिमोक्ष सम्बन्धि उपदेश खालि भिक्षुहरूको बीचमा मात्र सीमित राख्ने र अरूहरूलाई नसुनाउने परिपाटी बसालेका थिए। जसरी क्षेत्रियहरूको माया संसारभरका क्षत्रियहरू सबैमा आम गरिएतापनि त्यस सम्बन्धमा क्षत्रियहरू बाहेक अरु कसैलाई पनि थाहा दिंदैन थियो, त्यसरी नै पहिलेका बुद्धहरूको पालामा प्रतिमोक्ष सम्बन्धि उपदेश सम्पूर्ण भिक्षुहरूमा आम भएपनि अरूहरूलाई नसुनाउने गरिन्थ्यो।

महाराज, संसारमा मल्ल, अंतोण, पर्वतारोही, धर्मगिरी, ब्रह्मगिरी, नर्टक, नृत्यक, लडञ्छक, पिशाच, मणिभद्र, पूर्णभद्र, चन्द्रसूर्य, श्री देवता, कलिदेवता, शैव, वसुदेव, थनिका, असिपार्श, भद्रीपुत्र आदि अनेक सम्प्रदायका मानिसहरू छन्। उनीहरू सबै आ-आफ्नो सम्प्रदायका विशेषता आफूहरू बीच मात्रै सीमित राख्छन्, अरूहरू कसैलाई पनि थाहा दिंदैनन्। त्यसरी नै पहिलेका बुद्धहरूको पालामा प्रतिमोक्ष सम्बन्धि उपदेशलाई भिक्षुहरू बीचमा मात्र सीमित राखी अरूहरू कसैलाई नसुनाउने परिपाटी बसालेको थियो।

महाराज, किन धर्मको गम्भीरता अवबोध गराउनलाई प्रति-मोक्ष सम्बन्धि उपदेश आम रूपमा खुला नगर्नु उपयुक्त छ भन्ने कुरो



Downloaded from http://dhamma.digital

बुझ्नाको लागि प्रतिमोक्ष सम्बन्धि उपदेशको गौरब र गम्भीरतालाई सम्झन सक्नु पर्छ। महाराज, प्रतिमोक्ष सम्बन्धि उपदेश अति गम्भीर छ। प्रतिमोक्ष सम्बन्धि उपदेशको पृष्ठभूमि र त्यसको उपादेयता थाहा नपाउने कसैले पनि प्रतिमोक्ष सम्बन्धि उपदेशलाई राम्ररी बुझ्न सक्दैन। यदि प्रतिमोक्ष सम्बन्धि उपदेशको अगाडि पछाडिका केही पनि कुरा थाहा नपाउनेहरूलाई प्रतिमोक्ष सम्बन्धि उपदेश सुनाएमा, उनीहरूले त्यसको निन्दा गर्ने, त्यसको हँसी उडाउने, या त्यस सम्बन्धमा अनर्गल कुराहरू गर्ने बलियो सम्भावना छ। त्यसैले प्रतिमोक्ष सम्बन्धि उपदेश त्यसको अगाडि पछाडिका कुराहरू केही पनि थाहा नपाएका बाहिरियाहरूलाई नसुनाउनु नै उचित छ।

यदि कसैले अति दुर्लभ, सर्वश्रेष्ठ जातिको रातो चन्दन, चन्दनको महत्व नबुझ्ने कुनै नीच जातिका मानिसलाई दिएमा, त्यस मानिसले रातो चन्दनलाई पनि मामूलि काठ नै सम्झेर त्यसको दुरूपयोग गर्न सक्छ, त्यसको हँसी उडाउन सक्छ, त्यसलाई जताततै मिल्काएर त्यसको अपमान गर्न सक्छ। त्यसरी नै प्रतिमोक्ष सम्बन्धि उपदेशको गम्भीरता थाहा नपाउनेहरूलाई त्यो उपदेश सुनाएमा तिनीहरूले त्यसको हँसी उडाउने, त्यसको निन्दा गर्ने सम्भावना भएकाले त्यस्ता बाहिरियाहरूलाई त्यो उपदेश नसुनाउनु नै उचित छ।

महाराज, किन भिक्षुहरूको गौरब बढाउनलाई प्रतिमोक्ष सम्बन्धि उपदेश आम रूपमा खुला नगर्नु उपयुक्त छ भन्ने कुरो बुझ्नाका लागि भिक्षुत्वको गौरबलाई सम्झन सक्नु पर्छ। महाराज, भिक्षुत्व



Downloaded from http://dhamma.digital

अतुल्य, श्रेष्ठ र अमूल्य छ। भिक्षुभावको महानताको अन्दाजा लगाउन कठीन छ । यदि भिक्षु नभइकन पालना गर्न नसकिने प्रतिमोक्ष सम्बन्धि उपदेश भिक्षुहरूमा मात्र सीमित नगरी आम बनाइ दिएमा भिक्षुत्वको गौरब सम्बन्धमा मानिसहरूले कतिपनि अन्दाजा गर्न नसक्ने बलियो सम्भावना छ । त्यसैले भिक्षुत्वको गौरब सम्बन्धमा आम मानिसलाई सामान्य जानकारी दिलाउने हेतुले पनि प्रतिमोक्ष सम्बन्धि उपदेशलाई भिक्षुहरूमां मात्र सीमित गर्नु उपयुक्त छ । जसरी सबैभन्दा असल कपडा, बिछ्यौना, हात्ती, घोडा, रथ, सुन, चाँदी, मणि, मोती, रत्न आदि दुर्लभ वस्तुहरू सर्वश्रेष्ठ राजासित मात्र राखिन्छन् त्यसरी नै उत्तम आचार, संयम, शील, संवर आदि धर्माचरण सम्बन्धि तथागतले दिएका उपदेशहरू त्यसलाई साँच्चै व्यवहारमा उतार्न सक्ने भिक्षुहरूमा मात्रै सीमित राखिनु उपयुक्त नै छ ।"

"ठीक छ, भन्ते नागसेन । मैले कुरो बुझें ।"

## (३) दुइ आशयका झूटहरू सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'जानाजान झूट बोल्नेलाई पाराजिका दोष लाग्ने छ ।' फेरि उनले अर्कोपल्ट यसरी पनि भनेका छन्- 'जानाजान झूट बोल्नाले मामूली दोष लाग्छ र त्यो दोषबाट मुक्त हुन त्यसरी झूट बोलिएको कुरो कुनै अर्को भिक्षु सामु स्वीकारे पुग्छ ।'



Downloaded from http://dhamma.digital

भन्ते नागसेन, के कति कारणले एकपल्ट झूट बोल्नाले भिक्षुसंघबाट निक्लिनु पर्ने नियम बनाउने भगवान बुद्धले फेरि अर्कोपल्ट झूट बोलेपछि माफि पनि पाउन सक्ने नियम बनाएका हुन् ?

भन्ते नागसेन, यदि जानाजान झूट बोल्नाले पाराजिका दोष लाग्छ भन्ने कुरो सत्य भए, जानाजान झूट बोल्नाले मामूली दोष लाग्छ र त्यो दोषबाट मुक्त हुन त्यसरी झूट बोलिएको कुरो कुनै अर्को भिक्षु सामु स्वीकारे पुग्छ भन्ने कुरो असत्य हुनुपर्छ। यदि जानाजान झूट बोल्नाले मामूली दोष लाग्छ र त्यो दोषबाट मुक्त हुन त्यसरी झूट बोलिएको कुरो कुनै अर्को भिक्षु सामु स्वीकारे पुग्छ भन्ने कुरो सत्य भए, जानाजान झूट बोल्नाले पाराजिका दोष लाग्छ भन्ने कुरो असत्य हुनुपर्छ। यो दुविधा पनि समाधानार्थ तपाईं सामु राखेको छुं। कृपया यसलाई सुल्झाइदिनुहोस्।"

"महाराज, जानाजान झूट बोल्नाले पाराजिका दोष लाग्छ भन्ने कुरो सत्य हो र साथै जानाजान झूट बोल्नाले मामूली दोष लाग्छ र त्यो दोषबाट मुक्त हुन त्यसरी झूट बोलिएको कुरो कुनै अर्को भिक्षु सामु स्वीकारे पुग्छ भन्ने कुरो पनि सत्य नै हो। महाराज, कस्तो झूट बोल्नाले पाराजिका दोष लाग्छ र कस्तो झूट बोल्नाले कुनै एउटा अर्को भिक्षु सामु त्यसरी झूट बोलिएको कुरो स्वीकारे पुग्छ भन्ने कुरो मुख्यतया कुन आशयले कुन विषय झूटो बोलिएको हो भन्नेमा निर्भर रहन्छ। यस सम्बन्धमा तथ्य कुरो राम्ररी बुझ्न सक्नाको लागि म तपाईंसित नै एउटा प्रश्न सोध्दै छुं।



Downloaded from http://dhamma.digital

महाराज, यदि कसैले कुनै अर्को व्यक्तिमाथि हात हाल्यो भने तपाइँ त्यसरी अरूमाथि हात हाल्ने व्यक्तिलाई के कस्तो सजाय दिनु हुन्छ ?"

"भन्ते नागसेन, अरूमाथि हात हाल्नेलाई सामान्यतया एक काषार्पण (त्यस बेलाको एक पैसा) जरिवाना गराइन्छ ।"

महाराज, यदि कसैले तपाइँमाथि हात हाल्यो भने तपाइँ त्यस मानिसलाई के कस्तो सजाय गर्नु हुन्छ त ?"

"उसको हात कटाइदिन्छु, खुट्टा कटाइदिन्छु, खाल उखाडी-दिन्छु, घर-सम्पत्ति जफत गर्छु। अझ आवश्यक देखिएमा उसको आमा पट्टिका र बाबु पट्टिका सात पुस्ता सम्मका सबैलाई मार्न पनि लगाउन सक्छु ।"

"महाराज, के कति कारणले तपाइँ अरूमाथि हात हाल्ने एक जनालाई एक काषार्पण मात्र जरिवाना गरेर छोड्ने र फेरि त्यस्तै काम गर्ने अर्कोलाई त्यति भयानक सजाय दिन लगाउने गर्नुहुन्छ ?"

"भन्ते नागसेन, हात उठाउनुको पछाडि रहेको आशयको कारण, पिटिने मानिसमा भएको भेदको कारण ।"

"ठीक त्यसरी नै महाराज, कस्तो झूट बोल्नाले पाराजिका दोष लाग्छ र कस्तो झूट बोल्नाले त्यसरी बोलिएको झूट कुनै एक



Downloaded from http://dhamma.digital

जना अर्को भिक्षु सामु स्वीकारे पुग्छ भन्ने कुरो. कुन आशयले कस्तो प्रकारको झूट बोलिएको हो भन्ने कुरोमा निर्भर रहन्छ ।"

"ठीक छ, भन्ते नागसेन । मैले कुरो राम्ररी बुझें ।"

## (४) बोधिसत्वको अन्तिम जन्म बिषयक प्रश्न

"भन्ते नागसेन, धर्मको पूर्वाधार सम्बन्धमा उपदेश दिएको बेलामा भगवान बुद्धले यसरी भनेका छन्- 'बोधिसत्वको अन्तिम जन्ममा आमा-बाबु हुनेहरू र बोधिसत्वले बोधिज्ञान पाउने बोधिवृक्ष पहिलेबाटै निश्चित हुन्छन् ।' तर फेरि भिक्षुहरू के पनि भन्छन् भने- 'तुषित भुवनमा छँदा नै बोधिसत्वले, कुन समयमा जन्म लिने, कुन द्वीपमा जन्मलिने, कुन देशमा जन्मलिने, क्षत्रिय या बाहुन कुन कुलमा जन्मलिने, कसको कोषमा जन्मलिने, कति समय गर्भमा रहने, कुन महिनामा जन्मलिने, कहिले गृहत्याग गर्ने भन्ने यी आठ ओटा मुख्य मुख्य कुराहरू सम्बन्धमा पूर्वालोकन गर्दछन् ।' तर भन्ते नागसेन, जबसम्म ज्ञान परिपक्व हुँदैन तबसम्म यतिका कुराहरूको पूर्वालोकन गर्न सकिँदैन । जब यी कुराहरूको पूर्वालोकन गर्न सक्ने गरी ज्ञान परिपक्व भइसकेको हुन्छ तब फेरि त्यसरी पूर्वालोकन मात्र गरेर पर्खिरहने कुरो हुँदैन । ज्ञान परिपक्व भइसकेपछि, जान्नु पर्ने सबै कुरो निमेषभरमै जानिन्छ तब फेरि किन पूर्वालोकन गरेर पर्खि-रहन्छ ?



Downloaded from http://dhamma.digital

भन्ते नागसेन, यदि बोधिसत्वको अन्तिम जन्ममा आमा-बाबु हुनेहरू र बोधिसत्वले बोधिज्ञान पाउने बोधिवृक्ष पहिलेबाटै निश्चित हुन्छन् भन्ने कुरो सत्य भएमा, बोधिसत्वले कहिले जन्मलिने, कुन कुलमा जन्मलिने आदि कुराहरू पूर्वालोकन गर्ने कुरो असत्य हुनुपर्छ । यदि बोधिसत्वले कुन समयमा जन्म लिन, कुन कुलमा जन्मलिन आदि कुराहरू पूर्वालोकन गर्ने कुरो सत्य भएमा, बोधिसत्वको अन्तिम जन्ममा आमा-बाबु हुनेहरू र बोधिसत्वले बोधिज्ञान पाउने बोधिवृक्ष पहिलेबाटै निश्चित हुन्छन् भन्ने कुरो असत्य हुनुपर्छ । मैले यो दुविधा पनि समाधानार्थ तपाईं सामु राखेकोछुं । कृपया यो दुविधा सुल्झाइदिनुहोस् ।"

"महाराज, बोधिसत्वको अन्तिम जन्ममा आमा-बाबु हुनेहरू र बोधिसत्वले बोधिज्ञान पाउने बोधिवृक्ष पहिलेबाटै निश्चित हुन्छन् भन्ने कुरो सत्य हो र साथै बोधिसत्वले कुन समयमा जन्मलिने, कुन कुलमा जन्मलिने आदि कुराहरू पूर्वालोकन गर्ने कुरो पनि सत्य नै हो । महाराज, बोधिसत्वले आफ्नो अन्तिम जन्म लिनुभन्दा पहिले आफ्ना आमा-बाबु हुनेहरू क्षत्रिय या बाहुन कुन कुलमा छन् आदि भनेर पूर्वालोकन गर्ने हो ।

महाराज, आठ प्रकारका प्राणीहरू आ-आफ्ना विषयमा पूर्वालोकन गर्ने गर्दछन् । व्यापारीले कुनै व्यापारमा लगानी गर्नुभन्दा पहिले त्यस व्यापारबाट कति मुनाफा हुने हो भन्ने कुरो पूर्वालोकन गर्दछ । हात्तीले भुईंमा पाइलो टेक्नुभन्दा पहिले आफूले टेक्न लागेको



Downloaded from http://dhamma.digital

भूमि कति मजबुत छ भन्ने कुरो सुँडले सुँघेर पूर्वालोकन गर्दछ । गाडावानले तर्नुपर्ने खोला आफ्नो गाडाले तर्नसक्ने जतिको मात्र गहिरो हो-होइन भन्ने कुरो पूर्वालोकन गर्दछ । कर्णधारले डुङ्गा खियाउनुभन्दा पहिले आफ्नो डुङ्गा पारिपट्टि कहाँनेर किनारा लगाउने भन्ने कुरो अवलोकन गर्दछ । बैद्यले कुनै रोगीको उपचार विधि सुरू गर्नुभन्दा पहिले त्यस रोगीको आयु पूर्वालोकन गर्दछ । बाँसको पुलबाट नदीपारी जाने यात्रुले त्यस बाँसको पुलको मजबूति सम्बन्धमा पूर्वालोकन गर्दछ । भिक्षुले भोजन गर्नुभन्दा पहिले सूर्यको स्थान हेरी समयको पूर्वालोकन गर्दछ । बोधिसत्वले अन्तिम जन्म लिनुभन्दा पहिले आफूले जन्मलिने कुल क्षत्रिय या बाहुन कुन जातिको कुल हो भन्ने आदि कुराहरू अवलोकन गर्दछन् । महाराज त्यसरी उपरोक्त आठ प्रकारका प्राणीहरूले आ-आफ्नो विषयमा पूर्वालोकन गर्ने कुरो अति स्वाभाविक छ ।"

"ठीक छ, भन्ते नागसेन । मैले कुरो बुझें ।"

## (५) आत्महत्या सम्बन्धि प्रश्न

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'भिक्षुहरू, आत्महत्या गर्नु उचित छैन । जसले आत्महत्या गर्छ त्यसलाई दोष लाग्छ ।' तर भिक्षुहरू के पनि भन्छन् भने, 'भगवान बुद्धले जहिले जुनसुकै सन्दर्भमा धर्मोपदेश गर्दा पनि जन्म लिनु, बूढा हुनु, विरामी



Downloaded from http://dhamma.digital

पर्नु र मर्नुबाट छुट्कारा पाउने सम्बन्धमा अनेक प्रकारले सम्झाउने र त्यसरी जन्म, जरा, व्याधि र मरणबाट छुट्कारा पाउनेहरूको भरपुर प्रशंसा गर्ने गरेकाछन् ।'

भन्ते नागसेन, यदि भगवान बुद्धले आत्महत्या गर्नु उचित छैन र आत्महत्या गरेमा दोष लाग्छ भनेका छन् भन्ने कुरो सत्य भएमा, भगवान बुद्धले जन्म, जरा, व्याधि र मरणबाट छुट्कारा पाउने सम्बन्धमा सम्झाउँछन् भन्ने कुरो असत्य हुनुपर्छ । यदि भगवान बुद्धले जन्म, जरा, व्याधि र मरणबाट छुट्कारा पाउने सम्बन्धमा सम्झाउँछन् भन्ने कुरो सत्य भएमा, भगवान बुद्धले आत्महत्या गर्नु उचित छैन र आत्महत्या गरेमा दोष लाग्छ भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ । मैले यो दुविधा पनि समाधानार्थ तपाईं सामु राखेको छुं । कृपया यसलाई सुल्झाइदिनुहोस् ।"

"महाराज, भगवान बुद्धले आत्महत्या गर्नु हुँदैन, आत्महत्या गरेमा दोष लाग्छ भनेका हुन् र साथै भगवान बुद्धले जहिले जुनसुकै सन्दर्भमा धर्मोपदेश गर्दा पनि जन्म, जरा, व्याधि र मरणबाट छुट्कारा पाउने सन्दर्भमा सम्झाउने गरेको कुरो पनि सत्य नै हो । भगवान बुद्धले त्यसरी सम्झाउनुको पछाडि निश्चित कारणहरू छन् ।"

"भन्ते नागसेन, भगवान बुद्धले त्यसरी सम्झाउनुको पछाडि के कस्ता कारणहरू छन् ?"

"महाराज, यस संसारमा शीलवानहरू जीवित हुनु लाभदायक छ ।



Downloaded from http://dhamma.digital

शीलवानहरू मानिसहरूमा लागेको क्लेश रुपी रोगको लागि औषधि समान छन् । शीलवानहरू मानिसहरूमा लागेको तृष्णा रूपी धुलो पखाल्ने पानी समान छन् । शीलवानहरू मानिसहरूलाई सबै प्रकारको सम्पत्ति दिलाइदिने मणि समान छन् । शीलवानहरू मानिसहरूलाई काम, भव, मिथ्यादृष्टि र अविद्या जस्ता ओघ पार गराइदिने डुङ्गा समान छन् । शीलवानहरू मानिसहरूलाई पुनर्जन्म रूपी मरूभूमि पार गराइदिने सत्यवाहु (कारवान) समान छन् । शीलवानहरू मानिस-हरूको मानसिक सन्ताप उतारिदिने शितल हावा समान छन् । शीलवानहरू मानिसहरूको अतृप्त मनलाई सन्तुष्ट पारिदिने वर्षा समान हुन् । शीलवानहरू मानिसहरूलाई असल शिक्षादिने आचार्य समान हुन् । शीलवानहरू मानिसहरूलाई सही दिशातिर अघिबढाउने पथप्रदर्शक समान हुन् । महाराज, यसरी गुणको मुहानको रुपमा जीवित रही अन्य मानिसहरूलाई पनि गुणी बन्नमा सहयोग पुऱ्याउन सक्ने शीलवानहरू नमासियोस् र उनीहरूको संख्या बढ्दै जावोस् भन्ने उद्देश्यले नै सबै मानिसहरूप्रति असीम अनुकम्पा राखी भगवान बुद्धले कुनै पनि भिक्षुले आत्महत्या नगर्नु, आत्महत्या गरेमा दोष लाग्छ भनेर उपदेश दिएका हुन् ।

अनि भगवान बुद्धले किन जन्म, जरा, व्याधि र मरणबाट मुक्ति पाउने सम्बन्धमा अनेक तरिकाले सम्झाउँछन् भने, महाराज, जन्मनु दु:ख हो, बूढा-बूढी हुनु दु:ख हो, रोगी हुनु दु:ख हो र मर्नु दु:ख हो । महाराज, जन्म-मरणको संसारचक्रमा रहुन्जेल अनेक प्रकारका दु:खहरू नझेलिकन जिउन नै सकिदैन । संसारचक्रमा



Downloaded from http://dhamma.digital

रहुन्जेल शोकमा पर्नु दु:ख हो। रूनु-कराउनु दु:ख हो। मन खिन्न हुनु दु:ख हो। मनमा द्वेषभाव उठ्नु दु:ख हो। मन उदास हुनु दु:ख हो। मननपर्ने सित बस्नपर्नु दु:ख हो। मनपर्नेसित बस्न नपाउनु दु:ख हो। आमा मर्नु दु:ख हो। बाबु मर्नु दु:ख हो। दाजु-भाइ मर्नु दु:ख हो। दिदी-बहिनी मर्नु दु:ख हो। छोरा-छोरी मर्नु दु:ख हो। स्वास्नी या लोग्ने मर्नु दु:ख हो। नोकर-चाकर मर्नु दु:ख हो। बन्धु-बान्धव मर्नु दु:ख हो। बन्धु-बान्धव नहुनु दु:ख हो। स्वास्थ्य बिग्रनु दु:ख हो। सम्पत्ति कम हुनु दु:ख हो। शील भंग हुनु दु:ख हो। सिद्धान्तबाट गिर्नु दु:ख हो। राजाको भय दु:ख हो। चोरको भय दु:ख हो। शत्रु भय दु:ख हो। अनिकाल भय दु:ख हो। आगोको भय दु:ख हो। बाढीको भय दु:ख हो। छालको भय दु:ख हो। पानीको भँवरको भय दु:ख हो। मगरमच्छको भय दु:ख हो। आफ्नो निन्दा हुनु दु:ख हो। अरूको निन्दा गर्नपर्नु दु:ख हो। दण्ड पाउनु दु:ख हो। दूर्गतीमा पर्नु दु:ख हो। ठूलो सभामा बोल्नु पर्ने बेलामा हडबडाउनु दु:ख हो। जीविका चलाउन नसक्ने भयले पीडित हुनु दु:ख हो। मर्ने भय दु:ख हो। बेटले पिटीने सजाय पाउनु दु:ख हो। हात काटिने सजाय पाउनु दु:ख हो। खुट्टा काटिने सजाय पाउनु दु:ख हो। हात र खुट्टा काटिने सजाय पाउनु दु:ख हो। कान छेडिने सजाय पाउनु दु:ख हो। नाक छेडिने सजाय पाउनु दु:ख हो। नाक र कान छेडिने सजाय पाउनु दु:ख हो। टाउकोमा तातो ताप्के घोप्ट्याइने (बिलङ्गथालिक) सजाय पाउनु दु:ख हो। शंखमुण्डिक (टाउको शंख झैं देखिने गरी टाउकोको छाला उप्काइने) सजाय पाउनु दु:ख



Downloaded from http://dhamma.digital

हो। राहुमुख (मुख कानसम्म च्यात्न लगाइने) सजाय पाउनु दुःख हो। ज्योतिर्मालिका (जिउमा तेलले भिजाएको कपडा बेरेर बालिने) सजाय पाउनु दुःख हो। हस्तप्रज्योतिका (हातमा तेलले भिजाएको कपडा बेरेर बालिने) सजाय पाउनु दुःख हो। एरकवर्तिका (गर्दनसम्म खाल उप्काएर तान्न लगाइने) सजाय पाउनु दुःख हो। चीरकवासिका (माथिको खाल कम्मरसम्म र तलतिरको खाल घुँडासम्म छिल्न लगाउने) सजाय पाउनु दुःख हो। ऐणेयक (भुईंमा उत्तानो पारी हात र खुट्टामा किला ठोकेर जलाइने) सजाय पाउनु दुःख हो। बलिसमंसिका (मुखमा अंकुश घुसारेर तान्न लगाइने) सजाय पाउनु दुःख हो। कार्षापण (शरीरका विभिन्न भागबाट एक पैसाको चक्का जत्रा मासुका चोक्टाहरू काट्न लगाइने) सजाय दुःख हो। खारापतच्छिका (शरीरको विभिन्न भागबाट मासु काट्न लगाएर त्यसरी मासु काटिएको ठाउँमा नून लगाइने) सजाय पाउनु दुःख हो। परिघपटिवत्तिका (एक कानबाट किला ठोकेर अर्को कानबाट छिराई जमीनमा गाडी किलाको वरिपरि खुट्टा समातेर घुमाइने) सजाय पाउनु दुःख हो। पलालपिठक (शरीरका हाडहरू सबै शरीर भित्रै चूर्ण हुने गरी घनले पिटाइने) सजाय पाउनु दुःख हो। तातो तेल जिउभर पोखाइने सजाय पाउनु दुःख हो। जिउभर कुकूरले टोक्न लगाइने सजाय पाउनु दुःख हो। फाँसी दिएर झुण्ड्याइने सजाय पाउनु दुःख हो। तलवारले टाउको काटिने सजाय पाउनु दुःख हो। यसरी संसारमा रहुन्जेल अनेक प्रकारका दुःखहरूको सामना गर्नु पर्ने भय रहिरहन्छ।



Downloaded from http://dhamma.digital

महाराज, जसरी हिमालय पहाडमा परेको पानी पहाड, ढुङ्गा, चट्टान, रूख आदि विभिन्न स्थानमा ठक्कर खाइकन ओरालो लाग्दै अन्तमा गङ्गासम्म बहदै आउँछ त्यसरी नै संसारमा जन्मिने मानिसहरू अनेक प्रकारका दण्ड-सजाय आदि दुःखहरू भोग्दै जन्मन्छन्, हुर्कन्छन् र मर्छन् र फेरि पनि जन्मन्छन्, हुर्कन्छन् र मर्छन् । यसरी जन्म र मरणको संसारचक्रमा फँसिरहनु अति दुःखको कुरो हो र त्यस्तो जन्म र मरणको संसारचक्रबाट मुक्ति पाउनु परम सुख हो । त्यसैले भगवान बुद्धले जहिले जुनसुकै सन्दर्भमा पनि जन्म-मरणको संसारचक्रबाट मुक्त हुनाले पाउने सुख र जन्म-मरणको संसारचक्रमा फँसिरहनाले झेल्नु पर्ने भय सम्बन्धमा सम्झाएर जन्म, जरा, व्याधि र मरणको संसारचक्रबाट मुक्ति पाउने बारे अनेक तरिकाले धर्मोपदेश दिन्छन् ।"

"ठीक छ, भन्ते नागसेन । तपाईंले बडो राम्रो तरिकाले कारणसहित व्याख्या गरी मेरो दुविधा हटाइदिनु भयो । मैले तथ्य राम्ररी बुझें ।"

## (६) मैत्रि भावनाको प्रभाव सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'भिक्षुहरू, मैत्रिभावना गर्ने अभ्यास गर्नाले, मैत्रि भावनागर्ने बानी बसाल्नाले, मैत्रि भावना विस्तृत पार्नाले, मैत्रि भाक्नालाई आधार बनाउनाले, मैत्रि भावना गर्दै जानाले निम्न एघार प्रकारका उपलब्धिहरू पाउन



Downloaded from http://dhamma.digital

सक्नेछन्- (१) सुखपूर्वक निदाउन सक्नेछ (२) सुखपूर्वक निदाएर बिउँझन सक्नेछ (३) सपना देख्दा राम्रो सपना मात्र देखिने छ (४) मानिसहरूका प्रिय हुनेछ (५) असुर, किन्नर, गन्धर्व, यक्ष आदि अमनुष्यहरूका प्रिय हुनेछ (६) देवताहरूबाट रक्षा पाइने छ (७) आगो, विष र हतियारबाट सुरक्षित होइने छ (८) सधैं प्रज्वलित र प्रसन्न मुखाकृति होइने छ (९) ध्यान गर्दा छिटै समाधि लाग्ने छ (१०) नडराइकन मर्न सकिने छ (११) छिटै अरहन्त होइने छ र केही कारण अरहन्त हुन नसकेतापनि मृत्युपरान्त ब्रह्मलोकमा जन्मन जाने होइन्छ।' तर भिक्षुहरू के भन्छन् भने- 'मैत्रि भावनाको अभ्यास गरी सधैं वनमा मृगहरूसित खेलेर बस्ने सामकुमार एकदिन पिलियक्ख नामको राजाले हानेको विषयुक्त वाण लागेर मूर्छा परी जमीनमा लडेका थिए।"

भन्ते नागसेन, यदि मैत्रि भावनाको अभ्यास गर्नाले उल्लेखित एघार ओटा उपलब्धिहरू प्राप्त हुने कुरो सत्य भएमा, मैत्रि भावनाको अभ्यास गरी वनमा मृगहरूसित खेलेर बस्ने सामकुमार पिलियक्ख राजाले हानेको विषयुक्त वाण लागेर मूर्छा भई जमीनमा लडेको कुरो असत्य हुनुपर्छ। यदि मैत्रि भावनाको अभ्यास गरी वनमा मृगहरूसित खेलेर बस्ने सामकुमार पिलियक्ख राजाले हानेको विषयुक्त वाण लागेर मूर्छा भई जमीनमा लडेको कुरो सत्य भएमा, मैत्रि भावना गर्नाले उल्लेखित एघार प्रकारका उपलब्धिहरु प्राप्त हुने कुरो असत्य हुनुपर्छ। अति उल्झिएको, अति सूक्ष्म र अति गम्भीर यो दुविधा चलाख भन्दा चलाख मानिसको पनि पसिना छुटाइदिने प्रकारको छ।



Downloaded from http://dhamma.digital

कृपया यो अति जटील दुविधा सुल्झाइदिनुहोस् । भविष्यका भिक्षुहरू-लाई यसबारे तथ्य थाहा पाउन सक्ने नेत्रदान गर्नुहोस् ।"

"महाराज, भगवान बुद्धले मैत्रि भावनाको अभ्यास गर्नमा लगनशील रहनाले उल्लेखित एघार प्रकारका उपलब्धिहरू पाइन्छन् भनेका हुन् र साथै मैत्रि भावनाको अभ्यास गरी वनमा मृगहरूसित खेलेर बस्ने सामकुमार पिलियक्ख राजाले हानेको विषयुक्त वाण लागेर मूर्छा भई जमीनमा लडेको कुरा पनि सत्य नै हो । तर महाराज, सामकुमार त्यसरी मूर्छित पर्नुको पछाडि एउटा कारण छ । त्यो कारण के हो भने महाराज, मैत्रि भावना गर्नाले पाइने उल्लेखित उपलब्धिहरू, एकपल्ट मैत्रि भावना गरेकाले जीवनभर स्वतः पाइरहने नभइकन मैत्रि भावनाको अभ्यास गरिरहने बेलामा मात्र पाइने हुन् । जुन बेला सामकुमार पिलिक्ख राजाले हानेको वाण लागेर मूर्छित भएका थिए, त्यसबेला उनी मैत्रि भावना गरिरहेका थिएनन् । उनी खोलाबाट घइँटोमा पानी भरिरहेका थिए ।

महाराज, जुन बेला कोही मैत्रि भावनामा संलग्न रहन्छ, त्यस बेला उसलाई आगो, विष, हतियार आदि कुनै पनि कुराले केही नोक्सान पुऱ्याउने छैन । त्यस बेला उसलाई आघात पार्ने नियतले आउनेहरूले उसलाई या त देख्ने नै छैन देखे पनि कुनै न कुनै कारणले आघात पार्न सक्ने छैन । यसो हुनाको कारण मैत्रि भावना गर्ने व्यक्तिको अन्य क्षमता होइन, मैत्रि भावना गर्ने व्यक्तिमा हुने मैत्रिभावको शक्ति हो ।



Downloaded from http://dhamma.digital

महाराज, जसरी युद्धमा जाने योद्धाले अभेद्य कवच लगाएर जाने बेलामा वाण, भाला आदि हतियार सबै योद्धाको कवचमा टकराएर फर्कन्छन् तर योद्धा घाइते हुँदैन, त्यसरी नै मैत्रि भावनामा संलग्न रहनाले मैत्रि भावना गर्ने व्यक्तिको मनमा हुने मैत्रि भावको कारण मैत्रिभावना गर्ने व्यक्ति सुरक्षित हुने हुन्छ।

महाराज, कसैले जादुको छडि हातमा लिएमा त्यो लट्ठि हातमा रहुन्जेल त्यो मान्छे अदृष्य रहन्छ। तर त्यो करामत जादुको छडि हातमा लिनेको होइन जादुको छडिको मात्र हुन्छ। त्यसरी नै मैत्रि भावनामा संलग्न रहुन्जेल आगो, विष, हतियार आदिबाट सुरक्षित हुनु मैत्रि भावना गर्ने व्यक्तिको होइन मैत्रिभावना गर्ने व्यक्तिको मनमा हुने मैत्रिभावको शक्ति हुन्छ।

महाराज, कोही राम्रोसित बनाइएको गुफाभित्र रहेमा त्यस गुफाभित्र रहुन्जेल त्यो मानिस जस्तो सुकै वरसातबाट पनि नभिज्ने होइन्छ। त्यो मान्छे त्यसरी पानीबाट बच्नुको मुख्य कारण त्यो राम्रोसित बनाइएको गुफा हुन्छ। त्यसरी नै मैत्रि भावनामा संलग्न रहुन्जेल आगो, विष, हतियार आदिबाट सुरक्षित रहनाको मुख्य कारण मैत्रि भावना गर्नेको मनमा हुने मैत्रि माव हुनेछ।"

"आश्चर्य, भन्ते नागसेन, अद्‌भूत छ अनेक प्रकारका विपत्ति-हरूबाट सुरक्षित पारिने मैत्रि भावना। सबै प्रकारका भयहरूबाट सुरक्षित पार्न सक्ने मैत्रिभावना सबैले अभ्यास गर्नै पर्ने प्रकारको रहेछ भन्ने कुरो मैले राम्ररी बुझें।"



Downloaded from http://dhamma.digital

## (७) पाप र पुण्यको भिन्नता सम्बन्धि प्रश्न

"भन्ते नागसेन, पाप र पुण्यको फल समान हुन्छ कि भिन्दा-भिन्दै हुन्छन् ?"

"महाराज, पाप र पुण्यको फल समान हुँदैनन्, भिन्दा-भिन्दै प्रकारका हुन्छन् । पुण्य गर्नाले सुख पाइन्छ र मरणोपरान्त स्वर्गमा गइन्छ । तर पाप गर्नाले दु:ख पाइन्छ र मराणेपरान्त नरकमा गइन्छ ।"

"भन्ते नागसेन, भिक्षुहरू के भन्छन् भने, देवदत्तको हृदय कालो थियो र अवगुणै अवगुणले भरेको थियो । अनि बोधिसत्वका हृदय स्वच्छ थियो र गुणै गुणले भरेको थियो । तर अनेक जन्ममा देवदत्तको जीवन बोधिसत्वको जीवन समान अथवा अझ बढी यश र वैभवले युक्त थियो ।

भन्ते नागसेन, देवदत्तले बनारसको राजा ब्रम्हदत्तको पुरोहितको छोरा भएर जन्म लिएको बेलामा बोधिसत्व तन्त्र मन्त्र गरी बेमौसममा आँप फलाउने चण्डाल भएर जन्म लिएका थिए र त्यो जन्ममा देवदत्तले बोधिसत्वले भन्दा ठूलो कुलमा जन्म लिइ बढी यश पाएको थियो ।

अर्कोपल्ट देवदत्तले सम्पूर्ण ऐश्वर्य उपभोग गर्ने एउटा महान राजा भएर जन्म लिएको बेलामा बोधिसत्वले त्यही राजाले चढ्ने



Downloaded from http://dhamma.digital

हात्ती भएर जन्म लिएका थिए। त्यस जन्ममा बोधिसत्व हात्तीको शान देखेर चिढिएको राजा भएको देवदत्तले त्यस हात्तीलाई मराउने नियतले त्यस हात्तीको माहुतेलाई भनेर त्यस हात्तीलाई 'आकाश गमण' नामको चाल सिकाउन लगाएको थियो। त्यस जन्ममा पनि देवदत्तले बोधिसत्वले भन्दा राम्रो योनिमा जन्मन पाएको थियो।

फेरि अर्कोपल्ट देवदत्तले जङ्गलमा शिकार गरेर हिंड्ने ब्याधा भई मनुष्य जन्म पाएको बेलामा बोधिसत्वले महापृथ्वी नामको एउटा बाँदर भएर जन्म लिएका थिए। मानिस र पशुमा अति फरक छ। त्यसरी त्यस जन्ममा पनि देवदत्तले बोधिसत्वले भन्दा उत्तम योनिमा जन्मन पाएको थियो।

फेरि अर्कोपल्ट देवदत्तले शोणोतर नामको अत्यन्त बलवान निषाद भएर जन्म लिएको बेलामा बोधिसत्वले छः ओटा दन्तहरू भएको हात्ती भएर जन्म लिएका थिए। एक दिन निषाद भएर जन्म लिएको देवदत्तले हात्ती भएर जन्म लिएका बोधिसत्वको बध गरेको थियो। त्यसरी त्यस जन्ममा पनि बोधिसत्व भन्दा देवदत्त नै माथि परेको थियो।

फेरि अर्कोपल्ट देवदत्तले जङ्गल-जङ्गलमा घुमेर हिंड्ने मानिस भएर जन्म लिएको बेलामा बोधिसत्वले मन्त्र पढ्न सक्ने तित्तीर पंक्षी भएर जन्म लिएका थिए। त्यस जन्ममा पनि वनमा घुम्ने मानिसको रूपमा जन्मेको देवदत्तले तित्तीर पंक्षी भएर जन्म लिएका बोधिसत्वको हत्या गरेको थियो। त्यसरी त्यस जन्ममा पनि बोधिसत्व भन्दा देवदत्त नै माथि परेको थियो।



Downloaded from http://dhamma.digital

फेरि अर्कोपल्ट, देवदत्तले कलाबु नामको काशीको राजा भएर जन्म लिएको बेलामा बोधिसत्वले एकजना क्षान्तिबादी तपस्वी भएर जन्म लिएका थिए। त्यस जन्ममा पनि राजा भएर जन्म लिएका देवदत्तले क्रोधवश क्षान्तिवादी तपस्वी भएर जन्म लिएका बोधिसत्वको हात र खुट्टा बाँस झैं काट्न लगाएको थियो। त्यसरी त्यस जन्ममा पनि देवदत्त नै बोधिसत्व भन्दा माथि परेको थियो।

फेरि अर्कोपल्ट, देवदत्तले वनमा घुम्ने मानिस भएर जन्म लिएको बेलामा बोधिसत्वले नन्दिय नामको बाँदर भएर जन्म लिएका थिए। वनमा घुम्ने मानिस भएका देवदत्तले बाँदर भएका बोधिसत्व तथा उनका आमा र भाइलाई मारिदिएको थियो। त्यसरी त्यस जन्ममा पनि देवदत्त नै बोधिसत्व भन्दा माथि परेको थियो।

फेरि अर्कोपल्ट, देवदत्तले वनमा रहने एउटा जटाधारी साधु भएर जन्म लिएको बेलामा बोधिसत्वले तच्छक नामको वनेल भएर जन्म लिएका थिए। त्यस जन्ममा पनि देवदत्त नै बोधिसत्व भन्दा श्रेष्ठ थियो।

फेरि अर्कोपल्ट, देवदत्तले सुपरिचर नामको हावामा हिंड्न सक्ने राजा भएर जन्म लिएको बेलामा बोधिसत्वले कपिल नामको एउटा साधारण ब्राह्मण भएर जन्म लिएका थिए। त्यस जन्ममा पनि देवदत्त नै बोधिसत्व भन्दा श्रेष्ठ थियो।

फेरि अर्कोपल्ट, देवदत्तले साम नामको मनुष्य भएर जन्म लिएको बेलामा बोधिसत्वले रूरू नामको मृग भएर जन्म लिएका



Downloaded from http://dhamma.digital

थिए। त्यस जन्ममा पनि देवदत्तले नै माथिल्लो योनिमा जन्म पाएको थियो।

फेरि अर्कोपल्ट, देवदत्तले वनमा रहने मानिस भएर जन्म लिएको बेलामा बोधिसत्वले हात्तीको जन्म लिएका थिए। वनमा रहने मानिस भएर जन्म लिएको देवदत्तले हात्ती जन्म लिएका बोधिसत्वको दाँत सातपल्टसम्म तोडिदिएको थियो। त्यसरी त्यस जन्ममा पनि बोधिसत्व भन्दा देवदत्त नै माथि परेको थियो।

फेरि अर्कोपल्ट, देवदत्तले अति बहादुर सिपाहीको रूपमा जन्म लिई सम्पूर्ण जम्बूद्वीपका राजाहरूलाई आफ्नो अधिनमा पारेको बेलामा बोधिसत्वले विदुर नामको पण्डित भएर जन्म लिएका थिए। त्यस जन्ममा पनि बोधिसत्व भन्दा देवदत्त नै बढी यशवान थियो।

फेरि अर्कोपल्ट देवदत्तले हात्ती भएर जन्म लिई लटुकीका पंक्षीका चल्लाहरू सबै मारिदिएको बेलामा बोधिसत्वले पनि अर्को हात्ती भएरै जन्म लिएका थिए। त्यस जन्ममा देवदत्त बोधिसत्वसित समान स्तरमा थियो।

फेरि अर्कोपल्ट, देवदत्तले अधर्म नामको यक्ष भएर जन्म लिएको बेलामा बोधिसत्वले धर्म नामको अर्को यक्ष भएर जन्म लिएका थिए। त्यस जन्ममा पनि देवदत्तको स्तर बोधिसत्वसित समान थियो।

फेरि अर्कोपल्ट, देवदत्तले पाँचसय माझीहरूको सरदार भएर जन्म लिएको बेलामा बोधिसत्वले अन्य पाँचसय माझीहरूको सरदार



Downloaded from http://dhamma.digital

भएर जन्म लिएका थिए। त्यस जन्ममा पनि देवदत्तको स्तर बोधिसत्वसित समान नै थियो।

फेरि अर्कोपल्ट, देवद्रत्तले पाँचसय गाडाहरू भएको व्यापारी भएर जन्म लिएको बेलामा बोधिसत्वले पाँचसय गाडाहरू भएका अर्को व्यापारी भएर जन्म लिएका थिए। त्यस जन्ममा पनि देवदत्तको स्तर बोधिसत्वसित समान थियो।

फेरि अर्कोपल्ट, देवदत्तले साख नामको मृगराज भएर जन्म लिएको बेलामा बोधिसत्वले निग्रोध नामको अर्को मृगराज भएर जन्म लिएका थिए। त्यस जन्ममा पनि देवदत्तको स्तर बोधिसत्वभन्दा समान थियो।

फेरि अर्कोपल्ट, देवदत्तले साख नामको सेनापति भएर जन्म लिएको बेलामा बोधिसत्वले निग्रोध नामको राजा भएर जन्म लिएका थिए। त्यस जन्ममा पनि देवदत्त बोधिसत्व भन्दा तल्लो स्तरमा थिएन।

फेरि अर्कोपल्ट, देवदत्तले खण्डहाल नामको ब्राह्मण भएर जन्म लिएको बेलामा बोधिसत्वले चन्द्र नामको राजा भएर जन्म लिएका थिए। त्यस जन्ममा पनि देवदत्त बोधिसत्व भन्दा धेरै तल्लो स्तरमा थिएन।

फेरि अर्कोपल्ट, देवदत्तले ब्रह्मदत्त नामको राजा भएर जन्म लिएको बेलामा बोधिसत्वले त्यही राजाको छोरा महापद्म नामको राजकुमार भएर जन्म लिएका थिए। ब्रह्मदत्त राजा भएर जन्म लिएको देवदत्तले महापद्म नामको राजकुमार भएर जन्म लिएका



Downloaded from http://dhamma.digital

बोधिसत्वलाई सातपल्टसम्म चोरहरूलाई सजाय स्वरूप खसालिने पहाडबाट खसाल्न लगाएको थियो । त्यस जन्ममा पनि बाबु हुने देवदत्त छोरा हुने बोधिसत्व भन्दा माथि नै परेको थियो ।

फेरि अर्कोपल्ट, देवदत्तले महाप्रताप नामको राजा भएर जन्म लिएको बेलामा बोधिसत्वले त्यही राजाको छोरा राजकुमार धर्मपाल भएर जन्म लिएका थिए । त्यस जन्ममा बाबु भएर जन्मने देवदत्तले छोरा भएर जन्मलिने बोधिसत्वको हात, खुट्टा र टाउको काट्न लगाएको थियो । त्यस जन्ममा पनि देवदत्त बोधिसत्व भन्दा माथि परेको थियो ।

बोधिसत्वको अन्तिम जन्ममा पनि देवदत्तले बोधिसत्वकै समान कुलमा जन्मलिन पाएको थियो । बोधिसत्व सर्वज्ञ बुद्ध भएर लोक नायक बनेको बेलामा देवदत्तले पनि उनै बुद्धको शासनमा प्रव्रजित भई ऋद्धिबल समेत प्राप्त गरी आफूलाई पनि बुद्ध कहलाउने प्रयास गर्न सकेको थियो ।

भन्ते नागसेन, के उपरोक्त कुराहरू सत्य होइनन् र ?"

"महाराज, उपरोक्त कुराहरू सबै सत्य नै हुन् । त्यसमा कति पनि असत्यता छैन ।"

"भन्ते नागसेन, त्यसो भए के उपरोक्त कुराहरूबाट कालो हृदय हुनु र सेतो हृदय हुनु समान हुँदो रहेछ अर्थात पुण्य कार्यको फल र पाप कार्यको फल समान हुँदो रहेछ भन्ने कुरो प्रमाणित हुँदैन र ?"



Downloaded from http://dhamma.digital

"कुरो सत्य होइन, महाराज । पुण्य कार्य गर्नाले र पाप कार्य गर्नाले समान फल पाइने होइन । महाराज, देवदत्तले प्रत्येक जन्ममा खालि पाप कार्य मात्रै गरेको थियो, कहिले पनि कुनै पुण्य कार्य गरेको थिएन भनेर सम्झनु भएन । देवदत्तले पनि अनेक जन्ममा अनेक पुण्य कार्यहरू गरेको थियो । जुन जन्ममा देवदत्तले बोधिसत्वप्रति अथवा अन्य कसैप्रति वैरभाव राखेर अन्याय अकृत्य गरेको थियो, त्यसपछि उसले त्यही अनुरूपको फल पनि भोगेको थियो । जुन जन्ममा देवदत्तले लोकजनको रक्षा गरेको थियो, पुल, न्यायालय, धर्मशाला आदि बनाएको थियो, त्यसपछि उसले पनि त्यही अनुरूपले यश र सम्पत्ति पाएको थियो । देवदत्तले पनि श्रमण, ब्राह्मण, गरीब, परदेशी र अनाथहरूलाई दान दिने कार्य गरेर नै यश र सम्पत्ति पाएको थियो । दान, समन, संयम र उपोसथ-धर्म पालना नगरिकन कसले मात्र यश र सम्पत्ति पाउन सक्छ र ?

महाराज, देवदत्तले बोधिसत्वसित समान स्तरमा जन्म लिन पाएका जुन जन्महरूको उदाहरण तपाईंले दिनु भयो ती जन्महरू देवदत्तले जन्म लिएका सय वा हजार जन्महरूमध्येका होइन असंख्य-असंख्य जन्महरूमध्येका केही जन्महरू मात्र हुन् । महाराज मनुष्य जन्मको दूर्लभता सम्बन्धमा भगवान बुद्धले समुद्रमा पौडि खेलिरहेको अन्धो कछुवा र जुवाको (हलो जोतिने गोरूको घाँटीमा राखिने काठको चक्काको) जुन उदाहरण दिएका छन्, त्यही उदाहरण देवदत्तले बोधिसत्वसित समान स्तरमा जन्म लिन पाएका जन्महरूको सन्दर्भमा पनि लागु हुन्छ । महाराज, जन्म र मरणको प्रवाहमा देवदत्तले मात्र होइन



Downloaded from http://dhamma.digital

अन्य धेरैले पनि बोधिसत्वसित समान स्तरमा जन्म लिन पाएका थिए। उदाहरणको लागि भन्ने हो भने हजारौं जन्महरूमा स्थविर सारिपुत्र पनि बोधिसत्वको बाबु भएका थिए, बाजे भएका थिए, काका भएका थिए, दाइ वा भाइ भएका थिए, छोरा भएका थिए, साधुदाइ वा साधुभाइ भएका थिए, साथी भएका थिए।

महाराज, संसारमा विभिन्न प्रकारका प्राणीहरू जति पनि छन् तिनीहरू सबैले जन्म र मरणको संसार-चक्ररूपी धारामा बहँदै जाँदा प्रिय र अप्रिय दुवै प्रकारका प्राणीहरूसित समागम र विछोड हुँदै अघि बढ्दै जानु परेका हुन्छन्। जसरी ओरालोतिर बग्दै गइरहेको पानी स्वच्छ र अस्वच्छ विभिन्न प्रकारका वस्तुहरूसित समागम र बिछोड हुँदै बगेको हुन्छ।

महाराज, देवदत्तले अधर्म नामको यक्ष भएर धर्म नामको यक्ष भएर जन्म लिएका बोधिसत्वसित समान स्तरमा जन्म लिन पाएको बेलामा उसले आफूले पनि अनेक पापकर्म गरेका थिए र अरूहरू धेरैलाई पनि पाप कार्यमा लगाएका थिए। त्यसैले त्यस जन्मपछि देवदत्तले हजारौं बर्षहरूसम्म नरक भोग गर्नु पर्‍यो। तर धर्म नामको यक्ष भएर जन्म लिएका बोधिसत्वले आफूले पनि अनेक धार्मिक कार्य गरेका थिए र अरूहरू धेरैलाई पनि धार्मिक कार्य गर्नमा लगाएका थिए। त्यसैले त्यस जन्मपछि बोधिसत्वले हजारौं बर्षहरूसम्म स्वर्ग भोग गर्न पाए। त्यसरी नै बोधिसत्वको अन्तिम जन्ममा बोधिसत्वले जन्म लिएकै कुलमा जन्म लिन पाएका देवदत्तले बुद्ध शरीरमा आघात पार्नुका साथै भिक्षुसंघमा भेद ल्याउने कूकार्य गरेकोले ऊ जिउँदै पृथ्वीमा पतन भई अभिंची



Downloaded from http://dhamma.digital

नरकमा गयो । तर बोधिसत्वले सर्वज्ञता पाई महापरिनिर्वाण पाए । त्यसैले महाराज, पाप र पुण्यको फल समान हुँदो रहेछ भनेर सम्झने भूल गर्नु भएन ।"

"ठीक छ भन्ते नागसेन । मैले तथ्य कुरो राम्ररी बुझें ।"

## (८) अमरादेवी सम्बन्धि प्रश्न

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्-

'पूर्ण स्वतन्त्रता प्राप्त अवस्थामा, कसैले गोप्य रूपमा फकाए त्यसरी फकाउने जो कोहीसित, कुनै पनि स्त्री फकिने छ'

तर फेरि यसो पनि भनिएको छ- 'महोसधकी पत्नी अमरादेवी आफ्नो लोग्ने विदेशिएको समयमा एक्लै गाउँमा बसेकी मौका पारी कसैले उनीलाई हजार पटक फकाउने प्रयत्न गर्दा पनि उनी फकिइनन् ।'

भन्ते नागसेन, यदि पूर्ण स्वतन्त्रता प्राप्त अवस्थामा कसैले गोप्य रूपमा फकाउँदा कुनै पनि स्त्री सजिलैसित फकिने कुरो सत्य भएमा, महोसधकी पत्नी अमरादेवीलाई कसैले हजार पटक फकाउने प्रयत्न गर्दा पनि उनी नफकिएको कुरो असत्य हुनुपर्छ । यदि महोसधकी पत्नी अमरादेवीलाई कसैले हजार पटक फकाउने प्रयत्न गर्दा पनि उनी नफकिएको कुरो सत्य भएमा, पूर्ण स्वतन्त्रता प्राप्त अवस्थामा कसैले गोप्य रूपमा फकाउँदा कुनै पनि स्त्री सजिलैसित



Downloaded from http://dhamma.digital

फकिने कुरो असत्य हुनुपर्छ। यो दुविधा पनि समाधानार्थ तपाइँ सामु राखेको छु। कृपया यो दुविधा पनि सुल्झाइदिनुहोस्।"

"महाराज, भगवान बुद्धले, यदि पूर्ण स्वतन्त्रता प्राप्त अवस्थामा कसैले गोप्य रूपमा फकाएमा कुनै पनि स्त्री सजिलैसित फकिने छन् भनेका हुन्। साथै महोसध विदेशीएको समयमा एक्लै गाउँमा बसेकी महोसधकी पत्नी अमरादेवीलाई कसैले हजार चोटि फकाउने प्रयत्न गर्दा पनि उनी नफकिएको कुरो पनि सत्य नै हो। महाराज, कुनै स्त्रीलाई कसैले कसरी फकाउँदा फकिंदो रहेछ भन्ने कुरो फकाउने मान्छे र फकीने स्त्रीमा नै निर्भर रहन्छ। जहाँसम्म अमरादेवी किन फकिइनन् भन्ने कुरो छ, त्यस कुरोको सन्दर्भमा हामीले के कुरो राम्ररी बुझ्नु पर्छ भने अमरादेवीले कहिले पनि पूर्ण स्वतन्त्रता पाएको अनुभव गरेकी थिइनन् र उनीलाई एकान्तमा पारी फकाउन सक्ने व्यक्ति पनि जुरेको थिएन।

महाराज, संसारमा निन्दा हुने भय, मृत्यु उपरान्त नरकमा जानु पर्ने भय, खराब कार्य गर्नाले तत्काल नराम्रो नतिजा निस्कने भय, आफ्ना प्रिय पतिबाट बिछोड हुनुपर्ने भय, आफ्नो पतिको इज्जतमा धक्का लाग्ने भय, धर्मबाट च्युत हुने भय, अनाचारमा फँसिने भय, प्रतिव्रताशील भंग हुने भय आदि विभिन्न प्रकारका भयहरूलाई सम्झेर अमरादेवीले कहिले पनि पूर्ण स्वतन्त्रता पाएको अनुभव गरेकी थिइनन्। त्यसैले उनी नफकिएकी थिइन्।

महाराज, कुनै पनि कुरो, सधैंको लागि संसारबाट लुकाउन



Downloaded from http://dhamma.digital

नसकिने, मानिसहरूबाट लुकाउन नसकिने, अमनुष्यहरूबाट लुकाउन नसकिने, परचित्त बुझ्न सक्ने प्रव्रजितहरूबाट लुकाउन नसकिने, परचित्त बुझ्न सक्ने देवताहरूबाट लुकाउन नसकिने, आफ्नो भित्री मनबाट लुकाउन नसक्ने, धर्मबाट लुकाउन नसक्ने आदि कुराहरूलाई सम्झेर अमरादेवीले कहिले पनि पूर्ण एकान्तताको अनुभव गरेकी थिइनन् । त्यसैले उनी नफकिएकी थिइन् ।

महाराज, महोसध पण्डितमा सूरता, विनम्रता, लज्जा, मित्रता, परिचितता, क्षमा, शील, सत्यवादिता, पवित्रता, अक्रोधता, अघमण्डिपन, द्वेषरहितता, वीर्य, सतव्यवहार, लोकप्रियता, समता, मित्रवत व्यवहार, सरलता, आदतविहीनता, निष्कपटता, बुद्धि, सम्पत्ति, तेज, विद्या, परोपकारिता, प्रशंसनीयता, धन र यश, यी अठ्ठाइस प्रकारका गुणहरू थिए । महोसध भन्दा उच्च स्तरको व्यक्ति नपाएर पनि अमरादेवी नफकिएकी थिइन् ।"

"ठीक छ भन्ते नागसेन । मैले तथ्य कुरो राम्ररी बुझें ।"

## (९) अरहन्तमा हुने निडरता सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'अरहन्तहरू भय र त्रासबाट पूर्णतया मुक्त हुन्छन् ।' तर राजगृह नगरमा धनपाल नामको एउटा मात्तिएको हात्ती भगवान बुद्धतिर हान्निएर आएको देख्दा भगवान बुद्धको साथमा रहेका पाँचसय अरहन्त



Downloaded from http://dhamma.digital

भिक्षुहरू सबै भगवान बुद्धलाई बीच बाटोमा छोडेर यत्रतत्र छरिएर छेउ लागेका थिए र खालि स्थविर आनन्दले मात्र बुद्धको साथ छोडेका थिएनन् पनि भनिन्छ।

भन्ते नागसेन, के ती पाँचसय अरहन्तहरू त्यो मात्तिएको हात्ती देखि डराएर त्यसरी छेउ लागेका थिएनन् र ? के उनीहरू भगवान बुद्धले आफ्नो सुरक्षा आफै गरोस् भनेर छरिएका थिएनन् र ? के उनीहरू भगवान बुद्धमा निहित अनन्त ऋद्धिबल सम्बन्धमा बिर्सेर त्यसरी छरिएका थिएनन् र ?

भन्ते नागसेन, यदि भगवान बुद्धले हरहन्तहरू भय र त्रासबाट पूर्णतया मुक्त हुन्छन् भनेका छन् भन्ने कुरो सत्य भएमा, अरहन्त भिक्षुहरू मात्तिएको धनपाल हात्ती देखेर छेउ लागेको कुरो असत्य हुनुपर्छ। यदि अरहन्त भिक्षुहरू मात्तिएको धनपाल हात्ती देखेर छेउ लागेको कुरो सत्य हो भने, अरहन्तहरू भय र त्रासबाट पूर्णतया मुक्त हुने कुरो असत्य हुनुपर्छ। यो दुविधा पनि समाधानार्थ तपाईं सामु राखेको छुं। कृपया यो दुविधा सुल्झाइदिनुहोस्।"

"महाराज, अरहन्तहरू भय र त्रासबाट पूर्णतया मुक्त हुने कुरो सत्य हो र साथै मात्तिएको धनपाल हात्ती भगवान बुद्धतिर हान्निएर आएको बेलामा भगवान बुद्धको साथमा रहेका पाँचसय अरहन्त भिक्षुहरू सबै छेउ लागेका र खालि स्थविर आनन्द मात्र भगवान बुद्धको साथ रहेको कुरो पनि सत्य नै हो। तर अरहन्त भिक्षुहरू त्यो मात्तिएको हात्ती देखि डराएर अथवा तर्सेर त्यसरी



Downloaded from http://dhamma.digital

छेउ लागेका थिएनन् । न त भगवान बुद्धले आफ्नो सुरक्षा आफै गरोस् भनेर नै त्यसरी छेउ लागेका थिए ।

महाराज, अरहन्तहरूमा डराउनै पर्ने र त्रसित हुनुपर्ने कुनै कारण बाँकी रहँदैन । अरहन्तहरू सबै प्रकारका भय र त्रासबाट पूर्णतया मुक्त हुन्छन् ।

महाराज, के महापृथ्वी समुद्र र पर्वतहरूको भार बोक्न देखि डराउँछिन् त ? के कसैले जमीन खनेको, जमीनमा केही वस्तु लादेको देखेर पृथ्वी भयभित हुन्छिन् र ?"

"भन्ते नागसेन, पृथ्वी त्यसरी भयभित हुँदिनन् ?"

"पृथ्वी किन त्यसरी भयभित हुँदिनन्, महाराज ?"

"किनभने पृथ्वीमा त्यसरी डराउनु पर्ने, तर्सिनु पर्ने कुनै पनि हेतु छैन ।"

"ठीक त्यसरी नै महाराज, अरहन्त भिक्षुहरूमा पनि कसैदेखि डराउनु पर्ने, तर्सिनु पर्ने हेतु बाँकी रहँदैन । अरहन्तहरू सबै प्रकारका भय र त्रासबाट पूर्णतया मुक्त हुन्छन् ।

महाराज, के ठूला ठूला पहाडहरू भाँसिने, भत्किने, छेद हुने या आगलागी हुने डर र भयबाट त्रसित हुन्छन् ?"

"हुँदैनन्, भन्ते नागसेन ।"



Downloaded from http://dhamma.digital

"किन हुँदैनन्, महाराज ?"

"किनभने ठूलाठूला पहाडहरूमा त्यसरी डराउनु पर्ने, तर्सिनु पर्ने कुनै पनि हेतु छैन ।"

"त्यसरी नै महाराज, अरहन्तहरूमा कसैदेखि डराउनु पर्ने, तर्सिनु पर्ने हेतु बाँकी रहँदैन । अरहन्तहरू सबै प्रकारका भय र त्रासबाट पूर्णतया मुक्त हुन्छन् । महाराज, संसार भरका सबै प्राणीहरू एकसाथ मिलेर तर्साउन खोजे पनि कुनै अरहन्त भयभित या त्रसित हुने छैनन् । किनभने अरहन्तमा भयभित र त्रसित हुनु पर्ने कुनै हेतु नै बाँकी रहँदैन ।

महाराज, राजगृह नगरमा धनपाल नामको मात्तिएको हात्ती भगवान बुद्धमाथि टुट्ने दिन विहान सबेरै नै ती पाँचसय अरहन्तहरूले यसरी छलफल गरेका थिए- 'आज नरश्रेष्ठ जितेन्द्रिय भगवान बुद्धको अगुवाइमा राजगृह नगर प्रवेश गर्ने बेलामा मात्तिएको धनपाल नामको हात्ती भगवान बुद्धमाथि टुट्न आउने छ । त्यसबेला अझै अरहन्त नभए पनि भगवान बुद्धको सेवामा समर्पित भिक्षु आनन्द आफ्नो समर्पित भावको कारण त्यस हात्तीदेखि नडराइकन भगवान बुद्धकै छेउमा स्थिर रहिरहने छन् । यदि त्यसबेला हामी पाँचसय अरहन्त भिक्षुहरू पनि भगवानकै साथमा स्थिर रहेमा या त त्यो मात्तिएको हात्ती भगवान बुद्धको छेउसम्म पुग्ने नै छैन, यदि पुगि-हालेमा पनि भगवान बुद्धप्रति आनन्दको समर्पित भाव सबैले राम्ररी



Downloaded from http://dhamma.digital

देखिने गरी प्रदर्शित हुने छैन । त्यसैले त्यस बेला हामी पाँचसय जना अरहन्त भिक्षुहरू सबै जानाजान छेउ लागिदिएर भिक्षु आनन्दको बुद्धप्रति समर्पित भाव सबैले राम्ररी देख्ने गरी प्रदर्शित हुन दिनु पर्छ । भिक्षु आनन्दको बुद्धप्रति समर्पित भाव सबैले राम्ररी देख्ने गरी प्रदर्शित भएपछि धेरै मानिसहरूको मनमा धर्म सञ्चार हुने छ र कति त क्लेशमुक्त पनि हुनेछन् ।' त्यसरी छलफल गरेर नै त्यस दिन ती पाँचसय अरहन्त भिक्षुहरू त्यसरी यत्रतत्र छरिएर छेउ लागिदिएका थिए ।"

"भन्ते नागसेन, अरहन्तहरू सबै प्रकारका भयबाट पूर्णतया मुक्त हुन्छन् र ती पाँचसय अरहन्तहरू मात्तिएको हात्तीदेखि डराएर वा तर्सिएर होइन, अरूहरूको भलो गराउने उद्देश्यले मात्र आफै छेउ लागिदिएका थिए ।"

## (१०) बुद्धको सर्वज्ञता सम्बन्धमा

"भन्ते नागसेन, भिक्षुहरू के भन्छन् भने- 'तथागत सम्यक सम्बुद्ध सर्वज्ञ हुन् ।' फेरि उनीहरू के पनि भन्छन् भने, भगवान बुद्धले सारिपुत्र र मोग्गलान सहित उनीहरूका शिष्यहरू सबैलाई विहारबाट निकालेर पठाएको बेलामा चातुमाका शाक्यहरू र सहम्पति ब्रह्माले विज र बाछोको उपमा सम्बन्धमा सुनाएर भगवान बुद्धलाई खुसी पारी ती भिक्षुहरूलाई क्षमा दिलाएका थिए ।



Downloaded from http://dhamma.digital

भन्ते नागसेन, विज र बाछोका उपमा सम्बन्धमा चातुमाका शाक्यहरू र सहम्पति ब्रह्माबाट सुन्न पाएपछि भगवान बुद्धले ती भिक्षुहरूलाई किन क्षमा गरेका थिए ? के भगवान बुद्धलाई ती उपमाहरू सम्बन्धमा पहिले केही थाहा थिएन ?

"भन्ते नागसेन, यदि विज र बाछोका उपमाहरू सम्बन्धमा पहिले थाहा नभएको भएमा भगवान बुद्ध सर्वज्ञ नहुनु पर्छ। यदि भगवान बुद्धलाई ती उपमाहरू सम्बन्धमा पहिलेबाटै थाहा भएता पनि भगवान बुद्धले ती भिक्षुहरूलाई विहारबाट निकालेर पठाएको भएमा बुद्धमा करुणा नभएको हुनुपर्छ। यो दुविधा पनि समाधानार्थ तपाइँ सामु राखेको छु। कृपया यो दुविधा सुल्झाइदिनुहोस्।"

"महाराज, भगवान बुद्ध सर्वज्ञ हुन्। उल्लेखित उपमाहरू सम्बन्धमा भगवान बुद्धलाई राम्ररी थाहा थियो। वास्तवमा ती उपमाहरू सर्वप्रथम भगवान बुद्धले नै अन्य कुराहरूको सन्दर्भमा उल्लेख गरेका थिए। त्यसो भएता पनि चातुमाका शाक्यहरू र सहम्पति ब्रह्माले ती उपमाहरूलाई सही रूपमा प्रयोग गरी ती भिक्षुहरूलाई क्षमा दिन अनुरोध गरेकाले भगवान बुद्धले ती भिक्षु-हरूलाई क्षमा दिएका थिए।

महाराज, जसरी एउटी स्वास्नीले आफ्नै लोग्नेको धन खर्च गरी लोग्नेलाई खुशी पारी आफ्नो कुरो मनाउँछे, त्यसरी नै चातुमाका शाक्यहरू र सहम्पति ब्रह्माले भगवान बुद्धले नै पहिले अन्य कुराहरूको



Downloaded from http://dhamma.digital

सन्दर्भमा उल्लेख गरेका विज र बाछ्रोका उपमाहरू सुनाएर बुद्धलाई खुशी पारी ती भिक्षुहरूलाई क्षमा दिलाएका थिए ।

महाराज, जसरी कुनै राजाको नाऊले राजाकै सुनको काइयोले राजाको कपाल कोरी राजालाई प्रसन्न पारी राजाबाट अनेक बकसिस पाउँछ, त्यसरी नै चातुमाका शाक्यहरू र सहम्पति ब्रह्माले भगवान बुद्धले नै पहिले अन्य कुराहरूको सन्दर्भमा उल्लेख गरेका विज र बाछ्रोका उपमाहरू सुनाएर भगवान बुद्धलाई खुशी पारी ती भिक्षुहरूलाई क्षमा दिलाएका थिए ।

महाराज, जसरी उपाध्यायको सेवा टहल गर्ने चेलाले, उपाध्यायले नै दानमा प्राप्त गरी ल्याएका भिक्षाले सेवा पुऱ्याई आफ्नो उपाध्यायलाई खुशी पार्छ, त्यसरी नै चातुमाका शाक्यहरू र सहम्पति ब्रह्माले तथागतले नै अन्य कुराहरूको सन्दर्भमा उल्लेख गरिसकेका विज र बाछ्रोका उपमाहरू सुनाएर भगवान बुद्धलाई खुशी पारी ती भिक्षुहरूलाई क्षमा दिलाएका थिए ।"

"ठीक छ भन्ते नागसेन । मैले कुरो राम्ररी बुझें ।"

(सर्वज्ञ वर्ग समाप्त भयो ।)

★



Downloaded from http://dhamma.digital

# ५. मित्रता वर्ग

## (१) मित्रता सम्बन्धि प्रश्न

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्-

'मित्रता बढाउनाले भय हुन्छ, गृहस्थमा रहनाले राग बढ्छ
मित्रता नबढाउनु, गृहस्थमा नरहनु, मुनिहरू यस्तै गर्दछन्'

तर भगवान बुद्धले फेरी यसरी पनि भनेका छन्-

'सुन्दर विहारहरू बनाई, त्यसमा विद्धान भिक्षुहरू बसाल'

भन्ते नागसेन, यदि भगवान बुद्धले मित्रता बढाउनाले भय बढ्ने र गृहस्थमा रहनाले राग बढ्ने भएकाले मुनिहरू मित्रता बढाउँदैनन् र गृहस्थमा रहँदैनन् भनेका छन् भन्ने कुरो सत्य भएमा भगवान बुद्धले सुन्दर विहारहरू बनाई विद्वान भिक्षुहरूलाई बसाल भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ। यदि भगवान बुद्धले सुन्दर विहारहरू बनाई विद्धान भिक्षुहरूलाई बसाल भनेका छन् भन्ने कुरो सत्य भएमा, भगवान बुद्धले मित्रता बढाउँनाले भय बढ्ने र गृहस्थमा रहनाले राग बढ्ने भएकाले मुनिहरू मित्रता बढाउँदैनन् र गृहस्थमा रहँदैनन् भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ। यो दुविधा पनि समाधानार्थ तपाईं सामु राखेको छुं। कृपया यसलाई सुल्झाइ दिनुहोस्।"



Downloaded from http://dhamma.digital

"महाराज, भगवान बुद्धले मित्रता बढाउनाले भय बढ्ने र गृहस्थमा रहनाले राग बढ्ने भएकाले मुनिहरू मित्रता बढाउँदैनन् र गृहस्थमा रहँदैनन् भनेका हुन् र साथै उनले सुन्दर विहारहरू बनाई त्यसमा विद्वान भिक्षुहरूलाई बसाल पनि भनेका हुन् ।

महाराज, उल्लेखित पहिलो बुद्धवचन आफैमा पूर्ण छ । आफैमा स्पष्ट छ । त्यसलाई राम्ररी बुझ्न कुनै व्याख्याको आवश्यकता पर्दैन । भिक्षुहरूले मित्रता बढाउन र गृहस्थमा रहनतिर अग्रसर हुनु हुँदैन । भिक्षुहरूका लागि त्यो एउटा अति उपयोगी निर्देशन हो ।

महाराज, जसरी मृगहरू जङ्गलमा कुनै घर वा वासस्थान नबनाइकन स्वच्छन्द रूपले घुमी जहिले जहाँ मनलाग्छ त्यहिं बास बस्छन्, यसरी नै भिक्षुहरूले पनि मित्रता बढाउनमा भय हुन्छ, गृहस्थमा रहनाले राग बढ्छ भन्ने कुरा राम्ररी बुझी कसैसित मित्रता नबढाई, घर गृहस्थमा नरही स्वतन्त्र रूपले एकान्तवासी हुनुपर्छ ।

महाराज, उल्लेखित दोश्रो बुद्ध-वचन निम्न दुइ कुराहरू-लाई ध्यानमा राखेर भनिएको हो-

(१) विहार दान गर्नाले जन्म, जरा, व्याधि र मरणबाट मुक्ति पाउनमा सहयोग पुग्ने भएकाले सबै बुद्धहरूले विहार दान गर्ने कार्यको प्रशंसा गरेका छन् । विहार दान दिने र विहार दानमा लिने अनुमति दिएका छन् । विहार दान गर्ने र विहार दानमा लिने परम्परा बसालेका छन् ।

(२) कोही न कोही भिक्षुहरू सधैं उपलब्ध हुने निश्चित स्थानहरू विहारको रूपमा स्थापित भएपछि, भिक्षुहरूसित भेटघाट



Downloaded from http://dhamma.digital

गर्न चाहनेहरूले सजिलैसित भिक्षुहरूसित भेटघाट गर्न पाउने हुन्छ। यदि विहारहरूको रूपमा भिक्षुहरू उपलब्ध हुने निश्चित स्थान नभएमा भिक्षुहरूसित भेटघाट गर्ने कुरो अति कठीन हुने थियो।

महाराज, उपरोक्त दुईटा कुराहरूलाई ध्यानमा राखेर भगवान बुद्धले, सुन्दर विहारहरू बनाई त्यसमा विद्वान भिक्षुहरूलाई बसाल भनेका हुन्। तर त्यसो भनिएको छ भन्दैमा कुनै पनि भिक्षुले कुनै विहारलाई आफ्नो घर झैं सम्झेर त्यहाँ स्थायी रूपमा बसोबास गर्नु उचित छैन।"

"ठीक छ भन्ते नागसेन, मैले कुरो राम्ररी बुझें।"

## (२) खानुमा संयमीत हुने सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्-'उठ्नमा न हिचकिचाउ, खानुमा संयम गर।' तर उनै भगवान बुद्धले फेरि यसरी पनि भनेका छन्- 'उदायि, मैले कहिले काहिं यस पात्र भरी अन्न यसमा अटाइनअटाइ कोचेर पनि खाएको छुं।'

भन्ते नागसेन, यदि भगवान बुद्धले 'उठ्नमा नहिचकिचाउ, खानुमा संयम गर' भनेका छन् भन्ने कुरो सत्य भएमा, भगवान बुद्धले कहिले काहिं पात्र भरी अन्न मात्रमा अटाइनअटाइ कोचेर पनि खाएको कुरो असत्य हुनुपर्छ। यदि भगवान बुद्धले कहिले काहिं पात्र भरी अन्न पात्रमा अटाइनअटाइ कोचेर पनि खाएको कुरो सत्य भएमा,



Downloaded from http://dhamma.digital

बुद्धले 'उठ्नमा नहिचकिचाउ खानुमा संयम गर' भनेका छन् भन्ने कुरो असत्य हुनुपर्छ। मैले यो दुविधा पनि तपाईं सामु राखेकों छुं। कृपया यसलाई सुल्झाइदिनुहोस्।"

"महाराज, भगवान बुद्धले 'उठ्नमा नहिचकिचाउ, खानुमा संयम गर' भनेका हुन् र साथै बुद्धले कहिले काहिं पात्र भरी अन्न पात्रमा अटाइनअटाइ कोचेर खाएको कुरो पनि सत्य नै हो।

महाराज, पहिलो बुद्ध-वचन आफैमा पूर्ण छ। आफैमा स्पष्ट छ। त्यस सम्बन्धमा कुनै थप व्याख्याको आवश्यकता छैन। त्यो वचन जसरी भन्नु पर्ने हो त्यसरी नै भनिएको वचन हो। त्यो वचन ऋषि, मुनि, जीन अरहन्त, प्रत्येक बुद्ध, सर्वज्ञ, तथागत, सम्यक सम्बुद्ध, सबैले भन्ने गरेको वचन हो।

महाराज, खानुमा संयम नगर्नाले, हिंसा गर्नु पर्ने हुन्छ, चोरि गर्नु पर्ने हुन्छ, व्यभिचार गर्नु पर्ने हुन्छ, झुटो बोल्नु पर्ने हुन्छ, लागु पदार्थको सेवन गर्ने होइन्छ, आमाको ज्यान लिने होइन्छ, बाबुको ज्यान लिने होइन्छ, अरहन्तको ज्यान लिने होइन्छ, संघभेद गर्ने होइन्छ बुद्धको शरीरमा आघात पार्ने होइन्छ। महाराज देवदत्तले खानुमा संयम नगरेकाले नै संघभेद गरी कल्पभरसम्म नरकभोग गर्नु पर्ने भएको थियो। यस्तै कुराहरूमा ध्यान दिएर नै भगवान बुद्धले 'उठ्नमा न हिचकिचाउ, खानुमा संयम गर' भनेका हुन्।

महाराज, खानुमा संयम गर्नेले चार सत्य अवबोध गर्न सक्ने छ, ब्रह्मचर्याका चार फलहरू प्राप्त गर्न सक्ने छ, चार प्रतिसम्बिदा



Downloaded from http://dhamma.digital

पाउन सक्ने छ, आठ समापत्ति पाउन सक्ने छ, छः अभिज्ञा पाउन सक्ने छ र अन्य श्रमण धर्महरू पनि पाउन सक्ने छ।

महाराज, पहिलेको जमानामा एउटा सुगाले खानुमा संयम गरेर तावतिंस सम्मका लोकहरूमा कम्पन पैदा गराएर देबेन्द्र इन्द्रलाई आफ्नो सेवामा लाग्न वाध्य तुल्याएंको थियो। त्यसैले भगवान बुद्धले 'उठ्नमा नहिचकिचाउ, खानुमा संयम गर' भनेका हुन्।

महाराज, अनि दोश्रो बुद्ध-वचनको कुरो त्यस्तो व्यक्तिको कुरो हो, जसले गर्नु पर्ने जति सबै कार्य सम्पन्न गरिसकेका छन्, जसको सम्पूर्ण क्लेश क्षय भइसकेको छ, जो सर्वज्ञ हुन्, स्वयम्भु हुन्, तथागत हुन्।

महाराज, जसरी मुख बार्ने कुरो वमन गराइएको, जुलाव दिइएको या त्यस्तै कुनै प्रकारको औषधि सेवन गराइएको व्यक्तिको मात्र आवश्यकता हुन्छ, त्यसरी नै खानमा संयम गर्ने कुरो पनि अझै सत्य अवबोध गर्न नसकेका, क्लेशयुक्त व्यक्तिहरूले गर्नुपर्ने कुरो हो।

महाराज, जसरी असल प्रकृतिको मणिरत्नलाई टल्काउन फेरि घोटिरहने या धोइरहने कार्य गर्नु नपर्ने हुन्छ, त्यसरी नै क्लेश क्षय भइसकेका, गर्न नहुने कुनै पनि कार्य नगर्ने भइसकेका, तथागत सम्यक सम्बुद्धले फेरि संयम गर्नुपर्ने कुनै कुरो हुँदैन। तथागत सम्यक सम्बुद्ध-बाट जे जति पनि हुन्छ, खालि गर्न उपयुक्त कार्य मात्रै हुनेछ।"

"ठीक छ भन्ते नागसेन, मैले कुरो राम्ररी बुझेँ।"



Downloaded from http://dhamma.digital

## (३) बुद्धको निरोगिता सम्बन्धि प्रश्न

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'भिक्षुहरू,म ब्राह्मण" हुँ, आत्मत्यागी हुँ, आचरणमा संयमी छु, अन्तिम जीवन जिउने हुँ, अलौकिक वैद्य हुँ ।' तर भगवान बुद्धले फेरि यसरी पनि भनेका छन्- 'भिक्षुहरू, मेरा श्रावकहरूमा सबैभन्दा बढि स्वस्थ रहने बक्कुल हो ।'

भन्ते नागसेन, यदि भगवान बुद्ध अलौकिक वैद्य हुन् भने, सबैभन्दा बढि स्वस्थ रहने भिक्षु बक्कुल नहुनु पर्छ । यदि सबैभन्दा बढि स्वस्थ रहने भिक्षु बक्कुल हुन् भने, भगवान बुद्ध अलौकिक वैद्य नहुनु पर्छ । मैले यो दुविधा पनि समाधानार्थ तपाईं सामु राखेको छुं । कृपया यसलाई सुल्झाइदिनुहोस् ।"

"महाराज, भगवान बुद्धले- 'म ब्राह्मण हुँ आत्मत्यागी हुँ, आचरणमा संयमी छुं, अन्तिम जीवन जिउने हुँ, अलौकि वैद्य हुँ' भनेका हुन् र साथै उनले आफ्ना श्रावकहरूमा सबैभन्दा बढि स्वस्थ रहने स्थविर बक्कुल हुन् पनि भनेका छन् । तर महाराज, स्थविर बक्कुल सबैभन्दा बढि स्वस्थ रहने कुरो अन्य ती भिक्षुहरूको कुरो झैं हो, जो भिक्षुहरू कुनै न कुनै क्षेत्रमा अग्रछन् । महाराज, भगवान बुद्धका श्रावकहरूमा त्यस्ता श्रावकहरू पनि थिए, जो लेट्दै नलेटी खाली उठेर चंक्रमण मात्रै गरेर दिन र रात बिताउँदथे । तर भगवान बुद्ध उठ्ने, चंक्रमण गर्ने, बस्ने र लेट्ने पनि गर्दथे । त्यसरी केहि



Downloaded from http://dhamma.digital

भिक्षुहरू नलेटी चंक्रमण गर्ने कार्यमा अग्र थिए। महाराज, भगवान बुद्धका श्रावकहरूमा त्यस्ता श्रावकहरू पनि थिए, जो ज्यान गए पनि दिनको एक छाकभन्दा बढि नखाने एकासनिक धुताङ्ग पालना गर्दथे। तर भगवान बुद्ध मध्यान्ह भन्दा पहिले दुई या तीन पटक पनि खाँदथे। त्यसरी केही भिक्षुहरू एकासनिक धुताङ्ग पालना गर्नमा अग्र थिए। त्यसरी नै अन्य भिन्दा-भिन्दै कार्यहरू गर्नमा भिन्दा-भिन्दै भिक्षुहरू अग्र थिए। तर शील, समाधि, प्रज्ञा, विमुक्ति, विमुक्ति ज्ञान दर्शन, दश वैशारद्य, अट्ठार बुद्ध गुण र छः असाधारण ज्ञानमा भगवान बुद्धभन्दा अगाडि बढ्न सकेका कोही पनि थिएन।

महाराज, साधारण मानिसहरू मध्ये सबैभन्दा उच्च जातिको, सबैभन्दा धनी वा सबैभन्दा विद्वान वा सबैभन्दा शिल्पी या सबैभन्दा बहादुर या सबैभन्दा चतूर, कहलाउनेहरू कोही न कोही हुन्छन्। तर तिनीहरू सबैभन्दा उत्तम र श्रेष्ठ हुने आखीर राजा नै होइन्छ। त्यसरी नै सबै कुराहरूमा सबैभन्दा उत्तम र सबैभन्दा श्रेष्ठ भगवान बुद्ध नै हुन्।

महाराज, स्थविर बक्कुलले सबैभन्दा बढि स्वस्थ रहने अवसर पाउनुको पछाडि उनले पूर्व जन्महरूमा सम्पन्न गरेका कुशल कार्यहरू थिए। स्थविर बक्कुलले एक जन्ममा तथागत अनोमदसि बुद्धबाट रोगले पीडित भएको बेला औषधोपचार गराई उनको बात रोग निवारण गरिदिएका थिए। फेरि अर्को जन्ममा उनले विपस्सि तथागत लगायत उनका अठसट्ठी हजार श्रावक भिक्षुहरू तृष्णपुष्पक रोगले पीडित भएको बेलामा औषधोपचार गराई उनीहरूको त्या



Downloaded from http://dhamma.digital

रोग निवारण गरिदिएका थिए । त्यही पुण्य कार्यहरूको प्रभावले स्थवीर बक्कुल सबैभन्दा बढि स्वस्थ रहेका थिए ।

महाराज, रोगी भएता पनि नभएता पनि, धुताङ्गको पालना गरेतापनि नगरेता पनि, कुनै पनि दृष्टिकोणले भगवान बुद्ध समानको श्रेष्ठ र उत्तम प्राणी यस संसारमा अरू कोही पनि छैन । यस सम्बन्धमा स्वयं देवतादिदेव भगवान बुद्धले यसरी स्पष्ट पारेका छन्- 'भिक्षुहरू, खुट्टा नभएका, दुई खुट्टा भएका, चार खुट्टा भएका, धेरै खुट्टाहरू भएका, रूप भएका, रूप नभएका, संज्ञा भएका, संज्ञा नभएका, संज्ञा भएका पनि भन्न नमिल्ने, संज्ञा नभएका पनि भन्न नमिल्ने प्रकारका, आदि विभिन्न प्रकारका सबै प्राणीहरूमध्ये अरहन्त सम्यक सम्बुद्ध नै श्रेष्ठ र उत्तम छन् ।'

"ठीक छ, भन्ते नागसेन । मैले तथ्य कुरो राम्ररी बुझैं ।"

## (४) बुद्धधर्मको मौलिकता सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'भिक्षुहरू, अरहन्त, सम्यक सम्बुद्ध, तथागतले अन्य कसैले थाहा नपाएको सत्य मार्ग देखाइदिने कार्य गरेका छन् ।' उनैले फेरि यसरी पनि भनेका छन्- 'भिक्षुहरू, मैले त्यो पुरानो मार्ग, त्यो सनातन धर्म पत्तालगाइ दिएको छुँ, जुन सत्य मार्ग पहिलेका बुद्धहरुले देखाएर गएका थिए ।'



Downloaded from http://dhamma.digital

भन्ते नागसेन, यदि भगवान बुद्धले अन्य कसैले थाहा नपाएको सत्य मार्ग देखाइदिने कार्य गरेको कुरो सत्य भएमा, भगवान बुद्धले पहिलेका बुद्धहरूले देखाएर गएको सनातन धर्मको मार्ग पत्ता लगाइदिएको कुरो असत्य हुनुपर्छ । यदि भगवान बुद्धले पहिलेका बुद्धहरूले देखाएर गएको सनातन धर्मको मार्ग पत्तालगाइदिएको कुरो सत्य हो भने, भगवान बुद्धले अन्य कसैले थाहा नपाएको सत्य मार्ग देखाइदिने कार्य गरेको कुरो असत्य हुनुपर्छ । यो दुविधा पनि समाधानार्थ पेश गरेको छुं । कृपया यसलाई राम्ररी सुल्झाइ दिनुहोस् ।"

महाराज भगवान बुद्धले अन्य कसैले थाहा नपाएको सत्य मार्ग देखाइ दिने कार्य गरेको कुरो सत्य हो र साथै उनले पहिलेका बुद्धहरूले देखाएर गएको सनातन धर्मको मार्ग पत्तालगाइदिएको कुरो पनि सत्य नै हो । खास कुरो के हो भने महाराज, पहिलेको तथागतको पनि निर्वाण पछि उनले प्रतिपादन गरेको बुद्धधर्म क्रमशः दुर्लभ हुँदै गई अन्तमा पूर्णतया लोप भएर गएको थियो । त्यसरी सत्य धर्मको पूर्णतया लोप भई अन्धकारले छाएको बेलामा अहिलेको तथागतले पूर्णतया आफ्नै मेहनतले, आफ्नै उद्योगले, आफ्नो प्रज्ञा चक्षु उदय गरी अन्य कसैले कुनै पनि तरिकाले थाहा पाउन नसक्ने गरी हराइसकेको त्यो सनातन धर्मलाई फेरि पनि खोजेर निकालेका थिए । त्यसैले भगवान शाक्यमुनि बुद्धले- 'भिक्षुहरू, मैले त्यो पुरानो मार्ग त्यो सनातन धर्म पत्तालगाइदिएको छुं,



Downloaded from http://dhamma.digital

जुन सत्य मार्ग पहिलेका बुद्धहरूले देखाएर गएका थिए' भनेका हुन् ।

महाराज, पहिलेको तथागतको परिनिर्वाण पछि उनले प्रतिपादन गरेको धर्म क्रमशः दूर्लभ हुँदै गई अन्तमा अन्य कसैले कुनै पनि तरिकाले आभास सम्म पनि पाउन नसक्ने गरी पूर्णतया लोप भइसकेको भएता पनि शाक्यमुनि बुद्धले पूर्णतया आफ्नै मेहनतले, आफ्नै उद्योगले, आफ्नो प्रज्ञा चक्षु उदय गरी थाहा पाएर फेरिपनि सबैलाई देखाइदिने कार्य गरेका थिए, त्यसैले उनले- 'भिक्षुहरू, अरहन्त सम्यक सम्बुद्ध तथागतले अन्य कसैले थाहा नपाएको सत्य मार्ग देखाइदिने कार्य गरेका छन्' भनेका हुन् ।

महाराज, कुनै एक जना चक्रवर्ति राजाको निधन भएपछि उनको मणिरत्न कुनै पहाडको टुप्पोमा लोप भएर जान्छ । तर कुनै पछिल्लो चक्रवर्ति राजाले पालना गर्नु पर्ने धर्महरू सबै पालना गरेपछि पहिले बिलाएको त्यो मणिरत्न आफै पुनः उत्पन्न भइदिन्छ । महाराज, त्यस प्रकृयालाई तपाईं के भन्नु उपयुक्त देख्नु हुन्छ ?"

"भन्ते नागसेन, त्यस पछिल्लो चक्रवर्ति राजाले पहिले बिलाएको मणिरत्नलाई आफ्नो उद्योगले पुनः उत्पन्न गराएर देखाई दिएको भन्नु उपयुक्त हुन्छ ।"

"त्यसरी नै महाराज, पहिलेको तथागतको परिनिर्वाण पछि उनले प्रतिपादन गरेको धर्म क्रमशः दूर्लभ हुँदै गई कालान्तरमा अन्य



Downloaded from http://dhamma.digital

कसैले कुनै पनि तरिकाले आभाससम्म पनि नपाउने गरी पूर्णतया लोप भइसकेको सत्य मार्ग वर्तमान शाक्यमुनि तथागतले आफ्नै उद्योगले पुनः थाहा पाएर फेरि पनि सबैलाई देखाइदिएको हुनाले उनले- 'भिक्षुहरू, अरहन्त सम्यक सम्बुद्ध तथागतले कसैले थाहा नपाएको सत्य मार्ग देखाइदिने कार्य गरेका छन्' भनेका हुन् ।

महाराज, जसरी एउटी आमाले आफ्नो गर्भमा रहेको बच्चा जन्माइदिने कार्य गर्दछिन्, त्यसरी नै एकजना अरहन्त सम्यक सम्बुद्ध तथागतले, पहिलेको तथागतको परिनिर्वाण पछि उनले प्रतिपादन गरेको धर्म क्रमशः दूर्लभ हुँदै गई अन्तमा अन्य कसैले आभाससम्म पनि नपाउने गरी पूर्णतया लोप भइसकेको आर्य अष्टाङ्गिक मार्ग सम्बन्धमा आफ्नै उद्योगले थाहा पाएर फेरि सबैलाई देखाइदिने हुनाले बुद्धले- 'भिक्षुहरू, अरहन्त सम्यक सम्बुद्ध तथागतले कसैले थाहा नपाएको सत्य मार्ग देखाइदिने कार्य गरेका छन्' भनेका हुन् ।

महाराज, जसरी कुनै हराएको वस्तुलाई कसैले खोजेर पत्ता-लगाइदिन्छ, त्यसरी नै एक जना बुद्धले, पहिलेको बुद्धको परिनिर्वाण पछि उनले प्रतिपादन गरेर गएको धर्म क्रमशः दूर्लभ हुँदै गई अन्तमा अन्य कसैले आभाससम्म पनि नपाउने गरी पूर्णतया लोप भइसकेको आर्य अष्टाङ्गिक मार्ग सम्बन्धमा आफ्नै उद्योगले थाहा पाएर फेरि सबैलाई देखाइदिने हुनाले बुद्धले- 'भिक्षुहरू, अरहन्त सम्यक सम्बुद्ध तथागतले कसैले थाहा नपाएको सत्य मार्ग देखाइदिने कार्य गरेका छन्' भनेका हुन् ।

महाराज, जसरी कसैले जङ्गल फाँडेर खेतियोग्य भूमि



Downloaded from http://dhamma.digital

निकाल्दा वास्तवमा त्यो भूमि उसले सिर्जना गरेको नभई जङ्गलमा विलिन मात्र भइरहेको भएता पनि त्यो भूमि त्यो जङ्गल फाड्नेको ठहऱ्याइन्छ, त्यसरी नै पहिलेको तथागत परिनिर्वाण भएपछि क्रमशः दूर्लभ हुँदै गई अन्तमा अन्य कसैले आभाससम्म पनि नपाउने गरी पूर्णतया लोप भइसकेको आर्य अष्टाङ्गिक मार्ग सहितको चतु आर्य सत्य धर्मलाई वर्तमान शाक्यमुनि बुद्धले आफ्नै उद्योगले थाहा पाएर फेरि सबैलाई देखाइदिएकाले बुद्धले 'भिक्षुहरू, अरहन्त सम्यक सम्बुद्ध तथागतले कसैले थाहा नपाएको सत्य मार्ग देखाइदिने कार्य गरेका छन्' भनेका हुन् ।"

"ठीक छ भन्ते नागसेन। मैले तथ्य कुरो राम्ररी बुझें ।"

## (५) बुद्धको अहिंसावाद सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'मैले पहिलेका मनुष्य जन्महरूमा नै कसैलाई आघात नपुऱ्याउने शील पालना गरेको थिएँ।' फेरि उनले यसरी पनि भनेका छन् 'लोमसकस्सप ऋषि भएर जन्म लिएको बेलामा मैले सयौं प्राणीहरूको ज्यान लिनु पर्ने वाजपेय्य महायज्ञ गरेको थिएँ ।'

भन्ते नागसेन, यदि भगवान बुद्धले पहिलेका मनुष्य जन्महरूमा नै कसैलाई आघात नपुऱ्याउने शील पालना गरेको भएमा, लोमस-कस्सप ऋषि भएर जन्म लिएको बेलामा उनले सयौं प्राणीहरूको



Downloaded from http://dhamma.digital

ज्यान लिनु पर्ने वाजपेय्य महायज्ञ गरेको कुरो असत्य हुनुपर्छ । यदि भगवान बुद्धले लोमसकस्सप ऋषि भएर जन्म लिएको बेलामा सयौं प्राणीहरूको ज्यान लिनु पर्ने वाजपेय्य महायज्ञ गरेको कुरो सत्य भएमा, भगवान बुद्धले पहिलेका मनुष्य जन्महरूमा नै कसैलाई आघात नपुऱ्याउने शील पालना गरेको कुरो असत्य हुनुपर्छ । मैले यो दुविधा पनि समाधानार्थ तपाइँ सामु राखेको छुं । कृपया यो दुविधा सुल्झाइदिनुहोस् ।"

"महाराज, भगवान बुद्धले पहिलेका मनुष्य जन्महरूमा न कसैलाई आघात नपुऱ्याउने शील पालना गरेका हुन् र साथै लोमस-कस्सप ऋषि भएर जन्म लिएको बेलामा उनले सयौं प्राणीहरूको ज्यान लिनु पर्ने वाजपेय्य महायज्ञ गरेको कुरो पनि सत्य हो । तर लोमसकस्सप ऋषि भएर जन्म लिएको बेलामा उनले सयौं प्राणीहरूको ज्यान लिनु पर्ने वाजपेय्य महायज्ञ रागको वशमा परेर अस्वस्थ र अचेतन मनोवस्थामा मात्र गरेका थिए ।"

"भन्ते नागसेन, रागीले रागको वशमा परेर, दुष्टले द्वेषको वशमा परेर, वेहोशीले मोहको वशमा परेर, घमण्डीले घमण्डको वशमा परेर, लोभीले लोभको वशमा परेर, गरीबले जोविकोपार्जन गर्नुपर्ने वाध्यतामा परेर, मूर्खले ख्यालठट्टा सम्झेर र राजाले राजद्रोह दबाउने इरादाले मात्र प्राणी हिंसा गर्ने हो । तर भन्ते नागसेन, लोमसकस्सप ऋषि भएर जन्म लिएको बेलामा बोधिसत्वले विना कुनै वाध्यता आफूखुसी नै प्राणी हिंसा गरेको देखिन्छ, होइन र ?"



Downloaded from http://dhamma.digital

"होइन महाराज, बोधिसत्वले विना कुनै वाध्यता आफूखुसी नै प्राणी हिंसा गरेका थिएनन् । महाराज, बोधिसत्व लोमसकस्सप ऋषिले आफूखुसी नै सयौं प्राणीको ज्यान लिनुपर्ने वाजपेय्य महायज्ञ गरेका थिएनन् भन्ने कुरो उनले शुरूमा भनेका निम्न कुराबाट पनि थाहा पाउन सकिन्छ-

'समुद्र र पहाडहरूले भरिएको
चारैतिर महासागरले घेरिएको
सिंगो पृथ्वी नै पाउने भएपनि
सय्ह, निन्दनीय कार्य म गर्दिनँ'

महाराज, शुरूमा उपरोक्तानुसार भन्ने बोधिसत्व लोमसकस्सप ऋषिले राजकुमारी चन्द्रावतीलाई देख्ने वित्तिकै उनको मोहमा फँसेर आफू को हुँ भन्ने सबै कुरो बिर्सेर चन्द्रावती राजकुमारी पाउनाको लागि मात्र सयौं प्राणीहरूको ज्यान लिई रगतको खोलो बगाउनु पर्ने वाजपेय्य महायज्ञ गरेका थिए ।

महाराज, जसरी मगज सन्केको पागलले बलेको आगोमा पनि हात राख्छ, फुँकरिरहेको साँपलाई पनि हातले समात्छ, मात्तिएको हात्तीनेर पनि बढ्छ, समुद्रमा पनि हामफाल्छ, इनारमा पनि झर्छ, काँडामा पनि हिंड्छ, पहाडबाट पनि कुर्लन्छ, फोहर पनि खान्छ, सडकमा नांगै पनि निस्कन्छ र त्यस्तै अनेक उपद्रव मच्चाउँछ, त्यसरी नै बोधिसत्व लोमसकेस्सप ऋषिले राजकुमारी चन्द्रावतीलाई



Downloaded from http://dhamma.digital

देख्ने वित्तिकै मोहमा फँसेर आफू को हुँ भन्ने कुरो सबै बिर्सेर मात्र सयौं प्राणीहरू बध गरी रगतको खोलो बगाउनु पर्ने वाजपेय्य महायज्ञ गरेका थिए । महाराज, जसरी कानूनले पागल मान्छेलाई ठूलो दण्ड-सजाय दिलाउँदैन त्यसरी नै अचेतन मनोवस्थामा गरेको पापकर्मको फल पनि त्यति भयानक हुँदैन ।

महाराज, यदि कुनै पागलले कसैको हत्या गर्‍यो भने तपाइँ त्यसलाई कस्तो सजाय दिनुहुन्छ ?"

"पागललाई के सजाय दिने, भन्ते नागसेन ? समातेर थुनिदिने । त्यति न गर्न सकिन्छ ।"

"त्यस्तै हो महाराज, पागललाई अन्य कडा सजाय दिन मिल्दैन । पागलले गरेको उपद्रवलाई अपराधमा गनिनु हुँदैन । त्यसरी नै महाराज, बोधिसत्व लोमसकस्सप ऋषिले राजकुमारी चन्द्रावतीको मोहमा फँसेर मात्र आफू को हुँ भन्ने सबै कुरा बिर्सी सयौं प्राणीको ज्यान लिनु पर्ने वाजपेय्य महायज्ञ गरेकाले उनले त्यस पापकर्मको फल धेरै भोग्नु परेन । किनभने जब उनी होसमा आए तब उनी तुरुन्तै फेरि प्रव्रजित भए । पछि उनले पाँच अभिज्ञाहरू लाभ गरी मरणोपरान्त ब्रह्मलोकमा समेत जन्मन जान पाए ।"

"ठीक छ, भन्ते नागसेन । मैले यथार्थ कुरो राम्ररी बुझें ।"



Downloaded from http://dhamma.digital

## (६) छद्दन्त हात्ती र ज्योतिपालको सन्दर्भमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्-

'आफूलाई कष्टदिनेलाई मार्न उद्यत छद्दन्त हात्तीले
काषाय वस्त्रको ध्वजा देखेपछि, फेरि यसँरी सोचे
जस्तै कष्ट सहन परेनि, अरहन्त मारिनु योग्य छैन'

तर फेरि यसरी पनि भनिएका छन्- 'ज्योतिपाल माणवकले भगवान काश्यप अरहन्त सम्यक सम्बुद्धलाई 'मथमुण्डा', 'नक्कली साधु' आदि अनेक प्रकारका अनुचित शब्दहरू प्रयोग गरी गालि गरेका थिए।'

भन्ते नागसेन, यदि बोधिसत्वले छद्दन्त हात्ती भएर पशु-योनिमा जन्म लिएको बेलामा पनि काषाय वस्त्रको त्यत्रो इज्जत गरेको कुरो सत्य भएमा, बोधिसत्व ज्योतिपाल माणवकले भगवान काश्यप अरहन्त सम्यक सम्बुद्धलाई 'मथमुण्डा', 'नक्कली साधु' आदि अनेक प्रकारका अनुचित शब्दहरू प्रयोग गरी गालि गरेको कुरो असत्य हुनुपर्छ। यदि बोधिसत्व ज्योतिपाल माणवकले भगवान काश्यप सम्यक सम्बुद्धलाई 'मथमुण्डा', 'नक्कली साधु' आदि अनेक प्रकारका अनुचित शब्दहरू प्रयोग गरी गालि गरेको कुरो सत्य भएमा, बोधिसत्व छद्दन्त हात्तीले काषाय वस्त्रको त्यत्रो इज्जत गरेको कुरो असत्य हुनुपर्छ। पशुयोनिमा जन्म लिएको बेलामा पनि काषाय



Downloaded from http://dhamma.digital

वस्त्रको इज्जत गरी त्यस्तो भयानक कष्ट सहने बोधिसत्वले ज्योतिपाल माणवक जस्तो पाको बुद्धि भएको मानिस जन्म लिएर पनि किन भगवान काश्यप, अरहन्त, सम्यक सम्बुद्ध दशबलयुक्त, लोकनायक, रश्मीधर, सुन्दर बनारसी रेशमको चिवरले सुसज्जित, अति दर्शनीय तथागतप्रति त्यस्तो घृणित व्यवहार गरेका थिए ? यो दुविधा पनि समाधानार्थ तपाइँ सामु पेश गरेको छुं । कृपया यसलाई सुल्झाइदिनुहोस् ।"

"महाराज, छद्दन्त हात्ती भएर जन्म लिएको बेलामा बोधिसत्वले जस्तोसुकै दुःख कष्ट सहन परेपनि काषाय वस्त्रको ध्वजालाई देखेर अरहन्तलाई सम्झी शान्त रहेको कुरो सत्य हो र साथै ज्योतिपाल माणवक भएर जन्म लिएको बेलामा उनले भगवान काश्यप अरहन्त सम्यक सम्बुद्धलाई दूर्वचन भनेर गालि गरेको पनि सत्य नै हो । बोधिसत्व ज्योतिपाल माणवकले भगवान काश्यप सम्यक सम्बुद्धलाई त्यसरी दूर्वचन भनेर गालि गर्नुको पछाडि ज्योतिपाल माणवकले जन्म लिएको कुल र जातिको ठूलो हात थियो ।

महाराज, ज्योतिपाल माणवकको कुलमा सबै जना श्रमण धर्मप्रति श्रद्धा र आस्था नराख्ने प्रकृतिका थिए । ज्योतिपाल माणवकका आमा-बाबु, दिदी-बहिनी, दाजु-भाइ, नाता-कुटुम्ब, नोकर-चाकर आदि सबै खालि ब्रह्माको मात्रै उपासना गरी अन्य प्रव्रजितहरूको अनावश्यक रूपमा निन्दा समेत गर्नमा तत्पर रहने प्रकृतिका थिए । तिनीहरूकै बहकावमा लागेर बोधिसत्व ज्योतिपाल



Downloaded from http://dhamma.digital

माणवकले आफूलाई काश्यप तथागतको दर्शन गर्न जान बोलाउन आउने घटिकार कुम्हालेलाई सुनाएर 'त्यो मथमुण्डा, नक्कली साधुलाई किन हेर्न जाने भनेर निन्दा गरेका थिए।

महाराज, जसरी अमृत पनि विषमा मिसिएपछि तीतो हुन्छ, चीसो पानी पनि आगोको सम्पर्कमा आएपछि गरम हुन्छ, त्यसरी नै श्रमणहरूप्रति श्रद्धा र आस्था नराख्ने प्रकृतिको कुलमा जन्मेर हुर्केको बोधिसत्व ज्योतिपाल माणवकले पनि त्यस कुलकै बहकावमा लागेर भगवान काश्यप तथागतलाई गालि गरेका थिए।

महाराज, जसरी दनदन बलिरहेको आगोमा प्रसस्त पानी खन्याएपछि त्यो आगो निभेर पाकेको निग्गुण्डि फल झैं कालो गोल बन्दछ, त्यसरी नै पुण्यवान, श्रद्धावन, ज्ञानी गुणी बोधिसत्व पनि ज्योतिपाल माणवक भई श्रमणहरूप्रति कति पनि श्रद्धा र आस्था नराख्ने कुलमा जन्मेर हुर्केपछि उनीहरूको बहकावमा परी अरहन्त सम्यक सम्बुद्धलाई पनि अनाहकमा गालि गर्ने भएका थिए। तर उनी एकपल्ट तथागत सम्यक सम्बुद्ध सामु पुगेपछि बुद्धगुणलाई सम्झेर तत्कालै बुद्ध शासनमा प्रव्रजित भएका थिए। त्यसरी प्रव्रजित भएपछि उनले अभिज्ञा र समापत्ति लाभ गरी मरणोपरान्त ब्रह्मलोक बास समेत पनि पाएका थिए।"

"ठीक छ, भन्ते नागसेन। मैले तथ्य कुरो राम्ररी बुझें।"



Downloaded from http://dhamma.digital

## (७) घटिकार सम्बन्धी प्रश्न

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'घटिकार कुम्हालेको घर तीन महिनासम्म छाना रहित रहेता पनि उसको घर मा एक थोपा पानी चुहेन।' फेरि के पनि भनेका छन् भने- 'काश्यप तथागत बसेको कुटीमा पानी चुहेको थियो।' भन्ते नागसेन, तथागत जस्तो पुण्यवान बसेको कुटीमा कसरी पानी चुहेछ ? तथागतको पुण्यको प्रभावले घटिकार कुम्हालेको घरमा झै तथागत बसेको कुटीमा पनि पानी नचुहिनु पर्ने थिएन र ?

भन्ते नागसेन, यदि घटिकार कुम्हालेको घरमा छाना नरहेता पनि पानी नचुहेको कुरो सत्य हो भने, तथागत बसेको कुटीमा पानी चुहेको कुरो असत्य हुनुपर्छ। यदि तथागत बसेको कुटीमा पानी चुहेको कुरो सत्य हो भने, घटिकार कुम्हालेको घरमा छाना नभएता पनि पानी नचुहेको कुरो असत्य हुनुपर्छ। मैले यो दुविधा पनि तपाइँ सामु राखेको छुं। कृपया यो दुविधा पनि सुल्झाइदिनुहोस्।"

"महाराज, घटिकार कुम्हालेको घरमा पुरै तीन महिनासम्म छाना नभएता पनि एक थोपा पानी नचुहेको कुरो सत्य हो र साथै काश्यप तथागत बसेको कुटीमा पानी चुहेको कुरो पनि सत्य नै हो। महाराज, घटिकार कुम्हाले अति शीलवान थियो। धर्मात्मा थियो। असल कार्यमा लगनशील थियो। आफ्नी अन्धी आमा र आफ्नो अन्धो बाबुको पालन-पोषणमा दिलो ज्यान दिएर लागेको थियो। उसको



Downloaded from http://dhamma.digital

मन कतिसम्म पवित्र थियो भने ऊ घरमा नभएको बेलामा उसको अनुमति नै नलिइकन उसको छाप्रोमा छाइराखेको फूसको छाना कसैले उठाएर लगी भगवान काश्यप बुद्धलाई बसाल्न बनाइएको कुटीमा छाएकोमा पनि उसले आफ्नो मनमा कुनै प्रकारको क्षोभ, विस्मात या दु:ख उत्पन्न गरेको थिएन, बरू उसले मन अति प्रफुल्ल पारी आनन्दित भएर यसरी चिताएको थियो- 'लोकको हित गर्ने भगवान बुद्ध मदेखि पसन्न होऊन् ।' घटिकार कुम्हालेको त्यस्तै महानताको कारण उसको छाप्रोमा पानी नचुहेको थियो ।

अनि महाराज, भगवान काश्यप सम्यक सम्बुद्ध जस्तो पुण्यवान बसेको कुटीमा किन पानी नचुहिने भएन भन्ने सम्बन्धमा हामीले निम्न कुराहरूलाई राम्ररी मनन गर्न सक्नु पर्छ ।

महाराज, पहिलो कुरो के छ भने, तथागत सम्यक सम्बुद्ध कुनै पनि कुरामा विचलित हुँदैनन् । महाराज, जस्तोसुकै ठूलो हांवाहुरी या आँधीबेहरी आए पनि सुमेरू पर्वत अलिकति पनि तसमस हुँदैन, महागङ्गा जस्ता सयौं हजारौं नदीहरूमा आएको बाढीले पनि महासमुद्र भरिदैन, त्यसरी नै सम्यक सम्बुद्ध जस्तो सुकै कुराले पनि विचलित हुँदैनन् ।

दोश्रो कुरो भगवान बुद्धले जहिले पनि आफ्नो आवश्यकता विवेकयुक्त मनुष्यहरू र देवताहरूलाई पूरा गर्न दिएर उनीहरूलाई अनेक प्रकारका दुर्गतीहरूबाट मुक्ति पाउने पुण्य कमाउने सुअवसर दिन्छन् । त्यसैले उनी प्राणीहरूप्रति असीम करूणा राखेर आफ्नो



Downloaded from http://dhamma.digital

कुनै पनि आवश्यकता आफ्नो पुण्यको प्रभावले या त्यस्तै कुनै दैवी प्रकारले पूरा गर्नमा लाग्दैनन् ।

तेश्रो कुरो यदि भगवान बुद्धले आफ्नो कुनै पनि आवश्यकता ऋद्धिबल अथवा अन्य दैवी शक्तिको आधारमा पूरा गरेमा अविवेकी मानिसहरूले बुद्धलाई ऋद्धिबलको आधारमा जीविका चलाउने भनेर निन्दा गरी पाप कमाउने थिए । त्यसैले पनि भगवान बुद्ध आफ्नो कुनै पनि आवश्यकता ऋद्धिबल अथवा अन्य दैवी शक्तिको आधारमा पूरा गर्दैनन् ।

चौथो कुरो, यदि ब्रह्मा या देवेन्द्रले उनीहरूमा निहित दैवी शक्ति प्रयोग गरेर भगवान काश्यप बुद्ध बसेको कुटीको छानाबाट पानी नचुहिने पारेको भएमा पनि अविवेकी मनुष्यहरूले 'बुद्ध आफ्नो माया शक्तिको प्रदर्शन गरी मानिसहरूलाई आफूतिर आकर्षित गर्दछ' भन्ने अनावश्यक अफवाह फैलाएर पाप कमाउने थिए । त्यसैले ब्रह्मा र देवेन्द्र पनि बुद्धको लागि आ-आफ्नो दैवी शक्तिको प्रयोग गर्नमा बञ्चित थिए ।

महाराज, भगवान सम्यक सम्बुद्ध कहिले पनि आफ्नो व्यक्तिगत हितको लागि कसैबाट कुनै कुरो आशा गर्दैनन् । त्यसैले बुद्धको आचरण विरुद्ध कहिले कसैले पनि औंला ठडयाउन पाएको हुँदैन ।"

"ठीक छ, भन्ते नागसेन । मैले तथ्य कुरो राम्ररी बुझें ।"



Downloaded from http://dhamma.digital

## (८) बुद्ध कसरी ब्राह्मण पनि राजा पनि भए भन्ने सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्- 'भिक्षुहरू, म आत्मत्यागी ब्राह्मण हुँ ।' फेरि उनले यसरी पनि भनेका छन्- 'सैल, म राजा हुँ ।"

"भन्ते नागसेन, यदि भगवान बुद्ध आत्मत्याग गरेको ब्राह्मण भएमा उनी राजा नहुनुपर्छ । यदि उनी राजा भएमा, फेरि उनी आत्मत्याग गरेको ब्राह्मण नहुनुपर्छ। भन्ते नागसेन, कुनै पनि व्यक्ति ब्राह्मण भएमा क्षत्रिय हुन सक्दैन र क्षत्रिय भएमा ब्राह्मण हुन सक्दैन। एकै ज़ना व्यक्ति एकै जन्ममा कसरी क्षत्रिय पनि ब्राह्मण पनि हुन सक्छ ? यो दुविधा पनि समाधानार्थ तपाईं सामु पेश गरेको छुं । कृपया यसलाई सुल्झाइदिनुहोस् ।"

"महाराज, भगवान बुद्धले उनी आत्मत्यागी ब्राह्मण हुन भनेका छन् र साथै उनले राजा हुन पनि भनेका छन् । बुद्ध कसरी ब्राह्मण भए र कसरी राजा भए भन्ने सम्बन्धमा अनेक प्रमाणिक कुराहरू छन् ।"

"भन्ते नागसेन, ती के कस्ता प्रमाणिक कुराहरू हुन, जुन कारणले भगवान बुद्ध ब्राह्मण भए ?"



Downloaded from http://dhamma.digital

"महाराज, तथागत सबै प्रकारका खराब तत्वगुणहरू र व्यक्तिलाई पापकर्म गर्नेतिर बढाउने सबै प्रकारका खराब कुराहरू सबैलाई हटाई, दवाई, निर्मूल पारी क्लेशमुक्त भएका थिए। त्यसैले भगवान बुद्ध आत्मत्याग गरिएको ब्राह्मण भए।

महाराज, सबै प्रकारका शङ्काबाट पूर्णतया मुक्त भएका, कुनै पनि विषयमा कति पनि अलमलिनु नपर्ने गरी ज्ञान पाएका र जुन सुकै विषयमा पनि तथ्य कुरो थाहा पाएकालाई ब्राह्मण भनिन्छ। भगवान बुद्ध वास्तवमा त्यस्तै थिए। त्यसैले बुद्ध ब्राह्मण भए।

महाराज, कुनै पनि प्रकारले फेरि पुनर्जन्म लिनु नपर्ने, लेस मात्र पनि क्लेश नभएको, कुनै पनि कुरोमा कसैको सहायता आवश्यक नपर्नेलाई ब्राह्मण भनिन्छ। भगवान बुद्ध वास्तवमा त्यस्तै थिए। त्यसैले बुद्ध ब्राह्मण भए।

महाराज, सर्वोच्च प्रकारको मनस्थितिमा पुगेकोलाई ब्राह्मण भनिन्छ। वास्तवमा भगवान बुद्धको मनस्थिति नै सर्वश्रेष्ठ प्रकारको थियो। त्यसैले भगवान बुद्ध ब्राह्मण भए।

महाराज, आफू स्वयंले अध्ययन गरी आफूले अध्ययन गरेको कुरो अरूलाई पनि राम्ररी सम्झाउने-सिकाउने परम्परा चलाउने, अरूले दिएको दानमा सन्तोष रहने, इन्द्रिय नियन्त्रणमा राख्ने, मन संयम गर्ने र आफ्नो कर्तव्यबाट कति पनि पछि नहट्नेलाई ब्राह्मण भनिन्छ। भगवान बुद्ध वास्तवमा त्यस्तै प्रकारका थिए। त्यसैले बुद्ध ब्राह्मण भए।

महाराज, समाधिमा स्थीर रही ब्रह्म विहार गर्नेलाई ब्राह्मण



Downloaded from http://dhamma.digital

भनिन्छ। भगवान बुद्ध समाधिमा स्थीर रही ब्रह्मविहार गर्ने गर्दथे। त्यसैले बुद्ध ब्राह्मण भए।

महाराज, आफ्नो र अन्य सबैको जन्म र मरणका कुराहरू र पूर्वजन्मका कुराहरू जानेकालाई ब्रांह्मण भनिन्छ। भगवान बुद्धले वास्तवमा यस्ता सबै कुराहरू जानेका थिए। त्यसैले बुद्ध ब्राह्मण भए।

महाराज, ब्राह्मणत्व भनेको आमाले दिएकाले, बाबुले दिएकाले, दाजु-भाइले दिएकाले, दिदी-बहिनीले दिएकाले, नाता-कुटुम्बहरूले दिएकाले, साथीहरूले दिएकाले, कुनै श्रमण-ब्राह्मणले दिएकाले अथवा कुनै देवताले दिएकाले पाइने कुरो होइन। ब्राह्मणत्व भनेको विमुक्ति पाएका भगवान बुद्धहरूले मात्र पाउने कुरो हो। शाक्यमुनि बुद्धले बोधिवृक्षमुनि, सबै प्रकारका मारहरूलाई पराजित गरेर, पहिले गरिएका र पछि गरिन सक्ने सबै प्रकारका पापकर्मबाट पूर्णतया मुक्त भएर सम्पूर्ण सत्य अववोध गरी सर्वज्ञता पाएर मात्र ब्राह्मणत्व पाएका थिए। त्यसैले बुद्ध सही रूपमा ब्राह्मण थिए।"

"भन्ते नागसेन, अनि तथागत के कति कारणले राजा भए त?"

"महाराज, लोकमाथि शासन चलाउनेलाई राजा भनिन्छ। भगवान बुद्धले बुद्धधर्मको शासन दशहजार लोकहरूसम्म फैलाएका छन्। भगवान बुद्धले ब्रह्माहरू, देवताहरू, श्रमण-ब्राह्मणहरू र



Downloaded from http://dhamma.digital

मानिसहरूलाई पाप कार्यमा लाग्नुबाट हटाई पुण्यकार्यमा लाग्ने प्रेरणा दिएका छन् । त्यसैले भगवान बुद्ध राजा भए ।

महाराज, आफ्नो पक्ष लिनेहरूलाई खुसी पारी, आफ्नो विरूद्ध जानेहरूलाई दबाई सबैलाई वशमा पारी महायश र महाशक्तिको प्रतीक राजदण्ड हातमा लिई स्वेतछत्र धारण गर्नेलाई राजा भनिन्छ। भगवान बुद्धले पनि मारसेनालाई दबाएर, सम्पूर्ण देवता र मनुष्यहरू-लाई खुशी पारेर, दशहजार लोकहरूसम्म आफ्नो क्षान्तिबल र विमुक्ति ज्ञानरूपी राजदण्डको प्रकाश फैलाएर, निक्लेशरूपी स्वेतछत्र धारण गरेका थिए । त्यसैले भगवान बुद्ध राजा भए ।

महाराज, सबैबाट आदर सत्कार पाउने र सबैभन्दा श्रेष्ठ पदमा बस्नेलाई राजा भनिन्छ । भगवान बुद्ध पनि सम्पूर्ण देवता र मनुष्यहरूबाट आदर-सत्कार पाई सबैभन्दा श्रेष्ठ भएका थिए । त्यसैले बुद्ध राजा भए ।

महाराज, असल कार्य सम्पन्न गरेर प्रसन्न पार्नेलाई उचित पुरस्कार दिन सक्नेलाई राजा भनिन्छ । भगवान बुद्धले काय वचन र मन संयम गरी उत्तम मार्गमा लाग्नेहरूलाई सबै प्रकारका दुःखबाट मुक्त होइने निर्वाण सुख पाइने सत्य मार्ग खोलेर गएका छन् । त्यसैले बुद्ध राजा भए ।

महाराज, राज्यको नियम कानून विरूद्ध जानेहरूलाई दण्ड सजाय दिनसक्नेलाई राजा भनिन्छ । भगवान बुद्धले पनि निर्लज्ज र अकृत्य कार्यमा लाग्नेहरूलाई निन्दा गरी भिक्षुसंघबाट निकालेर पठाउन सक्ने परिपाटी बसालेर गएका छन् । त्यसैले बुद्ध राजा भए ।



Downloaded from http://dhamma.digital

महाराज, पहिलेका धार्मिक राजाहरूले बनाएर गएको नियम कानून लागु गराई, न्यायपूर्वक राजपाठ चलाई, लोकप्रिय भई, आफ्नो बंशजलाई परन्तुसम्म सिंहासनमा टिकाइराख्ने प्रयत्न गर्नेलाई राजा भनिन्छ । भगवान बुद्धले पनि पहिलेका बुद्धहरूले बसालेर गएको परम्परानुसार धर्मचक्र प्रवर्द्धन गरी दशहजार लोकहरूसम्म धर्मगुरुको रूपमा सुविख्यात भई सम्पूर्ण देवता र मनुष्यहरूको हृदयमा आफ्नो धर्मको प्रभाव चिरकालसम्म टिकाउने उपाए गरेका थिए । त्यसैले बुद्ध राजा भए ।

महाराज, बुद्ध कसरी ब्राह्मण भए र कसरी राजा भए भन्ने विषयमा जति भने पनि समाप्त हुने छैन । त्यस सम्बन्धमा भएभरका कुराहरू सबै भन्दैजाने हो भने कल्पभर भनिरहे पनि समाप्त हुने छैन । त्यसैले मैले संक्षिप्तमा जति भने त्यतिबाटै कुरा बुझ्ने प्रयास गर्नुहोस् ।"

"ठीक छ, भन्ते नागसेन । मैले कुरो बुझें ।"

## (९) धर्मोपदेश र भोजनदान सम्बन्धि प्रश्न

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्-

'धर्मोपदेश वापतको भिक्षा म लिन्न
ब्राह्मण ! ज्ञानीहरूको आदत त्यस्तो हुँदैनन्
बुद्धले भिक्षाको लागि उपदेश दिँदैनन्
ब्राह्मण ! धर्माचरण कहिल्यै त्यस्तो हुँदैन'



Downloaded from http://dhamma.digital

तर भगवान बुद्धले जहिले पनि धर्मोपदेशको क्रममा सर्वप्रथम दानको महिमा गाउने र त्यसपछि मात्र शीलको सम्बन्धमा सम्झाउने गर्दथे। अनि भगवान बुद्धले त्यस तरिकाले धर्मोपदेश गर्ने गरेकाले देवता र मनुष्यहरू सबैले भिक्षुहरूलाई खुब दान दिन्थे र भिक्षुहरू पनि त्यसरी दिएको दान खुसीसाथ स्वीकार्दथे।

भन्ते नागसेन, यदि भगवान बुद्धले भिक्षादान पाउने उद्देश्यले धर्मोपदेश नगर्ने कुरो सत्य भएमा भगवान बुद्धले धर्मोपदेशको क्रममा सर्वप्रथम दानको महिमा गाउने र त्यसपछि मात्र शीलको सम्बन्धमा सम्झाउने कुरो असत्य हुनुपर्छ। यदि भगवान बुद्धले धर्मोपदेशको क्रममा सर्वप्रथम दानको महिमा गाउने र त्यसपछि मात्र शीलको सम्बन्धमा सम्झाउने कुरो सत्य भएमा, भगवान बुद्धले भिक्षादान पाउने उद्देश्यले धर्मोपदेश नगर्ने कुरो असत्य हुनुपर्छ।

भन्ते नागसेन, जो व्यक्ति दानको लागि सबैभन्दा योग्य छन् उनैले दान गर्नु उत्तम छ भनेर सम्झाएपछि सबैले प्रसन्न भएर दान नदिने कुरै भएन। त्यसैले त्यसरी दान दिलाउनु र त्यस्तो दान स्वीकार्नुलाई धर्मोपदेश वापतको दान होइन कसरी भन्नु ?

भन्ते नागसेन, यो दुविधा पनि समाधानार्थ तपाईं सामु पेश गरेको छुं। कृपया यसलाई सुल्झाइदिनुहोस्।"

"महाराज, भगवान बुद्धले ज्ञानीहरू धर्मोपदेश गरेवापतको दान स्वीकार्दैनन्, बुद्धले भिक्षाको लागि उपदेश दिदैनन् भनेका हुन् र साथै भगवान बुद्धले धर्मोपदेशको क्रममा सर्वप्रथम दान कार्यको महत्व



Downloaded from http://dhamma.digital

सम्बन्धमा सम्झाउने र त्यसपछि मात्र शीलको सम्बन्धमा सम्झाउने गरेको कुरो पनि सत्य नै हो। महाराज, वास्तवमा सर्वप्रथम दानको महत्व सम्झाएर मानिसहरूको चित्त कोमल बनाइसकेपछि मात्र उनीहरूलाई शील सम्बन्धमा सम्झाउने गर्नु धर्मोपदेश गर्ने सर्वोत्तम तरिका हो।

महाराज, जसरी बच्चाहरूलाई सर्वप्रथम उनीहरूको मन प्रसन्न हुने गरी विभिन्न प्रकारका खेलौना दिइसकेपछि मात्र उनीहरूलाई काममा लगाइन्छ, त्यसरी नै भगवान बुद्धले पनि सर्वप्रथम दानको महत्व विषयमा सम्झाएर मानिसहरूको मन कोमल बनाइसकेपछि मात्र उनीहरूलाई शील सम्बन्धमा सम्झाउने गरेका थिए।

महाराज, जसरी वैद्यले बिरामीलाई सर्वप्रथम तागत बढ्ने तेल पिउन दिएर बलियो बनाइसकेपछि मात्र बिरेचन गराउँछ, त्यसरी नै भगवान बुद्धले पनि सर्वप्रथम दानको महत्व विषयमा सम्झाएर मानिसहरूको मन कोमल बनाइसके पछि मात्र उनीहरूलाई शील सम्बन्धमा सम्झाउने गरेका थिए।

महाराज, दान कार्यमा लागेर दानी भएकाले मन कोमल हुन्छ। दानरूपी नाउमा बसेपछि मात्र जन्म-मरणको संसारचक्ररूपी महासागर तर्न सक्ने हुन्छ। त्यसैले भगवान बुद्धबाट सर्वप्रथम कर्म भूमिका उपदेश दिनुलाई दानको लागि प्रज्ञापन गरिएको भन्नु उचित छैन।"

"भन्ते नागसेन, तपाईंले 'दानको लागि प्रज्ञापन' भन्ने शब्द



Downloaded from http://dhamma.digital

प्रयोग गर्नु भएको छ । दानको लागि प्रज्ञापन वास्तवमा कसरी गरिन्छ त ?"

"महाराज, दानको लागि प्रज्ञापन शारीरिक र बाचिक दुवै तरिकाले गरिन सकिन्छ । दानको लागि गरिने शारीरिक प्रज्ञापनमा केही अनुचित प्रकृतिका छन् र केही अनुचित नभएमा प्रकृतिका पनि छन् । त्यसरी नै दानको लागि गरिने वाचिक प्रज्ञापनमा पनि केही अनुचित प्रकृतिका छन् र केही अनुचित नभएका प्रकृतिमा छन् ।

महाराज, भिक्षाको लागि गृहस्थहरूको घरमा गई उनीहरूलाई अप्ठेरो पर्ने गरी अनुचित स्थानमा उभिदिनु दानको लागि गरिने अनुचित शारीरिक प्रज्ञापन हो । आर्य भिक्षुहरू त्यसरी भिक्षा माग्ने कार्य गर्दैनन् । त्यसरी भिक्षा माग्नेहरू निन्दनीय छन् । पतित हुन् । त्यसलाई भिक्षुसंघमा कुनै स्थान दिइँदैन ।

महाराज, भिक्षाको लागि गृहस्थहरूको घरमा जाँदा गृहस्थ-हरुले आफूलाई देखिहालोस् भन्ने विचारले मयूरले झैं घाँटी तन्काई यताउति हेर्नु पनि दानको लागि गरिने अनुचित शारीरिक प्रज्ञापन हो । आर्य भिक्षुहरू त्यसरी पनि भिक्षा माग्दैनन् । त्यसरी भिक्षा माग्नेहरू पनि निन्दनीय छन् । पतित छन् । त्यस्तालाई पनि भिक्षु-संघमा कुनै स्थान दिइँदैन ।

महाराज, भिक्षाको लागि गृहस्थहरूको घरमा जाँदा, मुन्टो हल्लाएर इशारा गर्नु, आँखा सन्काएर इशारा गर्नु, औंठा हल्लाएर इशारा गर्नु आदि पनि दानको लागि गरिने अनुचित प्रकृतिका



Downloaded from http://dhamma.digital

शारीरिक प्रज्ञापन हुन् । आर्य भिक्षुहरू त्यसरी भिक्षा माग्दैनन् । त्यसरी भिक्षा माग्नेहरू पनि निन्दनीय छन् । पतित हुन् । त्यसरी भिक्षा माग्नेहरूलाई पनि भिक्षुसंघमा कुनै स्थान दिइँदैन ।

महाराज, आर्य भिक्षुहरू भिक्षा पाउनको लागि गृहस्थहरूको घरमा जाँदा, आफू कुन स्थानमा उभिदिएमा गृहस्थहरूलाई कुनै प्रकारले असजिलो पर्दैन भन्ने कुरो राम्ररी विचार गरी गृहस्थहरूलाई कुनै प्रकारले असजिलो नपर्ने स्थानमा एकछिन उभिदिन्छन् । त्यसरी एकछिन उभिंदा गृहस्थहरूले कुनै तरिकाले भिक्षा दिने अभिप्राय व्यक्त गरेमा पर्खेर भिक्षा लिने अन्यथा त्यो घर छोडेर अर्को छिमेकी घरतिर बढ्ने गर्छन् । दानको लागि त्यस प्रकारले शारीरिक प्रज्ञापन गर्नु अनुचित छैन । त्यसरी भिक्षा माग्नेहरूलाई भिक्षुसंघमा प्रतिष्ठा गरिन्छ ।

भिक्षा माग्ने सही तरिका सम्बन्धमा स्वयम् देवातिदेव भगवान बुद्धले नै यसरी स्पष्ट गरेका छन्-

'माग्ने कार्य राम्रो होइन, भिक्षुहरू माग्दैनन्
भिक्षुको उपस्थिति नै, प्रयाप्त छ दिनेलाई'

महाराज, मलाई चिवर चाहियो, भिक्षा चाहियो, ओढ्ने ओछ्याउने चाहियो, औषधि चाहियो भनेर कुनै पनि प्रकारले कुरा निकाल्नु दान पाउनाको लागि गरिने अनुचित बाचिक प्रज्ञापन हो । आर्य भिक्षुहरू त्यसरी माग्दैनन् । त्यसरी माग्नेहरू निन्दनीय



Downloaded from http://dhamma.digital

छन् । पतित हुन् । त्यसरी माग्नेहरूलाई भिक्षुसंघमा कुनै स्थान दिइँदैन ।

महाराज, मलाई यस्तो सामान नभएर असजिलो परिरहेछ भनेर कसैलाई सुनाउनु पनि दान पाउनाको लागि गरिने अनुचित वाचिक प्रज्ञापन हो । आर्य भिक्षुहरू त्यसरी आफ्नो आवश्यकता अरूलाई सुनाउँदैनन् । त्यसरी आफ्नो आवश्यकता अरूलाई सुनाउनेहरू निन्दनीय छन्। पतित हुन्। आफ्नो आवश्यकता अरूलाई सुनाउने-हरूलाई भिक्षुसंघमा कुनै स्थान दिइँदैन ।

महाराज, दायकहरूले यस्तो सामानहरू दान गर्नु पर्छ भनेर सुनाउनु पनि दान पाउनाको लागि गरिने अनुचित वाचिक प्रज्ञापन हो । आर्य भिक्षुहरू त्यसरी दायकहरूले भिक्षुहरूलाई के कस्ता सामानहरू दान गर्नु पर्छ भनेर सुनाउने कार्य गर्दैनन् । दायकहरूले यसरी दान गर्नु पर्छ त्यसरी दान गर्नुपर्छ भनेर सुनाउनेहरू निन्दनीय छन् । पतित हुन् । दायकहरूले यसरी दान दिनुपर्छ, त्यसरी दान दिनुपर्छ भनेर सुनाउनेहरूलाई भिक्षुसंघमा कुनै स्थान दिइँदैन ।

महाराज, एकपल्ट मध्य रातमा स्थविर सारिपुत्रलाई कुनै रोगले आक्रमण गरेछ । मध्यरातमा तुरून्त कुनै वैद्य उपलब्ध नहुने भएकाले स्थविर मोग्गलानले स्थविर सारिपुत्रसित नै यसरी प्रश्न गरेछन्- 'आयुष्मान, पहिले यस्तै पीडा हुँदा वैद्यले कुन प्रकारको औषधि सेवन गराएर पीडा शान्त गराउने गरेको थियो ?' स्थविर सारिपुत्रले अनायास त्यस औषधिको नाम बताइदिएछन् । स्थविर मोग्गलानले राती नै त्यो औषधि कतैबाट ल्याउन लगाउने व्यवस्था



Downloaded from http://dhamma.digital

गरेछन् । तर त्यसरी औषधि ल्याइएपछि स्थविर सारिपुत्रले आफूले भनेर ल्याइएको त्यो औषधि सेवन गर्नु उचित नहुने कुरो सम्झेछन् र त्यो औषधि सेवन गरेन छन् । त्यसरी आफ्नो आवश्यकता व्यक्त गर्नु पनि अनुचित हो । आर्य भिक्षुहरू त्यसरी आफ्नो आवश्यकता व्यक्त गर्दैनन् ।

महाराज, आफूलाई नभइ नहुने औषधि उपचारका सामानहरू सम्बन्धमा आफ्ना बन्धु-बान्धवहरू र आफूलाई वर्षाबास गर्न निम्त्याउने उपासक-उपासिकाहरू समक्ष मात्र व्यक्त गर्ने अनुमति सम्यक सम्बुद्धले आर्य भिक्षुहरूलाई दिएका छन् । त्यसैले आर्य भिक्षुहरूले आफूलाई नभइ नहुने औषधि उपचारका सामानहरू आफ्ना बन्धु-बान्धवहरू र आफूलाई वर्षाबास गर्न निम्त्याउने उपासक-उपासिकाहरूबाटै मात्र उपलब्ध गर्ने गर्नुपर्छ । त्यसरी संयमित हुनेहरूलाई मात्र भिक्षुसंघमा स्थान दिइन्छ ।

महाराज, कसि भारद्वाज नामको ब्राह्मणले भगवान बुद्धसित अनेक प्रकारका कूतर्कले भरिएका प्रश्नहरू गरेर भगवान बुद्धलाई बदनाम गर्ने इरादाले उसले भगवान बुद्धसित सोध्ने सबै प्रश्नहरूको उत्तर दिनै पर्ने शर्त राखेर भगवान बुद्धलाई निमन्त्रणा दिन आएको थियो । त्यसैले भगवान बुद्धले उसलाई बुद्धहरूले त्यसरी शर्त राखेर गरिने निमन्त्रणा स्वीकार नगर्ने कुरो सम्झाएका थिए ।"

"ठीक छ, भन्ते नागसेन । मैले तथ्य कुरो राम्ररी बुझें ।"



Downloaded from http://dhamma.digital

## (१०) धर्म देशना गर्नमा नवोदित बुद्ध किन अनुत्सुक भए भन्ने सम्बन्धमा

"भन्ते नागसेन, भिक्षुहरू के भन्छन् भने- 'बहुजनको हित गर्ने कामना गरी चार असंख्य र एकलाख कल्पहरूसम्म मेहनत गरेर आफ्नो ज्ञान क्रमश: बढाउँदै लगेका बोधिसत्व अन्तमा बोधिवृक्षमुनि सर्वज्ञता प्राप्त गरी बुद्ध भएका थिए।' तर उनीहरु फेरि के पनि भन्छन् भने- 'बोधिसत्वले सर्वज्ञता पाएर बुद्ध भएपछि नवोदित बुद्धको चित्त बहुजनको हितार्थ धर्मदेशना गर्नतिर होइन एकान्तमा शान्तरूपले समाधिमा स्थीर भइरहनतिर उत्सुक भएको थियो।'

भन्ते नागसेन, कुनै धनुर्धर या उसका चेलाले धेरै दिन लगाएर धनुर्विद्या सिकिसकेपछि ठीक युद्धको बेलामा पीठ फर्काए झैं बहुजनको हित गर्ने उद्देश्यले चार असंख्य र एक लाख कल्पहरूसम्म मेहनत गरेर सर्वज्ञता पाएपछि सम्यक सम्बुद्ध किन धर्मदेशना गर्नमा अनुत्सुक भए ?

भन्ते नागसेन, कुनै पहलवान अथवा पहलवानको चेलाले धेर दिन लगाएर मल्लयुद्ध गर्न सिकिसकेपछि ठीक मल्लयुद्ध गर्ने बेलामा पीठ फर्काए झैं ज्ञान लाभ गरी बहुजनको हित गर्ने उद्देश्यले चार असंख्य र एकलाख कल्पहरूसम्म मेहनत गरी सर्वज्ञता पाएपछि सम्यक सम्बुद्ध किन धर्मदेशना गर्नमा अनुत्सुक भए ?

भन्ते नागसेन, नवोदित सम्यक सम्बुद्ध तथागत कुन प्रकारका



Downloaded from http://dhamma.digital

भयको कारण त्यसरी धर्मदेशना गर्नुमा अनुत्सुक भएका थिए ? धर्मदेशना गरेर साध्य नहुने भएर हो कि ? अथवा धर्म देशना गर्न सक्ने क्षमता आफूमा नभएर हो कि ? अथवा उनले सर्वज्ञता नै पाउन नसकेर हो ?

भन्ते नागसेन, यदि बोधिसत्वले सर्वज्ञता पाएर बहुजनको हित गर्ने उद्देश्यले चार असंख्य र एकलाख कल्पहरूसम्म मेहनत गरेर सर्वज्ञता पाएको कुरो सत्य भएमा, सर्वज्ञता पाइसकेपछि नवोदित बुद्ध धर्मदेशना गर्नमा अनुत्सुक भएको कुरो असत्य हुनुयपर्छ । यदि सर्वज्ञता पाइसकेपछि नवोदित भगवान बुद्ध धर्मदेशना गर्नमा अनुत्सुक भएको कुरो सत्य भएमा, बोधिसत्वले सर्वज्ञता पाएर बहुजनको हित गर्ने उद्देश्यले चार असंख्य र एकलाख कल्पहरूसम्म मेहनत गरेर सर्वज्ञता पाएको कुरो असत्य हुनुपर्छ । अति गम्भीर यो दुविधा पनि समाधानार्थ तपाईं सामु पेश गरेको छुं । कृपया यो दुविधा पनि सुल्झाइदिनुहोस् ।"

"महाराज, बोधिसत्वले सर्वज्ञता पाएर बहुजनको हित गर्ने उद्देश्यले चार असंख्य र एकलाख कल्पहरूसम्म मेहनत गरेर मात्र सर्वज्ञता पाएको कुरो सत्य हो र साथै सर्वज्ञता पाएपछि नवोदित सम्यक सम्बुद्ध तत्काल धर्मदेशना गर्नमा अनुत्सुक भएको कुरो पनि सत्य नै हो । महाराज, सर्वज्ञता पाइसकेपछि नवोदित सम्यक सम्बुद्ध झुठो आत्मवादी दृष्टिले ग्रसित भई अनेक प्रकारका इच्छा आकांक्षा पछाडि एकोहोरो रूपले दगुरिरहेका सत्व प्राणीहरूलाई अति गम्भीर,



Downloaded from http://dhamma.digital

अति दुर्वोध्य, अति सूक्ष्म सत्य धर्म कसरी सम्झाउन सम्भव हुनेछ भन्ने सोचमा परेर तत्काल धर्मदेशना गर्नमा अनुत्सुक भएका थिए ।

महाराज, एकसाथ अनेक प्रकारका रोगहरूले ग्रसित विरामीलाई देखेपछि जसरी वैद्य त्यस रोगीलाई कुन प्रकारको औषधोपचार विधिले निको पार्न सकिएला भन्ने सोचमा पर्दछ, त्यसरी नै क्लेशको वशमा परिरहेका सत्व प्राणीहरूलाई अति गम्भीर सत्य धर्म कसरी सम्झाउन सम्भव होला भन्ने सोचमा परेर नवोदित सम्यक सम्बुद्ध तत्काल धर्मदेशना गर्नमा अनुत्सुक भएका थिए ।

महाराज, आफूले सम्हाल्नु पर्ने थुप्रै संख्याका द्वारपालहरू शरीर-रक्षकहरू, सभासदहरू, सिपाहींहरू सेनाका जवानहरू, हाकिमहरू, नागरिकहरू आदि सबैलाई देख्ने वित्तिकै जसरी नव गद्दीनसीन राजा तिनीहरू सबैलाई कसरी सम्हाल्ने भन्ने सोचमा पर्दछ, त्यसरी नै झूठो आत्मवादी दृष्टिले ग्रसित भई तृष्णाको पछाडि दगुरिरहेका सत्व प्राणीहरूलाई कसरी अति दुर्वोध्य सत्य धर्म सम्झाउन सकिएला भन्ने सोचमा परेर नवोदित सम्यक सम्बुद्ध तत्काल धर्मदेशना गर्ने कार्यमा लागिहाल्न अनुत्सुक भएका थिए ।

महाराज, वर्तमान शाक्यमुनि बुद्धले मात्र त्यस्तो अवस्थाको सामना गर्नु परेको थिएन, भर्खर बुद्धत्व प्राप्त गरेको बेलामा पहिलेका सबै बुद्धहरूको अवस्था पनि ठीक त्यस्तै भएको थियो । पछि हुनै बुद्धहरूले पनि एकपल्ट त्यस्तै हालतको सामना गर्नु पर्ने हुनेछ । कुनै पनि नवोदित बुद्धको त्यस्तो हालत किन हुन्छ भने नवोदित बुद्धको उदय हुने ताका गृहस्थमा रहने देवताहरू र मनुष्यहरू लगायत



Downloaded from http://dhamma.digital

त्यसबेलाका सबै प्रकारका श्रमण, ब्राह्मण, तपस्वी, सन्यासी आदि सबैको आराध्य देवता ब्रह्मा भएको हुन्छ । सबैका सबै प्राणीहरू बह्माभक्त भइरहेका हुन्छन् । जबसम्म स्वयम् ब्रह्मा नवोदित सम्यक सम्बुद्धबाट धर्मोपदेश सुन्न उत्सुक भएको हुँदैन तबसम्म ब्रह्माको भक्तिमा एकोहोरिएका देवता र मनुष्ययहरूलाई धर्मको कुरा सम्झाउन सक्ने सम्भावना धेरै कम नै हुन्छ । जब सबैभन्दा यशवान, सबैभन्दा ज्ञानी, सबैभन्दा बढि ख्याति पाएका, सबैभन्दा अगुवा ब्रह्माले नै सम्यक सम्बुद्धसित अमृत्तमय धर्मोपदेश गर्ने आग्रह गर्दछन् तब अन्य देवता, मनुष्य र श्रमण-ब्राह्मणहरू सबै स्वत: नै नवोदित बुद्धको धर्मोपदेश सुन्न उत्सुक हुने हुन्छन् । त्यसैले जहिले पनि नवोदित बुद्धको उदय भएपछि तत्कालिन ब्रह्मा आफैं नवोदित बुद्धले पनि ब्रह्माको अनुरोध पछि नै धर्मोपदेश शुरू गर्दै हुन्छ ।

महाराज, जसरी राजा या प्रधानमन्त्रीबाट सम्मान पाउने कुन व्यक्तिले अन्य सबै प्रकारका मानिसहरूबाट पनि सजिलैसित सम्मान पाउने हुन्छ त्यसरी नै ब्रह्माबाट पूजा सत्कार पाउने सम्यक सम्बुद्धले अन्य देवता र मनुष्यहरूबाट पनि सजिलैसित पूजा सत्कार पाउने हुन्छ । त्यसैले जहिले पनि नवोदित बुद्धको उदय भएपछि लोकहितको कुरोलाई ध्यानमा राखेर तत्कालिन ब्रह्मा आफै नवोदित बुद्धलाई धर्मोपदेश शुरू गर्ने आग्रह गर्नमा अग्रसर हुन्छन् र नवोदित बुद्धले पनि ब्रह्माको अनुरोध पछि नै धर्मोपदेश शुरू गर्ने हुन्छ । वास्तवमा महाराज, क्लेश रहित, तृष्णा रहित सम्यक सम्बुद्धमा धर्मदेशना गर्ने



Downloaded from http://dhamma.digital

चाहना पनि हुँदैन र धर्मदेशना नगर्ने चाहना पनि हुँदैन । त्यसैले जहिले पनि नवोदित बुद्धको उदय भएपछि लोकहितको कुरोलाई ध्यानमा राखेर तत्कालिन ब्रह्मा आफै नवोदित बुद्धलाई धर्मदेशना शुरू गर्ने आग्रह गर्नमा अग्रसर हुन्छन् र नवोदित बुद्धले पनि ब्रह्माको अनुरोध पछि नै धर्मोपदेशना शुरू गर्ने हुन्छ ।"

"धन्य भन्ते नागसेन । तपाइँले तथ्य कुरो खुब राम्रोसित सम्झाइदिनु भयो । मैले तथ्य राम्ररी बुझें ।"

## (११) सम्यक सम्बुद्धका कुनै आचार्य थिए कि थिएनन् भन्ने सम्बन्धमा

"भन्ते नागसेन, भगवान बुद्धले यसरी भनेका छन्-

'मेरो आचार्य कोही छैन, न कोही मलाई जित्ने नै छ देवता र मनुष्यमा मात्र होइन, लोकमै पनि म जोडाको कोही छैन'

फेरि उनले यसरी पनि भनेका छन्- 'भिक्षुहरू, आलार कालाम मेरा आचार्य रहेको बेलामा मसित उनले आफू समानको रूपमा व्यवहार गरेका थिए । उनले मलाई यथेष्ट सम्मान दिएका थिए ।'

भन्ते नागसेन, यदि बुद्धको कुनै आचार्य नभएको र लोकमा



Downloaded from http://dhamma.digital

बुद्ध समानका पनि कोही नभएको कुरो सत्य भएमा, आलारकालाम बुद्धका आचार्य रहेको बेलामा उनले बुद्धलाई यथेष्ट सम्मान दिएका थिए भन्ने कुरो असत्य हुनुपर्छ। यदि आलारकालाम बुद्धका आचार्य रहेको बेलामा उनले बुद्धलाई यथेष्ट सम्मान दिएका थिए भन्ने कुरो सत्य भएमा, बुद्धको कुनै आचार्य थिएन र लोकमा बुद्ध समानको पनि कोही छैन भन्ने कुरो असत्य हुनुपर्छ। मैले यो दुविधा पनि समाधानार्थ तपाइँ सामु पेश गरेको छुं। कृपया यस दुविधालाई पनि सुल्झाइदिनुहोस्।"

"महाराज, बुद्धको कुनै आचार्य थिएन र बुद्ध समानको पनि कोही छैन। आलारकालाम शाक्यमुनिको आचार्य रहेको बेलामा उनल शाक्यमुनिलाई यथेष्ट सम्मान दिएका थिए भन्ने कुरो शाक्यमुनिले सम्यक सम्बोधि पाई बुद्धत्व पाउनु भन्दा पहिले शाक्यमुनि अझै बोधिसत्वमात्रै छँदाको अवस्थाको कुरो हो।

महाराज, सम्यक सम्बोधि पाई बुद्धत्व पाउनुभन्दा पहिले बोधिसत्वले जम्मा निम्न पाँचस्तरका आचार्यहरूबाट केही कुराहरू सिकेका थिए। बोधिसत्व जन्मेपछि बोधिसत्वको शारीरिक लक्षणको अध्ययन गरी बोधिसत्वको न्वारान गरिदिने राम, धज, लक्खण, मन्ति, यञ्ञ, सुयाम, सुभोज र सुदत्त नामका आठजना ब्राह्मणहरू बोधिसत्वका शुरू स्तरका आचार्यहरू भए।

उच्चस्तरको उदिच्च जातिमा जन्मलिई शब्दशास्त्र र व्याकरणमा पारङ्गत भएका सब्बमित्त नामको त्यो ब्राह्मण, जसलाई



Downloaded from http://dhamma.digital

बोधिसत्वका पिता राजा शुद्धोदनले सुनको कलसले संकल्प गरी बालकावस्थामा रहेका बोधिसत्व सिद्धार्थ कुमारलाई आवश्यक शिक्षा दिन सुम्पेका थिए, तिनी बोधिसत्वका दोश्रो स्तरका आचार्य भए ।

त्यो देवता, जसले सांसारिक कुराहरूदेखि एकदम विरक्त भएर के गरुं के गरुं भई दरबारभित्र छटपटिरहेका बोधिसत्व सिद्धार्थ कुमारलाई गृहत्याग गरी प्रव्रजित हुने प्रेरणा दिएका थिए, तिनी बोधिसत्वका तेश्रो स्तरका आचार्य भए ।

बोधिसत्व शाक्यमुनिलाई आकिञ्चायतन ध्यान सम्मका लौकिक ध्यानहरू सिकाउने आलारकालाम ऋषि बोधिसत्वका चौथो स्तरका आचार्य भए ।

बोधिसत्वलाई अन्तिम लौकिक ध्यान नेवसञ्ञानासञ्ञायतन सम्बन्धि आवश्यक जानकारी दिने उद्दकरामपुत्र ऋषि बोधिसत्वका पाँचौ स्तरका आचार्य भए ।

महाराज, उपरोक्त पाँचै स्तरका आचार्यहरू सबैले बोधिसत्बलाई खालि लौकिक कुराहरू सम्बन्धमा मात्र सिकाएका थिए । उनीहरूका साथै अन्य कसैले पनि बोधिसत्वलाई सर्वज्ञाता पाउन सक्न लोकुत्तर ज्ञान सम्बन्धमा केही पनि सिकाउन सकेका थिएनन् । महाराज, बोधिसत्वले आफ्नै स्वतन्त्र ढङ्गले अनेक पटक अनेक प्रकारले कठीन तपस्याहरू गरेर मात्र अन्तमा बोधिवृक्षमुमि पूर्वानुस्मृति र स्मृतिप्रस्थान ध्यान विधि पत्ता लगाई त्यही ध्यान विधिको पराकाष्ठमा पुगेर सर्वज्ञाता प्राप्त गरी सम्यक सम्बोधि पाएका थिए ।



Downloaded from http://dhamma.digital

भगवान सम्यक सम्बुद्धले कसैले सिकाए अनुसार गरेर होइन आफैले पत्ता लगाएको नवीन प्रकारको स्मृतिप्रस्थान ध्यान गरेर सम्यक सम्बोधि पाई बुद्धत्व पाएका थिए। त्यसैले नै सम्यक सम्बुद्धले यसरी भनेका हुन्-

'मेरो आचार्य कोही छैन, न कोही मलाई जित्ने नै छ
देवता र मनुष्यहरूमा मात्र होइन,
लोकमै पनि म जोडाको कोही छैन' ।"

"ठीक छ, भन्ते नागसेन। मैले कुरो राम्ररी बुझें।"

( मित्रता वर्ग समाप्त भयो। )

मेण्डक-प्रश्न खण्ड समाप्त

★



Downloaded from http://dhamma.digital

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाल भाषा)

१. महासतिपट्ठान सूत्र
२. बुद्धया भिंनिगु विपाक
३. अभिधर्म (भाग - १)
४. ऋद्धि प्रातिहार्य
५. वासेट्ठी थेरी
६. यःम्ह म्हचाय्
७. पञ्चनीवरण
८. भावना
९. एकताया ताःचा
१०. प्रेमं छु ज्वी
११. त्रिरत्न गुण स्मरण
१२. बुद्ध पुजा विधि (प्र.सं.)
१३. मैत्री भावना
१४. कर्तव्य (प्र.सं.)
१५. मिखा
१६. परित्राण
१७. हृदय परिवर्तन
१८. बुद्धया अन्तिम यात्रा (भाग -१)
१९. बुद्धया अन्तिम यात्रा (भाग - २)
२०. कर्म
२१. बाखं (भाग - १)
२२. बौद्ध ध्यान (भाग-१)
२३. बोधिसत्व
२४. शाक्यमुनि बुद्ध
२५. अनत्तलक्खण सुत्त
२६. मत्ति भिंसा गति भिनि
२७. अहिंसाया विजय
२८. बाखं (भाग-२)
२९. महास्वप्न जातक (प्र.सं.)
३०. लक्ष्मी द्यो
३१. अभिधर्म (भाग-२)
३२. बाखंया फल (भाग-१)
३३. बाखंया फल (भाग-२)
३४. क्षान्ति व मैत्री
३५. प्रार्थना संग्रह
३६. बाखं (भाग-२) (द्वि.सं.)
३७. प्रौढ बौद्ध कक्षा
३८. मूर्खम्ह पासा मज्यू
३९. बुद्धया अर्थनीति
४०. श्रमण नारद
४१. उखानया बाखं पुचः
४२. पालिभाषा अवतरण (भाग-१)
४३. न्हापांयाम्ह गरु सु ? (द्वि.सं.)
४४. पालि प्रवेश (भाग-१)
४५. पालि प्रवेश (भाग-२)
४६. चमत्कार
४७. बाखं (भाग-४)
४८. राहुल यात उपदेश
४९. अभिधर्म
(चित्तकाण्ड छगुया संक्षिप्त परिचय)
५०. मणिचूड जातक
५१. महाजनक जातक
५२. गृही विनय (तृ.सं.)
५३. चरित्र पुचः (भाग-२)
५४. बौद्ध ध्यान (भाग-२)
५५. शान्तिया त्वाथः
५६. बुद्ध व शिक्षा (ख)
५७. विश्व धर्म प्रचार देशना (भाग-२)
५८. जातक माला (भाग -१)
५९. त्रिरत्न वन्दना व सूत्र पुचः
६०. चरित्र पुचः (भाग-२)
६१. त्रिरत्न बन्दना व पञ्चशीलया फलाफल
६२. लुम्बिनी विपस्सना
६३. विश्व धर्म प्रचार देशना (भाग-१)
६४. योगीया चिट्ठी
६५. संक्षिप्त बुद्ध जीवनी
६६. बुद्ध धर्म
६७. जातक बाखं

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाल भाषा)

६८. जातक माला (भाग-२)
६९. सर्वज्ञ (भाग-१)
७०. पालि प्रवेश (भाग-१, २)
७१. किशा गौतमी
७२. जप पाठ व ध्यान
७३. धर्म मसीनि
७४. तेमिय जातक
७५. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके (प्र.सं.)
७६. धम्मपद (श्लोकवद्ध)
७७. बाखँ (भाग-५)
७८. सप्तरत्न धन
७९. सर्वज्ञ (भाग-२)
८०. दान
८१. वम्मिक सुत्त
८२. मध्यम मार्ग
८३. महासिहनाद सुत्त
८४. भिंम्ह काय् व म्हचाय्
८५. भिक्षु जीवन
८६. समथं व विपश्यना संक्षिप्त भावना विधि
८७. महानारद जातक
८८. भिंम्ह मचा
८९. विवेक बुद्धि
९०. भ्रंग लाइम्ह लाखे
९१. बुद्धपूजा विधि (भाग-१)
९२. स्वास्थ्य लाभ
९३. शिक्षा (भाग-१)
९४. शिक्षा (भाग-२)
९५. दृष्टि व तृष्णा
९६. विपश्यना ध्यान
९७. सतिपट्ठान भावना
९८. बाखँ (भाग-६)
९९. धम्मचक्कप्पवत्तन सुत्तं (द्वि.सं.)
१००. गौतम बुद्ध
१०१. नेपालय् २५ दँ जिगु लुमन्ति
१०२. बुद्ध व शिक्षा (क)
१०३. शिक्षा (भाग-३)
१०४. शिक्षा (भाग-४)
१०५. महा स्वप्न जातक (द्वि.सं.)
१०६. धम्मपद ब्याख्या (भाग-१)
१०७. धम्मपदया बाखँ
१०८. अभिधर्म (भाग-२) (द्वि.सं.)
१०९. संसारया स्वापू
११०. धम्मपद (मुल पालि सहित नेपाल भाषाय् अनुवाद) (पाँ.सं.)
१११. आदर्श बौद्ध महिलापिं
११२. बौद्ध नैतिक शिक्षा (भाग-१)
११३. वेस्सन्तर जातक
११४. निर्वाण (रचना संग्रह)
११५. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके (द्वि.सं.)
११६. पालिभाषा अवतरण (भाग-२)
११७. दीर्घायु ज्वीमा
११८. न्हूगु त्रिरत्न वन्दना व धम्मपद
११९. मनूतय्गु पहः
१२०. संस्कृति
१२१. कर्तव्य (द्वि.सं.)
१२२. विशेष म्ह मफैवले पाठ यायेगु परित्राण
१२३. बुद्धया करूणा व ब्रह्मदण्ड
१२४. विरकुशया बाखँ
१२५. त्रिरत्न वन्दना व परित्राण
१२६. धम्मचक्कप्पवत्तन सुत्त (द्वि.सं.)
१२७. पट्ठानपालि
१२८. कर्म व कर्मफल
१२९. शिक्षा (भाग-५)
१३०. धर्मया ज्ञान (भाग-२)
१३१. संक्षिप्त बुद्ध वंश (भाग-१)
१३२. संक्षिप्त बुद्ध वंश (भाग-२)
१३३. अभिधर्म द्वि.सं. (भाग-२)
१३४. अभिर्धम पालि
१३५. न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
१३६. अनन्तलक्खण सूत्त (द्वि.सं.)
१३७. बुद्धपूजा, धम्मपद व ज्ञानमाला (प्र.सं.)
१३८. त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
१३९. धम्मचक्कप्पवत्तन सुत्त
१४०. बुद्ध वन्दना विधि व बुद्धया भिंनिगू विपाक
१४१. मनूतय्गुपह (द्वि. सं.)
१४२. प्रौढ बौद्ध कक्षा (द्वि. सं.)
१४३. न्हापाँयाम्ह गुरु सु ? व अमूल्यगु धन

मुद्रक : नील सरस्वती छापाखाना, लाजिम्पाट, फोन नं. ४४३३०५४

Downloaded from http://dhamma.digital